


नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं।

२०८२

# युवा र खेलकुदसँग सम्बन्धित युवा प्रकाशन
# बार्षिक बुलेटिन
# २०८२

## सम्पादक मण्डल

**श्री सुवास चन्द्र शिवाकोटी**

संयोजक

**श्री सुरेन्द्र कुमार बज्राचार्य**

सदस्य

**श्री खुलानाथ गौतम**

सदस्य

**श्री किरण चौधरी**

सदस्य-सचिव

**श्री हरिप्रसाद निरौला**

भाषा सम्पादक

## प्रकाशक


नेपाल सरकार

**युवा तथा खेलकुद मन्त्रालय**

**सिंहदरबार, काठमाडौं**

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं।

# शुभकामना



युवा तथा खेलकुद मन्त्रालयले आ.व. २०८१/८२ को वार्षिक कार्यक्रमअन्तर्गत युवालाई सकारात्मक उर्जा प्रदान गर्ने उद्देश्यले "युवा र खेलकुद सँग सम्बन्धित खोजमूलक तथा अनुसन्धानमूलक" लेख प्रकाशन गर्न लागेकामा मलाई खुशी लागेको छ। दिगो शान्ति सुशासन र समृद्धिका लागि युवाले खेलेको भुमिका महत्वपूर्ण छ। त्यस्तै स्वस्थ जीवनका लागि खेलकुदले ठुलो सहयोग पुऱ्याएको छ।

युवा अवस्था मानव जीवनको महत्वपूर्ण क्षण हो। युवा देशका कर्णधार पनि हुन्। यस क्षणमा भएको जोस, जाँगर र सक्रियताको समयमै पहिचान गरी सदुपयोग गर्नुपर्दछ। "देश विकास युवा विकास र युवा विकास देश विकास" भन्ने मूल नारालाई आत्मसात गरी राज्यका नीति तथा कार्यक्रम बन्नुपर्दछ। देश विकासमा युवाको नेतृत्वदायी भूमिकासहित राज्यका नीति तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र प्रतिफल वितरणका हरेक चरणमा युवाको सक्रिय सहभागिता कायम गरिनुपर्दछ। एकातिर आज विज्ञान र सूचना प्रविधिको विकासले विश्वलाई नजिक बनाएको छ भने अर्कोतिर विश्वव्यापीकरणले युवा पलायनको चर्को दबाब पनि सिर्जना गरेको देखिन्छ। देशमा उपयुक्त रोजगारीको अवसर प्राप्त गर्न नसक्दा युद्धक्षेत्रमा समेत युवाहरुको पलायनले भयावह स्थितिको सामना गर्नुपर्ने परिस्थिति हाम्रा सामु आउन सक्छ। यस अवस्थामा हाम्रा युवाहरुका मुख्य समस्या पहिचान गरी देश मै व्यवस्थापन गरी स्वरोजगार बनाई देश विकासको लागि उपयुक्त वातावरण बनाउनुपर्ने हाम्रो दायित्व र जिम्मेवारी छ। प्रस्तुत परिस्थितिलाई बोध गरी दिगो युवा शक्ति व्यवस्थापनमार्फत 'सुशासन, सामाजिक न्याय र समृद्धिको राष्ट्रिय आकांक्षालाई पूरा गर्न युवा वर्गलाई देश विकास र समृद्धिको संवाहकका रुपमा परिचालन गर्न युवा स्वयम् तथा सरोकारवाला पक्ष पनि सिर्जनशील र क्रियाशील हुनुपर्ने आवश्यकता छ। भावी पुस्ताको सुख शान्ति र देश विकासका लागि युवाहरु नै सकारात्मक रुपमा नेतृत्वदायी भूमिकामा आउनुपर्छ भन्नेमा दुईमत छैन। यसमा राज्यका सबै संयन्त्रले सहजीकरण र व्यवस्थापन गर्नु आवश्यक छ।

अन्त्यमा, युवाको विकास र युवालाई सकारात्मक उर्जा प्रदान गर्ने ध्येयले मन्त्रालयद्वारा प्रकाशन हुन लागेको युवा र खेलकुदसम्बन्धी लेखबाट सबै युवा वर्गहरुको लागि सूचनामूलकका साथै बौद्धिक सामाग्री हुने अपेक्षा राख्दै यस लेखमार्फत युवालाई देश विकासमा परिचालन गरी समृद्ध नेपाल निर्माणमा सकारात्मक सन्देश प्रवाह हुने अपेक्षा राखेको छु। साथै यस मन्त्रालयको वेबसाइटमा लेख प्रकाशनका लागि आफ्नो अमूल्य लेख उपलब्ध गराउनुहुने सबै लेखकहरुप्रति धन्यवाद दिँदै लेख प्रकाशनमा सहयोग गर्नुहुने सम्पादक मण्डल तथा मन्त्रालय परिवारलाई धन्यवाद दिन चाहन्छु। लेख प्रकाशनको सफलता एवम् प्रकाशनको निरन्तरताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

मितिः २०८२ साल असार

तेजुलाल चौधरी
माननीय मन्त्री
युवा तथा खेलकुद मन्त्रालय

नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं।

## मन्तव्य



युवा तथा खेलकुद मन्त्रालयले विगत वर्षहरुमा झैं यस आ.व. ०८१/८२ मा पनि युवा सान्दर्भिक लेखहरु समावेश गरी युवासम्बन्धी सामग्री प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ । यस प्रकाशनले युवासँग सरोकार राख्ने सम्बद्ध पक्ष र सरोकारवालाहरुलाई विश्वव्यापी मान्यता, राष्ट्रको समृद्धि तथा दिगो विकासका लक्ष्य प्राप्तिमा युवाको भूमिका, सरकारको नीति तथा कार्यक्रममा युवा लक्षित कार्यक्रम र युवाका क्षेत्रमा भए गरेका विविध गतिविधिका बारेमा जानकारी हासिल गर्न सहयोग पुऱ्याउने छ ।

राष्ट्र निर्माणमा युवा शक्तिको महत्वलाई आत्मसात् गर्दै समृद्ध, व्यावसायिक, सिर्जनशील, सक्षम युवा जनशक्ति तयार गरी राष्ट्रका हरेक क्षेत्रमा युवालाई नेतृत्वदायी भूमिकामा पुऱ्याउने दीर्घकालीन सोचका साथ तीनै तहका सरकारले राष्ट्रिय युवा नीतिले परिलक्षित गरेबमोजिम कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । यसै सन्दर्भमा यस प्रकाशनले देशका उर्जाशील र कर्मठ युवाहरुलाई स्वदेशमै काम गर्ने वातावरण तयार गरी आफ्नो श्रम, सीप र सिर्जनाले समृद्ध नेपाल, सुखी नेपालीको आकाङ्क्षा साकार तुल्याउन प्रेरित गर्ने विश्वास लिएको छु ।

अन्त्यमा, युवा सम्बन्धी विषयमा लेखहरु सङ्कलन गरी प्रकाशन कार्यमा संलग्न हुनुहुने सम्पादक मण्डल तथा लेख रचना उपलब्ध गराउनुहुने सबै बिद्वत वर्गप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

**डा. हरिप्रसाद लम्साल**
सचिव
युवा तथा खेलकुद मन्त्रालय

मितिः २०८२ साल असार

# हाम्रो भनाइ

बिगत बर्षहरुमा युवासँग सम्बन्धित विभिन्न लेखरचना समाबेश गरी युवा तथा खेलकुद मन्त्रालयले युवा बुलेटिन प्रकाशन गर्दै आएको छ। यसै क्रममा आ.व ०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रमनुसार यस वर्ष पनि केही नयाँ र उपयोगी सामग्रीहरूसहित युवा तथा खेलकुदसँग सम्बन्धित लेख रचनामा अनुभवी व्यक्तित्वहरूका प्रेरणादायी लेखहरूका अतिरिक्त युवा तथा खेलकुदसँग सम्बन्धित लेखहरु समेटी प्रकाशन गर्ने जमर्को गरिएको छ।

नेपालमा युवाको जनसङ्ख्या धेरै (४२.५६ प्रतिशत) भएको वर्तमान अवस्थामा राज्यले युवाको विकास र खेलकुदलगायत कार्यमा सहभागितालाई प्राथमिकतामा राखी उनीहरूलाई स्वदेशमै आफ्नो जाँगर, सीप र श्रम लगाई देश विकास गर्ने वातावरण निर्माण गर्न ढिलो नगरी यथाशीघ्र गर्नुपर्ने अवस्था आएको छ। यसका लागि नेपाल सरकारले युवा विकासका लागि ऐन, नियमलगायत राष्ट्रिय युवा नीति जारी गरी सोको कार्यान्वयनका लागि युथ भिजन-२०२५ सहितको दश वर्षे रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा समेत ल्याइसकेको छ । युवा विकास र सहभागिता अभिवृद्धिका लागि कार्य गर्ने गरी राष्ट्रिय युवा परिषद्को स्थापना भई जिल्ला तहसम्म परिषद्को संरचना विस्तारसमेत भइसकेको छ। युवा क्षेत्र ज्यादै व्यापक र अन्तरसम्बन्धित विषय भएकाले युथ भिजनको कार्यान्वयनमा नेपाल सरकारका युवासम्बद्ध सबै मन्त्रालय, निकायहरू तथा गैरसरकारी, सहकारी र निजी क्षेत्रबीच दरिलो समन्वय, साझेदारी र सहकार्यको आवश्यकता पर्दछ । युवा विकासका सन्दर्भमा सबैभन्दा प्रमुख विषय भनेको युवामा लगानी वृद्धि नै हो तर त्यतिकै महत्त्वपूर्ण विषय युवामा सकारात्मक सोचको विकासमार्फत स्वदेशमा उपलब्ध अवसरहरू देखाउनु र श्रमको सम्मान गर्ने सोच विकास गर्नु रहेको छ ।

युवा तथा खेलकुद मन्त्रालयले युवाहरूलाई नै लक्षित गरी प्रकाशन गर्दै आएको यस लेख रचनामा नेपाल सरकारका युवा विकास र देश विकासमा युवाको भूमिका नीति, कार्यक्रमहरूका बारेमा जानकारी गराउनुका साथै युथ भिजन-२०२५ र दिगो विकासका लक्ष्यहरू-२०३० को कार्यान्वयनमा युवाको भूमिकालाई उजागर गर्ने प्रयास गरिएको छ । साथै युवाहरूलाई प्रेरणा प्रदान गर्ने खालका ज्ञानवर्धक एवम् प्रेरणादायी लेखहरू र स्वदेशमै बसेर नेपाली युवाहरूले हासिल गरेका प्रेरणाप्रद सफलताका कथाहरू, समस्या, चुनौती, भूमिका र आयामहरुका प्राथमिकताका साथ समावेश गरिएका छन् । यसमा समाविष्ट सामग्रीहरूले युवामा स्वदेशमै विद्यमान सम्भावनालाई उपयोग गरी आफ्नै जन्मभूमिमा सिर्जनाका फूल फुलाउन प्रेरणादायी भावनाको विकास भई जन्मभूमिलाई स्वर्गभूमिमा परिणत गर्ने छन् भन्ने दृढ विश्वास लिएका छौं ।

अन्त्यमा, युवा बुलेटिन २३ औं अङ्क प्रकाशन गर्नको लागि आफ्ना गहन तथा खोजमूलक एवम् प्रेरणादायी लेखहरू उपलब्ध गराई सहयोग गर्ने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं। साथै विषयवस्तु संयोजनलगायत प्रकाशनका क्रममा निरन्तर मार्गदर्शन गर्नुहुने मन्त्रालयका सचिव डा. श्री हरिप्रसाद लम्सालज्यू एवम् मन्त्रालयका सहसचिवज्यूहरू र लेख रचनामा भाषा सम्पादन गरी लेख रचनालाई उत्कृष्ट बनाइदिनुहुने सहसचिव श्री हरिप्रसाद निरौलाज्यू साथै यस लेख रचनाको कम्प्युटर सेटिङ्ग गरी सहयोग गर्नुहुने श्री अर्जुन पौडेल र मन्त्रालयको वेबसाइटमा प्रकाशन गरी सहयोग गर्ने श्रीकृष्ण खकुरेललगायत सबैप्रति आभार व्यक्त गर्दछौं । लेख रचनाहरुलाई अझै स्तरीय, रोचक, पठनयोग्य र युवा तथा खेलकुदका लागि थप उपयोगी बनाउँदै लैजाने हाम्रो प्रयासमा यहाँहरूको उपस्थिति, उचित सहयोग, सल्लाह र सुझावको लागि हामी कृतज्ञ छौं।

*यहाँ प्रस्तुत गरिएका लेख रचनामा व्यक्त विचार तथा धारणा सम्बन्धित लेखकका निजी हुन्। यस सम्बन्धमा लेखक स्वयं जिम्मेवार हुनुहुनेछ। लेख र रचनाहरुमा व्यक्त विचारले यस मन्त्रालयको आधिकारिक धारणाको प्रतिनिधित्व नगर्ने र यस सम्बन्धमा युवा तथा खेलकुद मन्त्रालय तथा सम्पादक मण्डल जवाफदेही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।*

धन्यवाद !

मितिः २०८२ असार

# विषयसूची


| क्र.स. | विषय | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | नेपालमा युवाको अवस्था, भूमिका र अपेक्षा | डा. हरि प्रसाद लम्साल | १ |
| २ | युवा उद्यमशीलता विकास रणनीति | छबिन्द्र पराजुली | १८ |
| ३ | युवा खेलकुद र बजेटसम्बन्धी व्यवस्था | सुरेन्द्र कुमार बज्राचार्य | २९ |
| ४ | नेपालको युवा भविष्यः नयाँ पुस्ताहरुको आलोकमा चुनौती र सम्भावना | जगदीश पराजुली | ४६ |
| ५ | खेलकुद र युवाः रोजगारी सिर्जना र उद्यमशीलता प्रवर्द्धन | सरोज भट्टराई | ५७ |
| ६ | युवावस्थाका आयामहरूः असन्तोष र आन्दोलनदेखि सामाजिक बिचलनसम्म | प्रकाश अधिकारी | ७१ |
| ७ | Impact of Social Media on Mental Health of Nepalese Youth | नमुना जोशी | ८४ |
| ८ | Financial Literacy: Understanding its Importance among Youths in Nepal | विकास अधिकारी | ९४ |
| ९ | Doping in sports and Nepal's legal framework | सृष्टिका बज्राचार्य | १०५ |
| १० | खेल कूटनीतिः नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध | प्रविन कुमार यादव | ११७ |
| ११ | सुशासनमा युवा सहभागिताका क्षेत्र | ठाकुर प्रसाद बस्ताकोटी | १३४ |
| १२ | युवा सहभागिता, युवाको पलायन र रोजगारको चुनौती | विनोद कुमार शाही | १४६ |

# नेपालमा युवाको अवस्था, भूमिका र अपेक्षा[1]



डा. हरिप्रसाद लम्साल
सचिव, नेपाल सरकार

***लेखसार***

*युवा मुलुक विकासको आधार हो। यस पुस्तालाई समुचित तवरबाट परिचालन गर्न सके मुलुक विकास र परिवर्तन सहज बन्दछ। यसका लागि सबल राजनैतिक प्रणाली, समावेशी सामाजिक साँस्कृतिक परिवेश, उपयुक्त कानुनी संरचना एवम् सान्दर्भिक नीति तथा कार्यक्रम चाहिन्छ। यस्ता व्यवस्थाले नीति निर्माण र निर्णय प्रक्रियामा युवासँग सहकार्य र सहभागिता हुन्छ। विश्वासको वातावरण सिर्जना हुन्छ। सरकारले तय गरेका लक्ष्य हासिल गर्नमा युवाले साथ सहयोग दिन्छन्, कार्यक्रम कार्यान्वयनमा सकारात्मक माहोल बनाउँछन्। कतिपय सन्दर्भमा आफैं उत्प्रेरकको भूमिकासमेत निर्वाह गर्छन्।*

*यस लेखले मुलुकमा युवाको अवस्था उजागर गर्दै गभर्नेन्स एवम् विकास निर्माणमा युवा सहभागितालाई केन्द्रमा राख्ने प्रयास गरेको छ। मुलुकमा युवाको समग्र विकास र युवा परिचालनका सम्बन्धमा विद्यमान कानूनी प्रबन्ध एवम् नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था र चुनौतीहरू केलाई अबका दिनमा गर्नुपर्ने कार्यहरूको सूचीकरण गर्नु लेखको मुख्य उद्येश्य रहेको छ। लेख तयार गर्ने क्रममा द्वितीय स्रोतबाट प्राप्त सामग्रीहरूको प्रयोग गरि यसलाई विश्लेषणात्मक बनाउने प्रयास गरिएको छ। यसमा सुझाइएका उपायहरु अध्येता, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थीका लागि पनि लाभदायक हुन सक्छन्।*

**मुख्य मुख्य शब्दावली:** अन्तरक्रिया, गभर्नेन्स, जनसङ्ख्या, जेनेरेसन, प्रविधि, युवा, सामाजिक संवाद र सार्थक बहस आदि।

---

[1] *डा. हरिप्रसाद लम्साल, सचिव, नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय । यसमा व्यक्त विचार लेखकका निजी मत हुन् ।*

## विषय प्रवेश

मनोविज्ञानमा युवालाई एउटै ढङ्गबाट परिभाषित गर्ने प्रचलन भए तापनि मुलुक विशेषरूपमा युवालाई उमेरको आधारमा व्याख्या गरेको पाइन्छ। नेपालको सन्दर्भमा १६ वर्ष देखि ४० वर्ष उमेरका नागरिकलाई युवा भनेर परिभाषित गरिएको छ। राष्ट्रिय जनगणना तथा घरधुरी सर्वेक्षण (२०७८)ले १५ वर्ष देखि ३९ वर्षसम्मको युवा श्रमशक्ति कुल जनसङ्ख्याको ४२.५६ प्रतिशत रहेको देखाएकाले (NSO, 2024) मुलुकमा युवा अर्थात १६ देखि ४० वर्षको जनसङ्ख्या पनि यस्तै अर्थात् लगभग ४२.५६ प्रतिशतको हाराहारीमा हुने अनुमान गर्न सकिन्छ।

यति बेला नेपालको जनसङ्ख्यामा युवाको हिस्सा उच्च छ। प्रविधिमा जोडिने सङ्ख्या बढेको छ। विदेशमा नेपालीको एक्स्पोजर बढेको छ। साथै मुलुकमा अहिले केहि भएन, कोही छैनन, सबै विदेसिए, सबै बिग्रिएको मात्र छ, मुलुक वस्न लायकै भएन भन्ने भाष्य पनि सँगै बनिरहेको छ। यस्ता भाष्यले आम नागरिकहरूमा समेत नैराश्यता, कुण्ठा र आक्रोश बढ्न पुगेको छ।

यसो भन्दै गर्दा यहाँ सबै ठिकठाक छ, केही समस्या नै छैनन् सुख र समृद्धि परिपूर्ण रूपमा छ भन्ने पनि होइन। समस्या हिजोको दिनमा पनि थिए, आज पनि छन् र सायद भोलिको दिनमा पनि रहन्छन् नै। समस्याको स्वरुप र मात्रा बदलिएलान् तर समस्या त रहन्छन् नै। मूल विषय समस्या समाधान गर्न हामी अहिले के गरिरहेका छौं भन्ने हो । सबैले समाजका लागि काम गर्छन् भन्ने नहुन पनि सक्छ। तर आफ्नो ठाउँबाट गर्न सक्ने काम हामीले गरेका छौं कि छैनौं भन्ने विषय महत्वपूर्ण हुन्छ।

मुलुकमा युवाको अवस्थाका बारेमा यकिन गर्न केही प्रश्नमा ध्यान दिनुपर्छ। मुलुकका युवालाई के कसरी परिचालन गरिएको छ ? शासन प्रक्रियामा उनीहरूको सहभागिता के कस्तो छ ? उनीहरूलाई सामाजिक एवम् राजनैतिक जीवनमा के कसरी जोडिएको छ ? यिनले सामाजिक संवादमा के कसरी भाग लिएका छन् ? यस्तै अन्य थुप्रै प्रश्नमा खोजिने उत्तरले मुलुकका युवाको अवस्था चित्रणका साथमा अगाडिको मार्ग तय गर्न सहयोग गर्छन्।

## उद्देश्य र औचित्य

युवाहरू मुलुक विकास र परिवर्तनका प्रमुख संवाहक हुन। तसर्थ शासकीय प्रबन्धका साथमा विकास निर्माणका हरेक चरण र प्रक्रियामा युवाहरूको सहभागिता अनिवार्य हुन्छ। मुलुकमा युवाका सम्बन्धमा विद्यमान प्रबन्ध र कमी कमजोरी केलाई युवालाई गभर्नेन्स र विकास निर्माण प्रक्रियामा अर्थपूर्ण र सार्थक रूपमा सहभागी बनाउन सान्दर्भिक उपायहरु खोजी गर्नु यस लेखको प्रमुख उद्देश्य रहेको छ। यस क्रममा हाल भोगिएका चुनौतीहरूको समीक्षा पनि गरिएको छ।

यस लेखमा द्वितीय स्रोतबाट प्राप्त सामग्रीहरूको विषय, सन्दर्भ, प्राप्तिहरु प्रयोग गरिएका छन्। विश्लेषणात्मक ढङ्गबाट लेख तयार गरिएको छ। प्राथमिक स्रोतको प्रयोग गर्न नसकिनु, समय सीमा आफैंमा लेख तयार गर्ने सन्दर्भमा सीमितताको रूपमा रहेका छन्।

गभर्नेन्स र विकास निर्माणमा युवाको सहभागिता सम्बन्धमा लेखिएको यस लेखको केन्द्रमा युवा रहेका छन्। तापनि यसमा सुझाइएका उपायहरु अध्येता, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थीका लागि पनि लाभदायक हुन सक्छन्।

**नीति तथा कार्यक्रममा युवा**

नेपालको संविधानको भाग ३ मौलिक हक र कर्तव्यअन्तर्गतका धारा १८ (समानताको हक), धारा ३३ (रोजगारीको हक) र धारा ४२ (सामाजिक न्यायको हक) अलि बढी मात्रामा युवासँग जोडिएका छन्। साथै संविधानको भाग ४ (राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व) अन्तर्गत धारा ५१ (१)(ज) र धारा (५२)(राज्यको दायित्व) एवम् भाग ५ (राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड) अन्तर्गत धारा (५६)(राज्यको संरचना) पनि युवाका विषयसँग कुनै न कुनै रूपमा परोक्ष अपरोक्षरूपमा युवाका विषयसँग जोडिएका देखिन्छन्। संविधानमा समेटिएका यी प्रावधानले युवाका विषयमा मार्गनिर्देशक सिद्धान्तका रूपमा काम गरेका छन्।

नीति अनुसन्धान प्रतिष्ठानले राष्ट्रिय युवा नीतिको समीक्षा गर्ने क्रममा युवासँग सम्बन्ध राख्ने विद्यमान नीतिहरूको फेहरिस्त उल्लेख गरेको छ। राष्ट्रिय युवा नीति, २०७२ संग सम्बन्धित अन्य नीतिहरूमा राष्ट्रिय रोजगार नीति, २०७१, राष्ट्रिय जनशक्ति विकास नीति (मस्यौदा), २०८०, राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय जनसङ्ख्या नीति, २०७१, वैदेशिक रोजगार नीति २०६८, राष्ट्रिय बौद्धिक सम्पति नीति, २०७३, सार्वजनिक-निजी साझेदारी नीति २०७२, राष्ट्रिय कृषि नीति, २०६१ र राष्ट्रिय खेलकुद नीति, २०६७ रहेका छन्।

यसैगरी राष्ट्रिय युवा परिषद ऐन, २०७२ र राष्ट्रिय युवा परिषद नियमावली, २०७३ मुलुकमा युवाहरूको समग्र गभर्नेन्सका लागि मूल कानूनको रूपमा रहेका छन् । साथै राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ र राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ पनि युवासँग प्रत्यक्षरूपमा जोडिएका छन्।

नेपाल सरकारले जारी गरेको चालु १६ औं योजनाले युवालाई केन्द्रमा राखेर रोजगारी, उत्पादकत्व र प्रविधिमा जोड दिएको छ। यसका लागि स्टार्टअप, व्यावसायिक तालिमको अवसर, आइटी शिक्षामा सहज पहुँच एवम् इन्क्युवेसन सेन्टरलाई प्राथमिकतामा राखिएको छ। साथै दिगो विकास

लक्ष्यअन्तर्गतका छओटा लक्ष्यहरू (भोकको अन्त्य, स्तरीय शिक्षा, लैङ्गिक समानता, सम्मानजनक काम र आर्थिक वृद्धि, असमानता घटाउने र जलवायु) युवासँग प्रत्यक्ष रूपमा जोडिएका छन्। यसमा राष्ट्रिय योजना आयोगले समन्वय गरी काम गरिरहेको छ।

नेपाल सरकारले हरेक वर्ष नीति तथा कार्यक्रम र बजेटमा युवा लक्षित विभिन्न कार्यक्रमहरू राखी कार्यान्वयनमा ल्याइरहेको छ। मुलुकमा सञ्चालित कार्यक्रमहरूमा प्रधानमन्त्री रोजगार कार्यक्रम, राष्ट्रपति महिला उद्यम कार्यक्रम, युवा ऋण सहुलियत कार्यक्रम, बीउ पुँजी, स्टार्टअप फन्ड तथा युवा उद्यमसँग जोडिएका कार्यक्रमहरू, श्रम तथा रोजगार सम्बद्ध कार्यक्रमहरू, श्रम आप्रवासन, युवा रणनीति २०१८-२०२२, युथ भिजन २०२५ सँग जोडिएका वा सम्बन्ध राख्ने कार्यक्रमहरू उल्लेख रूपमा रहेका छन्।

मुलुकमा युवासँग सम्बन्धित कार्यक्रमहरू एकल रूपमा भन्दा पनि क्रसकटिङ् थिमको रूपमा विभिन्न निकाय र संरचनामा छरिएका छन्। प्रदेश र स्थानीय तहबाट पनि विभिन्न कार्यक्रमहरू कार्यान्वयन भई आएका छन्। गैर सरकारी संघसंस्थाहरू पनि यस क्षेत्रमा क्रियाशील रहेका देखिन्छन्। निजीक्षेत्रबाट पनि युवासँग सम्बन्धित विभिन्न खालका कार्यक्रमहरू कार्यान्वयन भइरहेका छन्।

**विद्यमान अवस्था विश्लेषण**

***संरचनागत र कार्यक्रमगत व्यवस्था र तिनको प्रभावकारिताः*** युवासँग विकास र परिवर्तन गर्ने सामर्थ रहन्छ, भविष्यप्रतिको योजना रहन्छ, श्रम गर्ने क्षमता रहन्छ, साथै जोखिम लिने क्षमता पनि हुन्छ। यो आफैंमा उत्पादनशील समूह हो। पपुलेसन पिरामिडमा युवाको हिस्सा अधिक हुनु भनेको मुलुकले विकास गर्ने सामर्थ राख्दछ भन्ने पनि हो। मुलुकमा युवा हुनु एउटा पक्ष हो भने उक्त युवा समूहले के गर्दैछ र के कस्ता कार्य संलग्न भईरहेछ भन्ने अर्को अझ महत्वपूर्ण पक्ष हो। किनकी युवा समूहको सामर्थ दुवैतिर धार भएको तरबार जस्तो हुन्छ। चलाउन जाने फाइदा लिन सकिने, अन्यथा नोक्सान गर्न सक्ने क्षमता पनि यस समूहले राख्दछ।

युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय युवा परिषद् भनेको मुलुकको लगभग एक करोड २५ लाख बढी युवालाई परिचालन गर्ने निकाय हो। प्रदेश तहमा युवा विषय हेर्ने मन्त्रालय र निकाय छन। कतिपय प्रदेशमा युवा परिषद पनि गठन भईसकेका छन्। अधिकांश स्थानीय तहमा युवाका सम्बन्धमा पुरानै संरचनाबाट काम भई आएको छ भने कतिपयमा नयाँ संरचना पनि बनेका छन्।

मुलुकमा युवासँग सम्बन्धित कार्यक्रमहरूलाई प्रभावकारी बनाउन मन्त्रालय र युवा परिषद्ले समन्वय गर्ने हो। तर कार्यक्रमहरू विभिन्न निकायबाट कार्यान्वयन भइरहेका छन्। यस्ता निकायहरूबाट

अहिलेसम्म के कस्ता कार्यक्रम सञ्चालनमा छन् भन्ने एकिकृत विवरण युवा परिषद्सँग छैन। कार्यक्रम कार्यान्वयनमा समन्वय पनि हुन सकेको छैन। नीति अनुसन्धान प्रतिष्ठानले २०८१ सालमा नीतिका विषयमा मात्र नभएर विभिन्न निकायबाट भइरहेका कामको समीक्षा गरी समन्वयको आधार पनि तयार गरिदिएको छ।

मुलुकका युवालाई प्रभावकारी रूपमा परिचालन गर्न अहिले क्रियाशील संरचना र कार्यक्रमहरूमा सूक्ष्म ढङ्गको समीक्षा चाहिन्छ। के युवा परिचालनका लागि हामीसँग संस्थागत क्षमता छ ? के हाम्रा कार्यक्रमहरू सान्दर्भिक छन् ? के यस्ता कार्यक्रमहरू मुलुकका सबै युवासँग पुगेका छन त ? उपयुक्त र सान्दर्भिक कार्यक्रमहरू विस्तार गर्ने योजना के छ ? युवा परिचालनमा भएका हाम्रा बहस के कति मात्रामा सार्थक छन ? हाम्रा समग्र प्रयासहरू संस्था निर्माण गर्न के कति मात्रामा लक्षित छन् ?

कतै हामी कार्यक्रम बनाउँछौ, बजेट खर्च गर्छौं को चक्रमा मात्र त छैनौ ? मुलुकभरका युवाको क्षमता विकास गर्न, उनीहरुलाई आपसमा जोड्न, नेटवर्किङ् गर्न, तीनलाई शासकीय प्रक्रियामा संलग्न गराउन लिइएका प्रयासहरू कमजोर भए कि ? जबसम्म कार्यक्रम कार्यक्रमको रुपमा मात्र रहन्छन्, तिनले दिगोपना कायम गर्न सक्दैनन्। एक वर्ष ल्यायो, अर्को वर्ष सकियो। तर प्रणाली बनाउने काममा के कति भयो त ? नेटवर्किङ्मा के कति उपलब्धि हासिल गर्यौं त ? संस्थागत विकास र प्रणाली विकासमा कति सफलता हासिल गर्यौं त ? यी र यस्ता विषयमा गरिने समीक्षाले सुधारको उपाय देखाउँछ।

***प्रविधिले पारेको असर र ल्याउने संभावित परिदृश्यः*** अहिले प्रविधि र कृत्रिम वौद्धिकताले युवाहरुका सामु धेरै अवसर सिर्जना गरेको छ। सामाजिक समस्या समाधान गर्ने उपायमा विविधता थपी दिएको छ। मिलेर काम गर्ने अवसर दिएको छ। साथै प्रविधिले चुनौतीहरू पनि गुणात्मक रूपमा थप्दै लगेको छ।

जोनाथन ह्यैड्ट (Jonathan Haidt)ले सन् २०२४ को मार्चमा The Anxious Generation भन्ने पुस्तक प्रकाशित गरे, जसमा विकसित मुलुकहरू अमेरिका, क्यानडा, बेलायत, फ्रान्स, जर्मनी र अष्ट्रेलियाका किशोर र युवावयमा स्मार्ट फोन र एआइले पारेका प्रभावका बारेमा तथ्याङ्कसहित सुक्ष्मरूपमा केलाएका छन्।

सन् १९८१ देखि १९९५ सम्म जन्मिएको पुस्तालाई मिलेनियल्स भनिएझैं जेनेरेसन जेड सन् १९८५ देखि सन् २०१० सम्म जन्मिएको पुस्तालाई दिइएको नाम थियो। सन् २०१० देखि सन् २०२४ डिसेम्बरसम्म जन्मिएकोलाई अल्फा जेनेरेसन र सो पछिकोलाई विटा जेनेरेशन भनिएको छ। यहि पुस्तान्तरणमा प्रविधि पनि क्रमश रेडियो, टेलिभिजन, पसर्नल कम्पयूटर, इन्टरनेट र आइफोनको प्रयोगमा पुगेको छ। यी प्रविधि बदलिदै जाँदा यिनले मानिसलाई अझ खासगरी युवालाई थप प्रभावित गर्दै गए।

किनकी जेनेरेशन सर्दै गएपछि प्रविधि र सामाजिक सन्जालमा अभ्यस्त हुने क्रम पनि बदलिएको भनाइ जोनाथन ह्यैड्ट (सन् २०२४)को पनि छ।

परम्परागत खेलमा रमाउने बाल्यकाललाई सन् २००० पछि प्रयोगमा ल्याइएको स्मार्ट फोनले हरण गरेर लगेको छ । अब बालबालिकालाई भुलाउन वा फकाउन अभिभावकले फोनकै सहारा लिने प्रचलन बढेको मात्र नभई अभिभावकहरू ओभरप्रोटेक्टिभ हुन थाले (Haidt, 2024)। जब सन् २००० को दशकदेखि ब्रोड ब्यान्ड अर्थात उच्च गतिको इन्टरनेट, सन् २००७ देखि आइफोन, सन् २००९ देखि सामाजिक सन्जालमा 'लाईक, शेयर, रिट्विट बटन आए, तिनले मानव जीवनमा तहल्का मच्चाउन थाले। सन् २००९ सम्म साथीसंगीमा सीमित रहेको सामाजिक सन्जाल यी प्रविधिपश्चात त धेरै फराकिलो प्लेटफर्ममा पुगेर चाहिने नचाहिने सूचना प्रवाहका माध्यम बनि थप टक्सिक नै बन्न पुगे। अझ सन् २०१० देखि मोबाइल फोनमा फ्रन्ट फेसिङ् क्यामेरा र फेसबुकले सन् २०१२ मा इन्स्टाग्राम खरिद गरेपछि अवसरका साथमा धेरै चुनौती थप्यो। यसरी प्रविधि र सामाजिक सन्जालबाट सबैबाट अझ खासगरी युवापुस्ता बढी प्रभावित भईरहेका छन्।

नेपालको सन्दर्भमा क्षेत्रगत र वर्ग विशेषरूपमा डिजिटल डिभाइड त थियो नै। अझ माथि भनिएका पछिल्ला प्रविधिले चुनौतीको पहाड नै थपेका छन्। युवा पुस्तामा यस्ता प्रविधिले सिर्जना गरेको चुनौतीको सूची लामै हुनसक्छ।

युवासँग बेथितिप्रति प्रतिक्रिया गर्ने हिम्मत हुन्छ। तत्काल जवाफ दिने जोश हुन्छ। यसमा बहस गर्ने क्षमता पनि हुन्छ। यस्तो जोश जाँगरलाई कसैले चाह्यो भने सजिलै प्रयोग गर्न पनि सक्छ। मुलुकमा अहिले नैराश्यताको व्यापार भएको छ भन्ने गरिन्छ। युवाहरू नैराश्यका बाहक मात्र हुन कि भनेजस्तो देखिएको छ। यसो हुनुमा सामाजिक सन्जालले धेरै थोरै सहयोग गरेकै छ।

एउटा घटना लिऔं। कुनै एकजना आफन्तलाई एयरपोर्टमा छोड्न जाँदा नेपालीको संस्कार बमोजिम ५ देखी १० जनासम्म सँगै जाने गर्छन्। आफन्त बाहिर जाँदा एयरपोर्टसम्म पुऱ्याउन जानु नेपालीको संस्कार पनि हो। औसतमा पनि विदेश जाने आधा व्यक्तिका आफन्त यही दरमा एयरपोर्टमा जाँदा तहाँ भिड हुनु अस्वभाविक भएन। तहाँ पुगेपछि आफ्नासँग फोटो खिच्यो। उनीहरूलाई भित्र पठायो। त्यही क्रममा अरूको पनि फोटो खिच्यो। एयरपोर्टबाट बाहिर निस्कनासाथ त्यही भिडभाडको फोटो सामाजिक सन्जालमा राखेर यहाँको व्यवस्था र पात्रलाई गाली गर्नेले युवालाई सजिलै प्रभाव पार्ने भइहाले। यसरी संस्थापनलाई गाली गरेर भिउज् कमाउने प्रवृत्ति बढ्दो क्रममा छ। यहाँ हरेकमा मेरो कारण स्थिति बिग्रेको होइन यो त अरूका कारण बिग्रेको हो भन्ने बुझाइ विकास गर्न खोजिएको छ।

अवस्था बिग्रनमा सार्वजनिक क्षेत्रमा संलग्न सबैको कुनै कुनै भूमिका नहुने कुरै भएन, तर बुझाई अर्कै बनाउन खोजिएको छ।

बाहिर जो गए ठिक गरे वा बाहिर जानै हुदैन भन्ने कदापी होइन। अहिलेको युगमा बाहिर जानु, विदेशमा काम गर्नु, विदेशमा एक्स्पोजर बढाउनुलाई अस्वभाविक मान्नु पनि हुदैन। मानिस के का लागि विदेश गइरहेका छन र फर्के नफर्केको अवस्था कस्तो छ भन्नेमा चिन्ता हुनु पर्ने हो। को गइरहेछ र को आइरहेछ दुवैमा ध्यान चाहिन्छ। कम आय भएका जानु बाध्यता पनि होला। तर हुने खानेहरू स्वेच्छाले गएका पनि छन। बाहिर बसेका र स्वेच्छाले बाहिर जानेले सामाजिक सन्जालबाट युवा बहकाउने सम्भावना बढी नै हुन्छ। केही न केही रूपमा अहिले नेपालमा भइरहेको पनि यही हो।

ह्यैड्ट (सन् २०२४) ले भनेझैं स्मार्ट फोनको अधिक प्रयोगले व्यक्तिमा कोठाभित्र एक्लै रहने संस्कार विकास हुदैं गयो, भर्चुअल दुनिँयामा रमाउने प्रवृत्तिले भौतिक जगत, वातावरण र सामाजिक संस्कार एवम् रीति रिवाजप्रति कम संवदेनशील बन्दै गएको देखियो । एक व्यक्ति अर्कोलाई परेको घटना एवम् चोटमा संवदेनशील बन्ने मान्यातामा ह्रास आइरहेछ । कसैको मृत्युवरण, कठिन अवस्था, दाह संस्कार अर्कोका लागि लाईभ गर्ने होडबाजीले बनेकोले एउटाका यस्ता मानवीय दुख अर्कोको दुख मा मात्र परिणत भईहरेछन्।

जीम क्विक (Jim Kwik) ले सन् २०२० मा लिमिटलेस (Limitless) भन्ने पुस्तकमा अहिलेका मानिस सूचनासम्बन्धी चार प्रकारका समस्याबाट ग्रसित हुने सम्भावना देखाएका छन् । यी चार प्रकारमा व्यक्ति सूचनाको बाढीमा फस्नु (Digital Deluge), सोचमा एकाग्रता नहुनु (Digital Distraction), डिजिटल डिमेन्सिया (Digital Dementia), र डिजिटल डिडक्सन (Digital Deduction) स्वभाव पर्छन् (Kwik, 2020)। प्रविधिमा आएको विकासले मानिसको जीवनमा सूचनाको बाढी प्रवाह गर्छ, एकाग्रता हुनबाट रोक्छ, त्यसैमा लाग्ने लत प्रदान गर्छ, एक प्रकारको मनोरोगी बनाउँछ।

अहिलेका युवा लगभग मिलेनियल्स र जेनेरेशन जेडअन्तर्गत पर्छन् जो माथिका प्रविधिमा अभ्यस्त छन र यी प्रविधिमा यिनको लत पनि छ। अहिले त सामाजिक सन्जालमा सूचनाको बाढी छ। यीमध्ये धेरै टक्सिक खालका सूचना छन। यिनमा कुन सहि कुन गलत पहिचान गर्न नसक्दा युवाहरू गलत सूचनाको लतमा पर्ने सम्भावना रहने भयो। यसरी सामाजिक सन्जालले व्यक्तिमा अधिक तनाव बढेर आत्मदाह गर्ने अवस्थामा पुगेका घटना पनि सँगै बाहिरिएका छन्।

बिबिसी न्यूज नेपाली वेबपेजमा प्रदीप बस्यालले २० फेब्रुवरी २०२५ मा 'नेपालमा दैनिक १६ जनाको दरले आत्महत्याका घटना बढ्नुका सम्भावित कारण शीर्षकमा आत्मदाहसम्बन्धी भयावह अवस्थालाई

सुक्ष्मरूपमा केलाएका छन्। यसरी आत्मदाह गर्नेमा युवादेखि जेष्ठ नागरिकसम्म सबै पर्छन। यस लेखमा उमेरगत तथ्याङ्क उपलब्ध नभए तापनि युवाहरूको हिस्सा उल्लेख्य रहेको अनुमान गर्न सकिन्छ। यसैगरी डा अश्विनी कुमारले आफ्नो मुटु पुस्तकमा उल्लेख गरेअनुसार नसर्ने रोगबाट प्रभावित हुनेमा युवाहरूको सङ्ख्या बढ्दो क्रममा रहेको देखिन्छ (उपाध्याय, २०८१)।

उपाध्याय (२०८१) का अनुसार विश्व स्वास्थ्य सङ्गठनले सन् २०१९ मा नेपालमा हुने सबै मृत्युको ३० प्रतिशत हृदयघातबाट हुन्छ भनेर देखाएको छ। सन् १९९५ देखि २०१४ का बीचमा गरिएको एउटा अध्ययनमा ३५ देखि ५४ वर्ष उमेर समूहका महिलामा पुरुषलाई भन्दा बढी हृदयघात भएको पाइएको थियो। युवा अवस्थामा ४ देखि १० प्रतिशतसम्मलाई हृदयघात भएको देखिन्छ। सरसर्ती हेर्दा हृदयघात पुरुषमा बढी हुनेजस्तो लागे पनि ४० वर्षको उमेरसम्म पुरुष र महिलामा बराबरीजस्तो नै हुन्छ। तर ६० वर्षको उमेरमाथि लागेपछि भने पुरुषमा भन्दा महिलामा हृदयघात बढी हुने गरेको पाइएको छ। हृदयघातको मुख्य कारणमा जीवनशैली, आहार, विहार बढी जिम्मेवार मानिन्छ। जसमा सामाजिक सन्जालको बढी प्रयोग पनि पर्छ।

बिबिसी न्यूज नेपाली वेबपेजमा विष्णु पोखरेलले १४ फेब्रुवरी २०२५ मा 'नेपालमा नसर्ने रोगको प्रकोप : कस्ता रोगले लिन्छ धेरै जनाको ज्यान, जोगिन के गर्ने भन्ने शीर्षकमा नेपालमा नसर्ने प्रकृतिका रोगहरू प्रकोप जस्तै गरी बढीरहेको भनेर उल्लेख गरेका छन्। प्रकोपको रूपमा विस्तार भइरहेको यस रोगले सबै उमेर समूहलाई प्रभावित पारिरहेको छ। यसमा पनि युवाको सङ्ख्या उल्लेख्य नै हुनुपर्छ। विज्ञहरूका अनुसार यसमा पनि खानपिन र बानी व्यहोरा एवम् जीवनशैली जिम्मेवार पर्छन्, जुन प्रविधि र सामाजिक सन्जालबाट प्रभावित भइरहेछन्।

यसैगरी उपाध्याय (२०८१) का अनुसार संसारमा वार्षिक जति मानिसको मृत्यु हुन्छ त्यसको ४ ७. प्रतिशत रक्सीको कारणले हुने गरेको छ। मानिसको अकालमा मृत्यु हुनुको एउटा प्रमुख कारण प्रतिशत कारण रक्सी मानिएको ५ वर्षका मानिसको मृत्युको करिब ४० देखि २० रक्सी नै हो। छ। रक्सीको कारण विश्वमा करिब १६ लाख मानिसलाई नसर्ने रोग हुन्छ। करिब ७ लाखलाई घाउचोट लाग्छ। ३ प्रतिशत किशोरकिशोरी रक्सीको कुलतमा फसेको पाइएको छ। यसका कारण पनि माथि भनिएभन्दा फरक देखिदैन।

**समाजमा बढ्दो नैराश्यता र संस्थापनप्रतिको आक्रोशः** अहिलेको युवा पुस्ता बेथितिप्रति थप सचेत छन्। यिनमा अवसर प्राप्तिको उच्च आकाङ्क्षा छ। सँगै अरुको सुखसुविधा देख्न पाएकै छन्। साथै सिर्जित टक्सिक सूचनाबाट निरन्तर रुपमा प्रभावित भइरहेछन्। यिनीहरू सामाजिक अन्तरक्रिया एवम् सामाजिक व्यवहारमा कम तर मेसिनसँगको अन्तरक्रिया बढी रमाएका छन्। अब यसको वैयक्तिक र

सामाजिक असर देखापर्न थालेको छ। युवाहरू वास्तविक संसारको अन्तरक्रियाबाट पर पुग्न लागेका छन्। भर्चुअल अवस्थालाई नजिक ठान्दै छन्। यतिबेला युवालाई सामाजिक मूल्य मान्यता, मुलुकको कानून विधि र संरचना एवम् सामाजिक सन्जाल जस्ता शक्तिले सञ्चालन गरिरहेको। यी मध्ये सामाजिक सन्जाल अति जोखिमयुक्त देखिएको छ। यस्ता सन्जालमा प्रवाह हुने मिस इन्फरमेसन सधैं सान्दर्भिक र वस्तुगत नहुन पनि सक्छन्। तर यसलाई प्रभावकारी रूपमा नियमन गर्न सकिएको छैन्।

युवल नोहा हरारीले सन् २०२४ मा प्रकाशित आफ्नो पुस्तक नेक्सस (ढुंगे युगदेखि एआईसम्म सूचना-सञ्जालको संक्षिप्त इतिहास) मा सूचनाले पार्न सक्ने प्रभावका बारेमा सविस्तार चर्चा गरेका छन्। सूचनालाई केकसरी तोड मरोड गरिन्छ भन्ने विषय पनि यसमा छ। सूचनाको म्यानिपुलेसनमा प्रविधिले ठूलो प्रभाव पारेको छ। उनले यस पुस्तकमा आदिम युगमा सूचना प्रवाह गर्न एउटा परेवालाई प्रयोग गरिएको सन्दर्भ ठहराएको छन्। परेवाले लगेको सूचना समयमा नपुग्दा आफ्नै सेनाका बीचमा युद्ध हुन लागेको त्यसको निराकरण त्यही परेवाले लगेको सानो चिर्कटोबाट समाधान भएको बताएका छन्। (Harari, 2024)

अझ नियमन कमजोर भएको स्थानमा यस्ता सूचनाहरु थप टक्सिक खालका हुन्छन नै। एकजना वा केही समूहले टक्सिक सूचना पटक पटक प्रवाह गर्दा भरखर युवावयमा प्रवेश गरेका युवाहरुमा संसार यसैमा रहेछ, सबै यसैमा लागेका रहेछन् भन्ने धारणा विकास हुन पुग्दछ। समालोचनात्मक चेतको कमीका कारण सजिलैसँग विश्वास गर्न सक्छन्। यस्तो प्रकृतिले युवालाई आवस्तिक संसार अर्थात् हाइपर रियालिटीमा लैजान सक्छ। वास्तविक धरातलप्रति वितृष्णा जगाउन सक्छ। प्रतिशोधको आगो बाल्न सक्छ। यसबाट व्यक्तिगत रुपमा तनाव, मानसिक दबाब बढ्न सक्छ। संस्थापन पक्षसंग नैराश्यता बढ्न सक्छ।

मुलुकको शासकीय इतिहास केलाउँदा हिजोका पुस्ता मुलुकमा लोकतन्त्र स्थापना गर्नका लागि लडे। ज्यानको बलिदानी दिए। जेलनेल भोगे। कोही विकास र अनुसन्धानमा ज्यान दिए होलान। अहिले हामीले जुन स्वतन्त्रताको उपयोग गर्न पाएका छौं, त्यो हिजोको दिनमा कुर्वानी दिएकाहरुको योगदान हो। तसर्थ आजका पुस्ताले नकारात्मक भाष्य सिर्जना गर्ने मात्र नभई हिजोको पुस्ताको योगदानलाई कदर र सम्मान गर्दै मुलुकमा सुशासन कायम गर्नमा लाग्नुपर्ने हुन्छ। आजको आँखाबाट हिजोको घटना हेर्दा सामान्य जस्तो देखिएला। तर वास्तविकता त्यस्तो हुँदैन। बर्षौं जेल बस्दा उनीहरुको मनमा कस्तो भावना थियो होला सो पनि ख्याल गर्नुपर्छ। विगत वा वर्तमानलाई गाली गरेर मात्र समस्याको समाधान छैन। विगतको आधारमा समाज विकास यहाँसम्म आइपुगेको हो भनेर बुझाउने कार्यक्रम चाहिएको छ।

**छाँयामा परेका सफलताका कथाहरूः** मुलुकमा विदेशबाट फर्केर स्वेदशमा उदाहरणीय काम गरेका युवाहरुको संख्या पनि थुप्रै हुनसक्छ। यहि राम्रा काम गर्नेहरू पनि छन्। तर समाज भने नकारात्मक समाचारको उर्वर भूमी बने जस्तो देखिन्। भएन, गरेनन्, बिग्रियो, काम गर्न दिएनन् भन्न जति सजिलो छ त्योभन्दा कैयौं गुना परिश्रम सफलताको कथा खोज्न लाग्छ। विद्या चापागाईको "हेर्ने कथा" टिमले सफल देखिएका कथाहरू बाहिर ल्याएर निरन्तर रूपमा सकारात्मक वातावरण बनाउन लागि परेको देखिन्छ। यस टिमले यस्ता कथाबाट नै बेथिति र कमजोरी औंल्याउने नयाँ तरिका अपनाएको देखिन्छ। यो आफैंमा अनुकरणीय छ, उदाहरणयोग्य छ, तर सबैको पहुँचमा पुगेको भने छैन।

कमजोरी मात्र खोज्नेभन्दा पनि राम्रा काम खोजी गरी बाहिर ल्याउने संस्कार अहिले चाहिएको छ। नेपाल सरकार मन्त्रिपरिषदको २०८१ साल फागुन ६ गतेको निर्णयअनुसार मुलुकमा शान्ति, सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज, अनुसन्धान तथा विकासको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने १० जना प्रतिभाशाली नागरिकहरूलाई प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार प्रदान गर्ने घोषणा गरेको छ। यस्तै राम्रा काम गर्ने अरू थुप्रै हुनसक्छन् मुलुकमा जसको खोजी हुनु जरूरी छ।

२०८१ साल फागुन ७ गतेको कान्तिपुर दैनिकको सम्पादकीय पृष्ठमा सुनौलो भविष्य निश्चित छ किनकि युवा पुस्ता तयार छ" भन्ने शीर्षकमा ४० प्रतिशत स्थानीय सरकारका जनप्रतिनिधिमा ४० वर्ष मुनिका युवा निर्वाचित भएको विवरण लेखेको छ। मुलुकमा यतिबेला साढे ६६ हजार युवा आइटी क्षेत्रमा संलग्न छन् जसले वार्षिक ६७ अर्ब रुपैंयाभन्दा बढी आम्दानी गरिरहेका छन्। साथै यस मुलुकका विभिन्न क्षेत्रमा उदाहरणीय काम गरेका युवाहरु र तीनको योगदान उल्लेख गरेको छ। अन्य पत्रपत्रिकाले पनि समय समयमा यस्ता नामहरु सार्वजनिक गरेका छन्। पत्रपत्रिकाका नजर नपरेका थुप्रै युवा हुनसक्छन् जसले राम्रो र उदाहरणीय काम गरीरहेका छन्। तर यस्ता कथाहरू जेजति मात्रामा प्रचार प्रसार गर्नुपर्ने हो सो हुन सकेको छैन।

यसैगरी अनलाइन खबरले २०८१ साल फागुन २२ मा ११५ औं अन्तरराष्ट्रिय नारी दिवसको अवसर पारेर ५० जना प्रतिभाशाली महिलाको नाम सार्वजनिक गरेको छ। यस्ता कार्यले राम्रा काम गर्नेहरू बाहिर जानकारीमा आउने गर्छन, जसले अरूलाई पनि हौसला प्रदान गर्नसक्छ। तर यस्ता सफलताका धेरै कथाहरू छाँयामा परिरहेका छन्। जसका कथाहरूले समाजमा आशा जगाउन सक्छन ती छाँयामा परेका छन्। नकारात्मक कथाहरू बढी बिक्री भइरहेछन्।

**सामाजिक अन्तरक्रिया र गभर्नेन्समा घट्दो संलग्नताः** अहिलेको युवा पुस्ता शासकीय प्रक्रियामा संलग्न हुन कम इच्छा देखाएको छ। सार्वजनिक विषयका बहसमा खरो रूपमा उत्रिएको छैन। बहुल विचार स्वीकार्ने भन्दा पनि अलि बढी एकाङ्गी बनेको हो कि जस्तो देखिन्छ (Haidt, 2024)। शासकिय प्रक्रिया

भनेको राजनीतिमा संलग्न हुने भनेको होइन। सामाजिक विषयहरुमा सहभागिता जनाउने। सामाजिक कार्यमा समय दिने, सामुदायिक गतिविधि सञ्चालन गर्ने, अन्धविश्वास र कुरीती हटाउन सक्रियता देखाउने जस्ता कार्यहरु अब स्वयमसेवी रुपमा कम तर देखावटी बढी भए जस्तो छ। सबै सेवा किनबेचमा परेको जस्तो देखिन्छ। केही गर्न खोजे पनि वास्तविक लक्षितलाई के भयोभन्दा पनि सामाजिक सञ्जालमा फोटो राख्नका लागि गरेको जस्तो देखिन्छ।

यही प्रविधिले अभिभावकहरु पनि के मा ओभर प्रोटेक्सन गर्ने र के मा अण्डर प्रोटेक्सन गर्ने भन्ने कन्फ्यूज्ड जस्ता देखिन्छन्। वास्तविक संसारमा अण्डरप्रोटेक्सन हुनु पर्नेमा ओभर प्रोटेक्सन भईरहेछ। भर्चुअल संसारमा ओभर प्रोटेक्सन भए राम्रो हुनेमा अण्डरप्रोटेक्सन भइरहेछ। यस्ता कार्यले सामाजिक एकता, आपसी सम्बन्ध व्यक्तिको सञ्चार, भाषिक सीप, सफ्ट स्कील आदिमा प्रभाव परिरहेको छ।

### अब के गर्ने त ?

केन्नी (मिति उल्लेख नभएको) ले युवा परिचालनमा उपयोगी केही प्रश्न सुझाएका छन्। युवाहरुको विकास र सामाजिक सम्बन्ध के कसरी अगाडि बढिरहेको छ ? शैक्षिक योग्यता वृत्ति विकासको अवस्था के कस्तो छ र काम के कसरी भइरहेछ ? भन्ने जस्ता वैयक्तिक, सामाजिक र मुलुक विशेषका पक्षमा ध्यान दिनुपर्छ (Kenny*nd*)। यसका साथमा अहिलेको खुला समाज र भूमण्डलीकरणको युगमा प्रविधिमा आएको विस्तार, भूमण्डलीकरण अर्थतन्त्रमा आएको परिवर्तन र जनसाङ्खिकिय परिवर्तन आदि जस्ता पक्षमा समेत नीति निर्माता सचेत हुनु जरुरी हुन्छ। उनका अनुसार यी विषयहरु आफैंमा चुनौती पनि छन् तर पनि यी आफैंमा अवसर हुन्। नीति तथा कार्यक्रम यस्ता पक्षमा ध्यानमा राखी तय गर्न सके धेरै फाइदा लिन सकिन्छ अन्यथा नकारात्मक प्रभाव बढी हुने सम्भावना रहन्छ नै।

अहिले मुलुकमा सार्वजनिक सेवा प्रवाह चुस्त र प्रभावकारी बन्न सकेको छैन। सेवा प्राप्तिमा प्रसस्त कठिनाई छन्। अवरोध पनि छन्। यसलाई प्रविधिसंग जोड्न सकिएको छैन। तत् स्थानमा देखिने यस्ता कमजोरीमा प्रश्न नगर्ने हो भने हाम्रो अवस्था अझ केही समय यस्तै रहन पनि सक्छ। यहाँ प्रश्न गर्ने बाहुल्यता चाहिएको छ जसको पूर्ति युवाबाट मात्र हुनसक्छ।

मुलुकमा सार्वजनिक सेवा प्रवाहका आउटलेट अर्थात् विन्दुहरु ५० औं हजार भन्दा पनि बढी छन्। विद्यालय, अस्पताल, वडा कार्यालय, संस्था एवम् सरकारी कार्यालय गरेर यस्ता ५० औं हजार स्थानबाट सार्वजनिक सेवा प्रवाह भएको छ। जबसम्म यी सबै सेवा प्रवाह विन्दुमा नै जवाफदेहीता सुनिश्चित गर्न सकिदैन, तबसम्म समग्रतामा सेवा प्रवाहमा सुधार हुन सक्दैन। यी सबै विन्दुबाट स्तरीय सेवा प्रवाह हुनुपर्छ जसको सुनिश्चित गर्ने दायित्व र जिम्मेवारी सरकारको हो। सरकारले यस जिम्मेवारीलाई प्रभावकारी रुपमा तबमात्र सम्पादन गर्न सक्छ जब यी ५० हजार विन्दुमा भएका कमी कमजोरी र

ढिला सुस्तीमा तहाँबाट नै युवाहरूले प्रश्न गर्ने काम शुरु गर्छन्। यस्ता प्रश्न तत् तत् स्थान र समयमा गर्न सकेमा सेवा प्रवाहमा बस्नेलाई जवाफदेही बनाउन सकिन्छ। युवालाई यी कर्तव्य पूरा गराउनमा संवेदनशील बनाउन सके सुधारको गति बढ्न सक्छ।

मुलुकमा यतिबेला प्रश्न गर्ने र अधिकारप्राप्त निकायलाई जवाफदेही बनाउने समूह चाहिएको छ, जून काम युवाबाट सम्भव छ। विदेश जानु अन्यथा होइन। पढ्न, काम गर्न जहाँ गए पनि हुन्छ तर मुलुकसँगको सम्बन्ध कायम राखी राख्ने युवा चाहिएको छ। यसमा नीति कार्यक्रम निर्माताले ध्यान पुऱ्याउनुपर्छ।

गार्सिया र मिरालेस (सन् २०१६) ले "इकिगाइ" पुस्तकमा ओकिनोवा टापुमा बस्ने जापानिजहरू कसरी सुखी भए, अनि लामो आयु बाच्न सके भन्ने बारेमा महत्वपूर्ण सूचनाहरू समावेश गरेका छन्। पुस्तकमा समाविष्ट धेरै कारणहरूमध्ये प्रविधिलाई ठिक्क मात्रामा प्रयोग गर्ने उपाय पनि एक रहेछ । यस क्रममा प्रविधिको अत्यधिक प्रयोगबाट मानव जीवनमा पार्ने नकारात्मक प्रभावहरूका बारेमा पनि सविस्तार चर्चा गरिएको छ। यसले प्रविधिको अत्यधिक प्रयोग होइन कि समुचित प्रयोग गरेमा मानव जातीले फाइदा लिनसक्छ भन्ने सन्देश दिइएको छ (Garcia and Miralles, 2016)। यसलाई आजका दिनबाटै सुरु गर्नु गराउनु आवश्यक छ।

अहिले मानवले आफैँमा समालोचनात्मक सोच विकास गर्नुपर्ने देखिएको छ। हाम्रो काम हामी आफैँले गर्ने सोच र प्रतिबद्धता चाहिएको छ। समस्याबाट भाग्ने भन्दापनि समस्यासँग जुध्ने सोच भएको युवा अहिलेको आवश्यकता हो। परिस्थिति र बाध्यताले को कहाँबाट काम गर्छ, कहाँ जान्छ र कहाँ रहन्छ भन्ने अलग विषय हो। जो जहाँ बसे पनि मनबाट आफ्नो संस्कृति, समाज, परिवार र मुलुकका लागि सोच भएको युवा शक्ति अहिलेको आवश्यकता हो। यिनै परिवेशमा तत्काल गर्नुपर्ने कामहरूलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ:

- मुलुकभित्रै केही राम्रा काम गरेकाहरूको कथा बाहिर ल्याउने।
- विदेशबाट फर्किएर मुलुकमै केही काम गरेकाहरूको कथा र उनीहरूको सङ्घर्षलाई बाहिर ल्याउने।
- मुलुकभित्रै युवालाई गभर्नेन्सको प्रक्रियामा थप इनगेज गर्ने। विचौलियाको भूमिकामा होइन कि अर्थपूर्ण संवादमा सन्दर्भमा इन्गेज गर्ने।

- हरेक घरपरिवार, समाज, सामाजिक संघसंस्था, नागरिक समाज, सरकार र यसका निकायहरुसंगको अन्तरकृया र संबाद बढाउने। यस्ता कार्यमा युवालाई परिचालन गर्ने। यसले एक अर्कालाई बुझ्न, समाजलाई बुझ्न, नजिकबाट नियाल्न सहयोग पुग्नसक्छ।

खेलमा आधारित बाल्यकाल र फोन वा भर्चुअल प्लेटफर्ममा आधारित बाल्यकाल धेरै अन्तर छ। यसले व्यक्ति मात्र नभएर संस्था निर्माणमा पनि प्रभाव पारिरहेको छ। तसर्थ प्रविधको प्रयोगलाई ठिक्क बनाउनका लागि सबै मिलेर केही गर्नै पर्ने अवस्थामा हामी पुगेका छौं। यसमा सबैसँग सहकार्य र हातेमालो चाहिएको छ।

"ह्वाइ नेसन्स फेल" पुस्तकमा ध्यारन आसेमोग्लु र जेम्स रविन्सनले संस्थागत र पूर्वाधार विकाससँगै समावेशी संस्थाको निर्माण गर्ने एवम् गुणस्तरीय शिक्षाको प्रवद्धनले युवालाई गतिशील र इनोभेटिभ बन्न सहयोग पुऱ्याउँछ (Acemoglu and Robinson, 2012)। यसबाट पाओर करप्ट्स, एवसोलुट पाओर करप्टस् एवसोलुटेली भने अवधारणालाई विफल बनाउन सहयोग पुग्छ। अधिकार प्राप्त व्यक्ति पदाधिकारी र निकायलाई जवाफदेही बनाउन समालोचनात्मक दृष्टिकोण भएको युवा र तिनको आवाजको (भ्वाइसको) महत्व रहन्छ।

हामीले बाँचेको संसारमा विविधता छ, फरक छ, सङ्घर्ष छ, परिश्रम छ। सामाजिक संस्था छन्। राजनैतिक संस्था छन्। यी सबैका बीचमा जीवन्त अन्तरक्रिया भएमा यी संस्थाहरू थप बलियो हुदै जाने हो। सबै उमेर समूह भएका संस्थामा हुने संवादले सामाजिक जिवनमा अझ जिवन्तता ल्याउने हो। यसमा युवालाई इन्गेज गर्नुपर्छ, बोलाउनुपर्छ।

जब युवाहरु सामाजिक मुद्दाहरुमा सार्थक बहस गर्दैनन्, सामाजिक मुद्दाहरुमा समालोचनात्मक धारणा राख्दैनन्, सामाजिक न्याय, सामाजिक सहिष्णुता जस्ता पक्षहरु या त एकाङ्की बन्छन्। यसबाट अति राष्ट्रवादले जन्म लिने सम्भावना हुन्छ। सार्थक बहसको अभावले साघुरो सोच विकास र विस्तार हुने सम्भावना अधिक हुन्छ। लोकतन्त्र समावेशी बहुल बिचारयुक्त भन्दापनि चुनाव गर्ने र सत्तामा पुग्ने माध्यम मात्र बन्दछ।

केन्नी (मिति उल्लेख नभएको)ले युवामा सकारात्मक सोच विकासका समग्र वातावरण, विद्यालय भित्रका क्रियाकलाप, विद्यालय बाहिरका क्रियाकलाप उपयोगी हुने बताएका छन्। युवालाई सकारात्मक एवम् कन्स्ट्रक्टिभ कृयाकलापमा संलग्न गराउनुपर्छ। कमी कमजोरी औंल्याउनेभन्दा पनि सबल पक्ष पहिचान गरेर त्यसलाई जोड दिनुपर्छ । (Kenny, *nd*)

युवा विदेश गए भनेर आत्तिनुभन्दा पनि उनीहरुले तहाँ सिकेको सीपलाई मुलुकमा कसरी प्रयोग गर्ने भन्ने बारेमा सोच्नुपर्छ। फर्किएकाहरुको सीपलाई प्रयोग गर्ने, नफर्कने वा फर्कन नचाहनेहरुलाई आउने जाने बनाउनु आवश्यक छ। श्रम गर्न गएका युवा त फर्केर आएकै छन्। तर जो विकसित मुलुकमा गए तहाँबाट फर्केर आउनेको संख्या कम छ। यीनलाई मुलुकसँग कसरी जोड्ने होला भनेर यसमा ध्यान दिन जरूरी छ। जो स्थायी रुपमा मुलुक छोडेर गएका छन्। तिनीहरुका इष्टमित्र आफन्त त नेपाल मै बसेका छन्। कानूनी रुपमा उनीहरुले नेपाल छोडे पनि भावनात्मक रुपमा उनीहरु यहाँको समाजसंग जोडिइ रहन चाहन्छन्। यस प्रवृत्तिलाई गाली गर्ने होइन कि कसरी प्रयोग गर्ने भन्नेमा चिन्तन चाहिएको छ। यिनले आफ्ना गाउँ ठाउँका विद्यालय, स्वास्थ संस्था, शैक्षिक संस्था आदिलाई सहयोग गर्न सक्छन्। वुबा आमा तथा आफ्ना नाममा केही न केही सहयोग गर्न चाहन्छन्। युवालाई केही सहयोग गर्न सक्छन्। सामाजिक सञ्जालबाट यिनलाई जोडेर समुदाय, पाटी पौवा, संस्था आदिका लागि सहयोग जुटाउन सकिन्छ।

व्यक्तिलाई यस्ता काममा व्यस्त के कसरी बनाउने त ? नेपालमा धेरैजना फुर्सदमा भए जस्ता देखिन्छन्। युवा शक्ति विदेश गइरहेका छन्। स्वदेशमा काम नभएपछि विदेश गएका होलान्। स्वदेशमा काम सिर्जना गर्नुपर्छ। कामप्रति सम्मान गर्ने संस्कार बसाल्न पर्छ। श्रमलाई सम्मान गर्ने पक्षलाई पाठ्यक्रममा राखिए पनि समाजमा सोको पालना भएन भन्ने छ। यसका लागि समाजमा ठूला भनिएकाबाट काम गर्न सुरु गर्नुपर्छ। आफूले काम नगर्ने अनि अरूलाई गर मात्र भनेर अबको समयमा युवाले टेर्दैनन्। सँगसँगै काम गर्ने संस्कार अहिले चाहिएको छ।

जब मानिसलाई काममा व्यस्त बनाइन्छ, उसले अन्यत्र लाग्ने मौका कम हुन्छ। अझै अहिलेको युगमा त रोजगार वा स्वरोजगारमा संलग्न गराउन सके व्यक्ति अन्यत्र लाग्ने मौका कम पाउँछ। यही युवा शक्ति विदेशमा गएर दिनक १२ देखि १४ घण्टा व्यस्त रहन सक्छ, काम गरेपछि त्यसको लाभ पाइरहन्छ। अनि उसले काममा ध्यान दिने रहेछ। यो सिकाइ यहाँ पनि व्यवहारमा ल्याउन ढिला गर्नै हुँदैन।

**निष्कर्षः**

जबसम्म युवा परिचालन गर्न सकिदैंन, तबसम्म मुलुक विकास सम्भव छैन। युवा परिचालन भनेको युवालाई उत्पादनशील काममा लगाउने हो। आय आर्जनका कार्यमा लगाउने हो। विकसित मुलुकको अनुभव हेर्ने हो भने काम र मेसिन जोड्न सके अर्थात मेसिनको प्रयोगबाट काम गर्ने हो भने व्यक्ति काममा जोडिने रहेछ। मेसिन प्रयोग गर्न सीप चाहिन्छ, युवामा त्यो सीप विकासमा हाम्रो ध्यान चाहिन्छ।

मुलुकमा धेरै समस्याको सिर्जना हाम्रै कारणले भएका हुन्। जानेर नजानेर यस्ता समस्या सिर्जना भएका हुन। यसमा धेरै थोरै सबैको योगदान छ। हामीले सिर्जना गरेका समस्या हामी आफैले सफा गर्ने हो। युवाको काँधमा अहिलेको समस्या समाधान गर्न सिर्जनशील बन्नुमा साथै समाजमा आशा जगाउने जिम्मेवारी पनि रहेको छ। यसका लागि मुलुकका युवाहरू हस्तक्षेपकारी ढङ्गबाट संवादमा आउनु जरुरी हुन्छ। सरकारको तर्फबाट उपयुक्त र सान्दर्भिक कार्यक्रम र संवाद चाहिन्छ।

## सन्दर्भ सामग्रीहरू


*Acemoglu, D., & Robinson, J. A. (2012). Why Nations Fail: The Origins of Power, Prosperity, and Poverty. Published in the United States by Crown Publishers, an imprint of the Crown Publishing Group, a division of Random House, Inc., New York.*

*Garcia, H. and Miralles, F. (2016). Ikigai. The Japanese Secret to a Long and Happy Life. New York: Penguin Books, An imprint of Penguin Random House LLC.*

*Haidt, Jonathan (2024). The Anxious Generation: How the great rewiring of childhood is causing an epidemic of Mental Illness. New York: Penguin Press.*

*Harari, Y. (2024). Nexus. A brief history of Information Networks from Stone Age to AI. UK: Penguin Randon House. Penguin Publishing Group, 2024.*

*Kenny, M.E. (nd). Youth in the 21st century? How will they meet the challenges? Boston College, Lynen School of Education.*

*Kwik, Jim (2020). Limitless. Upgrade Your Brain, Learn Anything Faster, and Unlock Your Exceptional Life. Hay House Inc.*

*National Statistics Office [NSO] (2024). Nepal Living Standards Survey IV 2022/23. National Statistics Office, OPMCM, Thapathali, Kathmandu Nepal*

*अनलाइन खबर (२०८१) । अनलाइनखबर ५० प्रभावशाली महिला २०८१ को सूची सार्वजनिक। मिति २०८१ फागुन २२ गते प्रकाशित ।*

*उपाध्याय, डाअवनिभूषण .(२०८१)। मान्छेको मुटु। प्रथम संस्करणः २०८१ माघ। वितरकः श्री गणेश सप्लायर्स स्टोर झोंछे , काठमाडौं।*

*कान्तिपुर दैनिक (२०८१) । ""सुनौलो भविष्य निश्चित छ किनकि युवा पुस्ता तयार छ" । कान्तिपुर दैनिक मिति २०८१ फागुन ७ गतेको सम्पादकीय पृष्ठ ।*
*https://ekantipur.com/opinion/२०२५/०२/१९/a-golden-future-is-assured-because-the-younger-generation-is-ready-३६-३५.html?author=१*

*नीति अनुसन्धान प्रतिष्ठान (२०८१) । राष्ट्रिय युवा नीति २०७२ को समीक्षा प्रतिवेदन । नीति अनुसन्धान प्रतिष्ठान नारायणहिटी, काठमाडौं भाद्र २०८१।*

*नेपालको संविधान २०७२ । नेपाल कानून आयोगको वेभपेज।*
https://www.lawcommission.gov.np

*नेपाल सरकार राष्ट्रिय योजना आयोग (२०८१) । सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६)। राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौं नेपाल।*

*पोखरेल, विष्णु (2025)।* ***नेपालमा नसर्ने रोगको प्रकोप : कस्ता रोगले लिन्छ धेरै जनाको ज्यान, जोगिन के गर्ने ।*** [***https://www.bbc.com/nepali/articles/c५ydy१q३३n५o***](https://www.bbc.com/nepali/articles/c५ydy१q३३n५o) *। बिबिसी न्यूज नेपाली १४ फेब्रुवरी २०२५।*

*बस्याल, प्रदीप(2025) । नेपालमा दैनिक १६ जनाको दरले आत्महत्याका घटना बढ्नुका सम्भावित कारण* ***।*** [***https://www.bbc.com/nepali/articles/c५ydy१q३३n५o***](https://www.bbc.com/nepali/articles/c५ydy१q३३n५o) *। बिबिसी न्यूज नेपाली २० फेब्रुवरी २०२५ ।*

*हेर्ने कथा (२०८१) । हेर्ने कथा स्टोरिज अफ पिपुल (Herne Katah, Stories of People) । https://hernekatha.com*

# युवा उद्यमशीलता विकास रणनीति



- छबिन्द्र पराजुली
सहसचिव, नेपाल सरकार

## *लेखसार*

*उद्यमशीलता विकास औद्योगिकीरणको आधार हो। उद्यमशीलता विकासका कार्यक्रमहरुद्वारा युवाहरुलाई उद्यम व्यवसाय सञ्चालनका क्षेत्रमा आकर्षित गर्न सके मात्र औद्योगिक उत्पादन र उत्पादकत्व बढाउन सकिने छ। कुनै नविन विचारको माध्यमबाट उद्यम वा नयाँ सोचाई वा सिर्जनाको माध्यमबाट उद्यम वा सेवा वा व्यवसाय थालनी गर्ने प्रक्रिया नै उद्यमशीलता हो ।युवाहरूमा उद्यमशील संस्कृति (Entrepreneurship culture) को विकास गर्दै नविन सोच र विचारलाई परीक्षण गर्ने वातावरण सिर्जना गरी उद्यमशील बनाउनेतर्फ विश्वविद्यालयहरूका पाठ्यक्रमहरु उन्मुख हुनु जरूरी देखिएको छ। हाम्रा विश्वविद्यालयहरुले अब सैद्धान्तिक विषयका ज्ञानमात्र वितरण गर्ने र अन्यत्र काम खोज्ने युवा जनशक्ति मात्र उत्पादन गर्ने लक्ष्य लिनुको साटो व्यावहारिक र Enterprises सञ्चालन गर्न सक्ने र उद्यमशील चेतनाको दियो बाल्न सक्ने गरी युवा जनशक्तिलाई उद्यमशीलतातर्फ आकर्षित गराउने गरी दीक्षित गर्न ढिला गर्नु हुदैन। विश्वविद्यालयका पाठ्यक्रमहरु सोहीअनुरूप अद्यावधिक गर्न आवश्यक छ । वि.सं. २१०० सम्ममा समृद्ध नेपाल सुखी नेपाली को राष्ट्रिय लक्ष्य हासिल गर्ने दीर्घकालिन सोंच तय गरिएको सन्दर्भमा युवाहरुलाई उद्यमशील बनाई देशको आर्थिक विकासमा समाहित गर्न सक्नुपर्ने छ। यसका लागि लघु, घरेलु र साना उद्योगको विकास र विस्तारका अतिरिक्त युवाहरुमा स्टार्ट अप कार्यक्रमका माध्यमबाट उद्यमशीलता विकासका लागि ठोस योगदान पुऱ्याउन अति आवश्यक रहेको छ। युवा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरेर युवाहरुमा देखिएको " यो देशमा केही हुँदैन अब विदेश नगई हुँदैन" भन्ने अमिट छापलाई सँधैका लागि हटाउन सक्नुपर्ने छ। तसर्थ उद्यमशीलता विकासद्वारा उच्च आर्थिक वृद्दि हासिल गर्दै गरिबी घटाउने र दिगो विकास लक्ष्य (Sustainable Development Goals) का राष्ट्रिय लक्ष्य हासिल गर्नेतर्फ उद्यमशीलता विकास का रणनीतिहरुलाई कुशलताका साथ कार्यान्वयन गर्नु अति आवश्यक छ ।*

**शब्दसूची:** उद्यमशील संस्कृति (Entrepreneurship culture); दिगो विकास लक्ष्य ( Sustainable Development Goals); Structure Change; मूल्य अभिवृद्धि युक्त (Value Added); Start up Business अभियान; Business Support Initiatives for youth; Youth Entrepreneurship Clinic; Information Technology

## पृष्ठभूमि

कुनै नविन विचारको माध्यमबाट उद्यम वा नयाँ सोचाइ वा सिर्जनाको माध्यमबाट उद्यम वा सेवा वा व्यवसाय थालनी गर्ने प्रक्रिया नै उद्यमशीलता हो। नयाँ सोच र सिकाइलाई उद्यम व्यवसायको माध्यमबाट परीक्षण गरी थप परिस्कृत र व्यवसायिक बनाउँदै वस्तु वा उत्पादन वा सेवामा थप मूल्य अभिवृद्धिका माध्यमवाट नयाँ Brand मा वस्तु उत्पादन वा सेवालाई स्थापित गर्न सक्नु नै सफल उद्यमी बन्नु हो। उद्यमशीलता विकासमा धेरै नविन सोच र थालनीहरु एक पछि अर्को परीक्षणका क्रममा सफल नहुन पनि सक्छन् तर निरन्तरको प्रयास र लगातार परीक्षणका क्रममा उत्कृष्ट देखिएका सोच सिकाइलाई उद्यममा बदल्न सक्नु नै सफल उद्यमी बन्ने प्रक्रिया हो। उद्यमशीलता विकासका माध्यमबाट नै मूल्य अभिवृद्धि युक्त (Value Added) बहुमूल्य वस्तु र सेवाहरु बजारमा प्रवेश गर्न सक्ने छन्। युवाहरूमा उद्यमशील संस्कृति (Entrepreneurship culture) को विकास गर्दै नविन सोच र विचारलाई परीक्षण गर्ने वातावरण सिर्जना गरी उद्यमशील बनाउनेतर्फ विश्वविद्यालयहरूका पाठ्यक्रमहरु उन्मुख हुनु जरूरी देखिएको छ। हाम्रा विश्वविद्यालयहरुले अब सैद्धान्तिक विषयका ज्ञानमात्र वितरण गर्ने र अन्यत्र काम खोज्ने युवा जनशक्ति मात्र उत्पादन गर्ने लक्ष्य लिनुको साटो व्यवहारिक र Enterprises सञ्चालन गर्न सक्ने र उद्यमशील चेतनाको दियो बाल्न सक्ने गरी युवा जनशक्तिलाई उद्यमशीलतातर्फ आकर्षित गराउने गरी दीक्षित गर्न ढिला गर्नु हुँदैन। विश्वविद्यालयका पाठ्यक्रमहरु सोहीअनुरूप अद्यावधिक गर्न आवश्यक छ। विश्वविद्यालयका सुधारिएका पाठ्यक्रमले मात्र युवामा सुशुप्त अवस्थामा रहेको उद्यमशील संस्कृतिको पहिचान र उजागर गर्दै उद्यमशील सोचको वृहत आधारशिला निर्माण गरी उद्यम व्यावसाय सञ्चालन गर्ने र नविन सोच र विचारलाई परीक्षण गरी जोखिम लिनसक्ने र भविष्यमा सफल उद्यमी बन्ने आटँ र विश्वास युक्त जनशक्ति निर्माण गर्न मद्दत पुग्ने छ। यसका लागि अब युवाहरूमा व्यावसायिक र व्यवहारिक शिक्षा प्रदान गर्ने विश्वविद्यालयहरुले अहम् भूमिका खेल्नुपर्नेछ। नेपालले वर्तमान जनसांख्यिक लाभबाट फाइदा लिने एकमात्र उत्तम उपाय भनेको युवा उद्यमशीलता विकास र युवाहरुलाई उद्यमशीलताका कार्यमा टिकाइराख्ने दरिलो सहयोग (Startup support) कार्यक्रम हुनुपर्ने छ। यसका लागि विश्वविद्यालयहरुले युवाहरुलाई उद्यमशीलतातर्फ

अग्रसर गराउने गरी तयारी गर्नुपर्ने छ र सरकारका अन्य निकायहरूले युवाहरुलाई सहयोग गरी उद्यमशील बन्न सहयोगी र उत्प्रेरित भूमिका निर्वाह गर्नुपर्ने छ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्थामार्फत दिगो शान्ति, सुशासन, विकास र समृद्दिको आकांक्षा पूरा गर्ने लक्ष्य राखेको छ। वि.स. २१०० सम्ममा समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्य हासिल गर्ने दीर्घकालिन सोच तय गरिएको सन्दर्भमा युवाहरुलाई उद्यमशील बनाई देशको आर्थिक विकासमा समाहित गर्न सक्नुपर्ने छ। यसका लागि लघु, घरेलु र साना उद्योगको विकास र विस्तारका अतिरिक्त युवाहरुमा स्टार्ट अप कार्यक्रमका माध्यमबाट उद्यमशीलता विकासका लागि ठोस योगदान पुऱ्याउन अति आवश्यक रहेको छ। देशमा विद्यमान युवा जनशक्तिलाई उद्यमशीलता विकास र कार्यस्थलमा आधारित सिप विकासका माध्यमबाट नव उद्यमी निर्माण गरी उनीहरुलाई उद्यम सञ्चालन गर्ने सानो बीउ पुँजीमा पहुँच वृद्धि गरी प्रविधिको उपलब्धता गराएर दिगो रुपमा उद्यम व्यवसायतिर आकर्षित गर्न सके राष्ट्रले लिएको समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय लक्ष्य हासिल गर्न सकिने छ।

यसरी युवाहरुलाई उद्यम व्यवसायतर्फ आकर्षित गर्न सके देशमा स्थानीय रुपमा उपलब्ध हुने कच्चा पदार्थमा आधारित उद्योग विस्तार भई देशको ग्रामीण औद्योगीकरण हुनसमेत सहयोग पुग्ने छ। यसबाट देशमा कृषि उद्योग,वनजन्य उद्योग, पर्यटन उद्योग, पशुपालन उद्योग, कृषिजन्य नगदे वाली, दलहन ,फलफुल खेति आदि जस्ता सम्भावना रहेका उद्योगहरु स्थापना र सञ्चालन हुन गई राष्ट्रिय अर्थतन्त्र थप मजबुत हुन पुग्ने छ। तसर्थ युवाहरुलाई उद्यमशीलता विकासका कार्यक्रममार्फत उद्यमशील बनाई युवाहरुका नविन सोंचमा आधारित उद्यम व्यावसायको स्थापना र सञ्चालन गर्न सके विदेशी भूमिमा रोजगारीको लागि प्रस्थान गर्न अग्रपंक्तिमा रहेका युवायुवतीलाई स्वदेशमै रोक्न सकिने छ। यस लेखमा युवाहरुलाई उद्यमशील बनाउने सन्दर्भमा सोह्रौं योजनाले प्रस्तावित गरेका कार्यक्रमहरुको संक्षिप्त विवरणसहित युवा उद्यमशीलता विकासका रणनीतिहरूबारे चर्चा गरिएको छ।

वर्तमान युवाहरुमा देखिएको यो देशमा केही हुदैन, विदेश नगई हुँदैन भन्ने निराशालाई चिर्न तथा युवाहरुलाई स्वदेशमा नै केही गर्ने वातावरण सिर्जना गर्न उद्यमशीलता विकास नै एक उत्तम उपाय हो। यसका लागि नयाँ सोंचका साथ अवसरको खोजी गर्न युवाहरुलाई प्रोत्साहन गर्नुपर्ने हुन्छ। युवाहरुले ल्याएका नबिन प्रस्तावहरुलाई सफल पार्न स्टार्ट अप सहयोगमार्फत उद्यमशिल बनाई व्यवसाय सञ्चालन गर्ने वातावरण निर्माण गर्न ढिला गर्नु हुन्न अब। यसका लागि युवाहरुलाई उद्यमशील हुन सहयोग पुऱ्याई उनीहरुका नवप्रवर्तनकारी सोंचहरुलाई उद्यम व्यवसायको रुपमा स्थापना गरी सञ्चालन गराउदै नवउद्यमीका रुपमा व्यवसायमा समाहित गर्न सक्नुपर्ने छ।

अब युवाहरुलाई उद्यमी बनाउन प्रेरित गर्ने किसिमका युवा उद्यमी कार्यशाला सञ्चालन गरी युवाहरुलाई स्थानीय श्रोतमा आधारित उद्यमहरु सञ्चालन गर्ने अवसरको उपयोग गर्ने सक्षम हुने गरी उद्यमशीलताको रक्तसञ्चार गराउनु अति आवश्यक रहेको छ।

सोहौं योजना (आ.ब.२०८१/८२-२०८५-८६) मा रहेका उद्यमशीलता विकास सम्बन्धी कार्यक्रमहरु देहायअनुसार रहेका छन। योजनाले पहिचान गरिएका कार्यक्रमहरुको सफल कार्यान्वयन हुन सके युवा उद्यमशीलता विकासमा सहयोग पुग्न सक्छ ।

१. नवप्रवर्तन र उद्यमशीलता विकास कार्यक्रम उच्च मूल्य अभिवृद्धि वैश्विक मूल्य शृङ्खलामा आबद्द हुन सक्ने उत्पादनमूलक क्षेत्रका लागि अनुकूल नीतिगत सहजीकरण र वित्तीय पहुँचको सुनिश्चितता, बित्तीय संस्थाको कुल कर्जा प्रवाह गर्ने, एक स्थानीय तह एक विशिष्टीकृत उत्पादनको माध्यमबाट कृषिको व्यावसायीकरण र विविधीकरण गर्ने।
२. कृषि क्षेत्रको आकर्षण अभिवृद्धि कार्यक्रम— कृषि उद्यमीलाई दिने सेवा सुबिधाको सुनिश्चितता, नवीनता, नयाँ प्रविधि तथा कृषि ज्ञानमा कृषकको पहुँच स्थापना, करारखेति तथा चक्लाबन्दीलाई प्रोत्साहन तथा प्रबर्धन, उत्पादनमा आधारित अनुदान प्रणालीको संस्थागत विकास गर्ने, महिला मैत्री तथा युवा लक्षित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन, कृषिका नवीनतम प्रविधिहरुको प्रबर्धन मार्फत कृषि उधम र रोजगारी सिर्जना गरी कृषि क्षेत्रमा आकर्षण गर्ने। तराईका जिल्लाहरुमा धान, मकै, गहुँ मुख्य रुपमा र पहाडी जिल्लाहरुमा कृषि नगदेवालीका रुपमा चिया अलैची, अदुवा, कागती, सुन्तला उत्पादन हुने गरेको छ। यसका अतिरिक्त आपँ, केरा, लिची, मेवा, सुपारी, जुट, कोदो, फापर, तोरी लगायतका कृषि बाली तथा फलफूल खेती प्रशस्तरुपमा भइरहेको स्थिति छ। सिचाइको उचित प्रबन्ध गरेर हाल उत्पादन भैरहेको अन्नवालीहरुको उत्पादन वृद्धि गर्ने प्रशस्त सम्भावना रहेको छ। कृषिको आधुनिकीकरण र व्यवसायीकरण गर्नका लागि लगानीको प्रचुर सम्भावना रहेको छ। तसर्थ कृषि व्यवसायलाई वैज्ञानिक रुपमा सञ्चालन गर्नका लागि कृषि क्षेत्रको Mechanization गर्दै कृषि उत्पादन वृद्किा लागि कृषि उत्पादनका पकेट क्षेत्रहरु जस्तै Rice Zone, Wheat Zone, Tea Zone, Coffee Zone, Maize Zone घोषणा गरी विशेष गरी निजी क्षेत्रको लगानी आकर्षित गर्न उत्पादनमा सहयोग र Incentives Scheme for producers (Production linked Incentives Scheme) संघीय र प्रदेश सरकारहरुले कार्यान्वयनमा ल्याउन आवश्यक छ। कृषि उत्पादनसँग सम्बद्द कृषि उद्योगहरु स्थापना गर्न प्रोत्साहन गर्नुका अतिरिक्त मूल्य अभिवृद्धि श्रृङ्खला ( Value Development Chain) मा आवद्ध गराँउदै कृषकहरुलाई अधिकतम लाभ प्राप्त हुने

वातावरण सिर्जना गर्नु आवश्यक छ। यसका अतिरिक्त कृषिसम्बन्धी आधुनिक उत्पादन प्रविधि भित्र्याई कृषिको क्षेत्रमा थप लगानी आर्कषित गर्दै सरकार र निजीक्षेत्रले कृषि क्षेत्रमा लगानी विस्तार गरी युवालाई कृषिक्षेत्रसँग जोड्न आवश्यक देखिएको छ।

३. उत्पादन तथा रोजगारी अभिवृद्धि गर्ने नँया मोडेलमा आधारित कार्यक्रम- सामूहिक प्रणालीमा हिमाली क्षेत्रमा भेडाबाख्रा च्यांग्रा,चौरीपालन तथा स्याउ,ओखर लगायतका फलफूल जडिबुटीलाई कृषि खेतिका रुपमा विकास गर्ने ,हिमाली क्षेत्रमा भेडा, च्यांग्राबाट ऊन सङ्कलन गर्ने र ऊनको व्यावसायिक उत्पादन गर्ने।

४. समृद्धिका लागि जडिबुटीको व्यावसायीकरण कार्यक्रम- उच्च मूल्यका जडिबुटीको प्रबिधि विकास,व्यावसायिकताको लागि पकेट क्षेत्र पहिचान एवम् निर्धारण र प्रबर्धनका लागि उधमीहरुलाई प्राविधिक तथा वितिय सहयोग कार्यक्रम सञ्चालन गर्ने।

५. औद्योगिक विकास तथा कार्यक्रम-

औद्योगिक विकासका लागि कृषि तथा देशभित्र उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापनामा विशेष जोड दिने विभिन्न वस्तुहरुको नेपाली ब्राण्डलाई स्थापित गर्न निजीक्षेत्रसँग सहकार्य अभिवृद्धि गर्ने।

६. उद्योग सञ्चालन लागि सहज वातावरण प्रवर्द्धन कार्यक्रमः-

स्थानीय कच्चा पदार्थलाई उद्योग श्रृखलामा आवद्दता, प्रविधि विकास कोष मार्फत स्टार्टअप उद्यमलाई प्रोत्साहन, उद्योग प्रतिष्ठानहरुमा कार्यस्थलमा आधारित तालिम सञ्चालन गर्ने।

७. घरेलु, साना तथा मझौला उद्योगहरुको विकास र प्रवर्द्धन रैथाने ज्ञान, सीप, अनुभवलाई अन्तर आवद्दता गराई सञ्चालन गर्ने, परम्परागत रैथाने ज्ञान सीप र प्रविधिलाई नवप्रवर्तनकारी ज्ञान, सीप, अनुभवलाई अन्तर-आवद्दता गराई सञ्चालन गर्ने, परम्परागत रैथाने ज्ञान, सीप, अनुभवलाई अन्तर आवद्धता गराई सञ्चालन गर्ने, परम्परागत रैथाले ज्ञान सीप र प्रविधिलाई नवप्रवर्तनकारी ज्ञान र क्षमतासँग आवद्धता गर्ने।

८. वैज्ञानिक अनुसन्धान, प्रविधि विकास बौद्धिक सम्पत्ति सिर्जना तथा नवप्रवर्तनलाई जोड दिने नव प्रवर्तन तथा उद्यमशीलता विकासको लागि इन्क्युवेसन सेन्टर, एस्सीलेटर सेन्टर, प्रविधि पार्क, ग्रामीण नव- प्रवर्तनशाला, विज्ञान प्रविधि तथा नव प्रवर्तनलाई प्रवर्द्धन गर्ने। युवालाई अवसर प्रदान गर्दै परिचालन गर्ने युवाको वित्तिय पहुँच विस्तार गरी उनीहरुलाई स्वरोजगार बनाउने।

९. पर्यटन सम्बद्ध पूर्वाधारहरुको विकास र ICTs जस्ता सेवा क्षेत्रहरुको प्रर्वधन कार्यक्रम पर्यटन र ICTs जस्ता सेवा क्षेत्रसम्बन्धी पूर्वाधारहरुको विकास र विस्तार गरी युवाहरुलाई सेवा क्षेत्रका अवसर हरु जस्तै E-Commerce, ICTs related Entreprises, Tele medicine services, Software

Development services, पर्वतीय पर्वतारोहण, साहसिक पर्वतारोहण सम्बन्धी क्रियाकलापहरु, धार्मिक पर्यटन related Products and services विस्तार र संरक्षण गर्दै पर्यटकहरु र लगानीकर्ताहरु आर्कषित गर्ने ठूलो सम्भावना यसक्षेत्रले राखेको छ ।पर्यटन सम्बद्ध भौतिक पूर्वाधारहरु होटल, Resorts, मनोरञ्जनात्मक पूर्वाधारहरु Cable Cars, Sky Bridge, Signature Bridge आदी जस्ता पूर्वाधारहरुमा सरकार र निजीक्षेत्रको लगानीका साथै वैदेशिक लगानीसमेत आकर्षित गर्दै नयाँ पर्यटकीय सम्भावनाहरुको खोज र उजागर गर्नुपर्ने छ। यसका लागि युवाहरुलाई सेवा र पर्यटन क्षत्रतर्फ आर्कषण गर्न थप अवसरहरु उपलब्ध गराउनु आवश्यक छ ।हालसालै मात्र नेपाल सरकारले E-Commerce Act जारी गरेको सन्दर्भमा र Start-up Initiatives कार्यान्वयनमा ल्याएको सन्दर्भमा युवा र नविन सोच भएका व्यक्तिहरुलाई E-Commerce Act ले र Start-up Initiatives ले उजागर गरेका थप अवसरहरुबारे जानकारी गराउदै युवाहरुलाई यसक्षेत्रमा आकर्षण गर्नुपर्ने छ ।नेपालको E-Commerce Act ले युवाहरुका लागि अब नयाँ अवसर र सम्भावनाहरुको क्षितिज फराकिलो परेको छ ।नेपालमा वैज्ञानिक खोज, अन्वेषण र अनुसन्धानबाट अझ धेरै खानी र खनिज पदार्थहरु पत्ता लगाउन सकिने स्थिति पनि रहेको छ।तसर्थ नेपाल सरकारले खनिज र खानीजन्य अन्य पदार्थहरुको खोज र अन्वेषणमा बिशेष ध्यान दिँदै उपलब्ध खनिज पदार्थहरुको औद्योगिक र व्यावसायिक उत्पादनका लागि लगानीकर्ताहरुलाई लगानीका लागि आब्हान गर्नुपर्ने छ। तसर्थ उपलब्ध खानी क्षेत्रमा पहुँच मार्ग (Access Road) र अन्य पूर्वाधारहरु निर्माण गरी खानी उद्योग विस्तारका लागि स्वदेशी निजीका अतिरिक्त विदेशी लगानीकर्ताहरुलाई समेत आकर्षित गर्ने नीति लिई युवा जनशक्तिलाई देशमा नै रोजगारीका थप अवसरहरु उपलब्ध गराउनु जरुरी देखिन्छ।यसका लागि युवालाई स्वदेशी उद्यम र ब्यबसाय सन्चालन गर्ने र उद्यमशील बन्न सहयोगी नीति र कार्यक्रमहरु बनाई लागू गर्नु जरुरी भएको छ ।युवाहरुलाई स्वदेशी विश्वविद्यालयमा टिकाउन नविन पाठ्यक्रम सहित विश्वविद्यालयहरुले कमाउदै र पढ्दै कार्यक्रम ( Internship program) सन्चालन गर्नु पनि आबश्यक देखिएको छ। बिश्वबिद्यालयहरुले अब बिदेशमा श्रम खोज्ने होइन स्वदेशमा उद्यम गर्ने जनशक्ति विकास गर्नेतर्फ अग्रसर हुनु अपरिहार्य भैसकेको छ।

**प्रमुख कार्यक्रमहरुः**

१. आर्थिक सामाजिक रुपान्तरणमार्फत समतामूलक समाज निमार्ण कार्यक्रम गरिब, विपन्न तथा दुर्गम क्षेत्र लक्षित सीप विकास तथा उद्यमशीलता विकास गर्ने, लघु घरेलु तथा साना उद्यम विकास र उत्पादनको बजारीकरण गर्ने।

२. उत्पादन र रोजगार केन्द्रित कार्यक्रमः

स्थानीय कृषि उत्पादनलाई उद्यमसँग जोडी रोजगारीका अवसर सिर्जना गर्ने, महिला, लघु घरेलु तथा साना उद्यमीलाई प्रवर्द्धन गर्न औद्योगिक लगानी प्रवर्द्धन कोषबाट सहुलियतपूर्ण कर्जा र सहयोगका कार्यक्रम सञ्चालन गर्ने।

अब हामीले युवाहरुलाई स्वदेशमा नै सम्भावनाहरुको उजागर गर्दै व्यावसायिक बनाउने उपायको खोजी गर्नुपर्ने छ ।यसका लागि युवा उद्यमशीलता विकास एक उत्तम छनौट हुन सक्नेछ। उद्यमशीलता विकासका माध्यमबाट नव प्रवर्तन गर्दै नविन प्रविधिको प्रयोगको बढावाबाट उद्योगहरुको उत्पादन अभिवृद्धि गर्दै राष्ट्र विकासमा युवाको उपयोग गर्नु आवश्यक देखिएको छ।

युवा उद्यमशीलता विकासका लागि युवाहरुलाई आकर्षिक गर्दै उनीहरुमा उद्यमशीलता प्रवर्द्धन गर्नु लामो र कठिन यात्रा हुने छ । यसका लागि लामो प्रयास र ठूलो लगानी आवश्यक पर्दछ। विदेश जाने पहिलो प्राथमिकता राखेका नेपाली युवाहरुलाई स्वदेशमा नै अवसर उपलब्ध गराई टिकाइराख्ने एक मात्र उत्तम उपाय अव उद्यमशीलता विकास मार्फत नव प्रवर्तनतिर आकर्षिक गर्दै उनीहरुलाई उद्यमशील बनाउनु नै हुने छ। युवाहरुमा उद्यमशीलता विकासका माध्यमबाट उद्यमी बन्न प्रेरित गर्दै दिगो उद्यम विकास लक्ष्य हासिल गर्ने रणनीतिका रुपमा युवा उद्यमशीलता विकास कार्यक्रमहरु संघ, प्रदेश र स्थानीय सरकारहरुले प्राथमिकताका साथ सञ्चालनमा ल्याउनु जरुरी छ। यसबाट नै समावेशी र दिगो आर्थिक वृद्धि हासिल भई अर्थ व्यवस्थाको Structure Change गर्न सहयोग पुग्ने छ। उद्यमशीलता विकासका माध्यमबाट नव प्रवर्द्धनमा जोड गर्दै युवा उद्यमीहरुलाई उद्यम व्यवसायमा टिकाइराख्न Start-up Business अभियान सञ्चालन गरी युवा उद्यमीहरुलाई उद्यम व्यवसायतर्फ आकर्षित गर्न युवा उद्यमशीलता विकास रणनीति अख्तियार गर्न जरुरी छ । युवाहरुका नविन सोच र उद्यम गर्न चाहने क्षेत्रहरु पहिल्याउँदै उनीहरुलाई Support Mechanism द्वारा ''Business Support Initiatives for youth" कार्यक्रम सञ्चालन गरी उद्यमी बन्न प्रेरित गर्नुपर्ने छ। " Youth Entrepreneurship Development Programs" सञ्चालन गर्दै युवाहरुमा देखिएको वर्तमान नैराश्यताको स्थितिलाई चिर्दै देशमा उद्यमशीलता संस्कार (Entrepreneurship Culture) लाई गाउँ गाउँबाट अब संस्थागत गर्नुको विकल्पै छैन। युवा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरेर युवाहरुमा देखिएको" यो देशमा केही हुँदैन अब विदेश नगई हुँदैन'' भन्ने अमिट छापलाई सदैका लागि हटाउन सक्नुपर्ने छ। अव स्वदेशमा नै उद्यम व्यवसाय सञ्चालन गर्नुपर्छ र सफल उद्यमी बनी Global Brand स्थापित गराई विश्व बजारमा नेपाली उत्पादनलाई भित्राउन र

प्रतिस्पर्धा गर्न सक्ने गरी सक्षम युवा उद्यमी बनाउनेतर्फ सबैको पहल कदमी जरुरी छ। यसका लागि सम्बद्ध सबै मन्त्रालयहरुले युवा उद्यशीलता विकास कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्न जरुरी देखिएको छ।

**उद्यमशीलता विकासका रणनीतिहरुः**

युवा उद्यमशीलता विकासका रणनीतिहरु निम्नानुसार प्रस्ताव गरिएको छः

१. युवाहरुलाई आधुनिक कृषि उत्पादनसम्बन्धी उद्यमशीलता विकास गरी कृषिमा रुपान्तरणकारी परिवर्तन ल्याउने रणनीति।
२. युवाहरुलाई अब बिदेशमा रोजगार खोज्ने श्रमिक होइन सफल उद्यमी बन्ने अवसर उपलब्ध गराउने रणनीति।
३. स्थानीय उत्पादनहरुको Branding and Marketing गर्दै स्थानीय उत्पादनहरुको वृद्धि र थप रोजगारी सिर्जना गर्ने र उद्यमशील बन्ने अवसर सिर्जना गर्ने रणनीति ।
४. पालिकाहरुमा Industrial Zones Development Initiatives शुरु गर्दै र युवाहरुलाई start-up fund उपलब्ध गराउदै उदयीमान अवसरहरुलाई उद्यमशीलतामा रुपान्तरण गर्ने रणनिति।
५. युवाका सिर्जनशील र नविन विचारलाई Youth Business Incubation Center का माध्यमबाट प्रस्फुटन गराउने र उद्यमसित जोड्ने रणनीति।
६. Geographical Indication को उपयोगमा युवाहरुलाई आकर्षित गराउने र नेपाली रैथाने उत्पादनहरुको बिस्तार गर्दै युवाहरुलाई रैथाने उत्पादनमा सम्लग्न गराउने रणनिति।
७. युवाहरुलाई आधुनिक पशुपालन व्यवसायतिर आकर्षित गर्न प्रेरित गर्ने रणनीति।
८. युवाहरुलाई ताजा फलफूल, तरकारीवाली, नगदे वाली उत्पालनतर्फ आकर्षित गर्न आधुनिक तरिकाको ज्ञान र सीप प्रवर्द्धन गर्ने रणनीति।
९. हिमाली क्षेत्रका युवाहरुमा स्थानीय भेडा, च्याङ्ग्राबाट ऊन संकलन गर्ने सीप विकास गर्दै Woolen Clothing and Textile Related उद्यमशीलता प्रवर्द्धन गर्ने रणनीति।
१०. पहाडी तथा तराई क्षेत्रमा व्यापक रुपमा उत्पादन हुने बाँसबाट विभिन्न औद्योगिक वस्तुहरु निर्माण गर्ने व्यवसायलाई प्रवर्द्धन गर्न युवाहरुलाई सो सम्बन्धी आवश्यक पर्ने उद्यमशीलता विकासका ज्ञान र सीपहरु अभिवृद्धि गर्ने रणनीति।

११. पहाडी क्षेत्रमा स्थानीय रुपमा उपलब्ध हुने अल्लो र लोक्ताबाट रेशाजन्य वस्तु उत्पादन गर्न आवश्यक पर्ने प्रविधि र सीप स्थानीय युवाहरुलाई उपलब्ध गराई अल्लोबाट उत्पादन हुने गुणस्तरीय कपडाको Branding गर्दै बजारीकरणमा सहयोग पुऱ्याई युवाहरुलाई उद्यमशीलतातर्फ आकर्षित गर्ने रणनीति।

१२. ''True Entrepreneurship really serves the nation" लाई राष्ट्रिय अभियानका रुपमा सञ्चालन गर्दै उद्यमशीलता प्रवर्द्धन/विकास गर्ने रणनीति।

१३. देशका विभिन्न स्थानमा सम्भावनाका आधारमा माछापालन, बाख्रापालन, स्थानीय पर्यटन लगायत विविध प्रकारका पुस्तौती उद्यम सम्बद्द सीपहरु समेत पुस्तान्तर हुने किसिमले युवाहरुलाई उद्यमशील बन्न सहयोग पुऱ्याउने रणनीति।

१४. स्वदेशमा नै उद्यम व्यवसाय सञ्चालन गर्न युवाहरुलाई आकर्षित गर्न युवा उद्यमशीलता विकास कोष स्थापना गरी समावेशी र दिगो रुपमा युवा उद्यमशीलता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने रणनीति लिने।

१५. स्वदेशमा नै स्थानीय रुपमा उपलब्ध हुने अवसरहरुको पहिचान गरी युवालाई उद्यम व्यवसाय सञ्चालनमा सहयोग पुऱ्याउन स्थानीय गाउँ/नगर पालिकाहरुलाई पनि जागरुक बनाउने रणनीति।

१६. प्रदेश सरकारहरुले उद्यमशीलता विकासमा Demonstration Effect ल्याउन सातवटै प्रदेशहरुमा "Youth Entrepreneurship Clinic"सञ्चालन गर्ने र उत्कृष्ट उद्यमको परिकल्पनाकार छनौट गरी उद्यम स्थापना गर्न र सञ्चालन गर्न सहयोग पुऱ्याउने रणनीति।

१७. कृषि, उद्योग र Information Technology लगायतका सेवा क्षेत्रको पुनःउत्थान र दिगो विकासको लागि '' उठ, जाग युवा अब उद्यमशील बन्न'' भन्ने मूल ध्येका साथ युवा उद्यमशील सशक्तिकरण रणनीति कार्यान्वय गर्ने।

१८. E-Commerce Platform को उपयोग गर्दै युवालाई E-Commerce opportunities तर्फ आकर्षित गर्ने रणनीति।

१९. "Supporting to Incubate youth Innovative ideas and linking these ideas to transform and run new-enterprises" related topics लाई विश्वविद्यालयको पाठ्यक्रममा समावेश गरी युवाहरुलाई उद्यमशीलता विकास र प्रवर्द्धनतर्फ आकर्षित गर्दै युवाहरुका नविन सोचलाई उद्यमस्थापना र सञ्चालनतर्फ आबद्ध गराउने रणनीति।

## निष्कर्षः

उद्यमशीलता विकास नभई देशमा औद्योगीकरण हुन सक्दैन। उद्यमशीलता विकासका कार्यक्रमहरुद्वारा युवाहरुलाई उद्यम व्यवसाय सञ्चालनका क्षेत्रमा आकर्षित गर्न सके मात्र औद्योगिक उत्पादन र उत्पादकत्व बढाउन सकिने छ। उद्यमशीलता विकासमा युवाहरुलाई समाहित गर्न सके देशमा न्यून रहेको सीपयुक्त औद्योगिक जनशक्तिलाई देशमा टिकाउन सकिने छ। परिमाणस्वरुप औद्योगिक उत्पादन र उत्पादकत्व दुवैमा गुणात्मक सुधार आउने छ। देशमा सहजै उपलब्ध हुने कच्चा पदार्थहरुको अधिकतम उपयोगमा सहयोग पुगोस् र युवाहरुलाई उद्यमशीलता विकासका कार्यक्रमहरुमा आकर्षित गर्दै उद्यमशीलता विकास, नवप्रवर्तन र प्रविधिको उपयोगमार्फत् औद्योगिक विकास गर्नु आजको आवश्यकता रहेको सन्दर्भमा उद्यमशीलता विकास कार्यक्रमहरु स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारले सघन रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ। वनजन्य उद्योग र जडिबुटीमा आधारित उद्योग लगायत बहुमुल्य काठबाट गुणस्तरीय फर्निचरका उत्पादनहरु नेपालमै उत्पादन गर्न सकिने हुनाले हाल विदेशबाट आयात भइरहेका फर्निचरको आयात घटाउन सकिने साथै उच्च गुणस्तरको काठका फर्निचरहरु उत्पादन गरी विदेशमा समेत निर्यात गर्न सकिने प्रचुर सम्भावना रहेकोले सोको उपयोग र विकास गर्नेतर्फ युवाहरुलाई आकर्षण गर्नुपर्ने अवस्था रहेको छ।यसका साथै निर्माण सम्बद्ध ब्यबसायमा समेत स्थानीय युवाहरुलाई संलग्न हुने अवसर उपलब्ध गराउन आवश्यक देखिन्छ। देशको भौगोलिक, आर्थिक, सामाजिक, जातीय, प्राकृतिक विविधता समेतलाई मध्यनजर गर्दै उपलब्ध प्राकृतिक स्रोत साधन (जलस्रोत, भौगर्भिक खानी, पर्यटकीय र धार्मिक स्थलहरु समेत) को भरपुर उपयोग हुने वातावरण सिर्जना गरी आर्थिक, सामाजिक, औद्योगिक र व्यापारिकलगायत भौतिक पूर्वाधार विकासका क्षेत्रमा थप लगानी आकर्षित गरी युवा लक्षित कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक रहेको छ।

तसर्थ उद्यमशीलता विकासका कार्यक्रमहरुलाई युवा लक्षित गर्दै समग्ररुपमा सबै तीन तहकै सरकारले प्राथमिकताका साथ सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ। उद्यमशीलता विकासका माध्यमबाट नै हाल राष्ट्रले भोगिरहेका ज्वलन्त समस्याहरु, समाधान गर्न सकिने भएकाले उद्यमशीलता विकासका चरणहरुलाई स्टार्ट अप (Startup), संरक्षण (Care up) र पुस अप ( Push up) का माध्यमबाट प्राथमिकताका साथ कार्यान्वयनमा लैजानुपर्ने देखिएको छ। उद्यमशीलता विकास नै औद्योगीकरणको मूल आधार हुने र औद्योगिकरणबाट आर्थिक समृद्धि हासिल गर्न सम्भव हुने भएकाले युवा उद्यमशीलता रणनीति अंगिकार गर्नु अति आवश्यक छ। उद्यमशीलता विकास नभई आर्थिक वृद्धि गर्न सकिदैन,आर्थिक वृद्धि हासिल नगरी गरिबी घटाउने र विकासशील राष्ट्र बन्ने राष्ट्रिय लक्ष्य प्राप्तिमा

गम्भीर संकट पैदा हुने छ। तसर्थ उद्यमशीलता विकासद्वारा उच्च आर्थिक वृद्धि हासिल गर्दै गरिबी घटाउने र दिगो विकास लक्ष्य ( Sustainable Development Goals) का राष्ट्रिय लक्ष्य हासिल गर्नेतर्फ उद्यमशीलता विकास का रणनीतिहरुलाई कुशलताका साथ कार्यान्वयन गर्नु अति आवश्यक छ। युवा उद्यमशीलता विकास प्रयासबाट वर्तमान समयमा युवाहरुमा देखिएको नैराश्यतालाई चिर्न तथा युवा जोश र जागरलाई कुशलतापूर्वक उद्यमीका रुपमा रुपान्तरण गर्न सके मात्र पनि "समृद्ध नेपाल, सुखी नेपाल" को राष्ट्रिय लक्ष्य प्राप्तिमा कोशेढुङ्गा सावित हुने छ।

**सन्दर्भ सामग्रीहरुः**


*सोह्रौ योजना ( आ.व. २०८१/८२-२०८५/८६), राष्ट्रिय योजना आयोग, सिंहदरबार काठमाडौं।*

*उद्योग तथा वाणिज्य, वर्ष १७ अंक २ , २०८१ असार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय*

*बाह्रौं राष्ट्रिय विज्ञान दिवस२०८१ स्मारिका, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार काठमाडौं।*

*गिरीधारी शर्मा पौडेल, युवा पलायन रोक्न उद्यमशील शिक्षा, कान्तिपुर, कार्तिक २०,२०८१*



*सुरेन्द्रकुमार बज्राचार्य*
*उपसचिव*

# युवा खेलकुद र बजेटसम्बन्धी व्यवस्था

***लेखसार:***
*"आजका युवा भोलिको देशको कर्णधार" यो उक्तिबाटै थाहा हुन्छ कि देश विकासको लागि युवा कति महत्वपूर्ण हुन्छ भन्ने। देशको मेरुदण्डको रुपमा रहेको युवा परिवर्तनका माध्यम पनि हो। देशले युवाहरुको सही मूल्याङ्कन र व्यवस्थापनबाट देश विकासको मूल फुटाउन सकिन्छ यस कुरामा दुईमत छैन तर आज देशबाट युवा विदेसिने क्रम तिब्ररुपमा बढ्दै गएको छ। यसबाट के स्पष्ट भएको छ भने देशबाट युवाले पाउनुपर्ने दरिलो आधार, विश्वास र सुनिश्चित भविष्य निर्माण गर्ने कुरा पक्का नहुनाले विदेसिने क्रममा बढेको भन्दा गलत नहोला। नेपालको कूल जनसङ्ख्याको करीव ४२.३५ प्रतिशत युवा रहेको उल्लेख गरिएको देखिन्छ। खेलकुदले युवाहरुको दैनिक जीवनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। युवा र खेलकुद वर्तमान समाजमा प्रमुख पक्षको भूमिका हुन्छ। युवाहरुलाई सामाजिक रुपमा सबल सक्षम र तन्दुरुस्त बनाउन खेलकुद एउटा अत्यन्तै महत्वपूर्ण एवम् सुन्दर माध्यम हो। सामूहिक खेलकुदले सहकार्य एकता र समस्यासँग जुध्न सक्ने र समस्या समाधानको उपाय विकास गर्न पनि मद्दत पुर्‍याउँछ भने एकल खेलकुदले आत्मसम्मान बढाउँछ।खेलकुदमा जित र हार भनेको सामान्य तवरबाट लिनु पर्छ र अनुभवले भविस्यमा युवाहरुलाई जित र हारलाई सहज तरिकाले सामना गर्न मद्दत गर्दछ। खेलकुदको प्रभावले युवाहरुको शरीर र दिमागको विकासमा सकारात्मक योगदान पुर्‍याउन मद्दत गर्दछ। नेपाल सरकारबाट हरेक वर्ष युवा विकासका साथै खेलकुदमा बजेट विनियोजन गरेको हुन्छ। तर सो बजेट कति पर्याप्त छ-छैन त्यसको विश्लेषण र त्यस बजेटअन्तर्गतका योजना र कार्यक्रम कार्यान्वयनबाट युवा विकास र खेलकुद क्षेत्रमा के कति विकास र प्रगति भएको छ छैन् जसको अभिलेख पूर्ण रुपमा हुन नसक्नुमा राजनैतिक अस्थिरता, हस्तक्षेपलगायतका कारणले गर्दा चुनौति खडा भएका छन्।*

***मुख्य मुख्य शब्दावली:*** *खेलकुद, सुनिश्चित भविष्य, बजेट, पलायन, स्वयंसेवक, स्वरोजगार, एण्टीडोपिङ विनियोजन, आङ्कलन, कन्जुस्याई, नैराश्यता, सम्माननीय, बन्द प्रशिक्षण आदि।*

**विषय प्रवेश**

युवा वर्गलाई राज्यको विकास र समृद्धिको सम्वाहकको रुपमा परिचालन गरी देश विकास गर्नु राज्यको कर्तव्य हो। राज्यका सरोकारवाला पक्ष सिर्जनशील र क्रियाशील भई भावी पिंढीको सुख शान्ति र युवाहरुको हकहित संरक्षण र विकास गरी देशलाई समृद्ध बनाउनको लागि २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको थियो। सो पश्चात स्वशासित र संगठित सस्थाको रुपमा २०६६ सालमा राष्ट्रिय युवा परिषद् गठन गरी राष्ट्र निर्माण एवम् राष्ट्रिय विकासमा युवाको भूमिका र सम्भाव्यताको विकास र विस्तार गरी सिर्जनशीलता, उद्यमशीलता तथा अन्वेषणात्मक क्षमताको विकास गरी राष्ट्रको आधारभूत शक्तिका रुपमा स्थापित गर्दै उनीहरुमा रहेका क्षमता उजागर गर्ने र श्रमको सम्मान गर्ने संस्कृति विकास गर्दै युवाको शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी उच्च मनोबलयुक्त, नैतिक, सुंसस्कृत, सिर्जनशील तथा व्यावसायिक रुपमा दक्ष युवा तयार गर्ने, आधारभूत शक्तिका रुपमा स्थापित गर्दै उनीहरुमा रहेका क्षमता उजागर गर्दै युवाका आधारभूत अधिकारहरु सुनिश्चित गर्दै उत्पादनशील स्रोतहरुमा उनीहरुको पहुँच बढाएर राष्ट्रका राजनीतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक क्षेत्रका सबै तहका नीति निर्माण, निर्णय एवम् कार्यान्वयनमा सहभागी गराउनुका साथै लैङ्गिक संवेदनशीलतामा आधारित अर्थपूर्ण सहभागिताका माध्यमबाट नेतृत्व क्षमता विकास गरी युवालाई राष्ट्रिय विकासको संवाहक शक्तिका रुपमा स्थापित गर्दै प्राथमिकता तथा विशेष प्राथमिकताको समुहका युवालाई सकारात्मक विभेदका माध्यमबाट सशक्त गरी विकासको मूल प्रवाहमा ल्याउने उद्देश्यका साथ समय सापेक्षअनुसार प्रभावकारी रुपमा विकास गर्ने उद्देश्यले ऐन, नियम, नीति र युथभिजन २०२५ दशवर्षे रणनीतिक योजना जारी गरियो।

यसरी नेपालमा पहिलो पटक युवा विकासका लागि सरकारी स्तरबाट तयार भएको ठोस कार्ययोजनासहितको दस्तावेजको रुपमा युथभिजन पनि रहेको छ। नेपाल सरकारले स्वीकृत गरेका युवालक्षित कार्यक्रमको संघीय तह, प्रदेश तह र स्थानीय तहमा कार्यान्वयन तथा सोको लागि सहजीरकण गर्नुका साथै अन्य सरकारी तथा गैरसरकारी निकायहरुबाट सञ्चालित युवालक्षित कार्यक्रमहरुको समन्वय, सहकार्य र सहजीरकण गर्ने कामसमेत युवा परिषद्ले गर्दछ।

**विद्यमान अवस्था**- युवाका सम्बन्धमा विद्यमान अवस्थाको बारेमा चर्चा र चुनैतीको कुरा गर्दा,-

१. युवा जीवनको एकदम महत्वपूर्ण क्षण भएकोले सो क्षणको पहिचान गरी सदुपयोग गरी देश विकासमा युवाहरुको नेतृत्वदायी भूमिकासहित राज्यका नीति बन्नुपर्दछ ।तर राज्यमा राजनैतिक तवरले पुराना पुस्ताकै हावी हुनाले उचित व्यवस्थापन नहुँदा युवाहरुमा नैराश्यता उत्पन्न भई विदेश पलायनको अवस्था सिर्जना हुनु ।

२. विज्ञान र सूचना प्रविधिको विकासले विश्वलाई नजिक तुल्याउनुका साथै विश्वव्यापीकरणले युवाहरु विदेश पलायनले पनि दबाव सृजना गरेकोछ।

३. देशमा उपयुक्त रोजगारीको अवसर नहुँदा र युवाहरुका विकासको लागि वार्षिकरुपमा नीति कार्यक्रमको घोषणा भएपनि समयमा नै कार्यान्वयन नहुने कारणले गर्दा युवाहरुको विदेश पलायनले देशले निकै कठिन परिस्थितिको सामना गर्नु पर्ने चुनौती देखापरेको छ।

४. खेलकुद सबै वर्ग, क्षेत्र र समुदायको लोकप्रिय भएपनि राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा हुने हरेक प्रतियोगितामा युवाहरुनै सहभागिता हुने भएकोले राज्यले खेलाडीहरुलाई पर्याप्त सेवा, सुविधा र भौतिक पूर्वाधारको व्यवस्थाको उचितरुपमा नभई कमीले गर्दा खेलक्षेत्रबाट आफ्नो भविष्य सुनिश्चित नहुने ठानी अन्य क्षेत्रतिर लाग्नु पनि चुनौतीको विषय बनेको छ।

वैदेशिक रोजगार विभागको वार्षिक प्रगति प्रतिवेदनको तथ्यांकअनुसार आर्थिक वर्ष २०६५/०६६ देखि २०८०/०८१ सम्म र आर्थिक वर्ष २०८१/०८२ को चैत्रमसान्तसम्म ९ महिनाको श्रम स्वीकृति लिनेको सङ्ख्या प्रस्तुत गरेको छु।

| *आ.व* | *वैदेशिक रोजगारमा जानको लागी श्रम स्वीकृति लिनेको सङ्ख्या* | *घटबढ हुनाको कारण* |
|---|---|---|
| २०६५/०६६ | २,१९,९६५ | — |
| २०६६/०६७ | २,९४,०९४ | *७४१२९ को सङ्ख्याले बढी* |
| २०६७/०६८ | ३,५४,७१६ | *६०६२२ को सङ्ख्याले बढी* |
| २०६८/०६९ | ३,८४,६६५ | *२९९४९ को सङ्ख्याले बढी* |
| २०६९/०७० | ४,५०,८८९ | *६६२२४ को सङ्ख्याले बढी* |
| २०७०/०७१ | ५,२७,८१४ | *७६९२५ को सङ्ख्याले बढीअ* |
| २०७१/०७२ | ४,९९१०२ | *गत आ.व. भन्दा २८७१२ ले कम* |
| २०७२/०७३ | ४,०३,१७४ | ९५९२८ को सङ्ख्याले कमी (*२०७२ सालको भूकम्पका कारणले गर्दा विदेसिनेको सङ्ख्या घटेको देखिन्छ।)* |
| २०७३/०७४ | ३,८३,४९३ | १९६८१ को सङ्ख्याले कमी (*२०७२ सालको भूकम्पका कारणले गर्दा विदेसिनेको सङ्ख्या घटेको देखिन्छ।)* |
| २०७४/०७५ | ३,५४,०८२ | २९४११ को सङ्ख्याले कमी (*२०७२ सालको भूकम्पका कारणले गर्दा विदेसिनेको सङ्ख्या घटेको देखिन्छ।)* |
| २०७५/०७६ | २,३६,२०८ | ११७८७४ (*२०७६ साल चैत्र ११ गतेदेखि कोभिडको कारणले देशभर लकडाउन शुरु भएकोले घटेको अनुमान गर्न सकिन्छ।* |
| २०७६/०७७ | १,९०,४५३ | ४५७५५ को सङ्ख्याले कमी *(कोभिड* |

| | | |
|---|---|---|
| | | *(कोरोना) महामारीका कारण वैदेशिक रोजगारमा जानेको सङ्ख्या अझै धेरै घटेको देखिन्छ ।(२०७७ भाद्र ४ देखि पुनः लकडाउन गरिएको।)* |
| २०७७/०७८ | ७२,०८१ | *कोभिडको प्रभाव अझ बढी देखियो ।(२०७८ बैशाख १७ गतेदेखि पुनः खुकुलो लकडाउन)* |
| २०७८/०७९ | ६,३०,०९७ | ५,५८,०१६ को सङ्ख्याले बृद्धि *(कोभिडको प्रभाव कम देखिएपछि एक्कासी बृद्धि भएको देखिन्छ ।)* |
| २०७९/०८० | ७,७१,३२७ | १,४१,२३० को सङ्ख्याले बृद्धि *(श्रम स्वीकृति लिनेको सङ्ख्या आ.व. २०६५/०६६ यताकै उच्च।)* |
| २०८०/०८१ | ७,४१,२९७ | अघिल्लो आ.व. भन्दा ३००३० ले घटी भएको देखिन्छ । |
| २०८१/०८२ | ६,०७,८७४ | श्रावणदेखि चैत्रमसान्तसम्म ९ महिनाको विवरण हेर्दा अवको ३ महिना बाँकी अवधिको अनुमान गर्दा गत आव भन्दा चालू आव वृद्धि हुने देखिन्छ ।*(वैदेशिक रोजगार विभागको श्रावणदेखि चैत्रसम्मको मासिक प्रगति विवरणबाट) यो सङ्ख्या ग्राफमा समावेश गरिएको छैन ।* |
| माथि उल्लिखित तथ्याङ्कको ग्राफ पनि प्रस्तुत गरेको छु । | | |




माथि उल्लिखित श्रम स्वीकृति सम्बन्धी तथ्याङ्क वैदेशिक रोजगार विभागको Final Approved List Skill Wise FY 065/66 देखि 081/82 सम्म Department of Foreign Employment Annual Progress Report बाट प्राप्त विवरण हो। कोभिड् महामारीको अवस्था केही सामान्य बन्दै गएपनि यसरी विशेष परिस्थितिमा बाहेक निरन्तर रुपमा श्रम स्वीकृति लिई युवा वर्ग विदेसिनु देशको लागि चिन्ताको विषय बनेकोछ।

नेपालको संविधान, २०७२ को धारा ५१ मा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वांगीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने भनी राज्यका नीतिहरुको खण्ड (ञ) को (७) मा व्यवस्था गरिएको छ। त्यस्तै राष्ट्रिय युवा नीति, २०७२ र नेपालको प्रचलित ऐन नियम र कानुनहरुमा "युवा भन्नाले १६ वर्षदेखि ४० वर्षसम्मको उमेर भएको व्यक्ति सम्झनुपर्छ" भन्ने परिभाषित गरिएको छ।प्रस्तावित राष्ट्रिय युवा नीति २०८१ मा १८-३५ प्रस्ताव गरेको देखिन्छ भने सार्क मुलुकतिर जस्तो- भारतमा १५-२९, श्रीलकामा १५-२९, पाकिस्तानमा १५-२९, बंगलादेशमा १८-३५, भुटानमा १३-२४, माल्दिभमा हाल १५-२४ (शुरुमा १८-३५ थियो), अफगानिस्तानमा १८-३५ छन्। त्यस्तै सयुक्त राष्ट्र संघले १५-२४ कायम गरेको देखिन्छ। युवालाई परिवर्तनको संवाहकको रुप मानिन्छ नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि होस् वा

आर्थिक सामाजिक परिवर्तनलगायत देश विकासको कार्यका साथै खेलकुद क्षेत्रमा युवालाई अग्रसर गराई राजनीतिक सामाजिक आर्थिक तथा सास्कृतिक रुपान्तरणमा युवा नेतृत्वको सम्भावनालाई मूर्तरुप दिन र युवाको सक्रिय सहभागिता सुनिश्चित गर्न राज्यले नीति अवलम्वन स्वरुप राष्ट्रिय युवा नीति, २०६६ जारी भएको र पाँच वर्षपछि सोही नीतिले निर्देश गरेबमोजिम पुनरालोकन गरी वि.सं.२०७२ सालमा राष्ट्रिय युवा नीति, २०७२ जारी गरेको र हाल समयसापेक्ष अनुसार पुन: राष्ट्रिय युवा नीति, २०८१ प्रस्तावको क्रममा रहेको छ।

साथै नेपाल सरकारबाट विद्यालयस्तरबाटै युवाहरुलाई जनसेवा बनाउने उद्देश्यका साथ नेपाल स्काउटको समेत गठन गरेको छ। विश्व स्काउटबाट प्रतिपादित सिद्वान्त, मान्यता र भावनासँग नेपालका बालबालिका र युवालाई स्वयम् सेवाको भावना जागृत गराउने उद्देश्यले २००९ सालमा स्थापना भई २०५० सालमा नेपाल स्काउट ऐन, २०५० जारी गरी स्वशासित र संगठित सँस्थाको रुपमा नेपाल स्काउटको विकास गरी विद्यालय स्तरदेखि नै बालबालिका तथा युवाहरुलाई आधिकारिक रुपमा सहभागी गराई तीनिहरुको शारीरिक, मानसिक, तथा बैदिक रुपमा अनुशासित, कर्तव्यपरायण, र स्वालवम्बी र सच्चरित्र वाण बनाई सो संस्थाबाट देश विकासको विभिन्न क्रियाकलाप स्वास्थ्य क्षेत्र, वातावरण, भू-संरक्षण तथा प्राकृतिक स्रोतको उपयोग गर्ने लगायतमा सहभागि गराउँने लक्ष्यका साथै दैवी प्रकोप तथा दुर्घटनामा परेका व्यक्तिहरूको उद्धार तथा सहायता कार्यमा समेत परिचालन गर्ने लक्ष्य लिएको छ। नेपाल स्काउट बाल संरक्षण नीति निर्माण गरी बालवालिकाहरुको अधिकारको संरक्षण र कसैबाट बालवालिकाहरु माथि जानीजानी वा अन्जानवस् हुन सक्ने हानीबाट जोगाउने लगायत बाल संरक्षणसम्बन्धी विषयमा नेपाल स्काउट प्रतिबद्ध रहेको छ।

हालसम्म युवा, खेलकुदको विकासको लागि युवा तथा खेलकुद क्षेत्रअन्तर्गत बनेका ऐन, नियम, कार्यविधि, निर्देशिका, रणनीति, दिग्दर्शन, कार्यढाँचा, मार्गदर्शन पुस्तिका, कार्यप्रक्रिया आदिको पनि चर्चा गर्नु उपयुक्त हुने भएकोले ती निम्न रहेका छन्-

१ राष्ट्रिय युवा परिषद् ऐन, २०७२
२ राष्ट्रिय युवा परिषद् नियमावली, २०७३
३ राष्ट्रिय युवा नीति,२०७२ (युवा नीति, २०८० जारी हुने क्रममा रहेको) ।
४ युथ भिजन,२०२५
५ युवा प्रतिभा पुरस्कार कार्यविधि,२०७६
६ युवा पत्रकारिता पुरस्कार कार्यविधि,२०७५ (दोस्रो संशोधन) २०८१।११।११
७ युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ (पहिलो संशोधन,२०८०)
८ युवा मैत्री स्थानीय तह दिग्दर्शन,२०८०
९ युवा परामर्श सेवा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७६
१० युवा क्लव गठन तथा युवा संसद सञ्चालन कार्यविधि,२०७५ (दोस्रो संशोधन सहित)
११ युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका,२०७३ (पहिलो सशोधन २०७४)

१२ एक स्थानीय तह एक वडा एक युवा क्लव एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि,२०७६
१३ एक शिक्षण संस्था एक उद्धम कार्यान्वयन कार्यढाँचा,२०८७
१४ उद्यमशील तथा वित्तीय साक्षरता तालिम सञ्चालन कार्यढाँचा,२०७८
१५ सहुलियत पूर्ण कर्जा कार्यविधि,२०७५ (तेस्रो संशोधन सहित)
१६ स्टार्टअप उधम कर्जा सञ्चालन कार्यविधि,२०८१
१७ स्टार्टअप उधम कर्जा कोष कार्यविधि,२०७९
१८ शैक्षिक प्रमाणपत्रको आधारमा उद्यमलाई ऋण कार्यक्रम सम्बन्धी निर्देशिका,२०७५
१९ युवा तथा साना व्यवसायी स्वरोजगार कोष सञ्चालन नियमावली,२०७७
२० नेपाल स्काउट ऐन,२०५० (संशोधन सहित)
२१ नेपाल स्काउट नियमावली, २०७७ संशोधन २०८०
२२ नेपाल स्काउट बाल सरक्षण नीति,२०७४
२३ Approve Youth Inovation Process, 2078
२४ उद्यमशीलता कौशल विकास पुस्तिका, २०७८ युवा परिषद्बाट प्रकाशित ।
२५ राष्ट्रिय खेलकुद नीति,२०६७
२६ राष्ट्रिय खेलकुद नीति,२०८१ (प्रस्तावित)
२७ राष्ट्रिय खेलकुद विकास ऐन,२०७७
२८ राष्ट्रिय खेलकुद विकास नियमावली,२०७९
२९ राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका पहिलो संशोधन, २०७९
३० राष्ट्रिय खेलकुद सम्मान कार्यविधि,२०८०
३१ राष्ट्रिय खेलकुद पत्रकार प्रोत्साहन पुरस्कार तथा सम्मान कार्यविधि,२०८१
३२ राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० (पाँचौ सशोधन)
३३ स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि,२०७५ (संशोधन सहित)
३४ राष्ट्रिय एन्टीडोपिङ्ग एजेन्सीको सयोजक सिफारिस सम्बन्धी कार्यविधि, २०८०
३५ स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुलाई खेलकुदसम्बन्धी शोधकार्यमा सहयोग तथा प्रोत्साहन सम्बन्धी कार्यविधि,२०७५
३६ फाप्ला अन्तर्राष्ट्र्य क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समिति गठन आदेश,२०७९
३७ प्रदेश खेलकुद विकास ऐन,२०७७
३८ प्रदेश खेलकुद विकास नियमावली,२०७८

नेपालको संविधान,२०७२ मा स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने भन्ने धारा ५१ को खण्ड (ञ) (१३) मा व्यवस्था गरिएको छ । राष्ट्रिय खेलकुद परिषद्को स्थापना २०१५ सालमा खेलकुद कार्यक्रम सञ्चालन गर्नको लागि तत्कालिन शिक्षा मन्त्रीको अध्यक्षतामा राष्ट्रिय स्वास्थ्य तथा खेलकुद परिषद् गठन भएको

देखिन्छ । सो समयमा कपर्डी र डण्डीवियोलाई राष्ट्रिय खेलकुद भनिन्थ्यो हाल भलिबल खेललाई नेपालको राष्ट्रिय खेल घोषणा गरिएको छ।

नेपालमा विधिगत रुपमा २०१७ साल फागुन १७ गते राष्ट्रिय खेलकुद परिषद् (राखेप) गठन भएको थियो। **खेलकुदको माध्यमबाट स्वास्थ्य, सक्षम, मर्यादित, अनुशासित खेलाडी र सिर्जनशील नागरिक तयार गर्न, राष्ट्रिय एकता प्रवर्द्धन तथा राष्ट्रको प्रतिष्ठा अभिवृद्धि गर्न, खेलकुदको क्षेत्रमा अध्ययन र अनुसन्धान गर्न तथा खेलकुद विकास, विस्तार र प्रवर्द्धन गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्ने राष्ट्रिय खेलकुद परिषद्को उद्देश्य हो। विशेष गरी खेलकुद क्षेत्रबाट राष्ट्रको गरिमा उच्च राख्न मद्दत पुऱ्याउँछ।** युवा र खेलकुदमा विद्यमान अवस्थाको बारेमा चर्चा र चुनौतीको कुरा गर्दा **नेपालमा खेलकुदको क्षेत्रमा पर्याप्त मात्रामा बजेट नभइ कमी हुनु र पर्याप्त बजेटको अभावले खेल जगतलाई उकास्न आवश्यक महत्वपूर्ण भौतिक पूर्वाधारको व्यवस्थापन र निर्माण हुन नसक्नु र बजेट विनियोजन भएपनि समयमा नै कार्यान्वयन गर्न नसकि भौतिक पूर्वाधार निर्माणमा ढिलाई भइ राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा खेलकुदमा सहभागिता जनाउन पर्याप्त बन्द प्रशिक्षणको अभ्यास समेत अपुग भई खेलबाट उत्कृष्ट नतिजा हासिल गर्न कठिनाइ भएको देखिन्छ।यसको लागि बन्द प्रशिक्षण अभ्यासको लागि पर्याप्त समय उचित बजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ ।"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"** नाराको मूल मर्म र भावनाबमोजिम खेलकुदको विकास गर्ने दीर्घकालिन सोचका साथ तेह्रौं योजना २०७०-०७१ देखि २०७३-०७४ मा गुरुयोजना ल्याएको थियो।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा खेलकुद सञ्चालनको लागि भौतिक पूर्वाधारको विकासका साथै नीजि क्षेत्रलाई प्रभावकारी रुपमा समेटी पाँचदेखि पन्ध्र वर्षभित्र समावेशी सहभागिताअनुसार विद्यालय स्तरदेखि नै खेलकुदका आधारभूत पूर्वाधार निर्माण र खेल प्रशिक्षकको व्यवस्था गर्ने, प्रत्येक प्रदेशमा अन्तर्राष्ट्रियस्तरको फुटबल मैदान, क्रिकेट मैदान, बहुउद्देश्यीय खेलग्राम निर्माण गर्ने तथा खेल पूर्वाधार तथा सेवा सुविधाको पर्याप्तता र गुणात्मकता हासिल गर्ने, खेलकुदसम्बन्धी संस्थाहरूको सुदृढीकरण गरी खेल सुशासन कायम गर्ने, खेलाडी, प्रशिक्षक तथा खेल जनशक्तिको प्रोत्साहन तथा सामाजिक सुरक्षालाई व्यापक तुल्याई आकर्षक र मर्यादित बनाउँदै खेलकुदको विकास र विस्तारका लागि अन्तर्राष्ट्रिय सम्बन्ध विकास तथा सहयोग परिचालन गर्ने, दक्षिण एशियाली खेलकुदमा तेस्रो स्थान हासिल गर्ने, ओलम्पिकमा कास्य पदक प्राप्त गर्ने, एशियाली क्रिकेट प्रतियोगिताको आयोजन गर्ने र १५ वर्षभित्र एशियाली खेलकुद नेपालमै आयोजना गर्ने महत्वाकांक्षी लक्ष्य गुरुयोजनामा निर्धारण गरिएको देखिन्छ। वर्ष भरी नै खेलकुदका लागि मौसम अनुकूल रहने भौगोलिक अवस्थाको लाभ लिने गरी खेलकुदको थलोको रुपमा विकास गर्ने, अन्तर्राष्ट्रिय प्रतियोगिताको आयोजना तथा सहभागिताको उपयुक्त मापदण्ड तयार गरी निश्चित कार्यविधिका आधारमा आयोजना तथा सहभागिताको व्यवस्था गर्ने सोच मन्त्रालयले बनाएको देखिन्छ। त्यस्तै युवा, खेलकुद र बजेट सम्बन्धमा कुरा गर्दा सोह्रौ योजनाको पनि विश्लेषण गर्न उपयुक्त हुने देखिन्छ।

आ.व.२०७६।०७७ देखि २०८०।०८१ मा युवाको सर्वाङ्गीण विकास राष्ट्र निर्माणको प्रमुख आधार उल्लेख गरेको छ। सयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव नं. २२५०, दिगो विकास लक्ष्य र युथ भिजन, २०२५ ले युवाको विकास र सहभागितामा जोड दिएको छ। युवाको क्षमतामा विकास गर्नु, युवा प्रतिभा पलायनलाई रोक्नु, युवा लक्षीत जीवनोपयोगी, प्राविधिक र व्यावसायिक शिक्षा सर्वसुलभ रुपमा उपलब्ध गराउनु, स्वदेशमा रोजगारीको अवसर वृद्धि गर्नुलगायत रहेका छन्।

## सोह्रौ योजना रणनीति र कार्यक्रम

नेपाल सरकारले युवा जनशक्तिको समुचित रुपमा परिचालन गरी देशको सर्वाङ्गीण विकासको लक्ष्यका साथ प्रत्येक वर्ष युवा लक्षित रणनीति, कार्यक्रम कार्यान्वयन गर्न तथा बजेट विनियोजन गर्ने गरेकोछ। सोह्रौं योजना आ.व. २०८१/०८२, २०८२/०८३, २०८३/०८४, २०८४/०८५, २०८५/०८६ को रणनीति तथा कार्यक्रम यस प्रकार रहेकाछन्-

- **राष्ट्रभाव भएको सदाचारी युवा निर्माण गर्नेः** युवामा राष्ट्रियता, नैतिकता, अनुशासन, स्थानीय संस्कृति, स्वयमसेवी भावना र असल संस्कारको विकास गर्ने; यस क्रममा निजी क्षेत्रले समेत संस्थागत सामाजिक उत्तरदायित्व मार्फत योगदान गर्न अनिवार्य गर्ने।
- **युवालाई अवसर प्रदान गर्दै परिचालन गर्नेः** सबै तहको नीति निर्माणमा युवाको सार्थक सहभागिता बढाउने तथा युवाको क्षमता विकासको अवसर सिर्जना गर्नुका साथै युवाको वित्तीय पहुँच विस्तार गरी उनीहरूको जीवनयापनमा सहज तुल्याउने।
- **स्वरोजगार बनाउने;** राष्ट्रिय स्वयंमसेवक कार्यक्रम सञ्चालन गर्ने।
- **शारीरिक रूपले तन्दुरूस्त युवा निर्माण गर्नेः** खेलकुदलाई मानव पुँजी निर्माणको अभिन्न अङ्गको रूपमा विकास गर्ने; खेलकुद पूर्वाधारहरूको निर्माण र स्तरोन्नति सँगै प्रशिक्षणको व्यवस्था गर्ने; स्थानीयस्तर र आधारभूत तहदेखि नै खेलकुद प्रतियोगिता सञ्चालन गरी प्रतिभावान खेलाडीको पहिचान र विकास गर्नुका साथै प्रतिभावान तथा अन्तर्राष्ट्रिय पदक हासिल गरेका खेलाडीलाई खेल क्षेत्रमा निरन्तरता दिने वातावरणको सिर्जना गर्ने, खेलकुदबाट आय आर्जन गर्न खेलकुद पर्यटनलाई प्रोत्साहन गर्ने र यस क्षेत्रलाई व्यावसायिक बनाउने, शारीरिक शिक्षालाई अनिवार्य पाठ्यक्रममा समावेश गर्ने र सोको लागि न्यूनतम जनशक्तिको व्यवस्था गर्ने।

**कार्यक्रम**

- **राष्ट्र निर्माणमा युवाको भूमिका अभिवृद्धि कार्यक्रमः** इन्टनसीप र स्वयम् सेवा जस्ता कार्यक्रम मार्फत युवा परिचालन, उद्यमशील नेतृत्व विकास, युवालाई सामाजिक अभियन्ताको रूपमा परिचालन, स्काउट तथा राष्ट्रिय स्वयम् सेवा दलको प्रभावकारिता अभिवृद्धि गर्ने।
- **प्रारम्भिक बालविकासको चरणबाटै खेलकुद सञ्चालन कार्यक्रमः** प्रारम्भिक सिकाइलाई खेलकुदसँग जोडेर शिक्षा प्रणालीको विकास, आधारभूत र माध्यमिक विद्यालयहरूमा साताको एक दिन अनिवार्य खेलकुदका कार्यक्रम राख्ने र क्रमशः प्रतिस्पर्धात्मक बनाउँदै लैजाने, जिल्ला र प्रदेश स्तरमै प्रारम्भिक शिक्षाका विद्यार्थी, आधारभूत र माध्यमिक तहमा खेलकुद शिक्षकको दरबन्दी अनिवार्य गर्ने साथै विद्यार्थीहरूलाई खेलकुद प्रतिस्पर्धा गराउने व्यवस्था मिलाउने।
- **शारीरिक तन्दुरूस्ती र सदाचारिताका लागि खेलकुद कार्यक्रमः** सन्तुलित रूपमा खेलकुद पूर्वाधार विकासको लागि सबै स्थानीय तहमा एक-एक वटा खेलग्रामसहित प्रशिक्षणको व्यवस्था गर्ने र सबै प्रदेशमा कम्तिमा एउटा सुविधा सम्पन्न खेल पूर्वाधार विकास गरी नियमित रूपमा स्थानीय, जिल्ला, प्रदेश तथा राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन, प्रतिभावान खेलाडीहरूलाई अन्तर्राष्ट्रिय स्तरको प्रशिक्षणको अवसर प्रदान गर्ने र खेलाडीहरूलाई आत्मनिर्भर बनाउन सहुलियतपूर्ण कर्जा, बीमा, सङ्गठित क्षेत्रमा रोजगार र व्यवसाय सञ्चालन गर्न बीउ पुंजीको व्यवस्था, खेलकुद सङ्ग्राहलय निर्माण, खेलकुद विश्व विद्यालय स्थापना र सञ्चालन गर्ने।
- **प्रोत्साहन कार्यक्रमः** विभिन्न चरणमा खेलकुदसँग सम्बन्धित आधिकारिक निकाय वा शैक्षिक संस्थाले आयोजना गर्ने खेलकुद प्रतियोगितामा गरिएको पुरस्कार, आयोजनामा लाग्ने खर्च जुटाउनका लागि निजी क्षेत्र वा सार्वजनिक संस्थाले पहल गर्ने तथा प्रोत्साहित गर्ने।
- **हिमाली क्षेत्रमा खेलकुद तालीम केन्द्र कार्यक्रमः** अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिष्प्रर्धा गर्न उपयुक्त खेलहरूको तालीमका लागि कम्तिमा दुई वटा हिमाली क्षेत्र खेलकुद तालीम केन्द्रको स्थापना गर्ने।

- **खेल क्षेत्रका राष्ट्रिय गौरवका आयोजना सम्पन्न गर्ने कार्यक्रमः** राष्ट्रिय गौरवका आयोजना घोषणा गरिएका विराटनगर, मूलपानी र भरतपुर रङ्गशालाको निर्माण सम्पन्न, यी रङ्गशालालाई सकेसम्म धेरै खेलहरूलाई सहज हुने ढङ्गबाट विकास, साथै सुविधा सम्पन्न थप क्रिकेट रङ्गशाला निर्माण गर्ने।

**बजेट विश्लेषण**

युवा र खेलकुदतर्फ बजेटको विश्लेषण गर्दा सरकारले युवा तथा खेलकुद मार्फत कुल सात क्षेत्रका लागि बजेट विनियोजन गर्ने गर्दछ, तीमध्ये मन्त्रालय, युवा परिषद्, स्काउट, युवा स्वरोजगार कोष, राष्ट्रिय खेलकुद परिषद्, सुदुरपश्चिम प्रदेश स्थित, धनगढीमा फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समिति तथा खेलक्षेत्रमा खेलाडिहरुलाई अनुशासित तुल्याई कुनै पनि प्रतियोगितात्मक खेल हुने समयमा खेलाडिहरुले खेल खेल्नु अघि शरीरमा शक्ति प्रदान गर्ने खालका अनुचित तवरबाट कुनै पनि किसिमको औषधी लगायतका पदार्थ प्रयोग गरेको छ छैन भनी जाँच गर्ने उद्देश्यले स्थापित संस्था नेशनल एण्टीडोपिङ्ङ एजेन्सी पर्दछन्। यस लेखको विषयवस्तु युवा र खेलकुद भएकोले युवा तथा खेलकुद

मन्त्रालयअन्तर्गत राष्ट्रिय युवा परिचालन र खेलकुद विकास कार्यक्रम अन्तर्गतमात्र विनियोजन भएका बजेटको बारेमा चर्चा गरिएकाछन्। जस अन्तर्गत यस आ. व. २०८१/०८२ मा राष्ट्रिय युवा परिचालन कार्यक्रमको लागि २ करोड २ लाख ८ हजार र खेलकूद विकास कार्यक्रमको लागि ७ करोड ७१ लाख ६३ हजार विनियोजन भएका छन्।

साथै राष्ट्रिय युवा परिषद्को विकास कार्यक्रमको लागि ११ करोड ४३ लाख २८ हजार विनियोजन भएकाछन् । यीमध्ये खेल क्षेत्रमा र प्रशासनिक खर्च राष्ट्रिय खेलकुद परिषद्का लागि बढी बजेट खर्च लाग्छ।खेल प्रतियोगिता गर्नेदेखि लिएर कर्मचारीहरुको तलब, भत्ता, उपदान र इन्धन लगातयमा खर्च हुन्छ। साथै प्राप्त बजेटबाट प्रदेशलाई १० करोड र स्थानीय निकायलाई ४० करोड रूपैयाँ राष्ट्रिय खेलकुद परिषद् मार्फत नै जानेछ। यो विभिन्न प्रतियोगिता सञ्चालन लगायतको खर्च हो। कूल बजेटको ८५.९० प्रतिशत बजेट राष्ट्रिय खेलकुद परिषद्लाई विनियोजन हुने गरेको देखिन्छ । साथै यहाँ विगत ६ वर्षदेखिको युवा तथा खेलकुद मन्त्रालयको लागि विनियोजित बजेटको स्थिति आङ्कलन गर्दा कुनै आ.व. बढेको र कुनै आ.व. मा बजेट घटेको देखिन्छ । जस्तै-

| क्र.स. | **आर्थिक वर्ष** | **बजेट** | **घटी बढी** |
|---|---|---|---|
| १ | आ.व. २०७६।०७७ | ३ अर्व ९९ करोड ८ लाख | |
| २ | आ.व. २०७७।०७८ | २ अर्व ३६ करोड | १ अर्व ६३ करोड ८० लाख घटी |
| ३ | आ.व. २०७८।०७९ | २ अर्व ७४ करोड | गत आ. व. भन्दा ३८ करोडले बढी |
| ४ | आ.व. २०७९।०८० | २ अर्व ४६ करोड | गत आ. व. भन्दा २८ अर्व घटी |
| ५ | आ.व.२०८०।०८१ | २ अर्व ८७ करोड ५९ लाख | गत आ. व. भन्दा ४१ करोड ५९ लाख बढी |
| ६ | आ.व. २०८१।०८२ | ३ अर्व ५० करोड ४७ लाख ८९ हजार | ६२ करोड ८८ लाख ८९ हजार बढी |
| ७ | आ.व. ०८२।०८३<br>आ.व. ०८३।०८४<br>आ.व. ०८४।०८५<br>आ.व. ०८५।०८६ | नेपालको संविधान.२०७२ बमोजिम २०८२, २०८३, २०८४, २०८५ जेष्ठ १५, मा प्रस्तुत हुन बाँकी । | यो लेखको सम्पादन भई राख्दा आ.व. ०८२।०८३ को नीति तथा कार्यक्रम सम्माननीय राष्ट्रपतिज्युबाट संसदको दुवै सदनको संयुक्त वैठकमा २०८२।०१।१९ मा पेश भइसकेको। |

माथि उल्लिखित विवरण ग्राममा पनि प्रस्तुत गरेको छु ।




युवा तथा खेलकुदको क्षेत्रमा यस आ.व. २०८१/०८२ मा नेपाल सरकारबाट युवा र खेलकुद क्षेत्रमा विकासका लागि राखिएका मुख्य मुख्य कार्यक्रमहरु यसप्रकार रहेका छन्:-

- युवा सम्बन्धी कार्यक्रमहरुको अन्तरमन्त्रालय समन्वय र सहजीकरण गोष्ठी,
- युवाका क्षेत्रमा कार्यरत पत्रकारहरुलाई प्रोत्साहन तथा पुरस्कार,
- अन्तर्राष्ट्रिय युवा अनुभव आदानप्रदान कार्यक्रम,
- युवा उपयोगी डकुमेन्ट्री निर्माण र प्रशारण'
- युवा सम्बन्धी तथ्याङ्क खोज तथा संकलन,
- राष्ट्रिय युवा नीति प्रबोधीकरण,
- युथ मनोग्राफ निर्माण,
- युवासम्बन्धी लेखहरुको संकलन,
- Why Nepal Campaign आयोजना,
- युवासँग सम्बन्धित वैदेशिक कार्यक्रमहरुमा सहभागिता र अतिथिको सत्कार,
- सांस्कृतिक कार्यक्रममा युवाहरुको सहभागिता अनुसन्धान,
- युथ एण्ड स्पोर्टस पोर्टल सम्बन्धी अभिमुखिकरण लगायतका कार्यक्रम,
- उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम,
- युवा नवप्रवर्तन तथा इन्क्युवेसन सञ्चालन,
- युवाहरुका लागि रोजगारमूलक सीप विकास कार्यक्रम,
- खेलकुद शिक्षक तालिम,
- खेलकुद पत्रकार प्रोत्साहन पुरस्कार,
- अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त खेलाडीलाई पुरस्कार सम्मान,

- राष्ट्रिय खेलकुद सम्मान,
- खेलकुदमा लैङ्गिक हिंसा सचेतना कार्यक्रम,
- खेलकुद सम्बन्धी सचेतनामुलक कार्यक्रमको डिजिटलाईजेशन,
- नेपालको मौलिक एवम् परम्परागत खेलकुदको खोज अनुसन्धान,
- अन्तर्राष्ट्रिय पदक विजेता खेलाडी र खेलाडीहरु बीचको अन्तरक्रिया,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगिता तथा गतिविधिको अनुगमन,
- खेलकुदमा लैङ्गिक हिसा सचेतना कार्यक्रम,
- राष्ट्रिय गैरव बढाउने पदक विजेता पुर्वखेलाडीहरुसम्बन्धी डकुमेन्ट्री निर्माण,
- खेलकुद पत्रकार प्रोत्साहन पुरस्कार,
- खेलकुदमा प्रतिवन्धित आषधी विरुध्दको सचेतना कार्यक्रम,
- नेपालको मौलिक एवम् परम्परागत खेलकुदको खोज अनुसन्धान,
- खेलाडि दुर्घटना बिरुद्ध सचेतना कार्यक्रम,
- खेलकुदसम्बन्धी तथ्यांकको खोजी तथा संकलन,
- खेलकुदसम्बन्धी सेध कार्य वा अनुसन्धानमा सहयोग,
- खेलगत रुपमा खेलाडीको पोषण मापदण्ड निर्माणलगायत आदि।

विकासित मुलुकहरु खेलकुदको व्यावसायीकरणबाट राज्यको अर्थतन्त्रमा टेवा पुऱ्याएको देखिन्छ। राष्ट्रलाई विश्व सामु चिनाउन अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना हुनुपर्छ। अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताबाट भैतिक पूर्वाधारमा लगानी बृद्धि हुने, रोजगारीको अवसर सिर्जना हुने, वैदेशिक लगानीको सुनिश्चित भई अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्दछ। तसर्थ युवालाई खेलकुद क्षेत्रमा बढीभन्दा बढी सहभागिता हुने अवसरका साथै खेल क्षेत्रबाट सुनिश्चित भविष्य निर्माण हुने प्रतिवद्धता जारी गरी खेल जगतमा पर्याप्त बजेटको विनियोजन र कार्यान्वयन गरी हौसला बढाउनु राज्यको कर्तव्य हो। साथै लेख प्रकाशनको लागि सम्पादनको क्रममा रहेको अवस्थामा हालै सम्माननीय राष्ट्रपतिबाट प्रतिनिधिसभाको दुवै सदनको संयुक्त बैठकमा आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रममा युवा, खेलकुद र पूर्वाधार निर्माण गरिने कुरा उल्लेख गरिएकोछ। जुन निम्न बमोजिम रहेकाछन्:-

| क्र.स. | नीति तथा कार्यक्रमको बुदा नं. | बुँदा | नीतिका विशेषता |
|---|---|---|---|
| १. | ७४ | युवालाई आर्थिक र सामाजिक रुपान्तरणका प्रमुख बाहकका रुपमा परिचालन गरिने छ। युवामा स्वयम् सेवी र सदाचारी भावना विकास गरिने छ। | |

| | | | |
|---|---|---|---|
| २. | ७५ | युवाहरुको शारीरिक र मानसिक विकासको लागि नियमित खेलकुद सञ्चालन र राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगिताहरु आयोजना गरिनेछ ।संघ, प्रदेश, स्थानीय तह र खेल संघको सहकार्यमा स्पोटर्स स्कुल कार्यक्रम शुरु गरिनेछ। विद्यालय तहदेखि खेलकुद तालिम, प्रशिक्षक र खेलाडी प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिने छ। | *युवालाई आर्थिक, सामाजिक, स्वयंसेवी, सदाचारी, शारीरिक र मानसिक रुपमा सक्षम तुल्याउनुका साथै विद्यालय तहदेखि खेलकुद तालिम, प्रशिक्षक र खेलाडी प्रोत्साहन कार्यक्रम र नियमित खेलकुद सञ्चालन र संघ, प्रदेश, स्थानीय तह र खेल संघको सहकार्यमा स्पोटर्स स्कुल कार्यक्रम सञ्चालन गरी तीन तहका सरकार र कानूनी रुपमा निजी क्षेत्रको सहभागिता सुनिश्चित गरी संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमसँग जोडी खेलका लागि परिचालन गर्ने, अत्यावश्यक भौतिक पूर्वाधार निर्माण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने र अन्तर्राष्ट्रिय पदक विजेता खेलाडी र उनीहरुका परिवारलाई छात्रवृत्तिको समेत व्यवस्था गर्ने ।* |
| ३. | ७६ | रंगशालालगायतका खेलकुद पूर्वाधार निर्माणमा तीन तहका सरकार र निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्न कानुनी व्यवस्था मिलाइने छ। खेलकुदलाई निजी क्षेत्रका संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमसँग जोडिने छ। त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानलाई आधुनिक स्तरको क्रिकेट मैदानमा रुपान्तरण गरिने छ। | |
| ४. | ७७ | अन्तर्राष्ट्रिय पदक प्राप्त खेलाडी र उनीहरुका सन्ततिलाई अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था मिलाइने छ। | |

साथै हालसालै मिति २०८२।०१।२४ को राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित समाचार अनुसार "तिस वर्षपछि नेपाल बुढ्यौलीको देश" भन्ने शीर्षकको समाचारले स्वदेशमा युवावर्गलाई आवश्यक, उचित र अनुकूल मात्रामा रोजगारीको अवस्थाको सिर्जना नहुँदा र व्यवस्थापनको कमीले गर्दा युवावर्ग विदेश

पलायन भएको कारणले गर्दा देशमा युवाहरु कम भई बुढ्यौली अवस्थामा पुगिसकेका जससँख्या मात्र हुने भन्ने समाचार आएको थियो। साथै सो शीर्षक बमोजिम यहाँ राष्ट्रिय तथ्यांक कार्यालयको प्रतिवेदनमा उल्लेख भएको भनी प्रकाशित भएको देखिन्छ:-

(क) ६० वर्षभन्दा माथिको उमेर समूहलाई बुढ्यौलीको रुपमा गणना गरेको २०६८ को जनगणना अनुसार ८.१ प्रतिशतबाट २०७८ सालको जनगणनाको बीचना १०,२ प्रतिशत बढेको र २०४८ सालदेखि लगभग तीन गुणाले बढेकोले जनसँख्या तीव्र रुपले बुढ्यौली तर्फ प्रवेश गरेको देखाएको कुरा उल्लेख गरेकोछ। यस्तो हुनुमा जन्मदरमा आएको कमी र समुद्रपारतर्फको प्रवासनमा भएको वृध्दि कारक रहेको पनि प्रतिवेदनमा उल्लेख भएको भनी लेखिएको छ।

(ख) भौगोलिक रुपमा पहाडी क्षेत्रमा २०६८ सालमा २५.७ प्रतिशत रहेकोमा २०७८ सालमा ४३.६ प्रतिशत पुगेको र प्रदेशगत हिसावमा बागमती प्रदेशमा बुढ्यौलीको सङ्ख्या बढ्दै गएको उल्लेख गरेकोछ। आर्थिक विकासको लागि सक्रिय रुपमा काम गर्न सक्ने वहुल युवासङ्ख्यालाई उपयोगमा चुक्दै गएको र आवास, स्वास्थ्य, सामाजिक सुरक्षा र आर्थिक भरणपोषणमा चुनौती सिर्जना गर्ने प्रतिवेदनले देखाएको छ भनी उल्लेख गरेको छ।

**निष्कर्ष र सुझाव**

*"खेलकुद" बालबालिकादेखि युवा, बृद्ध सबैमा परिचित शब्द हो। खेलमा साना बालबालिकादेखि लिएर बृद्ध पनि आकर्षित भएका हुन्छन्। तर विशेष गरी राष्ट्रिय होस या अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी युवा वर्ग नै आवश्यक पर्छ र खेलकुद एउटा यस्तो माध्यम हो जसले गर्दा राष्ट्रको गौरव, पहिचान स्थापित गर्न सक्छ। खेलको महत्वलाई कसैले पनि नजर अन्दाज गर्न मिल्दैन। यदी कसैले खेलकुदलाई बिर्सिने हो भने शारिरीक र मानसिक रुपले पिछडिएको सरह हुन्छ। त्यसकारण खेलकुद मानव स्वास्थ्यका लागि महत्वपूर्ण मानिन्छ ।खेलकुद क्षेत्रको विकासले सामाजिक एकटा र समृद्धिको आधारशीला तयार पार्ने हुँदा राज्यले खेलकुद विकासका लागि ठोस् नीति र उच्च दृष्टिकोण राख्दै पर्याप्त बजेटको व्यवस्था गर्नुपर्दछ । खेलकुदको माध्यमबाट विश्व जगतमा पहिचान हुने, देशको गौरव बढाउने हुँदा यसमा गम्भीर रुपले चिन्तन मनन् गर्नुपर्छ ।जस्तै ब्राजिल, अर्जेन्टिना, पोर्चुगल, इटाली, स्पेन लगायतका देश खेल जगतबाट चिनिएका छन् ।नेपालले सन् २०१४ मा टी—२० क्रिकेट विश्वकप खेले पछिदेखि नेपाल क्रिकेट खेलको क्रेज धेरै बढेको देखिन्छ। नेपालको सबै भागमा खेलिने खेल भलिबल, फुटबल, क्रिकेट, बास्केटबल, टेबलटेनिस, बक्सिङ, कराँते, जुडो, व्याटमिन्टन लगायतका खेलहरु मानव स्वास्थ्यसँग प्रत्यक्ष जोडिने र राष्ट्रको गौरव बढाउँछ।*

**सुझाव:**

- विद्यालय स्तरबाटै हप्तामा एक दिन खेलकुद र अन्य समसामियक विषयसम्बन्धी सचेतनामूलक शिक्षा र भविष्यमा खेलकुद क्षेत्रको विकासमा योगदान पुऱ्याउन प्रेरित गर्ने गतिविधिको व्यवस्था गर्नुपर्ने।
- देशलाई अन्तर्राष्ट्रिय रुपमा खेलजगतमा चिनाउन युवाको भूमिका महत्वपूर्ण हुन्छ तसर्थ खेलकुद क्षेत्रमा पर्याप्त मात्रामा बजेट विनियोजन गर्न कन्जुस्याई गर्न नहुने।
- खेलक्षेत्रमा वन्द प्रशिक्षणको महत्वपूर्ण भूमिका हुने भएकोले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता सहभागि हुन पर्याप्त वन्द प्रशिक्षण गर्ने व्यवस्था गर्नु पर्ने।
- अन्तराष्ट्रिय स्तरको खेलकुद प्रतियोगितामा भाग लिन कम्तीमा कुन खेलको लागि कति महिना, दिन बन्द प्रशिक्षणको व्यवस्था गर्नुपर्ने हो सो पूर्ण रुपमा एकिन गरी सञ्चालन गर्नुपर्ने देखिन्छ।
- नेपालमा खेलक्षेत्रको लागि भौतिक पूर्वाधार निर्माणमा कमी र मर्मत, संम्भारमा ढिलाईले गर्दा आफ्नै भूमिमा विदेशी मुलुकसँग खेल्न पाउने खेल पनि रङ्गशालाको मापदण्ड चेकजाँचमा असफल भई विदेशी भूमिमा खेल्न जानु पर्ने स्थिति आएका उदाहरण पनि छन् ।यस्तो परिस्थिति आउन नदिन यथाशिध्र भौतिक पूर्वाधार निर्माण र मर्मत सम्भार गर्नुपर्ने देखिन्छ।
- खेलप्रेमी दर्शकहरुको सेवा, सुविधा र सुरक्षाको लागि व्यवस्थापक पक्षले विशेष ध्यान दिनु पर्ने देखिन्छ।विशेष गरी फुटवल र क्रिकेट खेलका निर्णायक खेलमा रङ्गशाला प्रवेशमा समस्या उत्पन्न भई धेरै भिडभाड भई दर्शकहरु घाईते पनि भएका छन् ।खेल भइरहेको समयमा के कस्ता समस्या आउन सक्छन् सो समयमा के कस्ता सुरक्षाको विधि अपनाउनु पर्छ पहिले नै तयारी अवस्थामा राखु पर्ने देखिन्छ । यहाँ २०८० फागुन २९ गतेको शिलापत्र online मा "७० दर्शकले ज्यान गुमाउँदा खेलकुद मन्त्रीले राजीनामा दिनुपरेको त्यो रङ्गशाला काण्ड" भन्न् समाचारमा नेपालको जनकपुर चुरोट कारखाना (जचुका) र बङ्गलादेशको मुत्तिजोद्धा क्लवको खेल भइरहेको समयमा ठूलो हावाहुरी र मुसलधारे वर्षाको कारणले गर्दा भागडौद हुँदा ७० जना दर्शकहरुले ज्यान गुमाएका थिए।कुनै समयमा खेल भईरहेको अवस्थामा यस्तो परिस्थिति पनि आएका थिए भन्ने मनन गर्नुपर्ने देखिन्छ।

समग्र रुपमा उल्खिखित लेख तयारीका क्रममा दस्तावेजका रुपमा लिइएका सन्दर्भ सामाग्री निम्न बमोजिम रहेका छन्-

**सन्दर्भ सामाग्रीहरु:**


१. *नेपालको संविधान,२०७२*
२. *राष्ट्रिय युवा परिषद् ऐन, २०६६, २०७२*
३. *राष्ट्रिय युवा परिषद् नियम २०७३,*
४. *युवा नीति,२०७२, युथ भिजन,२०७२*
५. *युवा सम्बन्धी तेह्रौं योजना २०७०-२०७१।२०७३-२०७४*
६. *युवा सम्बन्धी सोह्रौं योजना २०८१-०८२।२०८४-०८५*
७. *आ, व, २०८१/०८२ बार्षिक कार्यक्रम तथा बजेट पुस्तिका,*
८. *आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम, (ई-कपी लेख प्रकाशनको सम्पादनको कार्य भइरहँदा थप भएको)*

९. वैदेशिक रोजगार विभागको वार्षिक प्रगति प्रतिवेदन आ. व.०६६/६७ देखि ०८०/८१ सम्म र आ.व. २०८१/०८२ को मासिक प्रगति विवरण।

१०. राष्ट्रिय दैनिक गोरखापत्र २०८२।१।२४ को अर्थ बजारको पृष्ठमा प्रकाशित समाचार।

११. शिलापत्र अनलाईन खवर २०८० फागुन २९ गते।

१२. विभिन्न सामाजिक सञ्जालमा प्रकाशित समाचारलगायत आदि।

*Email- sukbjr@gmail.com*
*mobile no. 9841359237*

# नेपालको युवा भविष्यः नयाँ पुस्ताहरुको आलोकमा चुनौती र सम्भावना



जगदीश पराजुली
उप सचिव

***लेखसार***

*नेपाल एक युवा प्रधान राष्ट्र हो, जहाँ ३० वर्षमुनिका युवा जनसङ्ख्या करिब ५६ प्रतिशत छ। यो जनसाङ्ख्यिक लाभलाई उपयोग गरी समृद्ध नेपाल निर्माण गर्न ठूलो अवसर छ। विगतमा युवालाई भविष्यका कर्णधार मात्र मानिने परम्परागत सोचमा परिवर्तन आई, वर्तमानमा उनीहरूलाई परिवर्तनकामी शक्ति, आर्थिक विकास र सामाजिक रूपान्तरणका संवाहकका रूपमा हेरिन थालिएको छ। युवाहरूलाई नेतृत्व विकास, प्रविधिमैत्री उद्यमशीलता, शिक्षामा सिर्जनात्मकता र प्रविधिको एकीकरण, तथा विश्वव्यापी अवसरमा पहुँच बनाउने नवीन दृष्टिकोणहरू नीति निर्माण तहसम्म पुगेका छन्। विभिन्न अन्तराष्ट्रिय साहित्यको समीक्षा गर्दा, पछिल्लो पुस्तालाई जेनेरेसन जेड (१९९७-२०१२) र जेनेरेसन अल्फा (२०१३ पछि) मा वर्गीकरण गरिएको छ। जेनेरेसन जेड डिजिटल युगमा जन्मिएको प्रविधिमैत्री, बहुकार्य क्षमता भएको, सामाजिक सचेत, स्वतन्त्रता र उद्यमशीलतामा रुचि राख्ने पुस्ता हो। जेनेरेसन अल्फा पूर्णतः डिजिटल युगमा जन्मिएको, प्रविधिमा सहज, विश्वव्यापी दृष्टिकोण राख्ने, हरित प्रविधिप्रति सचेत र सिर्जनात्मक पुस्ता हो।*

*नेपालमा उल्लिखित दुवै पुस्ताका युवाहरू रहेका छन्। शहरी क्षेत्रका जेनेरेसन जेडका युवाहरू डिजिटल सीपयुक्त भए पनि ग्रामीण क्षेत्रमा अवसर सीमित छ। शिक्षाको असमानता, बेरोजगारी र युवामैत्री वातावरणको कमीले विदेश पलायन बढेको छ। जेनेरेसन अल्फाका बालबालिकाहरू पूर्ण रूपमा डिजिटल वातावरणमा हुर्किएका भए पनि प्रविधिमा आधारित शिक्षा प्रणाली विकास गर्न नसके विश्वव्यापी प्रतिस्पर्धामा चुनौती थपिन सक्छ। डिजिटल विभाजनको खतरा पनि विद्यमान छ। नेपालका युवाहरूले शिक्षामा गुणस्तरीयता र पहुँचको कमी, बेरोजगारी, विदेश पलायन, राजनीतिक र सामाजिक सहभागितामा*

*कमी, तथा प्रविधिको असमान पहुँच जस्ता चुनौतीहरूको सामना गरिरहेका छन्। ग्रामीण र शहरी क्षेत्रबीचको शिक्षाको गुणस्तरमा ठूलो अन्तर छ। औपचारिक शिक्षामा व्यावसायिक सीप र जीवन उपयोगी शिक्षाको अभाव छ। रोजगारीका अवसर सीमित छन् र स्वरोजगार तथा उद्यमशीलताको वातावरण कमजोर छ। युवाहरू नीति निर्माण प्रक्रियामा कम सहभागी छन् र प्रविधिको पहुँचमा पनि असमानता छ।*

*यद्यपि, नेपालका युवाहरूमा आशा र सम्भावनाका धेरै क्षेत्रहरू छन्। जनसांख्यिक लाभ, डिजिटल उद्यमशीलताको उदय, नवप्रवर्तन र प्रविधिमा रुचि, सामाजिक उद्यमको विकास, हरित अर्थतन्त्रमा सम्भावना, अन्तर्राष्ट्रिय बजारसँगको सम्पर्क र नेतृत्व विकासको सम्भावना उल्लेखनीय छन्। युवाहरूले कृषि, पर्यटन, सेवा र सूचना प्रविधि जस्ता क्षेत्रमा उद्यमशीलता विकास गर्न सक्छन्। नीति निर्माणमा युवाहरूको सक्रिय सहभागिता र वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सीप उपयोग गर्न सके देशले लाभ लिन सक्छ। युवाहरूको भूमिकालाई प्रभावकारी बनाउन शिक्षा प्रणालीमा प्रविधि र उद्यमशीलतालाई समावेश गर्नुपर्छ। युवाहरूका लागि विशेष स्टार्टअप कोष र नवप्रवर्तन पुरस्कारको व्यवस्था हुनुपर्छ। ग्रामीण क्षेत्रमा प्रविधिमैत्री उद्यमशीलता कार्यक्रम सञ्चालन गर्नुपर्छ। डिजिटल साक्षरता र साइबर सुरक्षासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरी युवाहरूलाई जिम्मेवार डिजिटल नागरिक बनाउनुपर्छ।*

*युवा पुस्ता देशको भविष्य मात्र नभई वर्तमानका परिवर्तनकामी शक्ति हुन्। उनीहरूको क्षमतालाई सही दिशा दिन सके नेपालले समृद्ध भविष्य हासिल गर्ने छ। यसका लागि तीनै तहका सरकार, नागरिक समाज र सरोकारवाला सबै पक्षले समन्वयात्मक रूपमा काम गर्नुपर्ने आवश्यकता छ। युवाहरूलाई नीति निर्माण, प्रविधि नवप्रवर्तन र समाज रूपान्तरणको प्रक्रियामा सक्रिय सहभागी गराउनु आजको आवश्यकता हो।*

**मुख्य विषयसूचक शब्दहरुः** युवा पुस्ता, जनसाङ्ख्यिक लाभ, प्रविधिमैत्री उद्यमशीलता, नवप्रवर्तन, स्टार्टअप, डिजिटल साक्षरता, डिजिटल नेटिभ्स।

**विषय प्रवेश**

नेपाल एक युवा प्रधान राष्ट्र हो, जहाँ जनसंख्याको ठूलो हिस्सा युवाहरुले ओगटेका छन्। राष्ट्रिय जनगणना २०७८ अनसुार ३० वर्ष भन्दा कम उमेरको युवा जनसङ्ख्या करिव ५६ प्रतिशत रहेको छ। यस तथ्याङ्कले समृद्ध नेपाल निर्माणका लागि जनसाङ्ख्यिक लाभ (Demographic dividend) को उपयोग गर्नका लागि नेपालमा निकै ठूलो अवसर रहेको देखिन्छ। विगतमा युवाहरुलाई भविष्यका कर्णधार मात्र भनेर हेर्ने परम्परागत सोच थियो, तर आजको परिवेशमा युवाहरुलाई वर्तमानका परिवर्तनकामी शक्ति, आर्थिक विकासका र सामाजिक रूपान्तरणका संवाहकका रुपमा हेर्ने नवीन मान्यता स्थापित हुँदै छ। नेपालमा युवाहरुको वर्तमान अवस्था, उनीहरुको आशा, सम्भावना र चुनौतीहरुका विविध पक्षहरुलाई समालोचनात्मक ढंगले विश्लेषण गर्नु यस आलेखको प्रमुख उद्देश्य हो।

युवाहरुलाई हेर्ने परम्परागत दृष्टिकोण र हाल प्रचलित नवीन अवधारणाहरुबीच महत्वपूर्ण भिन्नता देखिन्छ। परम्परागत रुपमा युवाहरुलाई अनुभवहीन, अधैर्य र मार्गदर्शन चाहिने समूहका रुपमा चित्रण गरिन्थ्यो। उनीहरुको भूमिका भविष्यमा मात्र महत्त्वपूर्ण हुने भनिन्थ्यो। तर, अहिलेका नवीन अवधारणाहरुले युवाहरुलाई हालकै समयमा नेतृत्वदायी भूमिका खेल्ने क्षमता भएका, सिर्जनात्मक र नवीन सोच भएका परिवर्तनकामी शक्ति भनेर व्याख्या गरिन्छ। युवा शक्ति, युवा उद्यमशीलता, डिजिटल नागरिकता र सामाजिक अभियन्ताको रुपमा युवाहरुलाई चित्रण गर्ने चलनले नेपालमा पनि विस्तारै स्थान पाइरहेको छ।

नेपालमा पछिल्लो समय युवासम्बन्धी अवधारणाहरुमा केही नवीन दृष्टिकोणहरू विकास भएका छन्। युवाहरुलाई नेतृत्व विकासका माध्यमबाट सशक्तिकरण गर्ने, स्वरोजगारका अवसर सिर्जना गर्न प्रविधिमैत्री उद्यमशीलतामा जोड दिने, शिक्षामा सिर्जनात्मकता र प्रविधिको एकीकरण गर्ने र विश्वव्यापी अवसरमा पहुँच बनाउने जस्ता नवीन अवधारणाहरु नेपालमा नीति निर्माणका तहसम्म प्रवेश गर्दै छन्। यी अवधारणाहरुले युवाहरुलाई केवल सेवाग्राही होइन, नीति निर्माण र कार्यान्वयनका सहयात्रीका रुपमा चित्रण गर्छन्।

यस आलेखलाई अगाडि बढाउन विभिन्न अन्तराष्ट्रिय जर्नलमा प्रकाशित अनुसन्धान प्रतिवेदनका आधारमा पछिल्लो पुस्ताका मानिसहरुसम्बन्धी विकसित अवधारणालाई यहाँ प्रस्तुत गरिएको छः

## Generation Z (पुस्ता जेड) को अवधारणा

Generation Z भन्नाले सन् १९९७ देखि २०१२ (केही विद्वानहरूका अनुसार १९९५ देखि २०१०) बीच जन्मेका व्यक्तिहरूलाई जनाउँछ। यो पुस्ता डिजिटल युगमा जन्मिएको र प्रविधि तथा इन्टरनेटसँग नजिक भएर हुर्किएको पुस्ता हो। स्मार्टफोन, सामाजिक सञ्जाल, ई-लर्निङ, र ग्लोबल कल्चरमा सहज पहुँच राख्ने भएकाले, यस पुस्तालाई Digital Natives (जन्मजात डिजिटल) पनि भनिन्छ।

## Generation Z का मुख्य विशेषताहरू

- प्रविधिमैत्री: जन्मजात प्रविधिसँग नजिक भएकाले, Generation Z ले इन्टरनेट, सामाजिक सञ्जाल, मोबाइल एप्स, अनलाइन गेमिङ, र कृत्रिम बुद्धिमत्ता (AI) मा सहज पहुँच र उपयोग क्षमता राख्दछ।
- बहुकार्य क्षमता (Multitasking): एकै समयमा विभिन्न काम गर्न (जस्तैः पढाइसँगै संगीत सुन्न, च्याट गर्ने, गेम खेल्ने) सक्ने क्षमता यस पुस्तामा देखिन्छ।
- सामाजिक सचेतना: यो पुस्ता जलवायु परिवर्तन, लैङ्गिक समानता, सामाजिक न्याय, र मानव अधिकारजस्ता विषयमा सचेत र सक्रिय छ।
- स्वतन्त्रता र व्यक्तिगत पहिचानप्रति सचेत: व्यक्तित्व विकास, करियर छनोट, र स्वतन्त्र सोचलाई प्राथमिकता दिने पुस्ता हो।
- आत्मनिर्भरता र उद्यमशीलता: Generation Z ले पारम्परिक जागिर खोज्नभन्दा आफ्नै स्टार्टअप सुरु गर्ने चाहना बढी राख्ने गर्छ।
- शिक्षा र वृत्तिविकास: Generation Z ले औपचारिक शिक्षाभन्दा अनलाइन लर्निङ प्लेटफर्महरू (जस्तैः YouTube, Coursera, Udemy) बाट धेरै ज्ञान आर्जन गर्छ। रोजगारीका सन्दर्भमा, यो पुस्ता लचकता, काम-जीवन सन्तुलन र अर्थपूर्ण काम खोज्छ। प्रविधिमा आधारित नयाँ क्षेत्रमा (जस्तैः डिजिटल मार्केटिङ, गेम डेभलपमेन्ट, ई-कमर्स) रुचि देखाउँछ।

## Generation Alpha (पुस्ता अल्फा) को अवधारणा

Generation Alpha भन्नाले सन् २०१३ पछि जन्मिएका बालबालिकाहरूलाई जनाउँछ। यो पुस्ता पूर्णतः डिजिटल युगमा जन्मिएको पहिलो पुस्ता हो। स्मार्ट उपकरण, आर्टिफिसियल इन्टेलिजेन्स (AI), रोबोटिक्स, र भर्चुअल रियालिटी (VR) को वातावरणमा हुर्कने भएकाले, Generation Alpha लाई Tech-first Generation भनिन्छ।

## मुख्य विशेषताहरू

- Digital Natives 2.0: Generation Z भन्दा झन् प्रविधिसँग नजिक यो पुस्ता स्क्रीन-मैत्री (Screen-friendly) छ। स्मार्टफोन, ट्याब्लेट, स्मार्ट टिभी, र अन्य स्मार्ट उपकरणहरूसँग अत्यधिक परिचित छ।
- AI र Automation मा सहजता: कृत्रिम बुद्धिमत्ता, स्वचालन (Automation), र स्मार्ट प्रविधिहरूलाई सहजै अपनाउने क्षमताका कारण यो पुस्ता भविष्यका रोजगारी र उद्यममा डिजिटल प्रभुत्व जमाउने सम्भावना राख्दछ।
- विश्वव्यापी दृष्टिकोण: प्रारम्भिक उमेरदेखि नै YouTube, TikTok, र अन्य अन्तर्राष्ट्रिय डिजिटल प्लेटफर्मबाट प्रभावित हुने भएकाले यस पुस्तामा भाषा, संस्कृति र विचारमा खुलापन र विविधता स्वीकार गर्ने प्रवृत्ति देखिन्छ।
- हरित सचेतना (Eco-consciousness): वातावरणीय मुद्दाहरूमा सचेतना र हरित जीवनशैली अपनाउने सोच राख्ने सम्भावना छ।
- सिर्जनात्मक र अनुकूलनशीलता: सानो उमेरदेखि नै प्रविधिमा आधारित शिक्षा (Gamified Learning) र सिर्जनात्मक प्लेटफर्म (Minecraft, Roblox) मा संलग्न भएकाले, यो पुस्ता नवप्रवर्तन र समस्याको समाधानमा क्रियाशील हुने अपेक्षा गरिएको छ।
- शिक्षा र वृत्ति विकास: Generation Alpha का लागि शिक्षा प्रणाली पूर्णतः प्रविधिमैत्री (EdTech-based) बन्नेछ। कृत्रिम बुद्धिमत्ता, रोबोटिक्स, र डेटा विज्ञान जस्ता विषयहरू प्राथमिक तहदेखि नै पाठ्यक्रममा समावेश हुन सक्छन्। भविष्यमा यस पुस्ताले प्रविधिमा आधारित करियरहरू (जस्तैः Space Technology, Bioengineering, Green Technology) मा अग्रसरता लिने छ।

**प्रस्तुत अवधारणाका आधारमा युवाहरुका सम्वन्धमा नेपालको वर्तमान अवस्थाको विश्लेषण**

नेपालमा अहिलेका युवाहरुलाई पनि दुई प्रमुख पुस्तामा वर्गीकरण गर्न सकिन्छ — Generation Z र Generation Alpha। हुनत Millennial Generation (१९८१ देखि सन् १९९६) पनि युवाहरुकै परिभाषामा पर्दछ। प्रविधि, ग्लोबलाइजेसन, सामाजिक आन्दोलनहरू र आर्थिक संकटहरूको प्रत्यक्ष साक्षी यो पुस्ता आजकै दुनियाँलाई आकार दिने महत्त्वपूर्ण पुस्ता मानिन्छ। तर नेपालमा युवाहरुको सम्भावनाका विषयमा केन्द्रित भएकाले यस आलेखमा Generation Z र Generation alpha का बारेमा मात्र चर्चा गरिएको छ। सन् १९९७ देखि २०१२ का बीचमा जन्मेका Generation Z का युवाहरु अहिले नेपालमा रोजगारी, उद्यमशीलता र सामाजिक सहभागिताका क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्दैछन्। प्रविधिमैत्री, सामाजिक अभियन्ता, आत्मनिर्भरता खोज्ने र नवप्रवर्तनमा रुचि राख्ने पुस्ताका रुपमा Generation Z चिनिन्छ। नेपालमा यस पुस्ताका युवाहरु शहरी क्षेत्रमा डिजिटल सीपयुक्त भए पनि ग्रामीण क्षेत्रमा उनीहरुको अवसर सीमित देखिन्छ। शिक्षाको गुणस्तरमा असमानता, रोजगारीको अभाव र राजनीतिक संरचनामा युवा मैत्री वातावरणको कमीले गर्दा Generation Z का युवाहरु विदेश पलायन हुन वाध्य छन्। तथापि, स्टार्टअप संस्कृति, सामाजिक अभियान र डिजिटल उद्यमशीलतामा उनीहरुको आकर्षण आशालाग्दो पक्ष हो।

अर्कोतर्फ, सन् २०१३ पछि जन्मिएका Generation Alpha का युवाहरु नेपालमा क्रमशः शिक्षा प्रणालीमा प्रवेश गरिरहेका छन्। यी बालबालिकाहरु पूर्ण रुपमा डिजिटल वातावरणमा हुर्किएको पहिलो पुस्ता हुन्, जसले गर्दा प्रविधि उनीहरुको पहिलो भाषा नै हो। कृत्रिम बौद्धिकता (AI), रोबोटिक्स, भर्चुअल रियालिटी र इको-कन्ससनेस (Eco-consciousness) मा सजिलै अभ्यस्त हुने सम्भावना बोकेका यी बालबालिकाहरु नेपालको भविष्यका प्रमुख शक्ति हुन्। तर, प्रविधिमा आधारित शिक्षा प्रणाली विकास गर्न नसक्ने हो भने, यो पुस्ताले विश्वव्यापी प्रतिष्पर्धामा आफूलाई खरो रुपमा प्रस्तुत गर्न कठिन हुन सक्दछ। हाम्रो पुस्ता विश्वको तुलनामा डिजिटल डिभाइडको सिकार हुन सक्छ। खासगरी ग्रामीण क्षेत्रमा पर्याप्त प्रविधि पहुँच नभएमा Generation Alpha र अघिल्ला पुस्ताबीच प्रविधि उपयोग र नवप्रवर्तन क्षमतामा ठूलो अन्तर आउने खतरा छ। त्यसैले यस पुस्तालाई Future-ready Curriculum, Eco-leadership र बाल्यकालदेखि नै डिजिटल सचेतनाका कार्यक्रमहरूसँग जोड्न आवश्यक छ।

## चुनौतीका क्षेत्रहरुः

चुनौतीका क्षेत्रहरुलाई केलाउँदा, नेपालका युवाहरूले विभिन्न जटिल समस्या र चुनौतीहरूको सामना गरिरहेका छन्, जसले उनीहरूको व्यक्तिगत विकास, राष्ट्रिय प्रगति र समग्र सामाजिक संरचनामा नकारात्मक प्रभाव पारेको छ। शिक्षामा गुणस्तरीयता र पहुँचको कमी एक प्रमुख चुनौती हो। शहरी क्षेत्रका युवाहरूले गुणस्तरीय शिक्षा पाउने अवसर पाउँछन् भने ग्रामीण क्षेत्रका युवाहरू अझै पनि आधारभूत शिक्षाबाट वञ्चित छन्। विद्यालयको भौतिक पूर्वाधार, योग्य शिक्षक र प्रविधिमैत्री शिक्षण विधि ग्रामीण क्षेत्रमा कमै पाइन्छ। उदाहरणका लागि, कर्णाली प्रदेशका दुर्गम गाउँका विद्यालयहरूमा पर्याप्त कक्षाकोठा र शिक्षकको अभाव छ, जसले विद्यार्थीको सिकाइ प्रक्रियालाई प्रत्यक्ष असर गर्दछ। यसका साथै, हाम्रो शिक्षा प्रणाली अझै पनि सैद्धान्तिक ज्ञानमा बढी केन्द्रित छ। व्यावसायिक शिक्षा, प्राविधिक सीप र जीवन उपयोगी शिक्षाको अभाव छ। विश्वविद्यालयका अधिकांश पाठ्यक्रमहरू वर्तमान श्रम बजारको मागसँग मेल खाँदैनन्, जसकारण शिक्षित युवाहरू पनि बेरोजगार बस्न बाध्य छन्। उदाहरणका लागि, व्यवस्थापनमा स्नातकोत्तर गरेका धेरै युवाहरूले पनि आफ्नो शैक्षिक योग्यता अनुसारको रोजगारी पाउन सकेका छैनन्। डिजिटल युगमा पनि धेरै विद्यालय र विद्यार्थीहरूमा इन्टरनेट र प्रविधिको पहुँच छैन। यसले अनलाइन शिक्षा र प्रविधिमा आधारित ज्ञान आर्जन गर्न बाधा पुऱ्याउँछ। कोभिड-१९ महामारीको समयमा अनलाइन कक्षा सञ्चालन गर्दा धेरै ग्रामीण विद्यार्थीहरू प्रविधिको अभावमा पढाइबाट वञ्चित भए। शैक्षिक संस्थाहरूमा पर्याप्त लगानीको अभाव, राजनीतिक हस्तक्षेप र कमजोर व्यवस्थापन जस्ता कारणहरूले शिक्षा क्षेत्रको विकासमा बाधा पुऱ्याएको छ।

बेरोजगारी र कमजोर श्रम बजार अर्को गम्भीर चुनौती हो। नेपालको श्रम बजारमा युवाहरूको संख्या अत्यधिक भए पनि रोजगारीका अवसरहरू सीमित छन्। उद्योगधन्दाको विकास सुस्त गतिमा भएको र नयाँ लगानी आकर्षित हुन नसकेको कारणले पर्याप्त रोजगारी सिर्जना हुन सकेको छैन। धेरै युवाहरूले आफ्नो क्षमता र योग्यताभन्दा कमको काम गर्नुपर्ने बाध्यता छ। कृषि क्षेत्रमा संलग्न युवाहरूले प्रायः मौसमी र न्यून आय भएको काम मात्र पाउँछन्। शहरी क्षेत्रमा पनि धेरै युवाहरू न्यून तलबमा काम गर्न बाध्य छन्, जसले उनीहरूको आर्थिक भविष्य सुरक्षित हुन सक्दैन। स्वरोजगार र उद्यमशीलतामा पनि युवाहरूले थुप्रै चुनौतीहरूको सामना गरिरहेका छन्। युवाहरूमा उद्यमशीलताको भावना भए पनि आवश्यक पूँजी, तालिम, प्रविधि र बजार पहुँचको अभाव छ। बैंकहरूले युवाहरूलाई ऋण दिन हिचकिचाउँछन् र सरकारी स्तरबाट पनि युवा उद्यमशीलतालाई प्रोत्साहन गर्ने प्रभावकारी कार्यक्रमहरू छैनन्। उदाहरणका लागि धेरै युवाहरूले नयाँ व्यवसाय सुरु गर्न चाहे पनि धितो राख्ने

सम्पत्ति नभएको कारणले बैंकबाट ऋण पाउन सकेका छैनन्। त्यस्तै, व्यवसाय दर्ता प्रक्रिया झन्झटिलो हुनु र कर प्रणाली जटिल हुनुले पनि युवाहरूलाई उद्यमशीलतामा लाग्न निरुत्साहित गर्छ।

विदेश पलायन (Brain Drain) नेपालका युवाहरूको लागि अर्को ठूलो समस्या हो। गुणस्तरीय शिक्षा र राम्रो रोजगारीको अवसर नपाउँदा धेरै युवाहरू विदेश पलायन हुन बाध्य छन्। विकसित देशहरूमा आकर्षक तलब र सुविधाको लोभमा दैनिक हजारौं युवाहरू वैदेशिक रोजगारीमा गइरहेका छन्। यसले देशमा दक्ष जनशक्तिको अभाव सिर्जना गरेको छ। युवाहरू विदेश जाँदा परिवारमा भावनात्मक र सामाजिक विखण्डन आउँछ। युवाहरूले आफ्नो परिवार र समुदायबाट टाढा रहनुपर्दा मानसिक र सामाजिक समस्याहरू पनि देखिन सक्छन्। यसका साथै, विदेशमा युवाहरूले भोग्ने शोषण र दुर्व्यवहारका घटनाहरूले पनि सामाजिक चिन्ता बढाएको छ।

राजनीतिक र सामाजिक सहभागितामा कमी पनि युवाहरूका लागि एक चुनौतीको रूपमा देखा परेको छ। राजनीतिक दलहरूले युवाहरूलाई केवल भोट बैंकको रूपमा प्रयोग गर्ने प्रवृत्ति छ। नीति निर्माण र निर्णय प्रक्रियामा युवाहरूको अर्थपूर्ण सहभागिता कमै देखिन्छ। युवाहरूको आवाजलाई बेवास्ता गरिँदा उनीहरूमा निराशा र वितृष्णा पैदा भएको छ। समाजमा अझै पनि युवाहरूलाई अनुभवहीन र अपरिपक्व ठान्ने परम्परागत सोच हावी छ। युवाहरूले ल्याउन खोजेको परिवर्तन र नयाँ विचारलाई सजिलै स्वीकार गरिँदैन। राजनीतिक दलहरूमा युवा नेतृत्वको अभाव र युवाहरूलाई अवसर नदिने प्रवृत्तिले उनीहरूको राजनीतिक सहभागितालाई सीमित गरेको छ।

प्रविधिको असमान पहुँच र डिजिटल विभाजन पनि नेपालका युवाहरूका लागि एक महत्वपूर्ण चुनौती हो। शहरी क्षेत्रका युवाहरूले इन्टरनेट र प्रविधिको सहज पहुँच पाए पनि ग्रामीण क्षेत्रका धेरै युवाहरू यसबाट वञ्चित छन्। यसले सूचना, ज्ञान र अवसरहरूमा असमानता सिर्जना गरेको छ। धेरै युवाहरूमा प्रविधिको प्रयोग गर्ने आधारभूत ज्ञान र सीपको कमी छ। यसले डिजिटल युगमा रोजगारी र अन्य अवसरहरू प्राप्त गर्न कठिनाइ हुन्छ। इन्टरनेटको महँगो शुल्क र पूर्वाधारको अभावले ग्रामीण क्षेत्रमा डिजिटल पहुँच विस्तार हुन सकेको छैन।

**आशा र सम्भावनाका क्षेत्रः**

यद्यपि, उल्लिखित चुनौतीहरूका बाबजुद पनि नेपालमा युवाहरूका वीच आशा र सम्भावनाका धेरै क्षेत्रहरू छन्। सही नीति र अवसरहरू प्रदान गर्न सके उनीहरूले देशको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छन्। नेपालको जनसंख्याको ठूलो हिस्सा युवाहरूले ओगटेको छ। यो जनसांख्यिक लाभलाई सही तरिकाले उपयोग गर्न सके आर्थिक विकासलाई तीव्र गति दिन सकिन्छ। युवा जनशक्तिलाई शिक्षा, सीप र रोजगारीका अवसरहरू प्रदान गरेर उत्पादनशील बनाउन सकिन्छ। यसका लागि सरकारले युवा लक्षित कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ।

जेनेरेसन जेडका युवाहरू प्रविधिमैत्री भएकाले डिजिटल उद्यमशीलतामा उनीहरूको आकर्षण बढ्दै गएको छ। अनलाइन व्यवसाय, ई-कमर्स, डिजिटल मार्केटिङ, एप विकास र सामाजिक सञ्जालमा आधारित व्यवसायहरू युवाहरूका लागि नयाँ अवसरहरू सिर्जना गर्न सक्छन्। उदाहरणका लागि, देशमै बसेर धेरै युवाहरुले Freelancing विभिन्न विदेशी कम्पनीहरुको काम गरेका छन, धेरै युवाहरूले सामाजिक सञ्जाल प्रयोग गरेर आफ्ना उत्पादनहरू बेचिरहेका छन् र सफल उद्यमी बनिरहेका छन्। फेसन, हस्तकला, खाद्य सामग्री र स्थानीय उत्पादनहरू अनलाइन प्लेटफर्ममार्फत बिक्री गर्ने युवा उद्यमीहरूको सङ्ख्या बढ्दो छ। यस प्रवृत्तिलाई सरकारले आवश्यक नीतिगत समर्थन, तालिम र वित्तीय पहुँच प्रदान गरेर थप प्रवर्द्धन गर्न सक्छ। युवाहरूमा नयाँ सोच र प्रविधिप्रति तीव्र रुचि छ। उनीहरूले विभिन्न क्षेत्रमा नवप्रवर्तन गरेर नयाँ समाधानहरू खोज्न सक्छन्। सूचना प्रविधि, नवीकरणीय ऊर्जा, कृषि प्रविधि र पर्यटन जस्ता क्षेत्रमा युवाहरूले नयाँ प्रविधि र विधि प्रयोग गरेर सकारात्मक परिवर्तन ल्याउन सक्छन्। उदाहरणका लागि, युवा वैज्ञानिकहरूले ड्रोन प्रविधि प्रयोग गरेर कृषि क्षेत्रमा मल र बीउ छर्न सफल भएका छन्। यसका साथै, स्मार्ट कृषि प्रविधि, मोबाइल एप्समार्फत कृषि सूचनाको आदानप्रदान र अनलाइन बजारले कृषि क्षेत्रमा युवाहरूको सहभागिता बढाउन सक्छ।

युवाहरू सामाजिक मुद्दाहरूमा सचेत छन् र सामाजिक उद्यममार्फत समाजमा सकारात्मक परिवर्तन ल्याउन इच्छुक छन्। शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण र गरिबी निवारण जस्ता क्षेत्रमा युवाहरूले सामाजिक व्यवसाय सुरु गरेर रोजगारी सिर्जना गर्न र सामाजिक समस्या समाधान गर्न सक्छन्। उदाहरणका लागि, केही युवाहरूले प्लास्टिकजन्य फोहोरलाई पुनः प्रयोग गरेर नयाँ उत्पादनहरू बनाइरहेका छन्। त्यस्तै, सामुदायिक विद्यालयहरूको सुधार, स्वास्थ्य सेवामा पहुँच वृद्धि र स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने सामाजिक उद्यमहरूले युवाहरूलाई समाजसँग जोड्न मद्दत गर्छन्। जलवायु परिवर्तनको बढ्दो असरलाई मध्यनजर गर्दै युवाहरू हरित अर्थतन्त्रमा सक्रिय हुन

सक्छन्। नवीकरणीय ऊर्जा, जैविक कृषि, दिगो पर्यटन र वातावरणमैत्री प्रविधिहरूमा युवाहरूले उद्यमशीलता विकास गर्न सक्छन्। उदाहरणका लागि, धेरै युवाहरूले सौर्य ऊर्जा र जैविक खेतीलाई आफ्नो व्यवसायको रूपमा अपनाएका छन्। इको-टुरिजम र दिगो यातायातका क्षेत्रमा पनि युवाहरूले नयाँ अवसरहरू सिर्जना गर्न सक्छन्।

वैदेशिक रोजगारी र अध्ययनका कारण धेरै युवाहरूले अन्तर्राष्ट्रिय बजार र प्रविधिबारे ज्ञान हासिल गरेका छन्। उनीहरूको सीप, ज्ञान र सम्पर्कलाई स्वदेशमा उपयोग गर्न सके नेपालले आर्थिक विकासमा फड्को मार्न सक्छ। विदेशबाट फर्केका युवाहरूले नयाँ प्रविधि र व्यवस्थापन शैली भित्र्याएर स्वदेशी व्यवसायलाई प्रतिस्पर्धी बनाउन सक्छन्। सरकारले ब्रेन गेनका लागि विशेष कार्यक्रमहरू ल्याउनुपर्छ, जसले विदेशमा सिकेका ज्ञान र सीपलाई स्वदेशमा प्रयोग गर्न युवाहरूलाई प्रोत्साहित गरोस्। सामाजिक अभियान र राजनीतिक जागरणमा युवाहरूको बढ्दो सहभागिताले उनीहरूमा नेतृत्व क्षमताको विकास भइरहेको देखाउँछ। युवाहरूलाई सही अवसर र प्रशिक्षण प्रदान गर्न सके भविष्यमा उनीहरूले देशको नेतृत्व गर्न सक्छन्। स्थानीय तहदेखि राष्ट्रिय तहसम्म युवाहरूको सक्रिय सहभागिताले नीति निर्माण र कार्यान्वयनमा नयाँ दृष्टिकोण र ऊर्जा थप्न सक्छ। युवाहरूलाई राजनीतिक प्रक्रियामा सहभागी गराउन युवा क्लबहरू, विद्यार्थी संगठनहरू र अन्य युवा मञ्चहरूलाई सशक्त बनाउनुपर्छ।

**निष्कर्ष**

नेपालका युवा पुस्ता देशको भविष्य मात्र नभई वर्तमानका महत्वपूर्ण परिवर्तनकामी शक्ति हुन्। वर्तमान युवा पुस्ता विशेषगरी जेनेरेसन जेड र जेनेरेसन अल्फाले प्रविधिमैत्री सोच, नवीनतम उद्यमशीलता र सामाजिक सचेतनाको अद्वितीय संयोजन प्रस्तुत गरेका छन्। डिजिटल युगमा जन्मिएको र हुर्किएको यस पुस्ताले प्रविधिको उपयोगमार्फत शिक्षा, रोजगारी, सामाजिक अभियान तथा नवप्रवर्तनमा उल्लेखनीय सहभागिता जनाउने क्षमता राख्छ। नेपालमा युवाहरूको संख्या र उनीहरूको सिर्जनात्मक क्षमताले जनसांख्यिक लाभांशको ऐतिहासिक अवसर प्रस्तुत गरेको छ। तर, गुणस्तरीय शिक्षा, रोजगारीको सीमितता, प्रविधि पहुँचको असमानता र नीति निर्माणमा युवाहरूको न्यून सहभागिता जस्ता चुनौतीहरूले उनीहरूको पूर्ण क्षमताको उपयोगमा अवरोध उत्पन्न गरेको छ। ग्रामीण र शहरी युवाहरूबीच अवसरको खाडल, डिजिटल डिभाइड र विदेश पलायनले भविष्यप्रतिको आशालाई धमिलो बनाएको छ। यद्यपि, बदलिँदो विश्व परिदृश्यसँग कदम मिलाउँदै नेपाली युवाहरूले नवप्रवर्तनशील उद्यम, डिजिटल प्लेटफर्ममा आधारित स्वरोजगार, सामाजिक अभियन्ता र वातावरणीय अभियन्ताका रूपमा आफूलाई स्थापित

गरिरहेका छन्। नीति निर्माणदेखि सामाजिक रूपान्तरणसम्मको प्रक्रियामा युवा पुस्ताको सक्रिय सहभागिता सुनिश्चित गर्न सके, उनीहरू नेपाललाई समृद्ध र आत्मनिर्भर बनाउने प्रमुख संवाहकका रूपमा स्थापित हुने छन्।

यसैले, युवालाई केवल भविष्यका कर्णधार होइन, वर्तमानका नीति निर्माणकर्ता, प्रविधि नवप्रवर्तक र समाज रूपान्तरणका अभियन्ताका रूपमा स्थापित गर्ने गरी समावेशी नीति र कार्यक्रम निर्माण गर्नु आजको आवश्यकता हो। जनसांख्यिक लाभांशलाई वास्तविक समृद्धिमा बदल्न, प्रविधिमा आधारित शिक्षा, हरित अर्थतन्त्रमा युवा सहभागिता र डिजिटल उद्यमशीलतालाई नेपालको विकास नीतिको केन्द्रमा राख्न अब विलम्ब गर्नु हुँदैन। युवाहरूको ऊर्जा, क्षमता र नवीन सोचलाई सही दिशा दिन सके नेपालले अवश्य नै समृद्ध भविष्य हासिल गर्ने छ। यसका लागि सबै सरोकारवाला निकायहरूले समन्वयात्मक रूपमा काम गर्नुपर्ने आवश्यकता छ।

**सन्दर्भ सामाग्रीहरुः**


- *राष्ट्रिय युवा नीति, २०७२*
- *आवधिक योजनाहरु*
- *नेपाल श्रम सर्भेक्षण, २०१७/१८*
- *नेपाल मानव विकास प्रतिवेदन, २०२०*
- *United Nations - World Youth Report (WYR), 2020: Youth social entrepreneurship and the 2030 agenda.*
- *Youth and Changing Realities (Commonwealth Youth Development Index 2021).*
- *Dolan, P. & Brady, B. (2012). A Guide to Youth Mentoring: Providing Effective Social Support. Jessica Kingsley Publishers.*
- *Twenge, J.M. (2017). iGen: Why Today's Super-Connected Kids Are Growing Up Less Rebellious, More Tolerant, Less Happy – and Completely Unprepared for Adulthood. Atria Books.*



**Jparajuli74@gmail.com**
**9861190383**

# "खेलकुद र युवाः रोजगारी सिर्जना र उद्यमशीलता प्रवर्द्धन"



सरोज भट्टराई


***लेखसार***

*उद्यमशीलता र युवाको सहभागिता कुनै पनि राष्ट्रको समग्र विकासको आधार हो। अर्थशास्त्री जोसेज सुम्पिटर र डा. मोहम्मद मुनुसजस्ता विद्वानहरूले उद्यमशीलता मानवभित्रको मौलिक क्षमता भएको र समाजको आर्थिक रूपान्तरणमा यसको महत्व औँल्याएका छन्। नेपालको संविधान २०७२ ले युवाको शिक्षा, स्वास्थ्य, रोजगारी र व्यक्तिगत सशक्तीकरणलाई प्राथमिकतामा राख्दै उद्यमशीलताको प्रवर्द्धनमा जोड दिएको छ।*

*नेपालमा उद्यमशीलताको विकासले बेरोजगारी घटाउने, रोजगारी सिर्जना गर्ने र राष्ट्रिय आम्दानीमा वृद्धि गर्ने सम्भावना बोकेको छ। युवाहरूको सीप र सिर्जनशीलताको प्रयोग गरी मौलिक र स्थानीय उत्पादन प्रवर्द्धन गर्न सकिनेछ, जसले आयात घटाएर निर्यात बढाउने दिशा दिन सक्छ। यसले दीगो आर्थिक विकासमा समेत महत्वपूर्ण भूमिका खेल्न सक्छ।*

*सरकारले स्टार्टअपहरूलाई कर छुट, इन्क्युबेसन सेन्टरको स्थापना, सीपमूलक तालिम र वित्तीय पहुँचको व्यवस्था गर्नुपर्ने आवश्यकतामा लेखकले जोड दिएका छन्। साथै, विकास भन्नाले स्थानीय सन्दर्भ, वातावरणीय सन्तुलन, मानव स्रोतको विकास र मौलिक संरचनामा आधारित हुनुपर्छ।*


**बिषय प्रवेश**

**उद्यमशीलता, विकास र युवा**

अर्थशास्त्री जोसेज सुम्पिटरले आफ्नो पुस्तकमार्फत उद्यमशीलताको अवधारणालाई सन् १९३४ मा नै सैद्धान्तिक स्वरूप दिएका छन्। त्यही परिभाषा एक प्रकारले उद्यमशीलताको सनातनी र सर्वस्वीकार्य परिभाषा रहेको छ भन्दा अत्युक्ति हुँदैन । उनले सारमा पाँच प्रकारका गतिविधिलाई अन्ट्रप्रनरसीप भनेका छन्। १. उपभोक्ताहरू अहिलेसम्म जानकार नभएका नयाँ वस्तुहरूलाई बजारमा प्रवेश गराउनु। २. उत्पादनको नयाँ तरिका सुरुवात गराउनु वा वस्तुको व्यापार गर्ने नयाँ तरिका

अपनाउनु। ३. वस्तुको कारोबारमा लागि कुनै नयाँ क्षेत्रमा बजार खोल्नु वा बजार अस्तित्वमै नरहेका ठाउँमा बजार निर्माण गर्नु। ४. कच्चा पदार्थ अथवा अर्ध प्रशोधित वस्तुको आपूर्ति श्रोत व्यावसायिक ढङ्गले नियन्त्रण गर्नु। ५. कुनै उद्योगलाई नयाँ ढङ्गले व्यवस्थित गर्नु। भनेर अर्थशास्त्री डा.अच्युत वाग्लेले नेपालमा उद्यमशीलता विकासमा चुनौती भन्ने विचारमा अर्थशास्त्री जोसेज सुम्पिटरले पुस्तकमा लेखेका कुराहरू उल्लेख गरेको पाइन्छ।

त्यसै गरी अर्थशास्त्री डा. मोहम्मद मुनुसले दि वर्ल्ड अफ थ्री जरोज पुस्तकमा लेखेका छन् " प्रत्येक मानिस जन्मजात उद्यमी हुन्छन् कसैले आफ्नो क्षमता देखाउने अवसर पाउँछन् भने कसैले पाउँदैनन्, उनले त्यस पुस्तकमा लेखका छन्'कतिपय त आफूभित्र त्यो क्षमता छ भन्ने समेत बुझ्न पाउँदैनन्'। यसरी दुवै जना अर्थशास्त्रीको पुस्तक अध्ययन गर्दा के हामीले नेपाली माटो सुहाउँदो उद्यमशीलता गर्न सकेका छौं । के हामीले मौलिकतासहितको उद्यमशीलता गरेका छौं।

नेपालको विकास नहुनुको कारण उद्यम गर्ने उद्यमीको कमीको कारणले पछाडि परिरहेका छौं। उद्यमी भनेको नेपाली वृहत् शब्दकोशमा उद्यममा लाग्ने वा लागेको, उद्योग गर्ने, उद्योगी, मिहिनेती, परिश्रमी अथवा आय आर्जनका लागि गरिने काम पेसा व्यवसाय गर्ने मानिस भनेर उल्लेख गरिएको छ।२०७२ मा जारी भएको नेपालको संविधानले नेपालको सर्वाङ्गीण विकासमा युवा सहभागितालाई प्रोत्साहन गर्ने नीतिहरूको व्यवस्था गरेको छ।[1] यसका लागि संविधानले युवाको व्यक्तिगत विकास र शसक्तीकरण गर्ने उद्देश्यले शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा युवाका लागि अवसरहरूको सिर्जनामा जोड दिएको छ र त्यसै अनुसारका प्रावधान गरेको छ ।

उद्यम भनेको तुरुन्त इनपुट दिएर आउटपुट आउने होइन। विभिन्न माध्यमबाट अनुसन्धान गरेर लगानी लगाएर, फाइदा हुन धेरै पर्खनुपर्छ। राम्रोसँग गर्ने हो भने लगानी गरेको छोटो समयमा नै प्रतिफल पाउन सकिन्छ। उद्यम र व्यापार भन्ने कुरा धेरै फरक छ। कुनै पनि वस्तु खरिद गर्नु, र खरिद गरेको वस्तुलाई केही नाफा राखेर बेच्नुलाई व्यापार भनिन्छ। यस्तै विभिन्न किसिमका कच्चापदार्थ किनेर प्रशोधन गर्ने र त्यसबाट नयाँ 'प्रडक्ट' बनाएर बजारमा अथवा ग्राहकसँग बेच्ने अवस्थामा पुऱ्याउनु उद्योग हो।

उद्यम गर्ने भनेको ठुला–ठुला उद्योग र कलकारखाना मात्र होइन र हामीले जीवीकोपार्जनका लागि गरिने व्यापार, सेवा, उद्योग, व्यवसाय सबै उद्यम हुन। उद्यम गर्ने व्यक्तिसँग कुशलता, सृजनशीलता,

---

[1] नेपाल संविधान २०७२

नवप्रवर्तन र जोखिम वहन गर्ने क्षमता हुनुपर्छ। सामान्यतः उद्यमशीलता, युवा अर्थतन्त्र शब्दको शाब्दिक अर्थ फरक फरक भएता पनि यी एक अर्काका बिच अन्तसम्बन्धित छन्। कुनै पनि समाजको समृद्धि समाजको तब मात्र कल्पना गर्न जब उद्यमशीलता, युवा अर्थतन्त्र अन्तर घोलित हुन्छ। समाज आफैमा एक बहुआयमिक विषय हो। जसले आर्थिक संस्कृति, राजनैतिक, भौतिक र नैतिक रूपमा गाँसिएको हुन्छ। त्यसले समाजको आर्थिक विकास गर्नका लागि उद्यमशीलता र युवा एक पूर्वआवश्यक तत्त्व हुन्छ।[2] उद्यमशीलता विकास राज्यको साझा दायित्व हो। देशको प्रत्येक स्थानीय तहमा बसोबास गर्ने युवाको दक्षता र सम्भावना उपयोग गर्न उपयुक्त वातावरण निर्माण गर्न राज्यको सबै तहले आफ्नो अधिकार क्षेत्र र सक्षमताबमोजिमका क्रियाकलाप सञ्चालन गर्नु जरुरी हुन्छ। तसर्थ युवा उद्यमशीलता प्रवर्धन तथा उद्यमशील इको सिस्टमको विकासका लागि संघ, प्रदेश र स्थानीय तहले देहायको भूमिका निर्वाह गर्नु जरुरी हुन्छ[3]।

सन् २०१९ को अन्त्यबाट सुरु भएको कोभिड १९ ले विश्वमा बृहआयमिक प्रभाव परेको छ। विश्व अर्थतन्त्र सङ्कुचनमा गएको छ भने जनजीवन अन्त्यतै कष्टकर बनेको छ। कोभिडबाट सङ्क्रमित हुने जीवन गुमाउनेहरूको सङ्ख्या निरन्तर बढिरहेको छ।

विश्वमा कोरोनापछि अर्थतन्त्रमा असर पुऱ्याइरहेको अवस्थामा नेपालमा धेरैभन्दा धेरै उद्यम गर्ने मानिसहरूको आवश्यकता छ। देशमा उद्यमको विकास हुने हो भने रोजगारी सिर्जना हुन्छ। प्रत्येक व्यक्तिको आय स्तर बढाउँछ। विभिन्न किसिमका उद्योगहरू सञ्चालन हुँदा उद्यमबाट कर उठाउने हुँदा राज्यको आम्दानीमा पनि वृद्धि हुन्छ।

नेपालमा उत्पादन हुने कुराहरूको अन्य देशमा नियति बढाउने सम्भावना बढ्छ। आयात घट्छ, राज्यको व्यापार बढ्छ। व्यक्ति–व्यक्तिमा सीप र दक्षताको विकास हुन्छ। मौलिक रैथाने वस्तुहरूको प्रवर्धन हुनुसक्छ। नयाँ–नयाँ खोज अनुसन्धान गरेर विज्ञान र प्रविधिसँग जोडेर पनि देशमा उद्यमको विकास गर्न सकिन्छ। नेपालको संविधान युवा उद्यमशीलताको लागि अनुकूल वातावरण सिर्जना गर्ने आधारभूत सिद्धान्तहरू प्रदान गर्दछ। संविधानका प्रावधानहरूले युवा उद्यमशीलताको लागि कानूनी, आर्थिक र सामाजिक रूपरेखा निर्माण गर्न मद्दत पुऱ्याउँछन्।[4]

---

[2] सुशिल भट्टराई, उद्यमशीलता, युवा र अर्थतन्त्र

[3] युवा उद्यमशीलता पोलिसी ब्रिफ २०८०,
https://fncci.org/uploads/publication/file/YouthIndPolicyBrief_20230712020057.pdf

[4] नेपाल संविधान २०७२

सरकारको भूमिका भनेको यी संवैधानिक प्रतिबद्धताहरूलाई व्यावहारिक क्रियाकलापमा परिणत गर्नु हो-नीति विकास, पूर्वाधारको लगानी, शिक्षा, र समर्थनात्मक कानूनी वातावरण सिर्जना गरेर युवाहरुलाई उद्यमशीलतामा संलग्न गराउने र देशको आर्थिक विकासमा योगदान पुऱ्याउने जिम्मेवार सरकारको हो तर बिडम्बना यो कार्यन्वयन भरहेको छैन।

उद्यमशीलता नयाँ व्यवसाय सिर्जना गर्ने पक्रिया हो। नयाँ किसिमको नयाँ–नयाँ व्यवसायको सिर्जना, मेहनत, व्यवसायलाई आवश्यक समय, जोखिम बहन, उच्च उपलब्धिको चाहना, सिर्जनशीलता तथा नवप्रवर्तन र पुरस्कारकारुपमा नाफाको अपेक्षा आदि कुरा उद्यमीका महत्त्वपूर्ण विशेषता हुन्।

राष्ट्रको विकास आर्थिक विकासमा निर्भर हुन्छ र आर्थिक विकास उद्यमशीलतामा निर्भर रहन्छ। उद्यमशीलताले देशमा बेरोजगारी युवाहरूको सहयोग भएर रोजगारी सिर्जना गर्छ। जलस्रोत खनिज, प्राकृतिक तथा कृषि उपजको अधिकारमा सहयोग गर्छ।

नेपालमा रहेका रैथाने कला, परम्परा, रीतिरिवाज, विद्या, शिल्प सीप आयुर्वेद, योग, कृषि, उद्योग आदिको संरक्षण, संवर्द्धन,अन्वेषण, अनुसन्धान, विकास र प्रवर्धन गरेर पनि देशको विकास गर्नु सकिन्छ। अनुसन्धान आविष्कार, सदाचार र नैतिकतालाई नेपाली मानव संसाधनको प्रमुख विशेषताका रुपमा विकास गर्नका लागि सबै एकजुट हुनु आवश्यक छ।

ज्ञान परम्परा, खेलकुद, सङिगत, गायन, नाट्य, चित्रकला, मूर्तिकला कथानक चलचित्र, वृत्तचित्र, विज्ञान र प्रविधि, अन्य तह, स्वास्थ्य, जलस्रोत, वातावरण, उद्योग, पूर्वाधार तथा मानव विकास आदि क्षेत्रहरूको सर्वाङ्गीण एवम् समष्टिकृत विकासमा लागी मौलिक पद्धति, विधि एवम् योजनासहित कार्य गर्नु सक्नुपर्छ। जल, जमिन र जङ्गलको मौलिक सभ्यतागत एवम् स्थिति गत्यात्मक विधिबाट सदुपयोग पनि गर्न सक्नुपर्छ। युवासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न युवा सङ्घ/सङ्गठन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्था, निजी क्षेत्र, सहकारी, नागरिक समाज र स्थानीय निकायहरूलाई प्रोत्साहन तथा परिचालन गरी उपयुक्त वातावरण सिर्जना गर्दै यस्ता सङ्घ संस्थाको स्रोतलाई युवासम्बन्धी कार्यक्रममा परिचालन गर्न साझेदारका रूपमा लिइने छ। यस कार्यको निर्देशन तथा समन्वय युवा तथा खेलकुद मन्त्रालय, क्षेत्रगत मन्त्रालय र राष्ट्रिय युवा परिषद्ले गर्नेछ भन्ने कुरा युवा नीतिमा समावेश गरिएको छ।[5]

[5] राष्ट्रिय युवा नीति, २०७२

विश्वका विकसित देशहरूले उद्यमशीलतालाई महत्त्वपूर्ण स्थान दिएका कारण आजको स्थितिमा पुगेका हुन्। उद्यमीहरूको उद्यमशीलता र लगनशीलताले गर्दा नै आज विश्वका धनी राष्ट्रहरूको अर्थतन्त्रमा बृहत्तर विकास सम्भव भएको छ। असंख्य पूर्वाधारको विकास विदेशी अनुदान र ऋणबाट भएका छन् भने दिगो विकासका लक्ष्य हासिल गर्न हाम्रो जस्तो अल्पविकसित देशको लागि सहुलियतपूर्ण वैदेशिक ऋण तथा अनुदान अनिवार्य जस्तै हो।[6]

युवाहरू उद्यम गर्न किन मन पराउँदैनन् ? नेपालमा उद्यममीहरुको अभाव भएको नै हो ? यो प्रश्न ज्यादै जटिल र अर्थपूर्ण छ । सरकारले उद्यमीहरू उत्पादन गर्ने किसिमको शिक्षा नीति ल्याउन सकेको छैन र पर्याप्त गृहकार्य पनि गर्न सकेको छैन । हाम्रो शिक्षा नीतिले विषयवस्तुको ज्ञान दिन्छ। तर त्यो ज्ञानलाई व्यावहारिक किसिमले प्रयोग गरेर स्वरोजगारता सिर्जना गर्ने किसिमको सोच, आँट र सीप दिन सकेको छैन। यस्ता समस्याका बाबजुद हामी युवाहरूले अब सकारात्मक रूपमा अगाडि बढ्नु सक्नुपर्छ। केही पाउन केही गुमाउनु पर्छ भनेजस्तै अब युवा जाग्नुपर्छ, उठ्नुपर्छ। थोपा–थोपा मिलेर समुन्द्र बने जस्तै आफूले सिकेको जानेको कुराहरू सानो क्षेत्र भए पनि काम गर्नुसक्नुपर्छ।

अमेरिकी एवम् युरोपेली समाजले युवाहरूलाई सानै उमेरदेखि उद्यमी हुन उत्प्रेरित गरेको पाइन्छ। सानै उमेरमा उद्यम र उद्यमी बनेका थुप्रै उदाहरण पढेका छौं। स्वीडेनमा रहेर संसारभरि नै फैलिएको संसारकै सर्वाधिक ठूलो खुद्रा फर्निचर भण्डारमा संस्थापक इन्गाभार काम्प्राडले सन् १९४३ मा खुद्रा भण्डारको स्थापना गर्दा उनको उमेर १७ वर्ष थियो। माइक्रोसफ्टका संस्थापक बिल गेट्स केवल १५ वर्षको हुँदा उनले सानोतिनो किसिमको व्यापार गर्न आरम्भ गरिसकेका थिए। बिल गेट्सले २३ वर्षको उमेरमा नै माइक्रोसफ्टको प्रमुख भएर पनि लखपति भइसकेका थिए। फरबरी ४, २००४ मा स्थापना भएको फेसबुकका आविष्कारकर्ता मार्क जुकरवर्गको (जन्म १९८४) उमेर अहिले ३६ वर्ष छ। यो अवस्थामा नै उनले नाम र दाम दुवै कमाइसकेका छन्। साथै संसारलाई एउटा नितान्त नौलो प्रविधि दिन सफल पनि भएका छन्।

[6] Ibid

त्यसै गरि लैरी पेजको, जसले सर्जी ब्रिनसँग मिलेर गुगलको स्थापना गरेका थिए। उमेर (जन्म १९७३) अहिले ४७ वर्ष छ। जसले प्रविधिको क्षेत्रमा नयाँ–नयाँ स्वाद दिइरहेका छन्। संसारको नै सर्वाधिक ठूलो अनलाइन खुद्रा बिक्री भण्डारण अमेजनका संस्थापक जेफ बेजोसको उमेर (जन्म १९६४) अहिले ५६ वर्षको छ। यस्ता धेरै उदाहरण दिन सकिन्छ।

नेपालका पनि सरकारको तर्फबाट नभए पनि निजी क्षेत्रबाट धेरै युवाहरू काम सुरु गरेको पाइन्छ। विज्ञान र प्रविधि क्षेत्रमा होस् या कृषि क्षेत्रलगायतमा अहिले काम सुरु गरिरहेका छन्। ती युवाहरूलाई काम गर्ने वातावरण सहज बनाउनुमा नेपाल सरकारले पहल गर्नु आवश्यक छ। सरकारले पनि स्टार्टअप गर्नेहरूको लागि पुँजीगत लाभकार नलिने, उद्यमीहरूलाई निश्चित अवधिसम्म कर छुट दिने कार्यक्रमहरू गर्नुपर्छ। साथै इन्क्युबेसन सेन्टर सञ्चालन गरेर पनि उद्यमशीलतालाई अगाडि बढाउनु आवश्यक देखिन्छ।

उद्यमीहरूसँग उद्यमशील, ज्ञान, सीप र सकारात्मक सोच, धैर्यता र लगनशीलताको पनि आवश्यक छ। साना तिना कमी कमजोरीबाट पाठ सिक्दै, निराश नभएर मेहनत र निरन्तरता दिन सक्नुपर्छ।

काठमाडौं विश्वविद्यालयका सहप्राध्यापक डा. निर्मलमणि अधिकारी भन्नुहुन्छ, विकास भनेको प्रकृतिसँग तादात्म्य राख्ने, पर्यावरण मैत्री, पारिस्थितिक प्रणाली सापेक्ष विकासको पक्षमा विकास हुनुपर्छ। डा. अधिकारी थप लेख्नुहुन्छ, 'विकास के हो ?, कस्तो हो ?, कसरी गर्ने हो ? र कसका लागि हो ? भन्ने कुरा देश, काल, परिस्थिति, सिद्धान्त, वाद, मताग्रह आदिसँग सम्बद्ध जटिल अवधारणामा आधारित छ।' तसर्थ नेपालको वा कुनै अन्य देशको परिप्रेक्ष्यमा विकास गर्न, विकास गर्ने भनेर मात्र पुग्दैन। विकास स्थितिगत्यात्मक परिघटना हो। हामीले नेपालको परिप्रेक्ष्यमा विकासको चिन्तन पर्याप्त गर्नु पर्छ, तब मात्र विकास गर्ने हाम्रा आकांक्षाहरुले स्पष्ट मार्गचित्र पाउने छन्। के कस्ता योजना, परियोजना, भौतिक संरचना, लगानी नेपालको परिप्रेक्ष्यमा उपयुक्त, सान्दर्भिक, व्यवहार्य हुन भन्ने राम्ररी सोच विचारै नगरी पराइ प्रतिमानमा आधारित विकासे संकथनका होहोरिमा मच्चिने प्रवृत्ति अहिले हाबी देखिएको छ। नेपाल–केन्द्रित अनुसन्धान नगरी पराई प्रतिमानका मात्र आधारमा लागू गरिने विकासे परियोजनाका घातक असरहरू के के हुन सक्छन् ? भन्ने सोची, विचारी, परीक्षण गरी तब मात्र निष्कर्षमा पुग्नुपर्छ।

'नेपालको धरातलीय यथार्थसँग मिल्दा योजना, परियोजना, भौतिक संरचना, लगानी मात्र हाम्रो लागि वाञ्छनीय हो' उहाँ भन्नुहुन्छ 'निकै ठूला आकारका (दैत्यकार राक्षसाकार) अति धेरै लगानी चाहिने, ठुलो परिमाणमा विस्थापन र डुबान समस्या हुने, नदीको हजारौं हजारौं वर्षदेखिको प्राकृतिक प्रस्वण प्रणालीलाई ध्वस्त पार्ने, अमानवीय (दानवीय,प्रकृति–भञ्छक, सृष्टि–द्धेषी) परियोजना नेपालको धरातलीय यथार्थ, नेपालीजनक हित, हाम्रो वास्तविक सुखको प्रतिकूल (विरुद्ध) हो। मानव संसाधनको विकासलाई नेपालको विकास प्राथमिकतामा राख्नुपर्छ। आधारभूत संरचनात्मक विकास पनि साथसाथै अधि बढाउनुपर्छ। मानव संसाधनको विकासमा शिक्षा, शीप, अनुसन्धान, आविष्कार, नवाचार र नैतिकता हाम्रा प्राथमिकता हुन्। प्रकृतिसँग तादात्म्य राख्ने, पर्यावरण एवम् पारिस्थितिक प्रणाली सापेक्ष विकासको पक्षमा छौं हामी।

व्यक्तिगत, साझेदारी, सहकारी तथा सामूहिक प्रयासबाट उद्यमशीलता वा व्यवसायको विकास गर्न सकिन्छ। स्थानीय स्तरमा उपलब्ध, स्रोत, साधन, पुँजी तथा प्रविधिको उपयोगको साथै सीपमूलक तालिम र वित्तीय पहुँच विकास गरी उद्यमशीलता विकास गर्न सकिन्छ। पर्यावरणीयसहित उद्यमशीलता पनि अबको आवश्यकता हो। मस्तिष्कमा समझदारी, काँधमा जिम्मेवारी, हृदयमा इमानदारी भएर अबको युवाहरूले उद्यमशीलतामा लाग्नुपर्छ। अघि बढौं यो युग हाम्रो हो।

देशको औद्योगिकीकरणमा युवा उद्यमीको सबैभन्दा महत्त्वपूर्ण भूमिका हुन्छ। सरकार र समाजले केवल औद्योगिक वातावरणमा मात्र सिर्जना गर्दछ। औद्योगिक क्षेत्र अतिरिक्त कृषि तथा सेवा क्षेत्रको उत्थानमा समेत सक्रिय भूमिका हुन्छ। राष्ट्रको आर्थिक विकास गर्नका लागि उद्यमशीलताको अद्वितीय भूमिका हुन्छ। देशको आर्थिक विकासको मूल आधार नै युवा उद्यमशीलता हो।[7]

उद्यमशीलता नेपालको आर्थिक विकासको अभिन्न हिस्सा हो, र यसको प्रवर्द्धनले बेरोजगारी कम गर्न, रोजगारी सिर्जना गर्न, र देशको समग्र समृद्धिमा योगदान पुऱ्याउन सक्छ। यसका लागि सरकारलाई युवा उद्यमीलाई आवश्यक वातावरण र अवसर प्रदान गर्न पहल गर्न अत्यन्त महत्वपूर्ण छ। सरकारले शिक्षा नीतिमा उद्यमशीलता र सिर्जनशीलता समावेश गर्नुपर्छ, ताकि युवा पुस्ता व्यावहारिक सीप र जोखिम वहन गर्ने मानसिकता प्राप्त गर्न सकून्। साथै, स्टार्टअपलाई प्रोत्साहन गर्न पुँजीगत लाभकरमा छुट, कर छुट, इन्क्युबेसन सेन्टरको स्थापना जस्ता कदम चाल्नुपर्छ, जसले उद्यमशीलता

[7] Ibid

प्रवृत्तिलाई प्रवर्धन गर्ने छ। यसैगरी, पर्यावरणमैत्री र दीगो विकासका परियोजनाहरूमा ध्यान दिन आवश्यक छ, जसले नेपालका प्राकृतिक स्रोतहरूको संरक्षण गर्दै समृद्धि ल्याउने छ।

अझ युवालाई स्वरोजगार बनाउन सरकारले उद्यमशीलताको क्षेत्रमा विगतका वर्षभन्दा बढी लगानी गर्नुपर्ने देखिन्छ। युवा हरेक देशका उत्तराधिकारी हुन् । स्वस्थ र उद्यमी युवा जनसंख्या भएको मुलुकले समग्र विकास र प्रगति गरेका पाइन्छ । हामीले पनि यो अवसरलाई बेलैमा उपयोग गर्न सक्नुपर्छ। आज प्राविधिक क्रान्तिले स्वास्थ्य, सेवा, सूचना र कनेक्टिभिटीका कारण मानिसको जीवनलाई परिवर्तन गरिदिएको छ। नेपालमा भने धेरै युवा रोजगारीका लागि विदेशी रहेको अवस्था छ। यस परिपेक्ष्यमा सरकारले नयाँ रोजगारी सिर्जना गर्न र उद्यमशीलताको दर बढाउन रणनीतिक रूपमा केन्द्रित हुन आवश्यक छ। युवा उद्यमी बन्ने अवसर सिर्जना गर्ने र त्यसको प्रवर्द्धन गर्न सकेको खण्डमा युवाले भरिएको नेपाल रूपान्तरण हुन केही समय पनि लाग्दैन। युवा उद्यमशीलताले अर्थतन्तलाई दिगो बनाउन मद्दत गर्न सक्छ। आज उद्यमशीलताको अवस्था त्यस समाजको प्रगतिको संकेतका रूपमा लिइन्छ। अमेरिकामा आईटी व्यवसाय युवा उद्यमशीलताको आधार हो। त्यसैले हरेक युवालाई उद्यमशीलतामा सामेल हुने अवसर सिर्जना गराउने नीतिगत सहज व्यवस्था हुन आवश्यक छ। युवा उद्यमशीलताले समाजको सामाजिक साथै सांस्कृतिक र आर्थिक प्रगतिमा प्रभाव पार्ने भएकाले यसलाई सामान्य विषयका रूपमा लिने भुल गर्नुहुँदैन। नेपाल सरकारलाई विभिन्न क्षेत्रको विकास निर्माणको लागि द्विपक्षीय राष्ट्र बहुपक्षीय तथा क्षेत्रीय संस्था एसियाली विकास बैंक विश्व बैंक एशियाली पूर्वाधार लगानी बैंक संयुक्त राष्ट्रसङ्घ समूह युरोपियन युनियन ग्लोबल फण्ड र अन्य विश्वव्यापी कोषबाट प्राप्त हुने वित्तीय प्राविधिक एवम् वस्तुगत सहायता जुटाउन जरुरी छ। सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्न नेपालको निम्ति अपरिहार्य छ।[8]

यसै परिप्रेक्ष्यमा नेपाल सरकारले लघु उद्यमको माध्यमद्वारा न्यूनआय भएका गरिब परिवारहरूको आय वृद्धि गरी उनीहरूको जीवनस्तरमा सुधार ल्याउने लक्ष्यका साथ आव २०७५/७६ मा ७७ वटै जिल्लाका ७ सय ५३ स्थानीय तहमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालन गरिरहेको छ। यस कार्यक्रममा स्रोत सम्भाव्यता अध्ययन, सामाजिक परिचालन, उद्यमशीलताको विकास, प्राविधिक सीप, लघु कर्जामा पहुँच, उपयुक्त प्रविधिमा पहुँच, बजारीकरण तथा

8 वैदेशिक सहायतालाई पारदर्शी र प्रभावकारी बनाउने प्रयासमा सरकार, २०८१ पुष ७ आईतबार, https://beta.gorkhapatraonline.com/economics/2020-07-13-18386

व्यावसायिक परामर्श एवम् सहयोगजस्ता पक्ष समेटिएको छ। यस अवधारणालाई एकीकृत लघु–उद्यम विकासको सफल मोडेलका रूपमा लिइएको छ। हो। NYEF आधारभूत तल्लो तहमा उद्यम विकास प्रवर्द्धन गर्न पनि प्रतिबद्ध छ। यस उद्देश्यका लागि NYEF ले उद्यमशील संस्कृति निर्माण गर्न खोज्ने प्रमुख नेपाली व्यावसायिक संस्थाहरूसँगको साझेदारीमा राष्ट्रिय उद्यमशीलता इन्क्युबेसन कार्यक्रम सुरु गरेको छ।[9]

यस मोडलमा समेटिएका पक्ष निकै सबल भए तापनि उद्यम विकास सहजकर्ताको प्रभावकारी र कुशलतापूर्वक परिचालन गर्न आवश्यक देखिन्छ। सो कार्यक्रम सञ्चालनका लागि नीतिगत व्यवस्था गर्न निर्देशिका तथा कार्यविधि निर्माणसमेत गरिएको छ। जिल्ला उद्यम विकास कार्यक्रम कार्यविधि तथा लघु उद्यम विकास कोष सञ्चालन निर्देशिका २०६४ तथा गाउँ लघु उद्यम विकास योजना तर्जुमा तथा कार्यान्वयन निर्देशिका २०६६ तथा नयाँ मस्यौदा २०७४, गरिबी निवारणका लागि लघु-उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ आदि निर्माण भएका छन्। नीतिगत रूपमा यति धेरै काम भएको भए पनि लघु उद्यम विकासको क्षेत्रमा अझै संरचनागत विकास हुन नसक्नु विडम्बना नै मान्नुपर्छ। यतिसम्म छ कि स्थानीय तहमा उद्यम विकास शाखा स्थापना भएको अवस्था छैन भने स्थानीय तहले उद्यम विकास रणनीतिक योजनासमेत तयार गरेका छैनन्। जसको कारण उद्यमशीलताको क्षेत्रमा सोचेअनुसार उपलब्धि हुन सकेको छैन। त्यसकारण कानुन, नीतिनियम बनेर मात्र हुँदैन। त्यसको कार्यान्वयन पक्ष मजबुद भएन भने ती कागजमा सीमित रहन्छ त्यसैले यसको कार्यान्वयनमा जोड दिनुपर्छ। गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालनको दौरानमा महसुस गरिएको आधारमा सहजकर्ताको आवश्यकता र भूमिका विशेष रहेको पाइन्छ। स्थानीय, प्रदेश र संघीय सरकारले सहजर्कताको भूमिकालाई अझै आत्मसात् गर्न नसकेको हो कि भन्ने देखिन्छ। सहजकर्ताले उद्यमी निर्माणका लागि पुलका रूपमा काम गर्ने भएकाले यसको परिचालनमा स्थानीय सरकारको विशेष चासो हुनु आवश्यक छ। समुदायसँग सोझै सम्पर्क हुने स्थानीय सरकारको सहजीकरणबिना स्थानीय स्तरमा उद्यमविकास हुन कठिन छ। स्थानीय सरकारले यसलाई आफ्नो क्षेत्रको जनसमुदायको आर्थिक, सामाजिक र सांस्कृतिक उत्थानको महत्वपूर्ण कार्यक्रमका रूपमा लिँदै तत्काल उद्यम विकास शाखा स्थापना गर्नुपर्छ।

[9] Nepalese Young Entrepreneurs' Forum, available at https://learning.itcilo.org/ilo/youthemployment/PDF/2m_Nepal_Nepalese-Young-Entrepreneur-Forum_26Nov07_.pdf

## नेपालको विकसित विश्वव्यापी पहिचानमा खेलकुदको भूमिका

नेपालको परम्परागत नरम शक्तिलाई विचार गर्दा, राष्ट्र लामो समयदेखि सगरमाथा, बुद्धको जन्मस्थल र पौराणिक गोरखा योद्धाहरू जस्ता प्रतिष्ठित स्थल चिन्हहरूसँग जोडिएको छ। तर, खेलकुद क्षेत्रबाट नेपालको नयाँ छवि र सफ्ट पावर देखापरिरहेको छ, हामी यस लेखमा क्रिकेटमा नेपालको उदय र साहसिक खेलको प्रमुखतालाई हेर्नेछौं। विश्वव्यापी रूपमा, खेलकुदलाई सीमाना पार गर्ने र मानिसहरूलाई एकताबद्ध गर्ने यो अद्वितीय क्षमता भएको मानिन्छ। यो देश र यसको जनताको छवि निर्माण गर्न, अन्तर्राष्ट्रिय सद्भावनालाई बढावा दिन र खेलकूद कूटनीतिबाट सांस्कृतिक आदानप्रदानलाई बढावा दिनको लागि एक शक्तिशाली उपकरण हो। सन् १९७० को दशकमा चीन-अमेरिकाले आफ्नो द्विपक्षीय सम्बन्ध सुधार गर्न पिङ-पङ कूटनीति प्रयोग गरेको थियो। ब्राजिल, जापान र दक्षिण कोरिया जस्ता देशहरूले आफ्नो विश्वव्यापी छवि र आर्थिक वृद्धिलाई बढावा दिन फिफा विश्वकप र ओलम्पिक जस्ता खेलकुद कार्यक्रमहरू आयोजना गरेका छन्। कतारले आफ्नो अर्थतन्त्रमा विविधता ल्याउन फिफा विश्वकप २०२२ को आयोजना गरेको थियो।

त्यसै गरी, स्पोर्ट्स लिग जस्तै भारतको आईपीएल (इन्डियन प्रिमियर लिग), संयुक्त राज्य अमेरिकाको एनबीए (नेसनल बास्केटबल संघ), युनाइटेड किंगडमको प्रिमियर लिग, स्पेनको ला लिगा, इत्यादिले सफ्ट निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ। ती राष्ट्रहरूको शक्ति, अर्थतन्त्र इत्यादि। उत्तरपूर्वी पाकिस्तानको एउटा सानो सहर सियालकोटले पनि देशको खेलकुद अर्थतन्त्रमा योगदान पुऱ्याउँने विश्व फुटबलको ७०% उत्पादन गर्छ। तसर्थ, खेलकुदले देशको छवि र अर्थतन्त्रलाई महत्त्वपूर्ण असर गर्छ। नेपालले खेलकुदलाई प्राथमिकता दिने र नेपालको सफ्ट पावर र खेलकुद अर्थतन्त्रको विकासका लागि सम्भाव्यतामा योगदान गर्ने बेला आएको छ।

## नेपाली क्रिकेटको उदय

नेपाली क्रिकेटले आफ्नो निडर गेमप्ले र उत्कृष्ट खेलकुदका कारण विश्वमा द्रुत रूपमा पहिचान पाइरहेको छ। नेपालले सन् २०२३ मा आईसीसी डिजिटल फ्यान इन्गेजमेन्ट अफ द इयरको अवार्ड जित्दा पनि फ्यानहरूको अथाह समर्थन र माया निर्णायक रहेको छ। आजकल हामी विदेश भ्रमणमा जाँदा एसिया कपमा भारत र पाकिस्तान विरुद्ध नेपालको क्रिकेट म्याचको प्रदर्शन कुराकानी

भएको छ। स्टार्टर। राष्ट्रिय पुरुष क्रिकेट टोलीले संयुक्त राज्य अमेरिकामा जुन १ देखि २९, २०२४ सम्म हुने T20 विश्वकपमा दोस्रो पटक भाग लिने भएको छ, जसले नेपाललाई विश्वव्यापी मञ्चमा देखाउने महत्वपूर्ण अवसर प्रदान गर्दछ। त्यसैगरी, एभरेष्ट प्रिमियर लिग, नेपाल टी-२० लिग जस्ता घरेलु क्रिकेट लिगहरूले अन्तर्राष्ट्रिय र घरेलु सर्किटहरूमा लोकप्रियता हासिल गरेका छन्।

यस खेलको लोकप्रियताले नेपालको पर्यटन क्षेत्रलाई फाइदा पुग्ने र सांस्कृतिक आदानप्रदानलाई प्रवर्द्धन गर्न मद्दत गर्नेछ किनभने धेरै क्रिकेट टोली र टेस्ट खेल्ने राष्ट्रहरूले खेल खेल्न नेपाल आउने छन्। यी खेलाडीहरू र उनीहरूका सहयोगी कर्मचारीहरू, दर्शक वा फ्यानहरू जसले नेपाल क्रिकेटलाई फलो गर्छन्, र सम्भवतः भारत, इङ्ल्यान्ड, अष्ट्रेलिया आदि देशका क्रिकेट फ्यानहरूलाई क्रिकेट म्याच कभरेजमार्फत हाम्रो पर्यटन प्रवर्द्धन गर्ने प्लेटफर्म हुन सक्छ। यसबाहेक, विश्व स्तरको क्रिकेट पूर्वाधार निर्माण गरेर यस क्षेत्रमा खेलकुदको लोकप्रियताका कारण नेपालले दक्षिण एसियामा आफ्नो रणनीतिक स्थानको फाइदा उठाएर हाई प्रोफाइल खेलहरू आयोजना गर्न सक्छ। यसरी रोजगारी र राजस्व सिर्जना गरी क्षेत्रीय शान्ति र स्थायित्वका लागि कूटनीतिक औजारको रूपमा खेलकुदले काम गर्न सक्छ।

**साहसिक खेलको प्रमुखता**

नेपाल साहसिक खेलकुद, विशेषगरी पर्वतारोहणका लागि प्रख्यात छ। यस क्षेत्रले कोभिड-१९ महामारी पछि पुनरुत्थान भएको देखेको छ, २०२१ मा १४ शिखरः नथिङ इज इम्पसिबल डकुमेन्ट्रीले पर्वतारोहणको लोकप्रियतालाई थप बढाएको छ। यसमा ८००० मिटरभन्दा माथिका विश्वका १० अग्लो चुचुराहरूमध्ये आठ छन् र ३०० भन्दा बढी चुचुराहरू आरोहण र पदयात्राका लागि खुला छन्। सगरमाथा, अन्नपूर्ण र लाङटाङ क्षेत्रहरू पदयात्रा र आरोहणका लागि प्रसिद्ध छन् र विश्वभरका साहसीहरूलाई आकर्षित गर्न, सरकारी राजस्व र आकर्षक रोजगारीका अवसरहरू सिर्जना गर्छन्। पर्वतारोहण बाहेक, नेपालको विविध स्थलाकृतिले साहसिक उत्साहीहरूका लागि एउटा अतुलनीय खेल मैदान पनि प्रदान गर्दछ, जस्तै ह्वाइट-वाटर राफ्टिङ, कायाकिङ, माउन्टेन बाइकिङ, प्याराग्लाइडिङ, जिप-लाइनिङ, बन्जी जम्पिङ, र क्यानोनिङ।

एडभेन्चर टुरिजम डेभलपमेन्ट इन्डेक्स (एटीडीआई) प्रतिवेदन २०२० अनुसार, नेपाल क्रसरोडमा उभिएको छ, जहाँ नेपाल ६७औं स्थानमा छ र विकासोन्मुख देशहरूमा २१२ को एटीडीआई स्कोर छ, भुटानपछि दोस्रो र माल्दिभ्स, भारत, श्रीलंका र पाकिस्तानभन्दा अगाडि छ। दक्षिण एशियामा। नेपालले साहसिक क्रियाकलापका स्रोत, तयारी कारक, दिगो विकास, संस्कृति र छविमा राम्रो अंक प्राप्त गरेको छ। यसलाई हालको पूर्वाधारको स्तरोन्नति गर्न, जिम्मेवार पर्यटन नीतिहरू लागू गर्न, साहसिक खेल उद्यमीहरूलाई समर्थन गर्न, र विश्वव्यापी रूपमा साहसीहरूलाई आकर्षित गर्न मार्केटिङ अभियानहरूमा थप रणनीतिक लगानी आवश्यक छ। हामी हाम्रो प्राकृतिक परिदृश्य, र साहसिक खेलहरूमा बढ्दो विश्वव्यापी चासोको लाभ उठाउन सक्छौं र तदनुसार हाम्रा गन्तव्यहरू ब्रान्ड गर्न सक्छौं। नेपालसँग अन्तर्राष्ट्रिय साहसिक खेलकुद प्रतियोगिता आयोजना गर्ने र आयोजना गर्ने अपार सम्भावना छ।

सगरमाथा म्याराथन, प्याराग्लाइडिङ वर्ल्ड कप, याक अट्याक माउन्टेन बाइक रेस, हिमाल रेस आदि केही अन्तर्राष्ट्रिय साहसिक कार्यक्रमहरू पहिले नै आयोजना भइसकेका छन्।

### अगाडि बढ्दैः 3 'S' रणनीति

नेपालसँग फुटबल, टेबलटेनिस, ब्याडमिन्टन, भलिबल, अल्ट्रा ट्रेल दौड, मार्सल आर्ट आदि अन्य विभिन्न खेलहरूमा पनि सम्भावना छ। बलियो सफ्ट पावरको लागि हाम्रो खेल क्षेत्र र खेलाडीहरूको विकास गर्न इकोसिस्टम निर्माण गर्न आवश्यक छ। प्राथमिकता र रणनीतिक रूपमा स्रोत विनियोजन। हामीले तीन मुख्य क्षेत्रहरूमा ध्यान केन्द्रित गर्न आवश्यक छः सीप विकास, समर्थन र दिगोपन।

सीप विकासका लागि उपयुक्त तालिम सुविधा, प्रतिभा पहिचान र सबै तहमा विकास कार्यक्रमहरूमा लगानी चाहिन्छ। खेलकुद एकेडेमीहरूलाई उन्नत प्रविधि, प्रशिक्षण उपकरण, र गुणस्तरीय कोचिङले सुसज्जित गर्नुहोस्। एथलीटको शारीरिक फिटनेस, स्ट्यामिना, बल र मानसिक स्वास्थ्य निर्माण गर्न शारीरिक र मानसिक कन्डिसनिङमा ध्यान केन्द्रित गर्न। राम्रो-गोलाकार कन्डिसन कार्यक्रमले SMART लक्ष्यहरू (विशिष्ट, मापनयोग्य, प्राप्त गर्न सकिने, सान्दर्भिक, र समय-बाउन्ड) भएका एथलिटहरूको लागि हाइब्रिड प्रशिक्षण प्रणालीमा ध्यान केन्द्रित गर्न सक्छ। यसबाहेक, एथलिटहरू

नवीनतम खेल योजना र रणनीतिहरूसँग सुसज्जित छन् भनेर सुनिश्चित गर्न योग्य प्रशिक्षकहरू र खेल व्यवस्थापन पेसेवरहरूसँग रणनीतिक योजना लागु गर्न सकिन्छ।

खेलकुद खेलाडीहरूलाई देशको प्रतिनिधि र गौरवको स्रोतका रूपमा समर्थन गर्न आवश्यक छ। उचित नीतिहरू लागू गर्न, पर्याप्त बजेट विनियोजन र तिनीहरूलाई समर्थन गर्न प्रायोजन सुरक्षित गर्न आवश्यक छ। राष्ट्रिय खेलकुद बजेट बढाउनुपर्छ। आर्थिक वर्ष २०२३/०२४ को बजेटमा १ खर्ब ७५ अर्ब रुपैयाँ नगण्य रकम विनियोजन गरिएको छ, विगत सात वर्षदेखि विनियोजन गरिएको बजेटको प्रवृत्तिले खेलकुद क्षेत्रमा लगानी घट्दै गएको छ। हामीले राम्रो प्याकेज गरिएका खेलकुद कार्यक्रमहरू मार्फत फ्यानहरूको संलग्नता बढाउन आवश्यक छ, एक खेल संस्कृतिलाई बढावा दिँदै जसले आफ्नो खेलाडी र टोलीहरूमा स्वामित्व र गर्व लिन्छ। अर्जेन्टिनाले बलियो खेलकुद अर्थतन्त्र निर्माण गर्न आफ्नो बलियो फुटबल संस्कृतिको उपयोग गरेको छ। त्यसैगरी, कोलकाताको फुटबल विरासतले खेलकुदसँगको ऐतिहासिक र सांस्कृतिक सम्बन्धले कसरी गहिरो जरा गाडिएको समुदायलाई समर्थन गर्न सक्छ भनेर देखाउँछ।

नेपालमा खेलकुदको सम्भावनालाई अनलक गर्न सम्बोधन गर्नुपर्ने अर्को मुख्य मुद्दा दिगो हो। दशरथ रङ्गशाला अन्तर्राष्ट्रिय खेल सञ्चालनका लागि अयोग्य भएको समाचारले सकारात्मक सन्देश नदिएपछि खेलकुदको वर्तमान पूर्वाधारमा सुधार गर्नुहोस्। आधुनिक स्टेडियमहरू, प्रशिक्षण केन्द्रहरू, र खेल एकेडेमीहरूमा लगानी गर्नुहोस्। साथै, खेलाडीहरूलाई आफ्नो सीप प्रदर्शन गर्ने र एक्सपोजर प्राप्त गर्ने अवसर दिन अन्तर्राष्ट्रिय र घरेलु स्तरमा नियमित प्रतियोगिताहरू आयोजना गर्ने। खेलकुदमा दिगो अभ्यासहरू अँगालेर वातावरणमैत्री विधिहरू अपनाउने, वित्तीय स्थायित्व सुनिश्चित गर्ने र खेलकुद कार्यक्रमहरूमा समावेशीता प्रवर्द्धन गर्ने काम गर्नुपर्छ।

यसरी, नेपाल एक निर्णायक मोडमा उभिएको छ जहाँ खेलकुद अर्थतन्त्रले विश्वव्यापी मञ्चमा आफ्नो सफ्ट पावरलाई पुनः परिभाषित गर्न र आर्थिक विकासमा महत्त्वपूर्ण योगदान दिन सक्छ। क्रिकेटको बढ्दो लोकप्रियता, साहसिक खेलको बढ्दो प्रख्याततता, खेलकुद पूर्वाधारमा रणनीतिक लगानी र दिगो खेलकुद इकोसिस्टम निर्माण गरेर नेपालले आफ्नो खेलकुद अर्थतन्त्रलाई आफ्नो सफ्ट पावरको बलियो स्तम्भमा परिणत गर्न र लोकतान्त्रिक लाभांशबाट फाइदा लिन सक्छ। नेपालले खेलकुद अर्थतन्त्रको पूर्ण क्षमतालाई उजागर गर्ने र आफ्नो नयाँ विकसित विश्वव्यापी पहिचानलाई सदुपयोग गर्ने समय आएको छ।

सरकारले उद्यमशीलता विकास गर्ने भने पनि त्यो कथनीमा सीमित भएको छ। देशमा रहेका सबै युवाशक्तिलाई व्यावसायिक सिप र सिकाइसहित उद्यमशील बनाउनेतर्फ सरकारले नीतिसहितको विशेष कार्यक्रम लागु गर्नु अनिवार्य भइसक्यो। देशको युवा जनशक्ति विदेश पलायन हुँदा त्यसको प्रभाव विभिन्न क्षेत्रमा देखा परिसकेको । उद्यमीले उत्पादन गरेको वस्तु राज्यले किन्ने व्यवस्था गर्नु अनिवार्य छ। उत्पादित वस्तुले बजार नपाउँदा उद्यमी उद्योग बन्द गरी विदेश पलायन भइरहेका छन्। यसको जिम्मेवारी तीन तहका सरकारले नै लिएर समाधानको उपुयक्त बाटो खोज्नु पर्छ।

**सन्दर्भ सामाग्री**


*नेपाल संविधान २०७२*

*राष्ट्रिय युवा निति, २०७२*

*युवा उद्यमशीलता पोलिसी ब्रिफ २०८०,*

*https://fncci.org/uploads/publication/file/YouthIndPolicyBrief_20230712020057.pdf*

**युवावस्थाका आयामहरूः**

# असन्तोष र आन्दोलनदेखि सामाजिक बिचलनसम्म



प्रकाश अधिकारी

***लेखसार***

*मानव जीवनमा युवावस्था विशिष्ट हुन्छ । विध्वंश र निर्माण दुवै गर्नसक्ने क्षमता युवामा मात्र हुन्छ। प्रत्येक सामाजिक र राजनीतिक आन्दोलनमा युवाको सक्रिय सहभागिता हुने गरेको छ। युवाद्वारा समाजमा सामूहिक कुण्ठाको अभिव्यक्ति युवा असन्तोष हो। आन्दोलन समस्या छ भन्ने कुरा अन्यलाई विश्वास दिलाउन, अवस्थालाई सुधार गर्न कारबाही गरियोस् र समस्याको मूल कारण हल होस् भनेर हुने गर्छ। सामान्यतः युवा आन्दोलनको प्रमुख कारण सामाजिक व्यवस्थामा निहित हुन्छ, युवाको व्यक्तित्वमा होइन। हाम्रो जस्तो संक्रमण कालबाट गुज्रिरहेको समाजमा समस्याहरूको चाङ छन् र त्यसबाट निराश युवाहरू सत्तासीनहरूको ध्यानाकृष्ट गर्न आन्दोलन गर्छन् तर कानुन कार्यान्वयन गर्ने निकायले युवा मनोविज्ञानलाई नबुझी प्रतिक्रिया देखाउँदा जनधनको क्षति पुग्नु सामान्य हुने गरेको छ।*

*संविधानले राज्यले अपनाउनुपर्ने युवा नीति सम्बन्धी मार्ग दर्शन गरेको छ। मौजुदा प्रणालीमा युवाले कुन वयको मानिसलाई बुझाउँछ भन्ने कुरा विषय र प्रसंगले निर्धारित गर्छ। किशोरावस्था जीवनको संक्रमण काल पनि भएकोले यो वयमा सामाजिक विचलन हुने संभावना रहन्छ। त्यसैले कसूरदार ठहर हुनेमा युवाको सङ्ख्या धेरै छ। नेपालको मौजुदा राजनीतिक नेतृत्व युवा आन्दोलनबाट आएका व्यक्तिहरूले भरिएको छ। नेपालको प्रत्येक राजनीतिक दलसँग युवा दस्ता छ। यो युवादस्ता दलले गर्ने आन्दोलनमा अग्रपङक्तिमा रहन्छ। युवाले चाहे मुलुकमा परिवर्तन र विकास सम्भव छ।*

२०८० सालको पुस महिनामा दक्षिण कोरिया जाने आकाङ्क्षीहरूलाई भाषा परीक्षा सञ्चालन गर्ने ईपिएसको कार्यालय ललितपुर कार्यालय क्षेत्रमा भाषा परीक्षामा अनुत्तीर्ण र आवेदन दिन नपाएका असन्तुष्ट युवाहरूले केही दिनदेखि परीक्षामा सहभागी हुन पाउनुपर्छ भन्ने माग राखेर प्रदर्शन गर्दै आएका थिए । सो वस्तुस्थितिबारे समयमै पूर्व जानकारी हुन नसक्दा एक जना मन्त्री प्रदर्शन भइरहेको सडक हुँदै जाँदा मन्त्रीको सवारीसाधन देखेपछि प्रदर्शनकारी युवाहरूले उत्तेजित भएर हुलदङ्गा र आगजनी गरिदिए। त्यसक्रममा प्रदर्शनकारी र प्रहरीबीच झडप भयो र प्रहरीले बल प्रयोग गर्दा दुई जना होनहार युवाको मृत्यु भयो। युवाहरूको असन्तुष्टिसँग मन्त्रीको मन्त्रालयको कुनै साइनो र सरोकार थिएन तर, युवा प्रदर्शनकारीलाई उत्तेजित बनाउने काम मन्त्रीको उपस्थितिले गरेको थियो। मन्त्रीले वैकल्पिक मार्ग लिएर गएको भए जन धनको अपुरणीय क्षति हुन पाउने थिएन।

अर्को, विक्रम सम्बत् २०८१ सालको जेठको अन्तिम साता विराटनगरमा विहान १० बजे कोशी प्रदेश योजना आयोगको सवारी साधन कार्यालयतर्फ जाँदै गर्दा क्याम्पस छेउ मोडमा पुगेपछि एक्कासी निस्किएको विद्यार्थीको हुलले सवारी साधन घेरी चालकसमेत बाहिर निकाली आगजनी गरियो । आफ्ना सहपाठीहरू विरुद्ध प्रहरीले अभद्र व्यवहार मुद्दा लगाएको विरोधमा आगजनी गरिएको थियो भने यस अगावै उही निहुँमा विद्युत प्राधिकरणका चार वटा सवारीसाधनमा क्षति पुऱ्याइसकेको कुरा प्रहरी उद्धृत समाचारमा छ । विकासको प्रबुद्ध मण्डल रहने योजना आयोग र अत्यावश्यक सेवासँग सम्बन्धित विद्युत प्राधिकरणको आन्दोलन गर्ने विद्यार्थीहरूको असन्तोषसँग स्रोत साधनको अभाव झेलिरहेको राज्य प्रणालीले क्षणभरमा करौडौं मूल्य पर्ने सरकारी साधनहरू गुमाउनु पऱ्यो।

राज्य, सरकार, सत्ता वा सत्तासँग जोडिएको प्रतीक वा व्यक्ति जस्ता संस्थापन पक्षको एउटा रूढिबद्ध छवि (stereotyped image) सर्वसाधारणमा हुन्छ र युवाहरू बीच यो छवि झनै गहिरो गरेर बसेको छ । यो छविसँग सम्बन्धित कसैको पनि निरादर गर्नु, क्षति पुऱ्याउनु, लागू गरेको मानदण्डमा विचलन ल्याउन वा नियन्त्रणलाई मात्र इन्कार गर्नु वा उद्देश्य र साधनलाई अस्वीकार गर्नु युवा आन्दोलन हो। सामान्यतः युवा आन्दोलनको प्रमुख कारण सामाजिक व्यवस्थामा निहित हुन्छ, युवाको व्यक्तित्वमा होइन । युवा आन्दोलनको कारण कुनै लुटपिट हुन्छ भने धन-सम्पत्ति प्राप्त गर्ने उद्देश्यले गरिएको हुँदैन, सरकारी निजी सम्पत्तिमा तोडफोड, आगजनी गरिन्छ भने बदलाको भावनाले हुँदैन, कुनै व्यक्ति विरुद्ध नाराबाजी गरियो भने उसलाई अपमानित गर्न गरिएको हुँदैन । यी सबै आफ्ना माग पूरा नगरिदिनाले रुष्टता अभिव्यक्तिको युवा शैलीहरू हुन् ।

युवाहरू उग्रवादी, विद्रोही, क्रान्तिकारी, विवेकहीन र अपरिपक्व हुन्छन् तथापि राष्ट्र निर्माणका लागि चाहिने साहस, सिर्जनशीलता, सिक्ने क्षमता र उच्च मनोबल युवामा मात्र हुन्छ । त्यसैले युवा राष्ट्रका सम्पदा पनि हुन् । युवा बाहिरी प्रभावका प्रति अति संवेदनशील हुन्छन् र अर्काको नक्कल गर्न खप्पीस। युवा केवल विध्वंस, हत्या, आक्रमण र आतंकवादमा विश्वास गर्छन् भन्ने अर्थ पनि हैन। जब समाजमा सामाजिक संरचना र संस्थाहरूसँग, सामाजिक व्यवस्थामा विरोधाभाससँग, राजनीति र राजनीतिज्ञसँग, राज्यशक्तिको प्रयोग गरी गरिने निर्णय र निर्णय गर्नेसँग मोहभङ्ग हुन्छ युवाहरूबाट परम्परादेखि पालना गरिदै आएको नैतिक मूल्य र आदर्श अनुसारको व्यवहारको अपेक्षा राख्नु मनासिब हुँदैन। सामाजिक भेदभाव, ब्याप्त भ्रष्टाचार र अवैध साधनद्वारा आर्थिक लाभको खोजीले जीवनको चौतर्फी पतनोन्मुख हुँदै गर्दा युवामा राष्ट्रियता, नैतिकता, अनुशासन, स्थानीय संस्कृति, स्वयम् सेवी भावना र असल संस्कारको विकास गरिनुपर्छ।

जब युवाले आफ्ना नेताको 'कथनीकरनी'मा गहिरो र फराक खाडल देख्छन्; जब नेतागण बलिदान गर्नुपर्ने कुरा गर्छन् तर आफूचाहि ऐश-आरामको जीवन बिताउँछन्; जब नेता नैतिकताको कुरा गर्छन् र आफू चाहि तस्कर, अपराधी र समाजविरोधी तत्वसँग सम्बन्ध राख्छन्, जब नेतागण शान्ति र व्यवस्था तथा सामञ्जस्यताको कुरा गरेर थाक्दैनन् तर आफ्नै दलभित्र गुट उपगुट बनाएर झगडा गर्नमा आनन्द लिन्छन्, स्वच्छ प्रतिस्पर्धा, योग्यता, सुशासनको कुराको रटान दिन्छन् तर सार्वजनिक नियुक्ति र प्राथमिकतामा आफ्नै परिवार वा चिनेजानेका मानिसलाई अवसर दिन्छन् र राख्छन्, नेताहरू निर्धन र सुकुम्बासीका लागि सार्वजनिक मञ्चमा आँसु चुहाउँछन् तर तिनै सुकुम्बासीलाई उठिबास लाउँछन् र 'हुनेखानेहरू' पक्षमा हुने गरी नीति र कानुन तर्जुमा गर्छन् भने यी सबै टुलुटुलु हेरिरहेका युवामा रोष उत्पन्न हुनु स्वाभाविक नै हो। उल्लिखित सबैबाट निराश र भ्रमित भएर कुण्ठित युवा विभिन्न रुप र रङ्ग लिएर सामाजिक विरोध प्रस्तुत गर्नका लागि आन्दोलन चलाउँछन्।

## युवा असन्तोष

युवा असन्तोष के हो? सामाजिक असन्तोष के हो? असन्तोषले "अशान्त स्थिति" (disturbed condition) बुझाउँछ। यो मोहभङ्ग रोषको स्थिति हो। सामाजिक असन्तोष एक गुट, समुदाय वा समाजको सामुहिक मोहभङ्ग, रिसको आवेग र कुण्ठाको अभिव्यक्ति हो । यदि क्याम्पसका विद्यार्थीमा असन्तोष छ भने विद्यार्थीको प्रवेश (परीक्षा), पाठ्यक्रम, परीक्षा प्रणाली, अतिरिक्त क्रियाकलाप, शैक्षिक प्रणालीमा विद्यार्थीको प्रतिनिधित्व जस्ता सामूहिक मामिलामा विद्यार्थी कुण्ठित छन् र त्यसको प्रकटन विभिन्न स्वरुपमा हुने गर्छ। औद्योगिक श्रमिकमा न्यूनतम पारिश्रमिक, सेवा सुरक्षा, सामाजिक सुरक्षामा समस्या र प्रतिष्ठान भित्र र बाहिरको व्यावसायिक वातावरणप्रति उकुसमुकुस हुँदा श्रमिक असन्तोष वा औद्योगिक असन्तोष हुन्छ। एवम् रीतले किसान, जनजाति, महिला असन्तोष हुन्छ । सामाजिक आन्दोलनले "समाजमा समूहका आम मुद्दाहरूमा सामूहिक निराशा र कुण्ठा" को धारणालाई जोड दिनु हो।

उल्लिखित आधारमा युवाद्वारा समाजमा सामूहिक कुण्ठाको अभिव्यक्ति युवा असन्तोष हो। यो अभिव्यक्ति समाजमा विद्यमान मानदण्ड युवाको दृष्टिमा अप्रभावि र हानिकारक भएपछि र त्यसमा मोहभङ्ग भएपछि त्यसलाई परिवर्तन गर्नु पर्ने आवश्यकताको प्रतीत हुनु र आघात पुऱ्याउन थाल्नु हो। उनीहरूमा भएको मोहभङ्गले स्थापित मानदण्डहरूलाई भत्काउनुपर्ने आवश्यकता प्रतीत हुन्छ। यो दुई खाले हुन्छः समस्या अभिमुख र मूल्य अभिमुख। विद्यार्थी विश्वविद्यालयको उपकुलपति हटाउनका लागि आन्दोलन गर्छन् तर उपकुलपति चयन प्रणालीमा परिवर्तन गर्न संघर्ष गर्दैनन्। परीक्षा स्थगितका लागि लड्छन् तर परीक्षा प्रणालीको पुनः संरचनाका लागि आन्दोलन गर्दैनन्। शिक्षक-प्राध्यापकप्रति निरादर, सहपाठी युवतीलाई दुर्व्यवहार, क्याम्पसको सम्पत्तिमा हानि नोक्शानी पुऱ्याएर शैक्षिक संस्थाको लक्ष्यमा आफ्नो रुचि नभएको प्रदर्शन गर्छन्।

युवा आन्दोलनको उद्देश्य मौजुदा शिकायत र अन्यायका प्रति सत्तारुढको ध्यान आकृष्ट गर्नु, सचेत गराउनु, प्रभावित गर्नु, उत्तेजित पार्नु, चिन्तित तुल्याउनु र अस्तव्यस्त एवम् आकुल व्याकुल पार्नु हो। प्रदर्शन, नाराबाजी, हडताल, भोक हड्ताल, चक्का जाम, सडक अवरोध, घेराउ र परीक्षा, कक्षा बहिष्कार जस्ता स्वरुपमा युवा आन्दोलनहरू हुने गर्छन्। आन्दोलन हिंसात्मक भयो भने, सार्वजनिक सम्पत्ति तोडफोड गरियो भने, प्रशासनिक अधिकारीलाई थुनेर, घेरेर राखियो भने, पसल कार्यालय जबर्जस्ती बन्द गर्न लगाइयो भने र सडक आवागमन खुलाउन प्रहरी प्रवेश हुन्छ ।

अदालत, प्रहरी जस्ता कानून लागू गर्ने निकायमाथि आन्दोलनकारीको भरोसा हुँदैन र प्रहरीको उपस्थिति प्रत्युत्पादक हुनसक्छ। 'कानुन हातमा लिएका' युवा आन्दोलनकारीमा छिटो न्याय हुनुपर्छ भन्ने सोच रहन्छ। भिडको व्यक्तिले आफ्नो व्यक्तिगत पहिचान हराएर भीड़को एउटा हिस्सा बन्न पुगेपछि उसको स्वत्व बिलाएर भिडमा प्रवाहित हुन्छ र भिडले गरेका कसूरजन्य कार्यका लागि आफू पक्राउ पर्छु भन्ने डर उसलाई लाग्दैन। कानुन लागू गर्ने निकायलाई पनि भिडमा भएको अपराधमा कसलाई जिम्मेबार बनाउने ठहर्न मुश्किल पर्छ। यस्तो अवस्थामा तर्क वा बुद्धिले नभएर भावात्मक अपिलले मात्र आन्दोलनकारीलाई प्रभावित गर्छ।

## युवा असन्तोषका हालैका घटनाहरू

राजनीतिक वा सामाजिक आन्दोलनको अग्रपङ्क्तिमा युवा हुन्छन् र बलिदान दिन्छन्। वि.सं. २०७५ साउनमा कञ्चनपुर जिल्लाको भीमदत्त न.पा. निम्बुखेडा सडक नजिकै उखुबारीमा १३ वर्षीय किशोरी निर्मला पन्तको बलात्कार गरेर हत्या गरेको अवस्थामा शव भेटिन्छ। त्योभन्दा अघिल्लो दिन मध्यान्ह निज किशोरी साथीको घरमा जाने भनेर निस्केकी र साँझसम्म नफर्केपछि परिवारले सोधिखोजी गर्दा फेला नपरेपछि सहयोगका लागि प्रहरी समक्ष पुगेको थिए। तर, सहयोग र शिकायतप्रति प्रहरीले उत्सुकता र खोजिनीति गर्न तदारुकता देखाएन बरू अनुसन्धानका न्यूनतम मर्मको हेक्का नगरी सन्देहपूर्ण ढङ्गबाट

मानिसहरू पक्राउ गर्दै त्यसबारे जानकारी सार्वजनिक गर्ने गरेको भन्ने प्रहरीप्रतिको असन्तुष्टि सार्वजनिक सञ्चार माध्यमहरूमा प्रकाशित र प्रसारित भयो। स्थानीय र पीडित परिवारले यस प्रकरणमा प्रहरीले दोषी भनेर सार्वजनिक गरेका व्यक्ति निर्दोष भएको र वास्तविक अपराधीलाई जोगाउन खोजेको भन्दै आन्दोलन गरे। वास्तविक अपराधी पहिचानको माग गर्दै स्थानीयले गरेको आन्दोलनमा प्रहरीको गोली लागेर एक जना युवाको ज्यान नै गयो।

वि.सं. २०७७ को साउनमा रौतहट गरुडा न.पा.का २० वर्षीय निरन्जन रामको शंकास्पद मृत्यु भयो। त्यसको दोष १९ वर्षका विजय महरालाई लगाइयो र निजलाई प्रहरी हिरासतमा लिइयो । प्रहरी हिरासतमा रहेकै बेला गम्भीर अवस्था भएपछि उपचारका क्रममा वीरगञ्जमा उनको मृत्यु भएको थियो। निज विजयको शरीरभरि निलडाम र घाउचोट भेटेपछि स्थानीयले प्रहरीको कुटपिटका कारण मृत्यु भएको दाबी गरेका थिए।

वि.सं. २०८० पुसमा सर्लाहीको बरहथवा न.पा.मा स्वास्थ्य केन्द्रको स्तरउन्नती गर्ने नगर्ने विषयमा विवाद बढेपछि स्थानीयले मेयर बिरुद्ध प्रदर्शन गरेका थिए। प्रदर्शनकारीले मेयरको घरमा तोडफोड गर्न थालेपछि स्थितिलाई नियन्त्रणमा लिन प्रहरीको गोली चल्दा एक युवकको मृत्यु भएको थियो।

युवा विरोध, उत्तेजना र आन्दोलन सामाजिक विरोध / प्रतिवाद एक यस्तो विचार / व्यहार / नीतिको अस्वीकृतिको अभिव्यञ्जना हो जसलाई रोक्न वा टाल्न एक व्यक्ति शक्तिहीन हुन्छ। यो प्रत्यक्ष कारबाही होइन, असन्तोष व्यक्त गर्ने एक तरीका हो। यो अन्याय विरुद्धको घृणा (outrage) को अभिव्यक्ति हो। सामाजिक विरोधका महत्वपूर्ण तत्वहरूमाः (क) कारबाही शिकायत विशेषको अभिव्यक्ति हो। (ख) यस (विरोध)ले अन्यायकाप्रति दृढ विश्वासलाई इङ्गित गर्छ । (ग) विरोधी स्वयम् को प्रयत्नले स्थितिमा सुधार गर्नसक्ने अवस्था हुँदैन। (घ) लक्षित समूहलाई सुधारक कदम उठाउनका लागि उक्साउँछ। र, (ङ) लक्षित समूह विरोधीलाई प्रेरित गर्नका लागि बल प्रयोग, सम्झाउने/बुझाउने, सहानुभूति र डर देखाउनेको सम्मिश्रण प्रयोग गर्छ।

देशको विभिन्न भूभागका युवाका उत्तेजनापूर्ण आन्दोलन र उनीहरूको कुण्ठाको अवलोकन पश्चात के भन्न सकिन्छ भने दशकौं अघिदेखिका सरकारका नीति र कार्यक्रमले आगामी धेरै दशकपछिसम्म आम मानिसको जीवनस्तरमा सुधारको गुञ्जायस नदेख्दा अधिकांश युवा यति कुण्ठित र निराशावादी भएका छन्। जब देशका युवामा अधिकांश न केवल आफ्नो भविष्य र सुरक्षाका बारेमा अपितु देशको आर्थिक भविष्य र सामाजिक प्रगतिका बारेमा निराशाबादी छन् भने के युवाको उत्तेजनापूर्ण आन्दोलनलाई रोक्न र छेक्न सकिन्छ? देशको आर्थिक आवश्यकता र शैक्षिक प्रणालीमा दरार भयो भने युवामा भविष्यका बारेमा असुरक्षाको भावना हुन्छ। शैक्षिक प्रणाली, विद्यार्थीको आकाङ्क्षा र उपलब्धिका बीच तालमेल नहुँदा विद्यार्थीमा मनोवैज्ञानिक असर पर्छ। राम्रो अङ्क ल्याएर पनि रोजेको विषय पढ्न नपाउँदा विद्यार्थीमा निराशा

बढ्छ। विद्यार्थीलाई आन्दोलनका लागि उक्साउने र आन्दोलन टुङ्गोमा नपुगी सामसुम पार्ने राजनीतिक हस्तक्षेपले पनि युवामा निराशा बढाउने अर्को कारण हो।

अप्रसन्न र कुण्ठित युवा व्यक्तिमा जीवनको अर्थ र पूर्ति (meaning and fulfilment) को अभाव हुन्छ। यी व्यक्तिहरू उत्तेजनापूर्ण र सामाजिक आन्दोलनमा आकर्षित हुन्छन् । यिनीहरू दिग्दार भएका (bored) हुन्छन्, रचनात्मक भएरपनि कुनै रचना गर्न सक्दैनन्, आफूलाई दोषी (guilty) सम्झिन्छन्, पतनोन्मुख (downwardly mobile) भएको ठान्छन् र आफ्नो जीवनप्रति अत्यन्त असन्तुष्ठ हुन्छन् । उत्तेजनात्मक गतिबिधिबाट आफ्नो जीवनको खालिपनलाई अर्थ र उद्देश्य (meaning and purpose) प्रदान गर्छन्।[1]

समाजलाई विद्यामा प्रबुद्ध, प्राविधिक ज्ञानमा निपुण र राजनीतिक रुपले परिपक्व युवाको खाँचो छ। बेला बेलामा सामाजिक अभियन्ता र नागरिक समाजद्वारा पीडितको न्यायको माग हेतु गरिने देशब्यापी आन्दोलनहरूले एक नयाँ आशाको किरण जगाउने गर्छ र एक नयाँ दिशा देखाउने युवालाई उद्देश्य प्रेरित आन्दोलनले नेपालमा नयाँ युगको प्रारम्भ गर्ने गर्छ। समाजमा विद्यमान स्थितिसँग सबै व्यक्ति सन्तुष्ट हुँदैनन् । समस्या विद्यमान छन् भनेर अन्यलाई विश्वास दिलाउन सकियोस् भनेर, स्थिति सुधारका लागि कारबाहीको थालनी होस् भनेर र दुःखद स्थिति एवम् त्यसको कारण समाधान गर्न सकियोस् भनेर पनि आन्दोलन हुने गर्छ । सबै आन्दोलनहरू पीडितले गर्दैनन्, पीडितका तर्फबाट अन्यले गर्छन् । मापसे, लागू पदार्थको दुर्व्यसन, महिला अधिकारका आन्दोलनहरू अन्यले चलाउँछन् ।

युवा आन्दोलन सदैव हिंसक वा दमनकारी नभएर अनुनयकारी (persuasive) पनि हुन्छन् । यसप्रकारका आन्दोलनको दायरा अपेक्षाकृत कम महत्वपूर्ण विषयहरू, जस्तो, परीक्षाको मिति अघि वा पछि सार्ने, भर्नाको सिट सङ्ख्या बढाउने, शैक्षिक समितिहरूमा विद्यार्थीहरूको प्रतिनिधित्व बढाउने, विद्यार्थीलाई निर्णय प्रक्रियामा सामेल गर्नेसम्म हुने गर्छ। सार्वजनिक यातायातका साधनमा विद्यार्थी सहुलियत दिन तथा अस्थायी वा करारका शिक्षक कर्मचारीलाई स्वतः स्थायी गर्ने नीति बिरुद्ध युवा आन्दोलन हुने गर्छ । कलेज व्यवस्थापन वा सत्तारुढ व्यक्तिहरूसँग बसेर आफ्ना समस्याका बारेको आफ्नो दृष्टिकोणमा सहमत गराउन दबाब दिने गरिन्छ।

[1] Eric Huffer: The True believer Quoted in Social Problems in India by Ram Ahuja, Page no.195

## संविधान

नेपालको संविधानले राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने राज्यको युवा नीति लिएको छ। युवा नीति कार्यान्वयनको नेतृत्व युवा हक हितमा मात्र समर्पित युवा तथा खेलकुद मन्त्रालयले गरिरहेको छ। एक सामान्य युवा व्यक्तिवादी, कल्पनाशील र प्रतिस्पर्धी हुन्छ। जोश र उत्साह नियन्त्रित गर्ने मार्गदर्शनको मात्र उसलाई खाँचो हुन्छ। उसका असन्तुष्टि, रोष र शिकायतहरूको अभिव्यक्ति गर्ने तरीका सिकाउनु पर्छ, निकास खोज्नुपर्छ, साधन उपलब्ध गराउनुपर्छ । युवालाई अहानिकारक भावात्मक अभिव्यक्ति (emotional outlets) को अवसर दिनुपर्छ।

खेल र मनोरञ्जक क्रियाकलाप युवाको शारीरिक र मानसिक विकासका लागि एक अनिवार्य घटक हो। संविधानमा स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनावद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने राज्यको नीति हुने कुराको व्यवस्था गरेको छ। खेलले शारीरिक, मानसिक र भावात्मक विकास गर्छ। यसले स्वस्थ जीवन शैली अवलम्बन गर्न मद्दत गर्छ र सामाजिक कार्यमा जोडिएको तथा समाजका लागि लाभदायक भएको कुरा सुनिश्चित गर्छ। खेलमा सहभागी हुँदाखेरी प्रतिस्पर्धा र मिलजुलको भावना पनपिन्छ। अन्तर्राष्ट्रिय खेल आयोजनमा राष्ट्रिय प्रतिनिधित्वबाट राष्ट्रिय गौरव बढ्छ र युवामा आफ्नोपन तथा राष्ट्रिय भावना सिर्जना गर्नमा सघाउ पुऱ्याउँछ।

## युवा नीति

युवा नीति, २०७२ ले १६ वर्षदेखि ४० वर्षसम्मको नागरिकलाई युवा मानेको छ भने ऐन[२]मा समेत विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यही उमेर समूहका व्यक्तिलाई युवा भनी परिभाषा गरिएको छ। विगतमा यस उमेर समूहका मानिसलाई युवामा परिभाषित गरी निजहरू मात्र नेपालको संविधान, २०१९ मा व्यवस्थित युवक संगठनको प्रारम्भिक तहको सदस्य हुन पाउँथे ।[३] संयुक्त राष्ट्र संघले १५ देखि २४ वर्ष बीचको उमेर समूहलाई युवाकाल परिभाषित गरेको छ।[४] बालबालिका सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धिको नेपाल पक्ष राष्ट्र भएकोले महासन्धिले १८ वर्ष नपुगुञ्जेल बालबालिका हुने गरेको प्रावधान

---

[२] राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को दफा २ को खण्ड (छ)

[३] नेपाल युवक संगठन ऐन, २०२५ को दफा ६

[4] https://www.unesco.org/en/youth#:~:text=Definition%20of%20youth,youth'%20as%20a%20flexible%20ccategory. Visited in January 29, 2025.

बालबालिकासम्बन्धी ऐन, २०७५ मा आन्तरिकीकरण गरिएको छ। यस ऐनले बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय वा संस्थाका अधिकारीले कामकारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनुपर्ने कुराको निर्देशन गरेको छ।

उमेर मुख्यतः ऊर्जा र आँटसँग जोडिन्छ । दोस्रो, नयाँ विचार, नयाँ चिन्तनशैली, समस्या समाधानको नयाँ बाटो पहिल्याउन सक्ने व्यक्ति वा समूह पनि युवा नै हो । आज नेपाली समाजमामा नयाँ अनुहारहरूको खोजी भइरहेको छ । गत निर्वाचनमा युवा र नयाँ उम्मेदवारप्रति मतदाताको चाहना प्रकट भएको थियो । स्थानीय सरकारका लगभग ४० प्रतिशत जनप्रतिनिधिमा ४० वर्षमुनिका युवा नै निर्वाचित भएका छन् ।[5]

विषयसम्बन्धी अन्य ऐनहरूले सो ऐन प्रदत्त अधिकारको प्रयोग गर्ने प्रयोजनका लागि भिन्नाभिन्नै उमेर निश्चित गरेको छ। सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य प्रयोगजनका लागि दस वर्षदेखि १९ वर्ष उमेर समूहका व्यक्तिलाई किशोर किशोरी नामकरण गरेको छ।[6] किशोर किशोरीलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी शिक्षा, सूचना, परामर्श तथा सेवा प्राप्त गर्ने अधिकार रहेको छ।[7] चालक अनुमतिपत्र लिन ठूला सवारीको निमित्त २१, मझौला र साना सवारीका निमित्त १८ र मोटरसाइकल जस्ता दुई पाङ्ग्रे सवारीका निमित्त १६ वर्ष उमेर पुगेको हुनुपर्छ।[8] नागरिकता[9] र राहदानी[10] १६ वर्ष पुगेपछि पाइन्छ। दुष्कृतिको दायित्व १४ वर्ष उमेर पूरा भएपछि बेहोर्नुपर्छ[11]। मतदाता हुन १८ वर्ष[12] र विवाहको लागि २० वर्ष[13] पूरा गरेको हुनुपर्छ। १४ वर्ष उमेर नपुगेको बालकलाई बाल श्रमिकको रुपमा काममा लगाउन हुँदैन र बालकलाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउन हुँदैन। [14]

विश्व स्वास्थ्यसंगठन अनुसार अहिलेको विश्व जनसङ्ख्यामा २५ वर्ष मुनिको युवाको प्रतिशत मानव सभ्यताको सबैभन्दा बढी हो। ७.२ अरब विश्व जनसङ्ख्यामा २५ वर्ष मुनिका युवा ३ अरब छन् र यो ४२ प्रतिशत हो।[15] जीवनको यसै कालखण्डमा स्वतन्त्र व्यक्तिमा रुपान्तरण हुने, नयाँ सम्बन्धको थालनी गर्ने र जीवनपर्यन्त निरन्तरता पाउने सामाजिक सीप र व्यवहारको विकास हुन्छ।

---

[5] निर्वाचन आयोगको वेभपेजमा प्रकाशित निर्वाचन परिणाम मिति २०८१।११।१४ मा हेरिएको ।

[6] सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन, २०७५ दफा २ को खण्ड (ग)

[7] ऐ दफा ३

[8] सवारी तथा यातायात व्यवस्था सम्बन्धी ऐन, २०४९ को दफा ४७ को खण्ड (क) र (ख)

[9] नेपाल नागरिकता ऐन, २०६३ को दफा ८

[10] राहदानी ऐन, २०७६ को दफा १०

[11] मुलुकी देवानी संहिता, २०७४ को दफा

[12] नेपालको संविधानको धारा ८४(५)

[13] मुलुकी देवानी संहिता, २०७४ को दफा

[14] बालश्रम (निषेधित र नियमित गर्ने) ऐन, २०५६ को दफा ३

[15] https://www.who.int/tools/your-life-your-health/life-phase/adolescence-and-youth-10-to-24-years/having-a-healthy-social-life-in-adolescence-and-youth visited in January 30, 2025

**सामाजिक बिचलन**

देशको कुल जनसङ्ख्यामा युवा (१६-४० वर्ष) प्रतिशत ४२.६ छ।[16] जीवनको यस कालखण्डलाई 'कर्तव्यकाल' भनेर पनि चिनिन्छ। शारीरिक र मानसिक विकासका आधारमा १२ वर्षदेखि माथि १९ वर्षका युवालाई किशोरवय (टिनएजर) भनिन्छ। विश्व स्वास्थ्य संगठनले किशोरावस्थालाई बाल्यावस्थापछि र वयस्क अवधि अघिको मानव वृद्धि तथा विकास हुने समयावधि भनी परिभाषित गरेको छ। किशोरावस्थालाई पूर्व, मध्य र उत्तर गरी तीन चरणमा बाँडेर हेर्ने गरिन्छ। जैविक प्रक्रियाले यो उमेर समूहमा विभिन्न शारीरिक परिवर्तन, वृद्धि तथा विकास हुन्छ। किशोरावस्थाका निर्धारक तत्वहरू सार्वभौम हुन्छन् भने यो अवधिका चारित्रिक गुणहरू समय, संस्कृति तथा सामाजिक एवम् आर्थिक अवस्थाले फरक पार्ने भएकोले स्थानीय हुन्छन्।

किशोरावस्था जीवनचक्रको संक्रमणकाल हो। बाल्यावस्थाबाट वयस्क हुने यो काल शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक आयामले परिपक्वतातिरको लम्काइ भएकोले स्वपहिचानको खोजी उनीहरूको लक्ष्य हुन्छ। स्वायत्तता, श्रृजनशीलता, जिज्ञासुपन एकातिर हुन्छ अर्कोतिर समवयी, परिवार, शिक्षा र समाजको 'वातावरणीय' प्रभाव हुन्छ। किशोरावस्थामै शारीरिक ढाँचा-काँचामा परिवर्तन आउँछ। यौन र सम्बन्धका बारे अन्यौलता हुन्छ। किशोरहरू आफूलाई दृढ र बलवान देखाउन चाहन्छन्, किशोरीहरू सहनशील हुन थाल्छन् ।

यौनजन्य अनुभव लिन पाएका किशोर-किशोरीले सामाजिक बिचलनको सम्भावना झनै बढी हुन्छ। किशोर किशोरीहरू विपरीत लिंगीप्रति आकर्षित हुन्छन्, मन परेको जस्तो लाग्नु वा कुरा गर्न मन लाग्नु स्वाभाविक हुन्छ। त्यसैलाई 'प्रेम' ठानेर 'एकैछिनमा' सँगै मर्ने—बाँच्ने कसम खाने र शारीरिक सम्पर्क गरिहाल्ने प्रवृत्ति उनीहरूमा हुनसक्छ। विवाहइतर सम्बन्धबाट गर्भ रहँदा असुरक्षित गर्भपतन गर्नुपरी किशोरीले शारीरिक र मानसिक ठूलो क्षति र कष्ट बेहोर्नुपर्छ। कतिपय अवस्थाहरूमा ज्यानसमेत जोखिममा पर्नसक्छ। लामो समय औषधी सेवन गर्नुपर्ने हुनसक्छ जसले किशोरी आमालाई गहिरो मानसिक आघात पुऱ्याउँछ। बच्चा जन्मिदा पनि किशोर बाबुको माया र प्रेम उक्त नवजात शिशुले पाउँदैन । पहिलो कुरा त किशोर बाबुले नवजात बच्चालाई आफ्नो भनेर स्वीकार्दैन। लोकलाजको भयले धेरै मानिसहरू यस्तो अवस्थाका बारे कानुनको सहयोग लिँदैनन्।

१२ वर्षदेखि ३० वर्ष उमेर समूहमा गरिएको एक अध्ययनको निष्कर्ष पुरुषहरूमा १४ देखि २१ वर्ष उमेर समूहकाले सबैभन्दा बढी अपराध गर्ने गरेको र त्यसमा पनि १८ वर्ष उमेरकाले सबैभन्दा बढी 'अपराध' गर्ने गरेको पाइएको थियो भने युवतीको हकमा यस्तो उमेर १४ वर्षको थियो। त्यसपछिका

[16] National Statistics Office visited in February 6, 2025.

वयस्कहरूले मजबुत बैवाहिक सम्बन्ध र पेशा-व्यवसाय भएमा अपराध गर्ने प्रवृत्तिमा कमी हुँदै जाने र ६० वर्ष उमेरपछि मानिसले अपराधकर्म बिरलै गर्ने गरेको पाइएको छ [17]

अमेरिकी इतिहासमा पहिलोपटक जेल अवलोकन गर्ने राष्ट्रपति बराक ओबामाले अवलोकनपछि युवा कैदीहरूले गरेको गल्ति मेरो युवावस्थामा मैले गरेको गल्तिभन्दा भिन्न नभएको र फरक भनेको यी युवाले आफूलाई सुधार्न संस्थागत स्रोत सहयोग र सह्रदयता पाएर समाजमा पुनःस्थापन हुन अवसर नपाउनु हो भनेका थिए।[18] किशोरावस्था जोखिम लिनसक्ने, छिट्टै आवेगमा आउने र आत्मसंयम गुमाउने उमेर हो। अपराधलाई यदाकदा युवाको क्रीडा पनि भन्ने गरिन्छ। "साठी नपुगुञ्जेल पाठीको घिच्रो पनि निमोठियो, लाटीको तिघ्रो पनि चिमोटियो। जब आँट मर्दै र दाँत झर्दै आयो, बल्ल घट्टमा घाम लाग्यो"[19] भन्ने हास्यव्यङ्ग्य निबन्धकार भैरव अर्यालका शब्दहरूले युवावस्थामा गरिने सामाजिक बिचलनलाई सामान्यीकरण गर्छ।

### आन्दोलनका सीमाहरू

युवा आन्दोलन जतिनै विवेकहीन वा विवेकपूर्ण भएपनि यी चार कुराहरूले सीमाबद्ध गर्छः (१) आन्दोलनकारीको सङ्ख्या, (२) आन्दोलनकारीको भावना, (३) नेतृत्व, र (४) बाहिरी नियन्त्रण।

सहभागी सङ्ख्या कम भएको उत्तेजनापूर्ण आन्दोलन धेरै समयसम्म जारी रहन सक्दैन तर सत्तासीनहरूको ध्यानाकर्षण गर्न पर्याप्त सङ्ख्या छ भने आन्दोलनले निरन्तरता पाउँछ र सहभागीमा जोश र समर्पण (dedication)को भावना जागृत भएर आउँछ।

आन्दोलनकारीहरूको भावना, रोष र पूर्वाग्रहले उत्तेजनापूर्ण आन्दोलनलाई प्रेरणा दिन्छ। आन्दोलनमा युवाहरू बिना कुनै अपराध भावना (guilt feeling) मुखर (vocal) हुन्छन्। साथै, यदि असल र प्रभावशाली बक्ताको नेतृत्व छ भने नेताप्रति आज्ञाकारिता र आन्दोलनमा जोश भरिन्छ। आन्दोलनकारी समान (homogenous) भावनाका छन् भने आन्दोलन चर्केर जान्छ।

आन्दोलनकारीको लोकाचार (mores)ले पनि निजहरूको व्यवहारलाई बरोबरी प्रभावित गर्छ। विद्यार्थीहरू प्राध्यापकका बिरुद्ध नारा लगाइरहेका छन्? विश्वविद्यालयको सम्पत्ति तोडफोड गरेर नोक्शान पुर्याइरहेका छन्? उपकुलपतिको कार्यालयमा तालबन्दी गरेर धर्नामा बसेका छन्? उपकुलपतिका बिरुद्ध शारीरिक आक्रमण गरिरहेका छन्? आन्दोलनका लागि असामाजिक तत्वको सहयोग लिइरहेका छन्? जबर्जस्ती

---

[17] William S Katherine, Textbook on Criminology Page no. 267

[18] https://www.nytimes.com/2015/07/17/opinion/president-obama-takes-on-the-prison-crisis.html visited in January 30, 2025

[19] महापुरुषको संगतः भैरब अर्याल, भैरव अर्यालका हास्यव्यङ्ग्य पृष्ठ ८४

चन्दा असूली गरिरहेको छन्? यी कुराहरूले आन्दोलनकारीको लोकाचार र नैतिक मूल्य तय गर्छ र जनसमुदायको सहानुभूति पाउने नपाउने कुरा निर्भर गर्छ।

नेपालका युवा आन्दोलन स्वायत्त कम राजनीतिक उद्देश्य प्राप्तिका लागि अधिक राजनीतिक दलको इशारामा हुने गरेको इतिहास छ । विद्यार्थी र गैर विद्यार्थी युवालाई प्रत्येक राजनीतिक दलले भातृ संगठनको रुपमा संगठित र मोर्चाबन्दी गर्ने आम चलन बनिसकेको छ। राजनीतिक प्रतिमानहरूको ब्याख्या दल विशेषलाई लाभ पुग्ने गरी साँघुरो घेरा (parochial attitudes) बनाउन गरिन्छ र युवा दस्ता तदनुरुप तयार पारिन्छ। संस्थापनसँग समझदारी गरेपछि युवा आन्दोलन आफैं मत्थर भएर जान्छ। तथापि प्रजातन्त्रका लागि भएको २०३६ तथा २०४६ सालको र लोकतन्त्रका लागि २०६३ सालको आन्दोलनमा युवा अग्रदुत रहिआएका थिए। यस अलवा साहित्य, कला, संगीत र सस्कृतिको नयाँ शैली विकास गर्नमा युवा शक्तिकै योगदान रहिआएको छ।

## निचोड

युवालाई शिक्षा, रोजगारी र उद्यमशीलताको खाँचो छ। पूर्ण आत्मविश्वास भएका, सबै खाले परिस्थितिलाई आफू अनकूल बनाउन सक्ने र अध्ययनमा तीव्र रुचि भएका युवा आफ्नो योग्यताका कारण आफ्नो उद्देश्य प्राप्त गर्ने कुरामा विश्वास राख्छन्, परिश्रम गर्छन्, आन्दोलनबाट टाडै बस्छन्। अर्को थरी युवा जसमा योग्यता हुन्छ, परिपक्व पनि हुन्छन्, सही र गलतका बीचको भेदलाई पहिचान गर्ने प्रयत्न गर्छन्, परिश्रम गर्छन्, राम्रो अङ्क र श्रेणीलाई आफ्नो लक्ष्य बनाउँछन्, त्यस्ता गतिविधिबाट आफूलाई टाडै राख्छन् जसले आफ्नो लक्ष्यलाई नोक्शान पुऱ्याउँछ। अर्काथरी युवाहरू जोसँग वाञ्छित योग्यता नहुँदा उच्च प्राज्ञिक क्षमता भएका मेधावी विद्यार्थीसँग प्रतिस्पर्धा गर्न सक्दैनन् र गैर प्राज्ञिक मूल्य एवम् व्यहार आदर्श ठान्छन्। यस्ता युवाहरू परीक्षामा अनुचित तरीका अपनाउने, कक्षामा अनुपस्थित रहने, कसैद्वारा उचालिएर आन्दोलनमा भाग लिने र दौंतरीहरूलाई सहभागी हुन दबाव र प्रभावमा पार्ने गर्छन्।

युवा आन्दोलनमा नेता हुनका लागि आफ्ना समूहका साथ उत्तदायी, विश्वसनीय र भद्र सम्बन्ध स्थापित गर्न सक्नुपर्छ। आन्दोलनकारीको भावनालाई महसूस गर्न र उनीहरूकै बोली बोल्न सक्नुपर्छ। सदस्यहरूसँग उनीहरूको समस्याहरू र शिकायतको जोशिलो तवरले प्रस्तुति गरेर घनिष्ठता बनाउनुपर्छ। समकालीन अधिकांश नेपाली नेताहरू विद्यार्थी जीवनमा आर्थिक रुपमा अक्षम (handicapped) थिएनन्, शैक्षिक रुपले औसत थिए, राजनीतिक दृष्टिले महत्वकाङ्क्षी थिए र सामाजिक दृष्टिमा विकृत थिएनन् । आन्दोलनको रापताप सहेर विद्यार्थी नेतृत्वमा खारिएर माझिएर दलीय राजनीतिमा स्थापित भएका हुन् । विद्यार्थी जीवन धान्न परिवारको न्यूनतम भरथेग पाएर रोजगारीतिर लाग्नुपर्ने बाध्यतामा नपरेका, उच्च प्राज्ञिक आकाङ्क्षा नभएका, राजनीतिक सम्बन्ध र समर्थन पाएका, आकर्षक वक्तृत्वकला भएका र जोडतोड गर्नसक्ने युवाहरू नै आजका नेतागण हुन्। प्रायः सबै नेतागण उच्च जाति र उच्च सामाजिक स्थिति भएका परिवारबाट

आएकाले राजनीतिक विचारधारा फरक फरकजस्तो देखिएपनि रणनीति र कार्यनीतिमा वर्तमान नेतागण बीच फरक भएको महसुस हुँदैन।

युवाहरूको नैतिक मूल्य, लोकाचार र निजहरूको पारिवारिक पृष्ठभूमिले पनि आन्दोलनको स्वरुपलाई निश्चित गर्छ। बिपन्नता, समाजबाट अलग संझिने, अध्ययनमा पर्याप्त रुचि जागृत गर्न नसकेका, आफ्ना बाबु, आमासँग घनिष्ठ र सन्तोषप्रद सम्बन्धको अभाव भएका वा अध्ययन वा रोजगारीका लागि घर परिवार छाडेर अन्यत्र बसेका युवाहरू आफ्नो जीवनमा खालिपनलाई भर्न, साथिभाइको लहै लहैमा उत्तेजनापूर्ण आन्दोलनमा भाग लिने गर्छन्। अहिलेसम्म उपेक्षित रहँदै आएको यो विशाल युवा शक्तिलाई विकासका लागि र सामाजिक अन्याय हटाउन, राष्ट्रिय सामुहिक लक्ष्य प्राप्तिका लागि लगाउन आवश्यक समय अब भइसकेको छ। दमन र टकराबको वातावरणको स्थानमा आशा, विश्वास र आस्थाको वातावरण आवश्यकता छ र युवाशक्तिलाई यसतर्फ संगठित गर्न अग्रसर गरिनुपर्छ। किनभने अन्यको तुलनामा जोखिम लिनसक्ने साहस युवामा दोब्बर हुने निष्कर्ष रहेको छ।

प्रौढले युवा समस्या उनीहरूको साथ सहयोग बिना समाधान हुन सक्दैन भन्ने तथ्य स्वीकार गर्नुपर्छ। बाबुआमा, प्राध्यापक/शिक्षक एवम् प्रशासकले युवा विद्यार्थीको सहयोग लिन सक्नुपर्छ। सत्तासीनले युवा समस्याका प्रति संवेदनशीलता देखाएर तर्कसंगत निकास दिन सहयोग गर्नुपर्छ। कानुन कार्यान्वयन गर्ने निकायले युवा आन्दोलनलाई दबाउने भन्दा युवा मनोविज्ञान बुझ्नुपर्छ।

**References**


Altbach, Philip, (1967), *Students and politics*, Lucknow: Asia Publishing House. Downloaded from https://archive.org/details/studentpoliticsi0000altb_p8p3/page/n6/mode/1up visited in January 29, 2025.

- (1968), *Turmoil and transition: Higher Education and Students' politics in India*, Bombay: Lalvani publishing House. Downloaded from https://archive.org/details/studentpoliticsi0000altb_p8p3/page/n6/mode/1up Visited in January 29, 2025.

Ahuja, Ram, (2016), *Social problems in India*, Jaipur: Rawat Publications.

-(2000), *Society in India: Concepts, Theories and Recent Trends*, Jaipur: Rawat Publications.

Williams, Katherine S., (2001), *Textbook on Criminology*, New Delhi: Oxford University Press.

अर्याल, भैरव, (२०६०), *भैरव अर्यालका हास्यब्यङ्ग्य*, काठमाडौः भैरव पुरस्कार गुठी

-(२०८१), *नेपालको संविधान*, काठमाण्डौः कानुन किताब व्यवस्था समिति।

-(२०२५), *नेपाल युवक संगठन ऐन, २०२५*; नेपाल राजपत्र, भाग २ काठमाण्डौः मुद्रण विभाग

-(२०८१), *सवारी तथा यातायात सम्बन्धी ऐन, २०४९*; नेपाल ऐन संग्रह, खण्ड ९, काठमाण्डौः कानुन किताब व्यवस्था समिति।

-(२०८१), *बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६*; नेपाल ऐन संग्रह, खण्ड ३, काठमाण्डौः कानुन किताब व्यवस्था समिति।

-(२०८१), *नेपाल नागरिकता ऐन, २०६३*; नेपाल ऐन संग्रह, खण्ड ३, काठमाण्डौः कानुन किताब व्यवस्था समिति।

-(२०८१), *मतदाता नामावली ऐन, २०७३*; नेपाल ऐन संग्रह, खण्ड ३, काठमाण्डौः कानुन किताब व्यवस्था समिति।

-(२०८१), *मुलुकी अपराध संहिता, २०७४*; काठमाण्डौः कानुन किताब व्यवस्था समिति।

(२०८१), *मुलुकी देवानी संहिता, २०७४*; काठमाण्डौः कानुन किताब व्यवस्था समिति।

-(२०८१), *बालबालिका सम्बन्धी ऐन, २०७५;* नेपाल ऐन संग्रह; खण्ड १६, काठमाण्डौः कानुन किताब व्यवस्था समिति।

-(२०८१), *सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन, २०७५;* नेपाल ऐन संग्रह, खण्ड १५, काठमाण्डौः कानुन किताब व्यवस्था समिति।

-(२०८१), *राहदानी ऐन,२०७६;* नेपाल ऐन संग्रह, खण्ड १४, काठमाण्डौः कानुन किताब व्यवस्था समिति।

**Cites visited:**

*https://www.unesco.org/en/youth#:~:text=Definition%20of%20youth,youth'%20as%20a%20flexible%20category.*

*https://www.who.int/health-topics/adolescent-health#tab=tab_1*

*https://www.nytimes.com/2015/07/17/opinion/president-obama-takes-on-the-prison-crisis.html*

# Impact of Social Media on Mental Health of Nepalese Youth

**By CA Namuna Joshi**
**Contact no: 977-9841047334**
**Email ID: namuna.joshi21@gmail.com**



***Abstract***

*Social media have become a prominent part of the lives of Nepalese youth. These platforms provide ample opportunities for communication, self-expression, and social networking. Along with these positive aspects, however, social media has also developed some serious issues which impacts the mental health of Nepalese youth. This article attempts to analyze both sides of how social media serves as a double-edged sword in the mental health of young individuals. On the positive side, social media facilitates social connectedness, creativity, and exposure to educational resources that allow the youth to connect with supportive communities and gain awareness of their mental health. However, excessive use of social media may create a lot of issues regarding body image, self-esteem problems, cyberbullying, addiction, and social comparisons that result in anxiety and depression. The article tries to explain how digital literacy, healthy boundaries, and professional support go a long way in mitigating these adverse effects. The strategies by the parents, educators, and experts in the field of mental health should be proactive enough to guide the youth in responsible social media use. By striking a balance between online and offline life, the psychological well-being of Nepalese youth is sure to be guaranteed in an ever-increasing digital world.*

**Key Words**

Social media, youth, young people, mental health, addiction, depression, self-esteem, anxiety

## 1. Background

Social media is a way to communicate and share information online quickly among large people with the use of internet. Social media refers to interactive digital platforms that allow users to

create, share, and exchange content in virtual communities and networks. *(Wikipedia)*. Some of the mainstream social media platforms today include Facebook, Instagram, Tiktok, etc. These platforms allow people to interact with each other, share information among themselves. Previously, these platforms were limited to sending and receiving messages amongst family and friends. However, today, social media serves not only as a platform of communication but it has also become a powerful tool for businesses to expand their business. Social media is used for heavy marketing and advertising, personal and corporate brandings, etc. With the quick advancement in digital technologies, social media has also revolutionized over the past few years. Social media is used by all kinds of generations from kids to senior citizens all over the world. It has become very difficult to escape social media for people now.

While the social media has several opportunities and advantages, it has also posed concerns on the mental health of young minds. This article discusses the role of social media in fostering social connections, self-esteem, body image, cyberbullying, addiction, and anxiety in an effort to provide a comprehensive understanding of how these platforms are influencing the psychological well-being of young people.

## 2. Popularity of Social Media Among Youth

Currently, social media is being used by youth all over the world. According to The U.S. Surgeon General's Advisory, 95% of teenagers of age group 13-17 use social media platform and almost 40% of children of age group 8-12 in the United States. As of January 2025, there are 5.24 billion social media users across the globe, which constitutes 63.9 percent of the total global population. In the past year, a total of 206 million users have joined the social media. An average social media user is reported to actively use or visit an average of 6.8 different social platforms each month, and spend an average of 2 hours 21 minutes per day using social media




***Source: https://datareportal.com/social-media-users***

Social media is a platform for self-expression, entertainment, and communication; however, its pervasive nature has led researchers and mental health professionals to call into question its effects on young people's mental well-being.

## 3. Positive Impacts of Social Media on Youth Mental Health

Social media has numerous benefits to people and has also impacted positively on mental health of young people, some of which have been discussed below:

### a. Facilitating Social Connections

Social media offers a unique opportunity for youth to connect with peers, build friendships, and build strong network circles. The platform has allowed youths to communicate with loved ones from across all corners to every part of the world. With the help of social media, youth have the opportunity to build meaningful relationships, seek emotional support from peer and also provides a sense of belonging. Beyond personal relationships, these platforms are also used to connect with a mass of people to grow businesses and reach out to customers due to which many individuals have been able to build successful ventures and enterprise. It is also a facilitation to reach out to people with similar mindset and sharing similar experiences. For instance, youth experiencing long-term illness, disability, or struggles related to their mental health find great benefits from support groups and online communities via Reddit, Facebook, and Twitter. These also offer a space for youth to build experiences, share advice, and validate one another's experiences.

### b. Inspiration and Personal Growth

Social media has also become the avenue for youngsters to get inspired, be more creative, or showcase their skills. Through these social media means, such as YouTube, TikTok, or Instagram,one can share about photography, artworks, dancing, music, among other forms of self-expression, which can drive self-confidence for an individual's interest and passions.

Finally, many young people seek motivational content, support for their mental health, and self-help advice on social media. Influencers, activists, and organizations committed to increasing awareness on mental health often take to the platforms to push messages of resiliency, personal growth, and self-care across. Social media can be such a powerful tool in constructively encouraging positive mental health habits and self-compassion.

### c. Educational Resources and Awareness

Social media has become very helpful in creating awareness about issues of mental health. Campaigns, infographics, and posts expose young people to information on mental health and resources that help them identify signs of poor mental health and how to seek help when necessary. Equally effective has been the use of social media for creating awareness about depression, anxiety, eating disorders, etc.

Moreover, some young people use the sites as a source of mental health support and educational content through videos and articles on coping mechanisms, stress management, and mindfulness. The anonymity of online interactions can make it easier for young people to participate in mental health discussions, ask questions, and seek guidance without fear of judgment from known people.

### d. Support during difficult times

During the time of difficulty, social media can provide a comfort by sharing their experiences and connecting with similar people. During pandemic like COVID-19 pandemic, social media kept young Nepalese in touch and allowed them to share their experiences providing them with the sense of comfort and connectivity with friends and family. Social media can also connect youth with resources that might help them get through immediate mental health crises such links to hotlines, options for online therapy, or methods of coping with panic attacks, depression, and anxiety. In such moments when immediate help is needed, such resources can save lives.

### e. Youth Empowerment

The social media provide young people the platform to narrate their stories, and mobilize for that which they may care about. This can have a very good effect on bolstering self-esteem. It means a channel is provided through which youth feel valuable contributions are made toward key causes such as social, environmental, or even political that raises their feeling of self-worth and, indeed, their purpose. Several youngsters utilize social media to represent themselves through art, writing, music, and videos, other forms of creative expression. Skills like these provide them with noticeable and valued characteristics, therefore heightening their level of confidence.

Social media also enables youth to take part in a few collective social justice campaigns and even political campaigns. Further, these are great and powerful platforms to raise voice against wrongdoings happening in the society. Today social media is a strong voice to conduct protests globally. Nepalese youth have also time and gain used social media to conduct these kinds of activities.

## 4. Negative Impact of Social Media on Youth Mental Health

Although the social media platforms have a lot of positive aspects to offer, but a lot of young people are also suffering due to the negative effects of social media. Research suggests that excessive or unhealthy use of social media can contribute to a range of psychological and emotional challenges among young people.

### a. Body Image Issues and Self-Esteem

Among all the issues dealing with social media use and mental health, body image remains one of the top concerns. Social media platforms like Instagram and TikTok usually emphasize physical appearance that may increase body dissatisfaction and lower self-esteem among young men and women. Many influencers, celebrities, and users on social media present a very idealistic version of beauty through filtered photos and photo editing.

These idealized images can only lead to negative comparisons, feelings of inadequacy, and a distorted sense of body image in the minds of many young people, especially those who already have low self-esteem. The pressure to conform to the beauty standards of social media is furthered by the phenomenon of "likes" and comments that validate appearance-based content. If youth do not receive the attention, they believe they will, their self-esteem may be affected, further lowering insecurity.

### b. Cyberbullying and Online Harassment

Another important negative influence of social media on the mental health of young people is cyberbullying and online harassment. Traditionally, bullying used to take place within certain physical places, like schools, neighborhood, etc., however, currently, bullying can be done at anytime from anywhere with the use of social media, laptops and mobile phones. The National Crime Prevention Council defines cyberbullying as the process of using the Internet, cell phones or other devices to send or post text or images intended to hurt or embarrass another person. It involves impersonating someone and sending fake messages to their loved ones, sexual harassment, posting sexual contents in the social media among others. Cyberbullying through social media sites, messaging applications, and online game sites can be done every time. Cyber harassment is done though mean comments, online threats, spreading rumors and sharing embarrassing photos or videos of someone. World Health Organization (WHO) reports that 15%

of adolescents have been cyberbullied. In the context of Nepal, frequent cases have been reported where private photos and videos of women were leaked in social media. Online abuse directed at women was about 70% of the 353 cases reported to the cybercrime agency in the months of August and September 2019 in Nepal.

Cyberbullying can have devastating effects on the mental health of young people. Victims of online harassment often experience isolation, anxiety, depression, and low self-esteem. Some studies have found that youth who are bullied online are at a higher risk of self-harm and suicide. Further, the cyber harassment is often done anonymously which makes easier for people to bully others without any fear.

**c. Addiction and Screen Time Dependency**

One of the biggest issues with social media is addictiveness. Almost all social media platforms are deliberately designed to keep social media users to use the platform as long as possible. These platforms are designed to grab attention of the users and making them stay on the platform as long as possible. Social media creators use features such as push notifications, likes, comment notification which keeps the users engaging in social media. They also use algorithms that offers personalized content to youths based on their social media behavior, use of content pattern, etc. This can create a cycle of overuse due to which young people spend hours daily on their phones, losing sight of other important activities in their life, such as doing schoolwork, engaging in physical activity, and having face-to-face social interactions.

Excessive social media use is related to mental health consequences, such as major depression, anxiety, and sleeping problems. Repeated validation from likes, comments, and other sharing activities across the various platforms of social networking may create inadequacy feelings and fear of missing out. Several reports have claimed that excessive use of social media have interfered with the sleep pattern of youth, mood disorders and also interfere with cognitive abilities. Research from San Diego State University revealed that 7 in 10 teens who use social media for over 5 hours are at higher risk of committing suicide.

### d. Social Comparison and Anxiety

Through social media, any person can view and watch contents of other connected people. In Nepal, people often have the habit of sharing their experiences in social media like Facebook and Instagram. People share their lives big and small achievements, snapshots of their vacation, romantic relationships, material possessions, etc. with many of them with the intention to show off with their friends and family. This has also created comparison of youths among their fellow mates which can be extremely challenging for mental health. This has developed a feeling of jealousy among youths. While some might take it positively to outgrow themselves, a large audience are deeply affected by these activities. This also creates unreal expectations for youth and develops a feeling of competitiveness. People display their so-called perfect lives in the social media among viewers creating peer pressure and the desire to create a similar life for other youths. To many youths, this results in heightened stress and anxiety as one tries to maintain a standard dictated by their peers or influencers. Majority of the social media addicts have admitted that social media has interfered with their daily routine activity, academic performance, sleep pattern and mental health issues.

### e. Fear of Missing Out (FOMO)

Another negative part of the use of social media among youths is the fear of mission out, often called as FOMO in short. The stream of updates on social media could make a young person feel left out, especially when they see friends attending events, going on trips, or engaging in an activity that they were not invited to. These feelings of loneliness, depression, and inadequacy might lead one to feel that they are missing out on important experiences, or that their lives are not as exciting compared to others.

## 5. Strategies to Reduce the Potential Negative Effects of Social Media

While social media have posed many threats to the mental health of young people, it is still ways to mitigate the negative impact of social media. All stakeholders like parents, educators, mental health experts, and platforms themselves can act to ensure social media use stays healthy and advantageous. Following is some of the methods that can be applied to reduce the negative effects of social media in the mental health of youth.

**a. Creating Healthy Boundaries**

Youths could create boundaries to help balance their physical and social media activities. Some of the ways to create such boundaries involve setting a limit on screen time, personal time with parents and peers for direct interaction, and discussions concerning experiences online. It can also include habits such as not using any smart devices during meal time and creating family time. Such practices help youth to maintain a healthy lifestyle. Further, encouraging the youth to take breaks from social media and engage them in other activities that promote well-being, which may include physical exercises, hobbies, and time spent with family and friends further aids in such healthy lifestyle.

**b. Promoting Digital Literacy**

Digital literacy education is crucial to avoid social media addiction and helps the youth navigate the challenges posed by social media. Teaching young people the possible dangers, such as those from cyberbullying, privacy, and the risks of comparative living excessively, would help reduce the negative effects of using social media. In addition, the social media developers can themselves play a great role in promoting digital literacy through their platforms for the mental weel-being of youth.

**c. Fostering Positive Online Communities**

Building healthy relationships with and engaging in more positive online social networking communities helps to negate the negative aspects of social media. All media platforms do support joining or starting groups addressing their mental, creative, learning, and mutual interests. Surrounded by caring people who work hard to embrace kind, positive words, youths are able to experience a totally new online culture.

**d. Seeking professional attention**

For youths whose mental state is deeply affected by the social media, there are options available for consultation with professionals such as psychotherapist. Professionals often use techniques like behavioral therapy to treat social media addiction. These therapies help youths by making them aware about their social media behavior and its impact on their mental health, and providing them personalized suggestions to improve those behavior.

## 6. Conclusion

Social media has transformed the way people communicate, learn, and self-express. From its beneficial use, such as social networking, promoting self-expression, and raising awareness about mental health issues, to serious risks such as unrealistic beauty standards that can lead to depression, anxiety, and low self-esteem, cyberbullying and addictive social media use are posing great threat to mental health of young people.

To reduce the negative impacts, it becomes very important that parents, educators, and mental health professionals guide the youth in responsible ways of using social media. Healthy boundary-setting, ensuring digital literacy, building positive online communities, and seeking professional help, when necessary, can be some of the strategies to reduce the negative impacts. The ultimate focus should be to empower youths to use social media in a manner that their well-being increases without developing an unnatural balance between life online and off. Proactive steps can ensure that the mental health of Nepali youth is better protected in these increasingly digital times.

**References**


Ambassador, N. (2023, May 2). *The impact of online harassment and cyberbullying on online safety in Nepal and finding preventive measures – Paribhasha Pradhan - NetMission.Asia*. NetMission.Asia. https://netmission.asia/2023/05/02/the-impact-of-online-harassment-and-cyberbullying-on-online-safety-in-nepal-and-finding-preventive-measures-paribhasha-pradhan/

*Global Social Media Statistics — DataReportal – Global Digital Insights*. (n.d.). DataReportal – Global Digital Insights. https://datareportal.com/social-media-users

Miller, J. (2025, January 1). *Social Media Addiction Statistics - Risks, Warnings & Safety (2025)*. AddictionHelp.com. https://www.addictionhelp.com/social-media-addiction/statistics/#:~:text=According%20to%20research%20from%20the,compared%20to%20the%20average%20person.

Amatya, D.L. (2003), *Study on Nepalese International Athletes' and Coaches'* Academic and Professional Qualifications**,** Sports Science and Physical Education Bulletin, 39, 63-69 https://nepjol.info/index.php/mrj/article/download/61721/46412/181714

Satya Narayan Maharjan **,** *Sports Law in Nepal: Reference to Doping in Football*, Volume 11 (2022), https://kslreview.org/index.php/kslr/article/download/2217/1557/3574

Adverse Health Consequences of Performance-Enhancing Drugs: An Endocrine Society Scientific Statement https://pmc.ncbi.nlm.nih.gov/articles/PMC4026349/

Himalayan News Service, '*THT 10 years ago: Rajendra Bhandari tests positive for banned drug*', THE HIMALAYAN TIME, Kathmandu, 23 September 2016, available at https://thehimalayantimes.com/opinion/tht-10-years-ago-rajendra-bhandari-tests-positive-banned-drug, accessed on 16th July, 2022.

Santosh Raj Pandey, '*Scrutiny over doping in South Asian Games'*, Khabarhub.com, Kathmandu, 17 November 2019, available at https://english.khabarhub.com/2019/17/55372/, accessed on 9th July, 2022

World Anti- Doping Program 2020 Anti-Doping Rule Violation (ADRV) Report

Sixteenth Periodic Plan (16th periodic plan 2024/2025-2028/2029)

Website links https://cces.ca/sample-collection procedureshttps://www.nepjol.info/index.php/mrj/article/view/61721

Players should be careful while using medicines to avoid doping https://kathmandupost.com/sports/2019/11/28/players-should-be-careful-while-using-medicine-to-avoid-doping-says-dr-shrestha

https://moys.gov.np/sites/default/files/press/release/Anti Doping in Sports brochure final.pdf

https://www.wada-ama.org/en/what-we-do/world-anti-doping-code/code-signatories

https://www.wada-ama.org/en/what-we-do/compliance-monitoringhttps://www.wada-ama.org/en/athletes-support-personnel/anti-doping-process

https://myrepublica.nagariknetwork.com/news/doping-fiasco-casts-shadow-over-national-games

https://nadaindia.yas.gov.in/wp-content/uploads/ABP.pdf

https://nepalpremierleague.com.np/anti-doping

https://sportintegrity.nz/integrity/anti-doping/substances/the-consequences-of-dopinghttps://www.worldsquash.org/consequences-of-doping/

https://www.bing.com/ck/a?!&&p=6e50f9daae424ebb27362441ff4f05ac376e3f04dbcf9859fca892e140adf434JmltdHM9MTc0MjY4ODAwMA&ptn=3&ver=2&hsh=4&fclid=2e5d2c70-d88b-67a5-2898

# खेल कूटनीतिः नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध।



प्रविन कुमार यादव

**_लेखसार_**

*खेल कूटनीति एक प्रभावकारी माध्यम हो, जसले खेलकुदमार्फत् अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढ पार्ने, शान्ति प्रवर्द्धन गर्ने र सांस्कृतिक आदानप्रदानलाई प्रोत्साहन गर्ने काम गर्छ। भारत र चीनजस्ता दुई ठूला राष्ट्रहरूबीच अवस्थित नेपालका लागि खेल कूटनीतिले आफ्नो अन्तर्राष्ट्रिय छवि बढाउने र कूटनीतिक सम्बन्ध सुदृढ गर्ने विशेष अवसर प्रदान गर्छ। यस लेखमा नेपालको खेलकुद इतिहास, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता, र खेलकुदलाई सौम्य शक्ति (soft power) को रूपमा प्रयोग गरी वैश्विक सम्बन्ध सुदृढ गर्न सकिने सम्भावनाहरूको विश्लेषण गरिएको छ। दक्षिण एसियाली खेलकुद (SAG) र क्रिकेट तथा फुटबलजस्ता खेलकुदका क्षेत्रहरूमा नेपालको बढ्दो उपस्थिति सफल उदाहरणका रूपमा प्रस्तुत गरिएको छ। तथापि, नेपालले खेल कूटनीतिलाई पूर्ण रूपमा उपयोग गर्न पूर्वाधारको अभाव, राजनीतिक अस्थिरता, र सीमित लगानीजस्ता चुनौतीहरूको सामना गर्नुपरेको छ। राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ जस्ता कानुनहरूले प्रगतिका लागि आधार तयार पारेका छन्, तर थप प्रयास आवश्यक छ। अन्तर्राष्ट्रिय सहभागिता, खेलकुद कार्यक्रमहरूको आयोजना, र खेल पूर्वाधारको सुधारमा ध्यान दिएर नेपालले खेल कूटनीतिको उपयोग गरी एकता प्रवर्द्धन गर्न, सद्भाव निर्माण गर्न, र अन्तर्राष्ट्रिय सम्बन्धमा आफ्नो स्थान सुदृढ बनाउन सक्छ।*

**प्रमुख शब्दः** खेल कूटनीति, अन्तर्राष्ट्रिय सम्बन्ध, सौम्य शक्ति, द्विपक्षीय सम्बन्ध, सांस्कृतिक आदानप्रदान

## १. परिचय

### १.१ पृष्ठभूमि

खेल कूटनीति देशहरूबीच बलियो सम्बन्ध निर्माण गर्न खेलकुदका कार्यक्रमहरू, खेलाडीहरू, र गतिविधिहरूको प्रयोगमार्फत सञ्चालन गरिने एक प्रभावकारी माध्यम हो। नेपालका लागि, यसको समृद्ध सांस्कृतिक परम्परा र खेलकुदप्रतिको विशेष प्रेमले आफ्नो अन्तर्राष्ट्रिय छवि बढाउने, सद्भाव प्रवर्द्धन गर्ने, र कूटनीतिक समस्याहरू समाधान गर्न महत्वपूर्ण अवसर प्रदान गर्दछ। फुटबल र भलिबलजस्ता खेलहरू नेपाली समाजमा महत्त्वपूर्ण स्थानमा रहेका छन्, तर विदेश नीतिमा तिनको सम्भावनालाई पर्याप्त रूपमा उपयोग गरिएको छैन। भारत र चीनजस्ता दुई विशाल छिमेकी राष्ट्रहरूको बीचमा अवस्थित नेपालले आफ्नो भौगोलिक अवस्थालाई लाभदायक बनाउँदै छिमेकीहरू र विश्वसँगको सम्बन्धलाई थप सुदृढ गर्न सक्छ। दक्षिण एसियाली खेलकुद (SAG) जस्ता कार्यक्रमहरूमा सहभागिता र अन्तर्राष्ट्रिय ओलम्पिक समिति (IOC) जस्ता संस्थाहरूमा सक्रिय उपस्थितिले नेपाल शान्ति र सहकार्यप्रतिको प्रतिबद्धतालाई स्पष्ट पारेको छ। अन्तर्राष्ट्रिय खेलकुद कार्यक्रमहरूको आयोजना गर्दा सांस्कृतिक आदानप्रदान र आपसी समझदारीलाई थप प्रगाढ बनाउन सकिन्छ। तर, नेपालले खेल कूटनीतिको पूर्ण लाभ लिन राजनीतिक अस्थिरता, आर्थिक चुनौतीहरू, र सीमित स्रोतसाधनजस्ता समस्याहरूको सामना गर्नुपरेको छ। यद्यपि, उपयुक्त रणनीतिहरू अपनाएर यी चुनौतीहरूलाई पार गर्न सकिन्छ। विश्वव्यापी प्रतियोगिताहरूमा सहभागिता, अन्तर्राष्ट्रिय कार्यक्रमहरूको आयोजना, र खेलाडीहरूको आदानप्रदानलाई प्रोत्साहन गरेर नेपालले अन्य राष्ट्रहरूसँगको सम्बन्धलाई सुधार गर्न र आफ्नो प्रतिष्ठालाई बलियो बनाउन सक्छ। खेल कूटनीति राष्ट्रहरू बीचको पुलको रूपमा कार्य गर्न सक्छ, जसले मानिसहरूलाई एकताबद्ध गर्ने, राजनीतिक भिन्नतालाई भुलाउने, र सहकार्यका नयाँ अवसरहरू सिर्जना गर्ने मार्ग प्रशस्त गर्न सक्छ। यदि नेपालले खेलकुदलाई कूटनीतिक माध्यमको रूपमा प्रयोग गर्न केन्द्रित गर्‍यो भने, यसले आफ्नो विश्वव्यापी उपस्थिति सुदृढ गर्न, एकता प्रवर्द्धन गर्न, र शान्ति तथा सहकार्यका लागि अर्थपूर्ण योगदान पुर्‍याउन सक्छ।

### १.२ खेल कूटनीतिक अवधारणा

कूटनीति भनेको संवाद, वार्ता, र सहमतिको माध्यमबाट राष्ट्रहरूबीच शान्तिपूर्ण र सहकार्यपूर्ण सम्बन्ध व्यवस्थापन गर्ने कला हो। यसले विवाद समाधान गर्न, आपसी समझदारी निर्माण गर्न, र सम्बन्ध स्थापित गर्न मद्दत पुर्‍याउँछ। खेल कूटनीतिले खेलकुदलाई राष्ट्रहरूबीचको सम्बन्ध सुदृढ गर्न, शान्ति प्रवर्द्धन गर्न, र सहकार्य प्रोत्साहित गर्न उपकरणको रूपमा प्रयोग गर्छ। खेलकुदले विभिन्न संस्कृति र

पृष्ठभूमिका मानिसहरूलाई एकै ठाउँमा ल्याउने कार्य गर्छ, जहाँ उनीहरूका लागि संवाद र सहकार्य गर्न साझा मञ्च उपलब्ध हुन्छ। खेलकुद कार्यक्रममा सहभागिता जनाएर देशहरूले आपसी सम्मान निर्माण गर्न, मूल्यहरूको आदानप्रदान गर्न, र साझा लक्ष्यहरूतर्फ अगाडि बढ्न सक्छन्। खेल कूटनीति राष्ट्रहरूलाई एकताबद्ध गर्न, अवरोध हटाउन, र विश्वव्यापी रूपमा सकारात्मक सम्बन्ध प्रवर्द्धन गर्न एक प्रभावकारी माध्यम हो।

### १.३ अन्तर्राष्ट्रिय सम्बन्धमा खेलकुदको महत्त्व

अन्तर्राष्ट्रिय सम्बन्धमा खेलकुदले शान्ति, आपसी समझदारी, र सहकार्य प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्छ। खेल कूटनीतिको माध्यमबाट राष्ट्रहरूले खेलकुदलाई सम्बन्ध सुधार गर्ने साधनका रूपमा प्रयोग गर्छन्। सन् १९७० को दशकमा संयुक्त राज्य अमेरिका र चीनबीचको "पिङ पङ कूटनीति" यसको चर्चित उदाहरण हो, जहाँ टेबल टेनिसले राजनीतिक तनाव कम गर्न मद्दत गर्‍यो। ओलम्पिक र फिफा विश्वकपजस्ता प्रतियोगिताहरूले विश्वभरका खेलाडीहरूलाई एकै ठाउँमा ल्याउँछन्, जसले सांस्कृतिक एकता र राष्ट्रहरूबीचको मित्रता र शान्ति प्रवर्द्धन गर्ने "ओलम्पिज्म" को भावना उजागर गर्दछ। "Citius, Altius, Fortius" (छिटो, अग्लो, बलियो) भन्ने नाराले यस अवधारणालाई झल्काउँछ। त्यसैगरी, खेलकुदले सौम्य शक्तिको विकास पनि गर्छ, जसमा राष्ट्रहरूले आफ्नो संस्कृति र मूल्यहरूको माध्यमबाट अन्य राष्ट्रहरूलाई प्रभाव पार्छन्। उदाहरणका लागि, एनबीएले अमेरिकी संस्कृतिलाई विश्वव्यापी रूपमा फैलाएको छ, भने जापानले २०२० ओलम्पिकको माध्यमबाट आफ्नो प्रविधि र संस्कृतिको प्रदर्शन गर्‍यो। अन्ततः, खेलकुदले राजनीतिक तनावलाई कम गर्न भूमिका खेल्न सक्छ। १९९२ मा दक्षिण अफ्रिका रंगभेदपछि अन्तर्राष्ट्रिय खेलकुदमा फर्किएको घटना यसको एक महत्त्वपूर्ण उदाहरण हो। यसरी, खेलकुदले अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढ पार्न, बाधाहरू हटाउन, र सहकार्यका नयाँ सम्भावनाहरू सिर्जना गर्न सक्ने क्षमता राख्छ।

## २. खेल कूटनीति को परिचय

### २.१ परिभाषा र ऐतिहासिक विकास

खेल कूटनीति भनेको खेलकुदलाई अन्तर्राष्ट्रिय सम्बन्धमा प्रभाव पार्न, शान्ति प्रवर्द्धन गर्न, र राष्ट्रहरू बीच आपसी समझदारी निर्माण गर्नको लागि प्रयोग गर्ने प्रक्रिया हो। यसको विकास समयसँगै भएको छ र यसको जरा प्राचीन सभ्यतासम्म पुग्छ, तर आधुनिक विश्वमा यसको महत्त्व खासगरी वैश्विक राजनीति सन्दर्भमा निकै वृद्धि भएको छ।

खेलकुद सधैं नै मानिसहरूलाई एकताबद्ध गर्ने, राजनीतिक सीमाहरू तोड्ने र सहकार्य प्रोत्साहित गर्ने प्रभावकारी माध्यम भएको छ। प्राचीन ग्रीसमा ओलम्पिक खेलकुदहरूले विभिन्न सहर-राज्यहरूलाई शान्तिपूर्ण प्रतिस्पर्धामा ल्याएर खेल कूटनीतिको प्रारम्भिक उदाहरण प्रस्तुत गरेका थिए। शीतयुद्धको समयमा, ओलम्पिक खेलकुदले राष्ट्रिय शक्ति प्रदर्शन गर्ने मञ्चको रूपमा काम गर्‍यो, विशेषगरी संयुक्त राज्य अमेरिका र सोभियत संघ बीचको राजनीतिक प्रतिस्पर्धालाई परावर्तित गर्दै (Murray & Pigman, २०१४)। २० औं शताब्दीतिर, खेल कूटनीति अझ संरचित बन्यो र ओलम्पिक र फिफा विश्वकप जस्ता कार्यक्रमहरूको माध्यमबाट अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढ गर्न प्रयोग गर्न थालियो। "पिङ पङ कूटनीति" एक उत्कृष्ट उदाहरण हो, जब संयुक्त राज्य अमेरिका र चीनले टेबल टेनिसलाई तनाव कम गर्नको लागि प्रयोग गरे, जसले राष्ट्रपति निक्सनलाई १९७२ मा चीनको भ्रमण गर्न मार्ग प्रशस्त गर्‍यो।

आजको दिनमा, खेल कूटनीति विभिन्न उद्देश्यहरू पूरा गर्न प्रयोग भइरहेको छ, जस्तै कुनै देशको वैश्विक छवि सुधार्नु, शान्ति प्रवर्द्धन गर्नु, वा सहकार्य प्रोत्साहित गर्नु। यसले सांस्कृतिक, भाषिक, र राजनीतिक सीमाहरूलाई हटाउन मद्दत गर्छ, जसले यसलाई अन्तर्राष्ट्रिय सम्बन्धका लागि एक विशेष उपकरण बनाउँछ। खेलकुदका कार्यक्रमहरूले मानव अधिकार, लिंग समानता, र वातावरणीय मुद्दाहरू जस्ता समस्याहरूलाई पनि प्रकाशमा ल्याउँछन्। उदाहरणका लागि, दक्षिण अफ्रिकामा २०१० को फिफा विश्वकप केवल एक खेलकुद कार्यक्रम मात्र थिएन, यसले रंगभेदपश्चात एकता र उपचारको अवसर पनि प्रदान गर्‍यो। अन्तर्राष्ट्रिय संस्थाहरू जस्तै IOC र FIFA खेल कूटनीतिको महत्वपूर्ण अंग हुन्, जसले विश्वभरका कार्यक्रमहरूको आयोजना गरेर शान्ति, सम्मान, र इमानदारीजस्ता मूल्यहरूको प्रवर्द्धन गर्छ। यी प्रयासहरूको माध्यमबाट खेलकुदले विश्वव्यापी कूटनीतिमा महत्त्वपूर्ण भूमिका खेलिरहेको छ।

## २.२ प्रमुख सैद्धान्तिक दृष्टिकोण

खेल कूटनीति अन्तर्राष्ट्रिय सम्बन्धको एक अनौठो पक्ष हो, जहाँ खेलकुदलाई विश्व राजनीति र राष्ट्रहरू बीचको सम्बन्ध बनाउन प्रयोग गरिन्छ। यस अवधारणालाई बुझ्नका लागि केहि प्रमुख सैद्धान्तिक दृष्टिकोणहरू छन्।

यस अवधारणामा चार प्रमुख सिद्धान्तहरू छन् जसले हाम्रो बुझाइलाई आकार दिन्छन्ः

***सौम्य शक्ति सिद्धान्त (Soft Power Theory):*** यो सिद्धान्त जोसेफ नाईद्वारा प्रस्तावित गरिएको हो, जसले भनेका छन कि राष्ट्रहरूले अरूसँग सौम्य शक्ति वा दबाबको सट्टा आकर्षण र मनोनयनको माध्यमबाट प्रभाव पार्न सक्छन्। खेल कूटनीति सौम्य शक्तिको उदाहरण हो, किनकि यसले देशहरूलाई ओलम्पिक वा फिफा विश्वकप जस्ता कार्यक्रमहरूको आयोजना गरेर आफ्नो अन्तर्राष्ट्रिय छवि सुधार्न र कूटनीतिक

सम्बन्ध निर्माण गर्न अनुमति दिन्छ। यसरी, देशहरूले शान्ति, एकता, र सांस्कृतिक आदानप्रदान प्रवर्द्धन गर्न सक्छन्।

***निर्माणवाद (Constructivism):*** निर्माणवादले अन्तर्राष्ट्रिय सम्बन्धमा विचारहरू, विश्वासहरू, र पहिचानहरूको भूमिकामा ध्यान केन्द्रित गर्दछ। यस दृष्टिकोण अनुसार, खेलकुदले राष्ट्रहरूको पहिचान विकास गर्न र अन्य देशहरूसँग सम्बन्ध बनाउन मद्दत गर्दछ। खेलकुदका साझा मूल्यहरू, जस्तै इमानदारी र सम्मान, मानिसहरूलाई एक ठाउँमा ल्याउन र राष्ट्रहरू बीच सहकार्यलाई समर्थन गर्न सक्छ।

***वास्तववाद (Realism):*** वास्तविकतावादी सिद्धान्तले अन्तर्राष्ट्रिय सम्बन्धलाई राष्ट्रहरू बीचको शक्ति संघर्षको रूपमा देख्छ। वास्तविकतावादीहरूले भनिरहेका छन् कि देशहरूले खेल कूटनीति प्रयोग गरेर आफ्नो रणनीतिक चासो पुरा गर्न खोज्छन्, कहिलेकाहीं वैश्विक मञ्चमा आफ्नो शक्ति वा प्रभाव प्रकट गर्न। यद्यपि खेलकुदले शान्ति प्रवर्द्धन गर्न सक्छ, यसलाई राजनीतिक वा आर्थिक लाभको लागि पनि प्रयोग गर्न सकिन्छ।

***संस्कृतिक कूटनीति (Cultural Diplomacy):*** सांस्कृतिक कूटनीतिले एक देशको संस्कृति, जसमा खेलकुद पनि समावेश छ, जसलाई प्रयोग गरेर अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढ गर्न र आपसी समझदारी प्रवर्द्धन गर्न मद्दत पुऱ्याउँछ। यस सिद्धान्तले खेलकुदमार्फत सांस्कृतिक आदानप्रदानको महत्त्वलाई उजागर गर्दछ, जहाँ राष्ट्रहरूले प्रमुख खेलकुद कार्यक्रमहरूको माध्यमबाट आफ्नो संस्कृति र मूल्यहरूको प्रदर्शन गर्दै संवाद र सहकार्यका अवसरहरू सिर्जना गर्छन्।

यी चार प्रमुख सिद्धान्तहरूले देखाउँछन् कि खेल कूटनीति एक जटिल उपकरण हो, जसलाई देशहरूले आफ्नो वैश्विक प्रभाव सुदृढ गर्न, सहकार्य प्रवर्द्धन गर्न, र अन्तर्राष्ट्रिय सम्बन्धहरूलाई बलियो बनाउन प्रयोग गर्छन्।

## २.३ खेलकुदको भूमिका सौम्य शक्तिका उपकरणको रूपमा

खेलकुद अन्तर्राष्ट्रिय सम्बन्धमा सौम्य शक्तिका उपकरणको रूपमा महत्त्वपूर्ण भूमिका खेल्छ। सौम्य शक्ति भनेको कुनै देशको अरूसँग आकर्षणको माध्यमबाट प्रभाव पार्ने क्षमता हो, जसमा बल र दबाबको प्रयोग हुँदैन। खेलकुद राष्ट्रहरूको वैश्विक छवि निर्माण गर्न, सम्बन्धहरू सिर्जना गर्न, र कूटनीतिक सम्बन्धहरू बनाउने सशक्त उपकरणको रूपमा काम गर्दछ, जुन सैन्य या आर्थिक दबाब बिना हुन्छ। यस अवधारणालाई जोसेफ नाईले पहिलो पटक प्रस्तुत गरेका थिए, जसले भनेका थिए कि राष्ट्रहरूले सांस्कृतिक र सामाजिक सम्पत्ति, जस्तै खेलकुद, प्रयोग गरेर आफ्नो प्रभाव बढाउन सक्छन्। खेलकुद

सौम्य शक्तिका उपकरणको रूपमा मुख्य रूपमा अन्तर्राष्ट्रिय खेलकुद कार्यक्रमहरूको माध्यमबाट काम गर्छ। उदाहरणका लागि, ओलम्पिक खेलकुद र फिफा विश्वकप जस्ता कार्यक्रमहरूले देशहरूलाई आफ्नो संस्कृति, मूल्य, र संगठनात्मक क्षमताहरूलाई वैश्विक दर्शकसामु प्रस्तुत गर्ने अवसर दिन्छ। यी कार्यक्रमहरूको आयोजना गर्नाले देशको छवि वृद्धि गर्न र कूटनीतिक सम्बन्ध सुदृढ गर्न मद्दत पुऱ्याउँछ। चीन र कतर जस्ता देशहरूले खेलकुद कार्यक्रमहरूको माध्यमबाट आफूलाई विश्व नेतृत्वको रूपमा प्रस्तुत गर्दै आफ्नो अन्तर्राष्ट्रिय स्थानलाई सुदृढ गरेका छन्। खेलकुदले शान्ति र सहकार्यको प्रवर्द्धन गर्न पनि मद्दत गर्दछ। राजनीतिक दृष्टिकोणले तनावमा रहेका देशहरूले खेल कूटनीतिको माध्यमबाट तनाव कम गर्न र संवादलाई प्रोत्साहन गर्न सक्छन्। "पिङ पङ कूटनीति" को उदाहरण प्रसिद्ध छ, जसमा १९७० को दशकमा संयुक्त राज्य अमेरिका र चीन बीचको टेबल टेनिस खेलले बर्फ तोड्न मद्दत पुऱ्यायो र कूटनीतिक सम्बन्ध सुधार गऱ्यो। खेलकुदको माध्यमबाट, देशहरूले आपसी विश्वास निर्माण गर्न, समझदारीको वातावरण सिर्जना गर्न, र विभिन्न संस्कृतिका मानिसहरूलाई एक ठाउँमा ल्याउन सक्छन्। यसका अतिरिक्त, खेलकुदले राष्ट्रहरूलाई महत्त्वपूर्ण मुद्दाहरूको समर्थन गर्न एक मञ्च प्रदान गर्दछ, जस्तै मानव अधिकार, लिंग समानता, र वातावरणीय चेतना। खेलकुदलाई वैश्विक मूल्यहरूसँग मिलाएर, देशहरूले सकारात्मक परिवर्तन प्रवर्द्धन गर्ने नेतृत्वको रूपमा आफ्नो प्रतिष्ठा बढाउन सक्छन्।

## ३. नेपालको खेलकुद परिप्रेक्ष्य

### ३.१ नेपालको खेलकुदको ऐतिहासिक विकास

नेपालको खेलकुदको इतिहास समृद्ध र विविधतापूर्ण छ, जसले देशको संस्कृतिका साथै भौगोलिक र सामाजिक परिप्रेक्ष्यलाई पनि प्रतिबिम्बित गर्दछ। गाउँमा खेलिने परम्परागत खेलकुददेखि आधुनिक खेलकुदको परिचयसम्म, नेपालको खेलकुदको विकासले देशको समृद्धि र समयसँगै आएको परिवर्तनलाई दर्शाउँछ। ऐतिहासिक रूपमा, डाँडी बियो र कबड्डी जस्ता परम्परागत खेल नेपालका समुदायहरूमा लोकप्रिय थिए। यी खेलहरू, जो स्थानीय संस्कृतिमा गहिरो सम्बन्ध राख्छन्, न्यूनतम उपकरणको आवश्यकता पर्दथ्यो र यी खेलहरू मनोरञ्जन, शारीरिक व्यायाम, र सामाजिक अन्तरक्रियाका लागि खेलिन्थे। प्राचीन नेपालमा कुस्ती, धनुर्विद्या, र घोडचढाई पनि प्रचलित थिए, जुन प्रायः चाडपर्वहरूमा वा सैनिकहरूको शारीरिक प्रशिक्षणको अंशको रूपमा अभ्यास गरिन्थ्यो। यी परम्परागत गतिविधिहरूले नेपालका खेलकुद संस्कृतिको आधार बनायो, जसले देशको परम्परासँगको गहिरो सम्बन्धलाई प्रस्तुत गर्दछ। नेपालमा आधुनिक खेलकुदको विकास २० औं शताब्दीको प्रारम्भमा, राणा शासनकालमा भएको थियो। राणा शासकहरूले भारतको ब्रिटिश उपनिवेशीय अभ्यासहरूबाट प्रभाव ग्रहण गर्दै फुटबल र

क्रिकेट जस्ता आधुनिक खेलहरू परिचय गराए। फुटबल नेपालका पहिलो संगठित खेलकुदहरू मध्ये एक थियो, र १९३० को दशकमा 'महाबीर क्लब÷ जस्ता क्लबहरूको स्थापना नेपालको खेलकुदको आधुनिकीकरणमा महत्त्वपूर्ण कदम थियो। क्रिकेट पनि विशेष गरी तराई क्षेत्रमा लोकप्रिय बन्यो, जहाँ भारतसँगको नजिकको सम्बन्धले यसको वृद्धि सँगसँगै थियो। नेपाल ओलम्पिक समितिको १९६२ मा स्थापना नेपालको खेलकुद इतिहासको एउटा प्रमुख माइलस्टोन थियो। नेपालले ओलम्पिक र एसियाई खेलजस्ता अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा सहभागी भएर विश्व खेलकुद समुदायमा आफ्नो स्थान बनायो। सन्१९८४ मा काठमाडौंमा आयोजित पहिलो दक्षिण एसियाली खेलकुदले खेलकुदको विकासलाई थप प्रोत्साहन दियो, जसले नेपालका खेलकुद क्षमतामा अन्तर्राष्ट्रिय ध्यान आकर्षित गर्यो। हालका वर्षहरूमा, खेलकुदको प्रवर्द्धनमा नयाँ ध्यान केन्द्रित गरिएको छ, जहाँ संरचनात्मक पूर्वाधार र नयाँ खेल अकादमीहरूको स्थापना गरिएको छ। आजको दिनमा, फुटबल र क्रिकेट नेपालका सबैभन्दा लोकप्रिय खेलहरू हुन्, जसको ठूलो फयानबेस र युवा सहभागिता बढिरहेको छ। साथै, नेपालले भलिबल, मार्शल आर्ट्स, र एथलेटिक्सजस्ता खेलकुदहरूमा पनि सफलता प्राप्त गरेको छ, जहाँ एथलिटहरूले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको प्रतिनिधित्व गरेका छन्।

## ३.२ नेपालमा राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुद कार्यक्रमहरू

नेपालले विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुद कार्यक्रमहरूको आयोजना र सहभागिता गरेका छन्, जसले यसको खेलकुद संस्कृति र पहिचानको निर्माणमा महत्वपूर्ण भूमिका खेलेको छ। यी कार्यक्रमहरूले न केवल देशभर खेलकुदको प्रवर्द्धन गर्छन्, तर नेपाललाई अन्तर्राष्ट्रिय खेलकुद गन्तव्यको रूपमा पनि प्रस्तुत गर्छन्। राष्ट्रिय स्तरमा, राष्ट्रिय खेलकुद नेपालका सबैभन्दा महत्वपूर्ण खेलकुद कार्यक्रमहरू मध्ये एक हो। यो कार्यक्रम राष्ट्रिय खेलकुद परिषद्को आयोजना गरी, विभिन्न खेल विधामा प्रतिस्पर्धा गर्न देशभरका एथलीटहरूलाई एकत्रित गर्छ। यस कार्यक्रममा एथलीटहरूलाई आफ्नो प्रतिभा प्रस्तुत गर्ने र अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि तयारी गर्ने अवसर प्राप्त हुन्छ। यसका अतिरिक्त, "शहीद स्मृति ए-डिभिजन लिग" जस्ता कार्यक्रमहरू फुटबलको प्रवर्द्धनमा महत्त्वपूर्ण छन्, जुन नेपालमा सबैभन्दा लोकप्रिय खेल हो। यस लिगले प्रतिभाशाली फुटबल खेलाडीहरूको पहिचान र खेलको स्तरलाई वृद्धि गर्न महत्वपूर्ण भूमिका खेलेको छ। नेपालले आफ्नो अनौठो भौगोलिक पहिचानलाई साहसिक खेलकुदमार्फत् पनि मनाउँछ। "एभरेस्ट म्याराथन" जस्तो कार्यक्रम, जुन हरेक वर्ष एभरेस्ट क्षेत्रको आयोजनामा हुन्छ, सम्पूर्ण विश्वका धावकहरूलाई आकर्षित गर्छ। यसै गरी, हिमालयन इन्टरनेसनल योग ओलम्पिया खेलकुद र संस्कृतिलाई एकसाथ प्रस्तुत गर्दै नेपाललाई आध्यात्मिक र शारीरिक स्वास्थ्यको केन्द्रको रूपमा प्रस्तुत गर्छ।

अन्तर्राष्ट्रिय स्तरमा, दक्षिण एसियाली खेलकुद (SAG) मा नेपालको सहभागिता एउटा महत्वपूर्ण माइलस्टोन हो। नेपालले तीन पटक SAG को आयोजना गरेको छ — सन् १९८४, १९९९, र २०१९ मा, जसले नेपालको खेलकुद पूर्वाधार र अन्तर्राष्ट्रिय प्रतिष्ठामा दीर्घकालीन प्रभाव छोडेको छ। सन् २०१९ मा काठमाडौं, पोखरा र जनकपुरमा आयोजित १३ औं दक्षिण एसियाली खेलकुदमा नेपालले एथलेटिक्स, मार्शल आर्ट्स र भलिबल जस्ता खेलमा उत्कृष्टता प्रदर्शन गर्दै धेरै स्वर्ण पदक जित्यो र राष्ट्रिय गौरवलाई समर्थन गर्यो। एभरेस्ट प्रिमियर लिग (EPL) नेपालमा एउटा नयाँ अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता हो, जुन सन् २०१६ मा सुरु भएको थियो। EPL ले क्रिकेटलाई प्रवर्द्धन गर्न र अन्तर्राष्ट्रिय खेलाडीलाई नेपालमा आकर्षित गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। यस लिगले नेपाललाई अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (ICC) को सहायक सदस्यको रूपमा आफ्नो स्थान बलियो बनाउन मद्दत पुऱ्याएको छ। अन्तर्राष्ट्रिय स्तरको अर्को कार्यक्रम "एशियन भलिबल च्याम्पियनसिप" हो, जसको आयोजना नेपालले २०१५ मा गरेको थियो। यस कार्यक्रमले नेपालमा भलिबलको प्रवर्द्धन गर्न र नेपाली खेलाडीलाई एसियाका शीर्ष टिमहरूसँग प्रतिस्पर्धा गर्ने अवसर प्रदान गर्यो। यस प्रकारका कार्यक्रमहरूले स्थानीय खेलकुदीहरूलाई प्रेरित गर्छ र खेलकुद संस्कृतिको वृद्धिमा योगदान पुर्याउँछन्। नेपाल प्रिमियर लिग (NPL) भनेको नयाँ T20 क्रिकेट प्रतियोगिता हो, जुन नेपाल क्रिकेट संघ (CAN) द्वारा ३० नोभेम्बर देखि २१ डिसेम्बर २०२४ सम्म आयोजना भएको थियो। यो प्रतियोगिता आईपीएलको संरचनामा आधारित थियो र यसमा आठ टिमहरू थिएः पोखरा एभेंजर्स, काठमाडौं गोरखाज, जनकपुर बोल्ट्स, लुम्बिनी लायन्स, चितवन राइनोज, सुदूरपश्चिम रोयल्स, विराटनगर किङ्स, र कर्णाली याक्स। प्रत्येक टिमले ४ वटा अन्तर्राष्ट्रिय खेलाडी राख्न सक्ने थियो, जसले नेपाली खेलाडीलाई विश्व क्रिकेटसँग जोड्न मद्दत पुर्याए। यी प्रमुख कार्यक्रमहरूको अतिरिक्त, नेपाल पर्वतारोहण र साहसिक खेलकुदका लागि पनि प्रसिद्ध छ, जहाँ ट्रेकिङ र शिखर आरोहण जस्ता गतिविधिहरूले विश्वभर ध्यान आकर्षित गर्छन्। 'हिमालयन क्लाइम्बिङ फेस्टिवल÷ जस्ता कार्यक्रमहरूले नेपालको प्राकृतिक सुन्दरतालाई मनाउँदै खेलकुद पर्यटन र साहसिक गतिविधिहरूलाई प्रवर्द्धन गर्छन्।

## ४. खेल कूटनीतिको अभ्यास

### ४.१ वैश्विक स्तरमा सफल खेल कूटनीतिकाका उदाहरणहरू

खेल कूटनीति अन्तर्राष्ट्रिय सम्बन्ध निर्माण र शान्ति प्रवर्द्धनमा एक शक्तिशाली उपकरणको रूपमा प्रमाणित भएको छ। यसको एक प्रख्यात उदाहरण १९७० को दशकमा संयुक्त राज्य अमेरिका र चीन बीचको "पिङ पङ कूटनीति" हो। यस अवधिमा, दुई देशहरू बीचको टेबल टेनिस प्रतिस्पर्धाले तनाव घटाउन मद्दत पुऱ्यायो र सन् १९७२ मा राष्ट्रपति निक्सनको ऐतिहासिक चीन भ्रमणको मार्ग

खोली। यस्तै, सन् २०१८ को हिउँद ओलम्पिक खेलकुदमा उत्तर र दक्षिण कोरिया बीचको "एकीकृत कोरियाली टिम" पनि महत्वपूर्ण उदाहरण हो। यस खेलकुदमा, महिला आइस हकीमा उत्तर र दक्षिण कोरियाका खेलाडीहरूले एउटै झण्डामुनि प्रतिस्पर्धा गरे, जसले कोरियाली प्रायद्वीपमा सुलहको पहिलो कदमको प्रतीक बन्यो। त्यसैगरी सन्१९९५ मा दक्षिण अफ्रिकाले आयोजना गरेको "रग्बी विश्व कप" पनि अपार्थेडको बाद सँगै देशलाई एकताबद्ध गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको थियो। नेल्सन माण्डेलाले स्प्रिंगबोक्सको समर्थन गरेर सुलह र राष्ट्रिय एकताका लागि प्रतीकको रूपमा काम गरे।

यी उदाहरणहरूले खेल कूटनीतिकाको शक्ति र यसका माध्यमबाट विभाजनलाई पुल गर्दै स्थायी सम्बन्धहरू निर्माण गर्नका लागि यसको महत्त्वलाई उजागर गरेका छन्।

## ४.२ मामिला अध्ययनः नेपालको वैश्विक खेलकुदमा सहभागिता

नेपालले वैश्विक खेलकुदमा सक्रिय रूपमा सहभागिता जनाउँदै अन्तर्राष्ट्रिय मञ्चमा आफ्ना प्रतिभाहरू प्रस्तुत गरेको छ र एक विकासशील खेल राष्ट्रको रूपमा पहिचान प्राप्त गरेको छ। नेपालको ओलम्पिक खेलमा सहभागिता पहिलो पटक सन् १९६४ मा भएको हो र त्यसपछि नेपालले एथलेटिक्स, पौडाइ, जूडो र तेक्वान्दो जस्ता खेलहरूमा प्रतिस्पर्धा गर्नका लागि खेलाडीहरू पठाएको छ। यद्यपि नेपालले अहिलेसम्म ओलम्पिक मेडल जित्न सकेको छैन, यसको निरन्तर सहभागिता देशको खेलप्रति समर्पण र युवा खेलाडीहरूलाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्ने सपना देखाउनको लागि प्रेरणा स्रोत बनेको छ। सन् २०१६ को रियो ओलम्पिकमा संसारको सबैभन्दा कम उमेरकी पौडी खेलाडी गौरिका सिंहले नेपालको खेल क्षमतामा ध्यान आकर्षित गरिन्। नेपालको क्रिकेटमा प्रमुख सफलता भनेको सन् २०१४ मा भएको ICC वर्ल्ड T20 मा नेपालको सहभागिता हो, जसले महत्त्वपूर्ण माइलस्टोन चुमेको थियो। विश्व स्तरका टिमहरू विरुद्ध प्रतिस्पर्धा गर्दा नेपालको क्रिकेट प्रतिभा प्रदर्शन गर्ने मौका मिल्यो र अन्तर्राष्ट्रिय स्तरमा प्रदर्शनको अवसर प्राप्त गर्यो। खेलाडीहरू जस्तै पारस खड्काले राष्ट्रिय प्रतीकको रूपमा स्थान पाए र क्रिकेटको लोकप्रियता देशमा बढ्यो। यस घटनाले केवल नेपालको क्रिकेटको प्रतिष्ठा वृद्धि गरेन, बरु युवा खेलाडीहरूलाई यस खेलमा व्यावसायिक रूपमा समर्पित हुन प्रेरित पनि गर्यो। नेपालले अन्तर्राष्ट्रिय फुटबल प्रतियोगितामा पनि सहभागिता जनाएको छ, जस्तै AFC एसियाली कप क्वालीफायर्स, जसले राष्ट्रिय टिमको प्रदर्शन सुधार गर्न मद्दत पुर्‍याएको छ। यी अनुभवहरूले नेपाली खेलाडीहरूलाई उच्च स्तरको प्रतिस्पर्धामा राख्छ र देशको खेल संस्कृति बलियो बनाउँछ। नेपालको वैश्विक खेलकुदमा सहभागिता यस कुराको प्रतिक हो कि यो एक खेल राष्ट्रको रूपमा विकसित हुनका लागि दृढ निष्ठा राख्दछ र आगामी पुस्ताका खेलाडीहरूलाई प्रेरित गर्दछ।

## ५. खेलमार्फत द्विपक्षीय सम्बन्ध सुदृढीकरण

खेल कूटनीतिले नेपालको द्विपक्षीय सम्बन्ध सुदृढ गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। खेलकमा सहभागिता जनाएर र आयोजना गरेर नेपालले अन्य देशहरूसँग मित्रवत् सम्बन्ध निर्माण गर्न र आपसी समझदारी बढाउन अवसर सिर्जना गरेको छ। खेलकुदले सांस्कृतिक आदान-प्रदान र सहकार्यको एक मञ्च प्रदान गर्छ, जसले विश्वास र सद्भाव प्रर्वद्धन गर्न मद्दत पुऱ्याउँछ।

उदाहरणका लागि, नेपाल र भारत बीचको क्रिकेटमा भएको साझेदारी खेल कूटनीतिका सफल उदाहरणमध्ये एक हो। दुवै देशका बीच क्रिकेट म्याच र तालिम कार्यक्रमहरूले नेपालको क्रिकेट स्तरमा सुधार मात्रै गरेको छैन, बरु दुवै देशबीचको सम्बन्धलाई अझ गहिरो बनाएको छ। भारतले नेपालमा क्रिकेट पूर्वाधारको विकासमा गरेको सहयोगले खेलको साझा चासो र कूटनीतिक सम्बन्धलाई अझ प्रगाढ बनाएको छ। त्यस्तै, नेपाल र चीनको खेलकुद विकासमा भएको सहकार्यले उनीहरूको सम्बन्धलाई सुदृढ बनाएको छ। चीनले नेपाललाई खेलकुद पूर्वाधारको विकासमा र खेलाडीहरूका लागि तालिम कार्यक्रमहरूको आयोजना गर्न समर्थन गरेको छ। दुवै देश बीचको मैत्रीपूर्ण बास्केटबल प्रतियोगिताजस्ताहरू सहकार्य र सांस्कृतिक आदान-प्रदान प्रोत्साहन गर्ने कार्य गर्दैछन्। त्यसै गरी, नेपालको अन्तर्राष्ट्रिय खेलकुदमा सहभागिता, जस्तै ओलम्पिक खेलमा, यसले नेपाललाई विश्वभरका देशहरूसँग सम्बन्ध स्थापना गर्न अवसर दिएको छ। यी खेलकुदहरुले खेलाडी पठाएर नेपालले आफ्नो पहिचान प्रकट गर्छ र वैश्विक स्तरमा सद्भावना निर्माण गर्दछ।

## ६. नेपालमा खेल कूटनीतिको वर्तमान अवस्था

खेल कूटनीति भन्नाले खेलकुदलाई अन्तर्राष्ट्रिय सम्बन्ध सुधार र देशहरू बीच शान्ति प्रवर्द्धनको लागि कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा जनाउँछ। यसले देशहरूलाई सम्बन्ध निर्माण, सद्भावना प्रोत्साहन, र एकताको भावना सिर्जना गर्न महत्त्वपूर्ण उपकरणको रूपमा परिणत भएको छ। दक्षिण एसियामा रहेको एक सानो र सुन्दर देश नेपालले खेलकुदलाई अन्य देशहरूसँग सम्बन्ध स्थापित गर्न, आफ्नो वैश्विक छवि बढाउन, र राष्ट्रिय एकता प्रोत्साहन गर्नका लागि प्रयोग गर्दै आएको छ।

### नेपालमा खेल कूटनीतिको भूमिका

नेपालको खेलकुदलाई घरेलु र अन्तर्राष्ट्रिय प्रयोजनको लागि प्रयोग गर्ने लामो इतिहास छ। नेपाल सरकार र खेल संगठनहरूले खेलकुदलाई कूटनीति प्रोत्साहनको लागि महत्त्वपूर्ण उपकरणको रूपमा चिन्न थालेका छन्, विशेष गरेर जटिल भू-राजनीतिक परिवेश भएको क्षेत्रको सन्दर्भमा। अन्तर्राष्ट्रिय खेलकुदमा सहभागिता जनाएर, नेपालले आफ्ना छिमेकी राष्ट्रहरू भारत र चीनसँगका साथै क्षेत्र बाहेकका

देशहरूसँगका सम्बन्धहरूलाई सुदृढ बनाउन सक्छ। नेपाल ओलम्पिक समिति (NOC) ले विभिन्न अन्तर्राष्ट्रिय खेलकुदमा देशको प्रतिनिधित्व गर्न महत्त्वपूर्ण भूमिका खेल्छ, जस्तै एसियाई खेल र ओलम्पिक खेलहरू। नेपालले क्षेत्रीय प्रतियोगिताहरूमा पनि सक्रिय रुपमा सहभागिता जनाएको छ, जस्तै दक्षिण एसियाली खेलकुद (SAG), जसले भारत, पाकिस्तान, बंगलादेश र श्रीलङ्का जस्ता देशहरूलाई एकत्रित गर्दछ। यी खेलकुदले नेपाललाई आफ्ना खेलाडीहरूको प्रतिभा प्रस्तुत गर्न मात्र होइन, बरु कूटनीतिक संवाद र सहकार्यको अवसरहरू पनि सिर्जना गर्छ। पछिल्ला वर्षहरूमा, नेपालले खेलकुदको माध्यमबाट आफ्ना छिमेकी देशहरूसँग द्विपक्षीय सम्बन्ध सुधार गर्न प्रयास गरेको छ। उदाहरणका लागि, २०१९ मा नेपालमा आयोजित दक्षिण एसियाली खेलकुदले भारतसँगको सम्बन्ध सुदृढ गर्ने अवसरको रूपमा प्रयोग गरिएको थियो। यस खेलकुदको दौरान, दुवै देशका अधिकारीहरूले भेटेर आपसी चासोका विषयहरूमा छलफल गरे। यस्ता घटनाहरू नेपाललाई कूटनीतिक संवादको लागि मञ्च प्रदान गर्ने मात्र होइन, बरु क्षेत्रीय शान्ति र समझदारी प्रवर्द्धन गर्न सहयोग पुऱ्याउँछन्।

## ७. खेल कूटनीति प्रयोगमा चुनौतिहरू

### ७.१ खेलकुदमा पूर्वाधार र लगानीको अभाव

नेपालले खेल कूटनीति प्रयोग गर्नका लागि केही महत्वपूर्ण चुनौतिहरूको सामना गर्दै आएको छ, जसमा सबैभन्दा ठूलो समस्या भनेको खेलकुदमा पूर्वाधार र लगानीको अभाव हो। यी सीमितताहरूले नेपाललाई अन्तर्राष्ट्रिय सम्बन्ध निर्माण र आफ्नो वैश्विक उपस्थितिलाई प्रवर्द्धन गर्न खेलकुदलाई पूर्ण रूपमा प्रयोग गर्न कठिनाइ पुर्याउँछन्। नेपालमा खेलकुदको पूर्वाधार सीमित छ, जहाँ स्टेडियमहरू, तालिमका सुविधाहरू र उपकरणहरूको अभाव छ। अधिकांश अवस्थित सुविधाहरू पुराना भएका छन् र अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न सक्दैनन्। उदाहरणको रूपमा, नेपालको सबैभन्दा ठूलो खेल स्थल “दशरथ स्टेडियम” को नवीकरण र मर्मतमा ढिलाइ भएको छ। यस पूर्वाधारको अभावले नेपाललाई अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरू आयोजना गर्न कठिन बनाउँछ, जुन देशको क्षमता प्रस्तुत गर्न र विश्वव्यापी सम्बन्धहरूको लागि महत्त्वपूर्ण हुन्छ। नेपालमा खेलकुदमा लगानी पनि पर्याप्त छैन। सरकार खेलकुद विकासका लागि राष्ट्रिय बजेटको एक सानो हिस्सा मात्र छुटयाँउ छन, जुन खेलाडीहरूको समर्थन वा सुविधाहरू सुधार गर्नका लागि पर्याप्त छैन। निजी क्षेत्रको लगानी पनि कम छ, जसका कारण प्रोत्साहन र प्रायोजनका अवसरहरूको अभाव छ। यसको परिणामस्वरूप, धेरै प्रतिभाशाली खेलाडीहरूले उचित तालिम र स्रोतहरू प्राप्त गर्न कठिनाइ भोग्नुपरेको छ, जसले उनीहरूको अन्तर्राष्ट्रिय स्तरमा सफलता प्राप्त गर्ने अवसरलाई सीमित बनाउँछ। लगानीको अभावले grassroots (स्थानीय स्तर) खेलकुद कार्यक्रमहरूलाई पनि असर पुऱ्याउँछ। पर्याप्त बजेट नभएको कारण, विद्यालय

र समुदायहरूले युवा प्रतिभा पनपाउनका लागि खेलकुद पहलहरू विकास गर्न सक्दैनन्। यसले नेपाललाई दीर्घकालीन रूपमा खेल कूटनीतिको बलियो आधार तयार गर्नबाट रोक्छ। थप रूपमा, राजनीतिक अस्थिरता र नौकरशाहीको अक्षमता समस्या थप गहिरो बनाउँछन्। निर्णय लिने प्रक्रियामा ढिलाइ र खेलकुद संगठनहरूमा भ्रष्टाचारले खेलकुद विकासमा प्रगति रोकिएको छ। उदाहरणको रूपमा, "पोखरा स्टेडियम" जस्ता पूर्वाधार परियोजनाहरूको सम्पन्नमा ढिलाइले नौकरशाहीको जटिलताका चुनौतीहरूलाई स्पष्ट रूपमा देखाउँछ। यद्यपि यी चुनौतिहरूका बाबजुद, स्थिति सुधार गर्नका लागि प्रयासहरू भइरहेको छ। अन्तर्राष्ट्रिय संगठनहरू र छिमेकी देशहरू जस्तै भारत र चीनले खेलकुद पूर्वाधार र तालिम कार्यक्रमहरूको विकासमा समर्थन प्रदान गरेका छन्। तर, यी प्रयासहरूलाई दीर्घकालीन प्रभावका लागि निरन्तरता र विस्तार गर्न आवश्यक छ।

## ७.२ राजनीतिक र प्रशासनिक अवरोध

राजनीतिक र प्रशासनिक अवरोधहरू नेपाललाई खेल कूटनीति पूर्ण रूपमा प्रयोग गर्न रोक्ने प्रमुख चुनौतीहरू हुन्। यी समस्याहरूले देशमा खेलकुदको विकासलाई सीमित गर्छन् र नेपाललाई अन्तर्राष्ट्रिय सम्बन्ध निर्माणका लागि खेलकुदलाई एउटा प्रभावकारी उपकरणको रूपमा प्रयोग गर्नमा अवरोध पुऱ्याउँछन्।

**राजनीतिक अस्थिरता:** सरकार र नेतृत्वमा बारम्बार हुने परिवर्तनहरूले खेलकुद विकासका लागि नीति र प्राथमिकताहरूमा अस्थिरता ल्याउँछन्। उदाहरणका रूपमा, खेलकुदसँग सम्बन्धित परियोजनाहरू प्रायः ढिलाइ वा रद्द गरिन्छन्, जब राजनीतिक एजेण्डामा परिवर्तन हुन्छ। निरन्तरता अभावले खेलकुद पूर्वाधार र कार्यक्रमहरूको दीर्घकालीन विकासमा नकारात्मक असर पुऱ्याउँछ।

**भ्रष्टाचार र प्रशासनिक दुरुपयोग:** खेलकुद संस्थाहरूमा भ्रष्टाचार र दुरुपयोगका कारण पनि महत्त्वपूर्ण अवरोधहरू उत्पन्न हुन्छन्। नेपालका धेरै खेल संघहरूलाई खेलाडी र पूर्वाधारको विकासभन्दा व्यक्तिगत लाभलाई प्राथमिकता दिने आरोप लागेका छन्। खेलकुदका लागि आवंटित बजेट प्रायः दुरुपयोग वा खराब व्यवस्थापन हुन्छ, जसका कारण खेलाडीहरूका लागि स्रोतहरूको अभाव र सुविधाहरूको कमी हुन्छ। उदाहरणको रूपमा, स्टेडियमको नवीकरण जस्ता पूर्वाधार परियोजनाहरूमा बजेटको प्रयोगमा ढिलाइले प्रशासनिक प्रणालीको अक्षमताहरूलाई उजागर गरेको छ।

**सम्पूर्ण खेल नीतिको अभाव:** नेपालमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा खेलकुदलाई प्रवर्द्धन गर्नको लागि स्पष्ट रूपरेखा छैन। उचित दिशानिर्देशहरूको अभावमा, खेल संघहरूले प्रयासहरू समन्वय गर्न र साझा लक्ष्य हासिल गर्न संघर्ष गर्छन्। नीतिहरूको अभावले निजी क्षेत्रको संलग्नता र अन्तर्राष्ट्रिय साझेदारीलाई पनि हतोत्साहित गर्छ, जुन खेलकुदको विकासका लागि अत्यन्त महत्त्वपूर्ण छन्।

## ७.३ सीमित अन्तर्राष्ट्रिय अवसर

नेपाल खेलकुद कूटनीतिमा सीमित अन्तर्राष्ट्रिय एक्सपोजरका कारण चुनौतीहरूको सामना गर्दै छ। नेपाली खेलाडीहरूले प्रायः विश्वव्यापी प्रतिस्पर्धामा भाग लिँदैनन्, जसले अनुभव र पहिचान प्राप्त गर्ने अवसरहरू गुमाउँछ। वित्तीय समस्याहरू, स्रोतहरूको अभाव र सरकारको न्यून समर्थनका कारण तिनीहरूलाई ओलम्पिक वा क्रिकेट वर्ल्ड कप क्वालिफायर जस्ता प्रमुख प्रतियोगितामा सहभागी हुन कठिनाइ हुन्छ। पूर्वाधारको कमी र पुराना तालिमका सुविधाहरू पनि खेलाडीहरूको प्रगति अवरुद्ध पार्छ, किनकि उनीहरूसँग उन्नत प्रविधिहरू र विदेशी कोचहरूको पहुँच छैन। यसले उनीहरूको विकासलाई सीमित गर्छ र उनीहरूलाई अन्तर्राष्ट्रिय खेलाडीहरूको तुलनामा प्रतिस्पर्धामा कमजोर बनाउँछ। नेपालको सीमित वैश्विक खेलकुदमा सहभागिता पनि यसको प्रतिष्ठामा असर पुऱ्याउँछ र अन्य देशहरूसँगको सम्बन्धलाई कमजोर बनाउँछ। मिडिया कवरेजको अभावका कारण नेपाली खेलाडी र उनीहरूको उपलब्धिहरू अनदेखा रहन्छन्, जसले देशलाई वैश्विक खेलकुद मञ्चमा चम्काउन कठिन बनाउँछ।

## ८.१ खेलकुद शिक्षा र पूर्वाधार विकासको प्रवर्द्धन

नेपालमा खेलकुद कूटनीतिलाई सुधार्न खेलकुद शिक्षा र पूर्वाधार विकासको प्रवर्द्धन आवश्यक छ। विद्यालयको पाठ्यक्रममा खेलकुदलाई समावेश गर्दा विद्यार्थीहरूलाई प्रारम्भिक रूपमा सीप विकास गर्ने अवसर मिल्छ, जबकि नियमित प्रतिस्पर्धा र तालिम कार्यक्रमहरूले सहभागितामा प्रोत्साहन पुऱ्याउँछन्। विशेषीकृत खेलकुद एकेडेमी र खेलकुद विज्ञान संस्थाहरूले विशेषज्ञ तालिम प्रदान गर्न सक्छन् र खेलाडीलाई उत्कृष्ट बनाउन मद्दत पुऱ्याउन सक्छ। त्यस्तै, पूर्वाधारको उन्नति पनि अत्यन्त महत्त्वपूर्ण छ। आधुनिक स्टेडियम, तालिम केन्द्र र गुणस्तरीय उपकरणहरूले खेलाडीहरूलाई सफलता प्राप्त गर्न आवश्यक उपकरणहरू प्रदान गर्न सक्छ। दसरथ स्टेडियम जस्ता सुविधाहरूको नवीकरण र शहरी तथा ग्रामीण क्षेत्रहरूमा नयाँ कम्प्लेक्सहरूको निर्माणले स्रोतहरूको पहुँच सुधार्नेछ। भारत र चीन जस्ता देशहरूसँगको साझेदारी, साथै अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोगले वित्तीय समर्थन, विशेषज्ञता र उन्नत तालिम प्रदान गर्न सक्छ। संयुक्त तालिम क्याम्पहरूको आयोजना र विदेशी कोचहरूलाई निम्तो दिने कार्यले पनि खेलाडीहरूको प्रदर्शनलाई सुदृढ पार्नेछ। यी प्रयासहरूलाई सफल बनाउन सरकारको खेलकुद बजेटलाई वृद्धि गर्न र निजी क्षेत्रलाई प्रायोजनमार्फत समावेश गर्न आवश्यक छ। दीर्घकालीन परिणाम सुनिश्चित गर्न उचित नीतिहरू र योजनाहरूको आवश्यकता छ। यी संयुक्त प्रयासहरूले नेपाललाई प्रतिभा पलायन गर्न, अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा भाग लिन र वैश्विक खेलकुदमा बलियो उपस्थित बनाउने मद्दत पुऱ्याउन सक्छ।

## ८.२ अन्तर्राष्ट्रिय खेलकुद संस्थासँग साझेदारी निर्माण

खेलकुद कूटनीतिले शान्ति प्रवर्द्धन गर्न र वैश्विक सम्बन्धहरू निर्माण गर्न मद्दत पुऱ्याउँछ। जसले नेपालका लागि एक महत्त्वपूर्ण उपकरणको रूपमा काम गर्दछ। अन्तर्राष्ट्रिय ओलम्पिक समिति (IOC) र फिफा जस्ता अन्तर्राष्ट्रिय खेलकुद संस्थासँग साझेदारी गर्दा नेपाललाई स्रोत, विशेषज्ञता र पर्यटनको प्रवर्द्धन र अन्तर्राष्ट्रिय दृश्यता बढाउनका लागि अवसरहरू प्राप्त गर्न सक्छ। अन्तर्राष्ट्रिय एथलेटिक्स महासंघ (IAAF) जस्ता विश्व स्तरीय खेलकुद एकेडेमीहरूबाट प्रदान गरिएका छात्रवृत्तिहरू र तालिम कार्यक्रमहरूले नेपाली खेलाडीहरूलाई विश्वस्तरीय सुविधामा पहुँच प्राप्त गर्न र आफ्नो सीप सुधार्न मद्दत पुऱ्याउँन सक्छ। कोच र खेलकुद प्रशासनका लागि विनिमय कार्यक्रमहरूले नेपाली कोचहरूलाई आधुनिक प्राविधिक सीप सिक्नको लागि अवसर दिन्छ भने विदेशका विशेषज्ञहरूलाई नेपाल ल्याएर विकासमा मद्दत पुर्याउन सक्छ। राइट टु प्ले र पीस एण्ड स्पोर्ट जस्ता अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँगको सहकार्यले नेपाललाई खेलकुदमार्फत सामाजिक समस्याहरू समाधान गर्न र वैश्विक सम्बन्धहरूलाई सुदृढ बनाउन मद्दत गर्न सक्छ। यी साझेदारीहरूले नेपालको खेलकुद क्षेत्रलाई मात्र सुधार गर्दैन, बरु देशको प्रतिभा र संस्कृतिलाई वैश्विक मञ्चमा प्रस्तुत गर्न मद्दत पुऱ्याउँछ, जसले दीर्घकालीन सम्बन्ध र अन्तर्राष्ट्रिय खेलकुदमा बलियो उपस्थितिको सिर्जना गर्छ। यी रणनीतिहरूमा केन्द्रित भई नेपालले आफ्ना खेलाडीहरूका लागि नयाँ अवसरहरू खोल्न र खेलकुद कूटनीतिमार्फत शान्तिको समर्थन गर्न सक्ने छ।

## ९. नेपालमा खेलकुदसँग सम्बन्धित विद्यमान कानूनी र नीतिगत संरचनाहरू

खेलकुद नेपालका अन्तर्राष्ट्रिय सम्बन्ध, एकता र युवा सशक्तिकरणमा महत्त्वपूर्ण भूमिका खेल्दछन्। नेपालले खेलकुदको प्रवर्द्धन र यसलाई कूटनीतिक उपकरणको रूपमा प्रयोग गर्नका लागि विभिन्न कानूनी र नीतिहरू प्रस्तुत गरेको छ। नेपालको संविधान २०७२ ले खेलकुदलाई मौलिक हकको रूपमा मान्यता दिएको छ। संविधानको धारा ३५ मा प्रत्येक नागरिकलाई स्वस्थ जीवनयापनका लागि खेलकुदमा सहभागी हुन पाउने हकको व्यवस्था छ। यसका अतिरिक्त, राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ ले खेलकुद क्षेत्रलाई व्यवस्थित र प्रवर्द्धन गर्न कानूनी आधार प्रदान गर्दछ। यस ऐनले खेलकुद संघसंस्था, खेलाडीहरू र प्रशिक्षकहरूको दायित्व तथा अधिकारको परिभाषा गरेको छ। नेपाल सरकारले "राष्ट्रिय खेलकुद नीति, २०८०" लागू गरी खेलकुद क्षेत्रको दीर्घकालीन विकासका लागि मार्गदर्शन प्रदान गरेको छ। यस नीतिले स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्म खेलकुद गतिविधि प्रवर्द्धन, पूर्वाधार विकास, खेलाडीहरूको क्षमता अभिवृद्धि, र खेलकुदको व्यावसायीकरणमा जोड दिएको छ। साथै, राष्ट्रिय खेलकुद परिषद् (NSC) लाई मुख्य कार्यकारी निकायको रूपमा तोकेको छ, जसले खेलकुद

कार्यक्रमहरूको योजना, व्यवस्थापन र अनुगमन गर्ने जिम्मेवारी लिएको छ। यी संरचनाहरूले खेलकुद क्षेत्रको समग्र सुधार र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता विकासमा योगदान पुऱ्याउँदै आएका छन्। अर्को महत्त्वपूर्ण नीति, "युथ भिजन २०२५", खेलकुदलाई युवा सशक्तिकरणसँग जोड्दछ, जसले युवा खेलाडीहरूलाई तालिम र शिक्षा प्रदान गरी उनीहरूलाई नेपाललाई विश्वभर प्रतिनिधित्व गर्न तयार पार्ने कार्य गर्दछ। नेपालले अन्तर्राष्ट्रिय खेलकुद संस्थाहरू जस्तै अन्तर्राष्ट्रिय ओलम्पिक समिति (IOC) सँग सम्झौताहरू पनि गरेको छ, जसले सहयोग, वैश्विक कार्यक्रमहरूमा सहभागिता र खेलकुदका खेलाडी र कोचहरूको लागि विनिमय कार्यक्रमहरूको प्रवर्द्धन गर्दछ। यी नीतिहरू र सम्झौताहरूले खेलकुदलाई केवल मनोरञ्जनको रूपमा मात्र नभई नेपालको वैश्विक छवि सुधार्न र अन्तर्राष्ट्रिय सम्बन्धहरू बलियो बनाउनका लागि प्रयोग गर्ने उद्देश्य राख्दछन्। खेलकुदको विकास र कूटनीतिमा ध्यान केन्द्रित गरेर, नेपाल खेलाडीहरूका लागि नयाँ अवसरहरू सिर्जना गर्दै, एकता प्रवर्द्धन गर्दै र विश्व मञ्चमा आफ्नो उपस्थितिलाई मजबुत गर्दै छ, साथै युवालाई सशक्त बनाउँदै र खेलकुदमार्फत आफ्नो सांस्कृतिक धरोहरलाई उजागर गर्दै छ।

## १०. भावी दिशा

***पूर्वाधारमा लगानी:*** नेपालले खेलकुदको पूर्वाधार निर्माण र सुधारमा प्राथमिकता दिनुपर्छ, जसले अन्तर्राष्ट्रिय मापदण्डहरू पूरा गर्नेछ। यसमा आधुनिक स्टेडियम, प्रशिक्षण केन्द्रहरू, र उपकरणहरू समावेश गर्नु पर्दछ, जसले खेलाडीहरूलाई समर्थन गर्ने र वैश्विक कार्यक्रमहरू आकर्षित गर्ने छ।

***वृद्धि गरिएको बजेट र प्रायोजनहरू:*** सरकारले खेलकुदको विकासका लागि थप स्रोतहरू आवंटन गर्नु पर्छ र निजी क्षेत्रको सहभागिता प्रोत्साहन गर्न प्रोत्साहन दिनुपर्छ। प्रायोजन र साझेदारीहरूलाई प्रोत्साहन गर्नाले दिगो वित्तीय समर्थन सिर्जना गर्न सक्छ।

***नीति सुधार र कार्यान्वयन:*** नेपालले खेलकुदको विकास र कूटनीतिक लक्ष्यहरूको लागि एक समग्र नीति निर्माण गर्नुपर्छ। पारदर्शी प्रशासन र उचित व्यवस्थापन प्रणालीको आवश्यकता छ जसले खेलाडीहरूलाई सहयोग पुऱ्याउने र खेलकुद संस्कृतिको सुदृढीकरण गर्ने छ।

***अन्तर्राष्ट्रिय सहभागिता र आदानप्रदान:*** नेपालले विश्वव्यापी प्रतियोगिताहरूमा खेलाडीहरू पठाउन र अन्य देशहरूबाट सिक्नका लागि आदानप्रदान कार्यक्रम सिर्जना गर्न ध्यान केन्द्रित गर्नुपर्छ। क्रिकेट वा भलिबल च्याम्पियनसिप जस्ता अन्तर्राष्ट्रिय कार्यक्रमहरूको आयोजना गर्दा नेपाललाई खेलकुदमैत्री राष्ट्रको रूपमा प्रवर्द्धन गर्न मद्दत पुग्छ।

***युवा र आधारभूत विकासः*** युवा र सामुदायिक स्तरमा खेलकुद कार्यक्रमहरूमा लगानी गर्दा प्रारम्भिक उमेरदेखि प्रतिभा पलीकरण गर्न सकिन्छ। विद्यालय र स्थानीय क्लबहरूले बच्चाहरू बीच खेलकुदको सहभागिता प्रवर्द्धन गर्न प्रोत्साहित गर्नुपर्छ।

***एडभेन्चर खेल र पर्यटनको प्रवर्द्धनः*** नेपालको अनौठो भौगोलिक संरचनाले ट्रेकिङ, पर्वतारोहण, र म्याराथन जस्ता एडभेन्चर खेलहरूको प्रवर्द्धन गर्न ठूलो सम्भावना प्रदान गर्दछ। यसले खेल पर्यटनलाई समर्थन मात्र होइन, नेपालको सफ्ट पावरलाई विश्वभर सुदृढ बनाउँछ।

यी सिफारिसहरूलाई सम्बोधन गरेर, नेपाल खेलकुद कूटनीतिमा एक प्रमुख खेलाडीको रूपमा स्थापित गर्न सक्दछ, जसले शान्ति, एकता, र अर्थपूर्ण अन्तर्राष्ट्रिय सम्बन्धहरूलाई प्रवर्द्धन गर्न उपयोग गर्ने छ।

## ११. निष्कर्ष

सम्पूर्ण रुपमा भन्नुपर्दा, खेलकुद कूटनीतिले नेपालको वैश्विक छवि सुधार्न र अन्तर्राष्ट्रिय सम्बन्धहरूलाई सुदृढ बनाउन ठूलो सम्भावना राख्दछ। यसको समृद्ध सांस्कृतिक धरोहर र खेलकुदप्रतिको आस्थालाई प्रयोग गरेर, नेपालले अन्य राष्ट्रहरूसँग एकता, शान्ति र आपसी समझदारीको वातावरण सिर्जना गर्न सक्छ। दक्षिण एसियाली खेलकुद र एभरेस्ट प्रिमियर लिग जस्ता कार्यक्रमहरू मार्फत नेपालले पहिले नै आफ्ना छिमेकी र वैश्विक समुदायसँग सम्बन्ध बनाउने क्षमता देखाइसकेको छ। ओलम्पिक र आई.सी.सी. वर्ल्ड टी२० जस्ता अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा सहभागिता जनाएर यसको विकासोन्मुख खेलकुद राष्ट्रको रूपमा स्थान थप बढेको छ। यसका अतिरिक्त, खेलकुद कूटनीति तनाव कम गर्न र सहकार्यलाई प्रोत्साहित गर्न प्रभावकारी भएको प्रमाण नेपालको भारत र चीनसँगको साझेदारीमा देखिन्छ। तथापि, अपर्याप्त पूर्वाधार, लगानीको कमी, राजनीतिक अस्थिरता, र प्रशासनिक असक्षमताका जस्ता चुनौतीहरूले नेपाललाई खेलकुदलाई कूटनीतिक उपकरणको रूपमा पूर्ण रूपमा उपयोग गर्न रोक्दैछन्। यी चुनौतीहरूको समाधान गर्नु, खेलकुद कूटनीतिको पूर्ण सम्भावनालाई खोल्नका लागि अत्यन्त महत्त्वपूर्ण छ।

## सन्दर्भ सामाग्री


- Clive, R., & Harris, L. (2012). *Sports Diplomacy: A New World of International Relations*. Oxford University Press.
- Grix, J. (2016). *The Role of Sports in International Relations*. Palgrave Macmillan.
- Agerholm, H. (2014). *The Role of Sports Diplomacy in International Politics*. International Journal of Sports Policy and Politics, 7(1), 87-102.
- Zhou, L. (2019). "The Role of Sports Diplomacy in International Relations." *International Journal of Sports Science and Management*, 14(3), 12-18.
- Klein, A. (2018). "Sports as a Tool of Diplomacy." *Journal of Global Affairs*, 3(2), 99-112.

- Kassing, J. W. (2016). "The Influence of Sports Diplomacy on Public Diplomacy." *International Journal of Communication*, 10, 3101-3123.
- IOC. (2021). *Olympic Charter*. International Olympic Committee. Retrieved from https://olympics.com/ioc/olympic-charter
- Tomlinson, A., & Young, C. (2006). *National Identity and Global Sports Events: Culture, Politics, and Spectacle in the Olympics and the Football World Cup*. State University of New York Press.
- Brownell, S. (2012). *Beijing's games: What the Olympics mean to China*. Rowman & Littlefield Publishers.
- Guttmann, A. (2004). *The Olympics: A history of the modern games*. University of Illinois Press.
- Adhikari, B. (2017). *Sports and adventure tourism in Nepal*. Himalayan Studies Journal, 12(2), 45-58.
- Gurung, K. (2008). *South Asian Games and their impact on Nepal*. South Asia Quarterly, 5(3), 23-36.
- Sharma, R., & Joshi, T. (2013). *Football and cricket: Nepal's sporting journey*. Journal of Nepali Culture and Sports, 8(1), 12-21.
- Subedi, B. (2016). *Traditional games in Nepal: A cultural legacy*. Journal of Himalayan Studies, 10(4), 56-70.
- Bhandari, P. (2018). *The rise of cricket in Nepal: A new sporting identity*. Journal of South Asian Sports Studies, 6(3), 34-46.
- Gurung, K. (2020). *The 13th South Asian Games: Achievements and challenges for Nepal*. South Asia Quarterly, 6(1), 23-40.
- Black, D., & Nauright, J. (1998). *Rugby and the South African nation: Sport, cultures, politics, and power in the old and new South Africas*. Manchester University Press.
- Riordan, J. (2007). *Sport and globalization: Transcending boundaries*. London: Routledge.
- Schnitzer, M. (2018). *International Sport Development: A case for developing nations*. Journal of Global Sports Studies, 12(3), 45-58.
- Allison, L., & Monnington, T. (2002). *Sport, prestige, and international relations*. International Affairs, 78(2), 279-295.
- Beutler, I. (2008). *Sport serving development and peace: Achieving the goals of the United Nations through sport*. Sport in Society, 11(4), 359-369.
- Ministry of Youth and Sports, *National Sports Policy 2000*. Kathmandu: Government of Nepal, 2000.
- Nepal Law Commission, *Sports Development Act 1992*. Kathmandu: Nepal Law Commission, 1992.
- Government of Nepal, *Constitution of Nepal 2015*. Kathmandu: Government of Nepal, 2015.
- Ministry of Youth and Sports, *Youth Vision 2025*. Kathmandu: Government of Nepal, 2015.
- International Olympic Committee. (2014). *Olympic Charter*. Retrieved from https://olympics.com/ioc/olympic-charter
  FIFA. (2020). *FIFA Governance Regulations*. Retrieved from https://www.fifa.com/governance
- United Nations. (2015). *Human Rights and Sport*. United Nations General Assembly.
- Nepal Sports Council. (2017). *Annual Report on Sports Development in Nepal*. Kathmandu: Nepal Sports Council.

# सुशासनमा युवा सहभागिताका क्षेत्र



**ठाकुरप्रसाद बस्ताकोटी**[1]

***लेखसार***

*आज हाम्रा गाउँबस्ती युवाविहीन भएका छन्। सुशासनको व्यापकताको अभावमा शिक्षा, स्वास्थ्यजस्ता आधारभूत पक्षहरुमा सर्वसाधारणको सहज पहुँच साँघुरो बन्ने अवस्था देखिएको छ भने यसका लागि राज्यको प्रभावकारी हस्तक्षेपको आवश्यकता महशुस हुन थालेको छ। विकासका गतिविधिहरु प्रभावकारी बनाउन सुशासनलक्षित गतिविधिहरुको बढोत्तरी जरुरी हुन थालेको छ। अर्कोतिर विकास गाउँ प्रवेश गर्दै गर्दा मानिसहरु शहर झर्ने र शहर अव्यवस्थित हुँदा देश थप रुग्ण बन्ने अवस्थाको अन्त्य गराउन सकिएको छैन। यस अवस्थामा सुशासन र समृद्धिको लक्ष्य हासिल गर्न युवा परिचालनलाई व्यवस्थित गर्नुपर्ने अवस्था छ। नेपालको विकासका लागि लागि युवालाई विकास र राजनीतिक शुद्धीकरणमा केन्द्रित गर्न आवश्यक छ। सरकार र राजनीतिक दलहरू युवाको प्रतिनिधित्व पर्याप्त गराउनतर्फ सचेत हुनुपर्ने अवस्था छ भने युवालाई सरकारी र गैरसरकारी क्षेत्रबाट गुणस्तरीय शिक्षा, स्वास्थ्य, मर्यादित रोजगारी र यसका अवसरहरू, सार्वजनिक जीवन र नीति निर्माणका विभिन्न मञ्चमा सहभागिता एवम् अन्य विषयको खाँचो पर्छ। शासनमा युवा सहभागिता अभिवृद्धि गर्ने हो भने उत्पादकत्व अभिवृद्धि भई नागरिक र शासकीय अंगहरुबीच सम्बन्ध सुमधुर हुन पुग्छ भने राज्य र सार्वजनिक क्षेत्रको सबलीकरण भई सुशासनमा अभिवृद्धि र भ्रष्टाचार न्यूनीकरणमा सहयोग पुग्दछ। युवा निगरानीले नागरिक समाजको सशक्तीकरण भई शासनमा साझेदारी अभिवृद्धि हुन सक्छ। यसले*

---

[1] **उपसचिव/इजलास अधिकृत, सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं**

*देशकेन्द्रित सोंच र नवप्रवर्तनका नवीनम् प्रवृत्तिहरुको प्रयोगलाई समेत व्यवहारमा अवलम्बन गर्न सहयोग गर्ने छ।*

**शब्दकुञ्जी- साझेदारी विकास, युवा पलायन, नवप्रवर्तन, दबाब सिर्जना**

**बिषय प्रवेश**

सुशासन कायम गर्न र गराउनका लागि शासन प्रक्रियादेखि आर्थिक,राजनीतिक र सामाजिक भूमिकासम्ममा युवाहरूको सक्रिय र अर्थपूर्ण सहभागिता आवश्यक छ। नेपालको कुल जनसङ्ख्याको ४० प्रतिशतभन्दा बढी हिस्सा युवाले ओगटेका छन् तर राजनीतिक र सामाजिक क्षेत्रमा अझै पनि सोही अनुपातमा युवाहरूको प्रतिनिधित्व हुन सकेको देखिँदैन। शासकीय प्रक्रियामा युवाहरुको भूमिका हस्तक्षेपकारी रणनीतिमा आधारित गराउन नसक्ने हो भने युवा शक्ति अनुपयोगी र दुरुपयोगमुखी हुन पुगी समाजमा हानिकारक गतिविधिहरुले प्रश्रय पाउन सक्छ। यसको सदुपयोगले समग्र उत्पादकत्व र राष्ट्रिय समृद्धिमा तीव्र योगदान पुग्ने निश्चित छ।

देश संघीयतामा प्रवेश गरिसकेपछि स्रोत, साधन र यसका प्रतिफलहरु जनताले पाउने अपेक्षा हुँदै आएको छ। यस अपेक्षानुरुप सन्तुलित र सर्वांगीण विकासका लागि युवा उपयोगको रणनीति लिनु अत्यावश्यक छ। संविधानको कार्यान्वयन, सुशासन बहाली र भ्रष्टाचार न्यूनीकरण गर्दै समग्र शासकीय प्रतिफललाई नतिजामा आधारित बनाउन युवाहरुको उपयोगलाई जोड दिनु अपरिहार्य छ। युवा सहभागितामा सरकारी तहबाट नीतिगत रुपमै व्यवस्था गर्ने र युवाहरू आँफै पनि सक्रियता देखाउनुपर्ने हुन्छ। तीनै तहका आवधिक निर्वाचनमा युवाहरुको सहभागिता निर्वाचन परिचालनमा मात्रै गर्ने र युवापलायनको डरलाग्दो अवस्था अन्त्य गर्न योजना कार्यान्वयन गर्नुपर्ने अवस्थालाई बेवास्ता गर्नेहो भने नेपालले समृद्धि र सुशासन हासिल गर्न सक्दैन। गत स्थानीय निर्वाचनमा कुल उमेदवारमध्ये ४२ प्रतिशत जनप्रतिनिधि १८-४० वर्ष उमेरका युवाहरू निर्वाचित भए तापनि शासकीय गतिशीलता र निगरानीमा युवासहभागिता कमजोर देखिदै आएको छ। नयाँ र स्वतन्त्र युवाहरूको उल्लेख्य मात्रामा विजय हासिल गरेर शासन प्रक्रियामा समावेश भए तापनि देशभित्रै उत्पादनजन्य गतिविधिमा युवालाई सहभागी गराउने अभियानको अभावमा ठूलो संख्यामा युवापलायन तीव्र बनेको देखिन्छ। सुशासनमा जनताका अपेक्षा र तहगत सरकारका क्रियाकलाप सञ्चालनदेखि नीति निर्माणसम्ममा उनीहरुको सहभागिता कमजोर बनाएको छ।

तीनै तहमा नीति निर्माण, सेवा प्रवाह, विकास निर्माण, योजना, बजेट कार्यान्वयन,अनुगमन र मूल्याङ्कनलगायत विकासका आवश्यकता र प्राथमिकताका विषयमा युवावर्ग चनाखो भएर लाग्नुपर्ने अवस्था छ। स्थानीय शासन प्रक्रियालगायत तल्लो तहसम्म युवा सहभागी भएमा केही परिवर्तन हुने अपेक्षाले काम गर्न नसक्ने हो भने अहिले युवा वर्गमा देखिएको निराशा, देशप्रतिको वितृष्णा र विदेशिनुपर्ने बाध्यतामा विस्तारै कमी ल्याउन सकिने वातावरण तयार हुन सक्दैन। यस वास्तविकतालाई बोध गर्न ढिला भइसकेको छ।

## युवा परिचालनको चुनौती

बुद्धिमानी, परिश्रमी र सिर्जनशील धेरै युवा अब नेपालमै बस्न चाहन्छन् भन्ने पुष्टि गराउनु आजको चुनौती हो। देश विकासको क्रमलाई द्रुत रूपमा अघि बढाउन राज्यभित्र र बाहिरका संरचना र संस्थाहरूको क्षमता अभिवृद्धि गर्नेतिर युवाहरूको ध्यान जानुपर्ने हुन्छ। आधुनिक समाजले दिएको खुला बजार अर्थतन्त्रमा आधारित समृद्धि र उदार लोकतन्त्रले दिएको सामाजिक र राजनीतिक स्वतन्त्रतामा देशको हित अभिवृद्धि हुने गतिविधिहरुमा बढोत्तरी आवश्यक छ। गुणस्तरीय स्वास्थ्य, शिक्षा, यातायात र स्वच्छ वातावरणको पहुँच गराउने कुरामा गाउँदेखि सहरसम्म युवाले नै नेतृत्व लिनुपर्छ । अबको युवाशक्तिलाई परिचालन गर्ने रणनीति यसैमा आधारित हुनुपर्छ । यस्ता गतिविधिले देशभित्र अलोकतान्त्रिक कार्य र आर्थिक कुशासनलगायतका दुश्चरित्रलाई पराजित गर्दै विद्यमान बहुआयामिक गरिबीलाई परास्त गर्न सहयोग गर्छ।

नेपालको सन्दर्भमा राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्षलाई युवा उमेर समूह निर्धारण गरेको छ। देशको समृद्धिमा यिनै क्षेत्रका युवाहरुको रचनात्मक सहभागिताबाट सकारात्मक परिवर्तन ल्याउन सकिने अवस्थालाई हृदयंगम गर्नुपर्ने अवस्था छ। प्राचीन कालदेखि नेपालले युवाहरुको शक्तिलाई सदाचार र सामाजिकीकरणमा आबद्ध गर्ने प्रयास गर्दै आएको अवस्थामा आधुनिक र समृद्ध नेपालको जग तयार गर्नसमेत यसलाई सुदृढ गर्नु आवश्यक छ।

नेपालको सामाजिक तथा राजनीतिक इतिहास, खेलकूद, सूचना प्रविधि र विकासमा युवा जनशक्तिले खेल्दै आएको भूमिका अविस्मरणीय छ। युवा जोश, चेतना र प्रवृत्तिका नवीनतम् आयामलाई आजको शासकीय चरित्रले सामाजिक, आर्थिक र विकासको रुपान्तरणमा ऐक्यबद्ध गर्न भने संस्थागत, संरचनागत, कानूनी र व्यवहारगत अभ्यासमा व्यापक रुपान्तरणको खाँचो देखिएको छ।

**अधिकार र कर्तव्यप्रतिको चनाखो**

युवालाई अधिकार मात्र हैन, कर्तव्यप्रति पनि उत्तिकै सचेत र जिम्मेवार बनाउनुपर्छ। ऊर्जाशील र प्रतिभावान युवाहरू आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक परिवर्तनमा अग्र दस्तामा रही सबल, प्रतिस्पर्धी र आत्मनिर्भरतातिर अघि बढिरहेका हुन्छन् भन्ने देखाउनु अबको चुनौती र जिम्मेवारी हो। देशमा राजनीतिक अनुकूलता र स्थिरता रहेको अवस्थामा युवाको सक्षम नेतृत्वको आधार तयार हुने हुँदा युवाहरू बौद्धिक, सिर्जनशील, सीपयुक्त उद्यमी र जिम्मेवार नागरिकको भूमिका निर्वाह गरी अध्ययन, रोजगार, जीविकोपार्जन र अवसरका निमित्त लाग्नु अत्यावश्यक भएको छ।

समय परिवेश, परिस्थिति र परिवर्तन अनुसारको आवश्यक क्षमता विकास गरी ज्ञान, सीप, क्षमता, अनुभव तथा सिर्जनशीलतालाई मूलधारमा प्रवाहीकरण गर्न राज्यका नीति तथा कार्यक्रम निर्देशित हुनु जरुरी छ। युवालाई स्वदेशमा नै रमाउने, कमाउने र जमाउने वातावरण सिर्जना गर्नुपर्छ ।विदेशिएका युवाहरूको संरक्षण, ज्ञान, सीप, पुँजीको प्रबर्द्धन एवम् उपयोगका लागि ठोस नीति तय गर्नुपर्दछ। विज्ञान तथा प्रविधि, खोज, अनुसन्धान तथा अन्वेषणमा युवा शक्तिलाई प्रोत्साहन गरिनुपर्दछ। बौद्धिक तथा दक्ष युवाहरूको पलायनलाई देशमै अवसर र महत्त्व दिइनुपर्छ । खेलकूद तथा मनोरञ्जनमार्फत शारीरिक र मानसिक विकासको अवसर, युवा नेतृत्व विकास, सहभागिता र परिचालन गरिनुपर्छ।

युवाको क्षमता विकास गरी देशभक्त, कर्मठ, अनुशासित र उद्यमशील बनाई आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा युवाको सार्थक सहभागिताका लागि लक्षित कार्यक्रम ल्याइनुपर्छ। स्थानीय तहमा विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण, वातावरण संरक्षण, पूर्वाधार विकासमा खबरदारी र साझेदारी, राहत, खोज तथा उद्धार, विषम परिस्थितिमा जनचेतना अभिवृद्धिलगायत सामाजिक कार्यमा सङ्गठित गरी परिचालन गरिन ढिला गर्नु हुँदैन।

अहिले अधिकांश युवा लक्षित भनेर ल्याइएका कार्यक्रममा समेत युवा वर्गको प्रतिनिधित्व कम भइरहेको छ। यसमा ध्यान पुग्नु आवश्यक छ। आमयुवा वर्गको अपनत्व हुने गरी प्रभावकारी काम यस्ता कार्यक्रममार्फत् हुनुपर्दछ। युवाका नाममा यदाकदा हुने गरेका यी प्रयासको कार्यान्वयन पक्ष के कस्तो रूपमा कति प्रभावकारी रह्यो गम्भीर समीक्षा हुनु आवश्यक छ।

नेपालको समृद्धिका लागि युवालाई विकासमा केन्द्रित गरी न्यून गुणस्तरीय वैदेशिक रोजगारीमा निर्भरता कम गर्न र त्यताबाट फर्किएकालाई समायोजन गर्न सरकारका कार्यक्रममा सुधार जरुरी छ। यसमा रहेका संस्थागत र सामाजिक अवरोधलाई हटाउँदै देशभित्र रोजगारीका अवसर सिर्जना गर्न राजनीतिक दलहरूले पनि युवालाई परिचालन गर्ने मात्र होइन, उनीहरूको योग्यता, दक्षता र क्षमताअनुसारको उचित अवसर र जिम्मेवारीसमेत दिनुपर्छ।

## हालका गतिविधिको अवस्था

हाल विभिन्न मन्त्रालय र तीनै तहमार्फत् युवालक्षित कतिपय कार्यक्रम सञ्चालन भइरहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, राष्ट्रिय युवा जागरण, कृषि उत्पादन, सुशासनमा युवा, विज्ञान प्रविधि र वातावरण संरक्षणमा युवा, पर्यटन प्रवर्धन, छुवाछुतविरुद्धको अभियानमा युवा, स्वयम्सेवकीय भूमिका आदि त्यसका उदाहरण हुन्। यी कार्यक्रमहरुलाई उत्पादनमुखी बनाई युवाको क्षमता विकास र उपयोगमा केन्द्रित गराउनु आवश्यक छ। राज्यका हरेक तहमा युवा प्रतिनिधित्व, युवाको नेतृत्व विकास तथा दक्षता अभिवृद्धि, युवालाई राज्यको मूलप्रवाहमा ल्याउने, समग्र क्षेत्रका नीतिहरूलाई युवामैत्री बनाइनुपर्छ। हरेक राजनीतिक पार्टीले युवासम्बन्धी आफ्नो स्पष्ट नीति बनाउनुपर्छ, जसले राज्यका विभिन्न निकायबाट युवाका लागि सञ्चालन गरिने कार्यक्रमलाई समन्वय गर्न र पार्टीभित्र पनि युवा नेतृत्व निर्माण गर्न मद्दत पुग्ने छ।

युवाले पनि कुनै पूर्वाग्रह नराखी आफ्नो चेतनाको सही सदुपयोग गर्न देशलाई पहिलो प्राथमिकतामा राख्नु आवश्यक छ। अघिल्लो पुस्ताको अनुभवबाट सिक्दै उनीहरूसँग सम्मानपूर्वक सहकार्य गर्ने रुचिमा अभिवृद्धि गर्नु जरुरी हुन्छ। मुलुकमा विधिको शासन, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, सामाजिक सुरक्षा र रोजगारी सिर्जना आदि जस्ता नागरिकका आधारभूत आवश्यकताका निम्ति अग्रसर हुन ऐक्यबद्धता र नवप्रर्तनका उपायहरु अपनाउन अत्यावश्यक छ। अनि मात्र हामीले परिकल्पना गरेको समृद्ध, गतिशील र समतामूलक समाजको निर्माण सम्भव छ। अबको समय युवाको हो भन्ने देखाउन युवाहरु आँफै पुनर्जागृत हुनु आवश्यक।

शिक्षा, स्वास्थ्य, सञ्चारप्रविधि, खेलकूद, साहसिक क्रियाकलाप तथा ज्ञान र आविष्कारका अनेक क्षेत्रमा युवाहरुको गतिविधिले सामाजिक, आर्थिक र सांस्कृतिक विविधताको जग समृद्ध बन्न सक्छ। युवामा हुने सिर्जनशीलताले समाजलाई वैश्विक एकतातिर लान सक्छ भने देशको मौलिकता र आवश्यकतामा

पनि सामञ्जस्य सिर्जना गर्न सक्छ। युवाहरुले यस क्षेत्रमा खेल्दै आएको भूमिकालाई प्रबर्द्धन गर्न हाल संघीय, प्रदेश र स्थानीय तहमा विभिन्न क्रियाकलापहरु सञ्चालन हुँदै आएका छन्। यसलाई शासकीय बहुआयामिकता र सामाजिक विकाससँग जोडी अभिवृद्धि गर्न बृहत्तर साझेदारीमा जोड दिनुपर्ने देखिन्छ।

## सुशासनमा युवा

सुशासनलाई लोकतन्त्र वितरणको प्रमुख औजारको रुपमा लिइएको हुँदा यसको अभिवृद्धिमा युवाहरुको सशक्त हस्तक्षेपको खाँचो छ। नेपालको संविधान र चालू सोह्रौं पञ्चवर्षीय आवधिक योजना तथा संघीय तहको चालू बजेटले समेत समृद्धिको आधारका रुपमा युवाहरुलाई महत्त्वपूर्ण हिस्सेदारको रुपमा सम्बोधन गर्न खोजेको देखिन्छ। समृद्ध समाज निर्माणका लागि भ्रष्टाचार नियन्त्रण गरी सदाचारमैत्री शासन प्रणाली स्थापना गर्नुपर्ने आवश्यकता छ। सैद्धान्तिक रुपमा जोड दिइएको यस आवश्यकतालाई युवाहरुले मनन् गर्नु आवश्यक छ। नेपालमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी सारवान र कार्यविधि कानूनहरूको सामयिक विकासमा युवाहरुको  उचित ध्यान केन्द्रित हुन सकेको छैन। यसमा सुधार गर्नु आजको आवश्यकता हो।

ट्रान्सपरेन्सी इन्टरनेशनले वार्षिक रुपमा सार्वजनिक गर्ने प्रतिवेदनमा नेपालले प्राप्त गर्ने न्यून अंकले हाम्रो अवस्थाको प्रतिनिधित्व गर्दै आएको छ। पछिल्लो पटक गत सालको उक्त प्रतिवेदनमा नेपालले ३५ अंक प्राप्त गरेर १०८ औं स्थान प्राप्त गरेको देखाइएको छ। सन् २००९ मा २९ अंक प्राप्त गरेर १५२ औं स्थानमा रहेको नेपालले विगत दुई वर्षसम्म लगातार ३४ अंक प्राप्त गर्यो। हाम्रो छिमेकी देश भुटानले एसियामा सिंगापुरपछिको पछिल्लो स्थान कायम राखी आफ्नो वार्षिक आयलाई नेपालको भन्दा तीन गुना बढी राख्न सक्षम भइरहँदा हामीले सुशासनका क्षेत्रमा युवा परिचालनमार्फत् सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ। विधिको शासनको सूचकाङ्कमा वर्ल्ड जस्टिस प्रोजेक्टले सन् २०१५ देखि नेपाललाई समावेश गर्दै आएको छ, जसमा हाम्रो अवस्था निराशाजनक छ ।सुशासनमा युवा हस्तक्षेप अभिवृद्धि गरी कानूनको पालना र प्रयोगलाई सुदृढ गराउन उचित निगरानी गराउने अवस्था तयार पार्नु जरुरी छ। नेपालमा भ्रष्टाचार रोकथाम, सदाचार अभिवृद्धि र सार्वजनिक तथा निजी क्षेत्रमा सदाचारिता अभिवृद्धिका लागि नागरिक र सार्वजनिक क्षेत्र दुवैको कार्यसंस्कृतिमा सुधार ल्याउन युवाहरुको गतिविधिलाई सुशासनमैत्री गराई सहभागितामा आधारित गराउनु जरुरी देखिएको छ। नेपालमा भ्रष्टाचार मुद्दाको पहिचान र यसको फछ्र्यौटमै लामो समय रहने गरेको निष्कर्ष विभिन्न

अध्ययनहरुले देखाएका छन्। यसबाट हाम्रो सुशासन कार्यान्वयनको योजना र कार्यविधि दुवैमा कमजोरी देखिएको छ भने भएका कानूनको सामयिक संशोधन र नयाँ कानून जारी गर्नुपर्ने आवश्यकता समेत महशुस हुँदै आएको छ। यस क्षेत्रको कानूनी न्यूनता र रिक्तता पूरा गर्नुपर्नेतर्फ युवाहरुको सशक्त दबाब र रचनात्मक भूमिका युगले अपेक्षा गरेको छ।

## शासकीय सरलताका लागि युवा सहभागिता

अदालतले गरेका व्याख्या, भ्रष्टाचारविरुद्ध महासन्धिमा भएका व्यवस्था, नेपालमा संघीयताको कार्यान्वयनका क्रममा तीनै तहमा कम हुन नसकेको भ्रष्टाचारको अवस्था, संगठित रुपमा बढ्दो भ्रष्टाचारको अवस्थासमेतले समाजका धेरै पक्ष नैतिकहीन बन्दै सदाचारविरुद्धका क्रियाकलापमा संलग्न भएको देखिन्छ। यस्तो अवस्थामा सकारात्मक सुधारका गतिविधि र अभियानहरु सञ्चालन गर्न युवाहरुको हस्तक्षेपपूर्ण भूमिका अभिवृद्धि हुनु आवश्यक छ। सुशासनका लागि राज्यका तीनै अंगले आफ्नो प्रभावकारिता सिद्ध गरी भ्रष्टाचारविरुद्ध निर्मम रुपमा प्रस्तुत हुनसमेत त्यस्तो भूमिकाले योगदान पुऱ्याउन सक्छ।

सेवा प्रवाहलाई सेवाग्राहीमैत्री बनाउने, बहुस्तरीय शासनका आयाममा हिस्सेदारी बहन गर्ने, सार्वजनिक निकायहरुमा जवाफदेहिता अभिवृद्धि गर्न दबाब सिर्जना गर्ने, युवाशक्तिको सदुपयोगमा एकीकृत र समन्वयकारी भूमिका बढाउने, नवीन सोंच र प्रवृत्तिलाई व्यवहारमा अवलम्बन गराउन भूमिका खेल्नेजस्ता भूमिकामा युवाहरुको सहभागिताको क्षेत्र बढाउनु आवश्यक छ । शासकीय पहुँचमा जनताको सहभागिता लोकतन्त्रको अनिवार्य शर्त हो। तर लोकतान्त्रिक मूल्यमान्यताको गिर्दो अवस्थालाई व्यवहारमा सुधार गर्न युवा सोंच र व्यवहारलाई लोकतन्त्रमैत्री बनाउनु आवश्यक छ। यसले शासकीय सरलता र पारदर्शिता अभिवृद्धिमा सहयोग गर्ने छ।

## सूचना प्रविधि, सम्पत्ति शुद्धीकरण र स्वार्थको द्वन्द्व व्यवस्थापनमा युवा दबाव

सम्पत्ति शुद्धीकरण र आतंकवादमा लगानीजस्ता विषयमा नेपालमा रहेको सम्पत्ति शुद्धीकरणसम्बन्धी वित्तीय कार्यदलले नेपालको अवस्थामा सुधार गर्नुपर्ने विषयमा सुझाव दिंदै सुधार नगरे ग्रे सूचीमा पर्ने चेतावनी दिदै आएको छ। सम्पत्ति शुद्धीकरण र बैंक तथा वित्तीय संस्थामा हुने भ्रष्टाचारमा अन्तरराष्ट्रिय कानूनले परिकल्पना गरेबमोजिका व्यावसायिक र स्वतन्त्र निकायहरूबाट अनुसन्धान र अभियोजन गर्न नसकेको विषयलाई कानूनमार्फत सम्बोधन गर्न हामीले सकेका छैनौं। सम्पत्ति शुद्धीकरण अनुसन्धान

विभागको स्वायत्तता तथा सक्षमता अभिवृद्धिलाई तदर्थमा छोडेजस्तो देखिन्छ। यससम्बद्ध अभियोजन नै सीमित संख्यामा भएका उदाहरणबाट सम्पत्ति शुद्धीकरणको कार्यमाथि प्रश्न उठ्दै आएको देखिन्छ।

भ्रष्टाचारको अन्त्य र नीतिगत भ्रष्टाचारको निर्मूलीकरणका लागि सुशासन व्यवस्थापन तथा सञ्चालन ऐनले गरेका स्वार्थको द्वन्द्व निवारणका औजारहरू अपर्याप्त छन्। स्वार्थको द्वन्द्वसम्बन्धी छुट्टै कानूनको आवश्यकतालाई जोड दिइँदै आए तापनि उचित ऐन व्यवस्थापनको अभावमा यसलाई दण्डको दायरामा ल्याउन अप्ठ्यारो परिरहेको देखिन्छ। यस्ता समसामयिक विषयहरुमा युवाहरुले दबाब सिर्जना गर्नु आवश्यक छ।

भ्रष्टाचारविरुद्धको राष्ट्रसंघीय महासन्धिले सार्वजनिक पदाधिकारीको परिभाषालाई बृहत् रुपमा सम्बोधन गरेको अवस्थामा नेपालमा भने सो परिभाषाअनुकूल सार्वजनिक अधिकारीहरूको कामकारबाहीलाई कानूनी दायरामा समेट्न सकेको देखिदैन। कानूनी प्रबन्धमार्फत् यसलाई सम्बोधन गर्न ढिलाइ हुनु हुँदैन। विद्युतीय शासनलाई व्यवहारमा गति दिई सुशासनको आधार तयार गर्न युवाहरुको सचेत भूमिका आवश्यक देखिएको छ। सूचना प्रविधि क्षेत्रमा रहेको डिजिटल खाडल अन्त्य गर्दै समतामा आधारित विकास अभिवृद्धि गर्न समेत युवाहरुको सशक्त भूमिका जरुरी देखिन्छ।

**प्रतिभा पलायन रोकथामको रणनीति**

प्रतिभा पलायन रोक्न उपयुक्त व्यवस्थापन तथा विश्वव्यापी रूपमै सिर्जना हुने अवसरमा नेपाली युवाको पहुँच सुनिश्चित गर्नुपर्छ । युवाको आधारभूत अधिकारको प्रत्याभूति गर्दै युवा सशक्तीकरणका माध्यमबाट सामर्थ्यवान्, उद्यमशील, सिर्जनशील तथा वैज्ञानिक एवम् सकारात्मक सोंचयुक्त समृद्ध युवा तयार गर्ने शासकीय महत्वाकांक्षा व्यवहारमा प्रदर्शित गर्न सक्नुपर्छ। सार्थक सहभागिता, क्षमता र नेतृत्व विकासका माध्यमबाट युवालाई राष्ट्रिय विकासको मूलधारमा समाहित गर्न सक्ने हो भने समृद्ध, आधुनिक र न्यायपूर्ण नेपालको निर्माण नजिक हुँदै जाने छ। यसका लागि  युवाको भूमिका र उनीहरूमा अन्तर्निहित क्षमतालाई गुणात्मक बनाउने लक्ष्यलाई व्यवहारमा अवलम्बन गर्ने रणनीति लिनुपर्छ ।

श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्नका लागि युवाको शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी उच्च मनोबलयुक्त नैतिक, सुसंस्कृत, सिर्जनशील र व्यावसायिक युवा तयार पार्ने नीति अवलम्बन गर्नुपर्छ। युवालाई परिवर्तनको संवाहक र दिगो विकासका उत्प्रेरक

शक्तिका रूपमा विकास गर्न राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, लोकतन्त्र र मानव अधिकारका आधारभूत सिद्धान्त एवम् मूल्यमान्यता बोध गराउने कार्यक्रम सञ्चालन गर्नुपर्छ।

आजका युवाको संवेदनशीलतालाई दृष्टिगत गरी जीवनयापनका विविध पक्षबारे मार्गदर्शन गर्नु राज्यको प्रमुख दायित्व हो। बढ्दो बेरोजगारीले युवा राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनका संवाहकका रुपमा देशभित्रै उत्पादनजन्य गतिविधिमा संलग्न हुने वातावरण तयार हुन सकेको छैन। युवा शक्ति कुनै पनि देशको त्यस्तो शक्ति हो, जसले देशको भविष्यलाई बदल्न आफ्ना अदम्य साहसलाई शक्तिमा बदल्न सक्छन्। युवाको हकहितको संरक्षण र संबर्द्धन गरी समुन्नत मुलुक निर्माणका लागि सक्षम नागरिक तयार गर्न राज्यले प्राथमिकता दिनु आवश्यक छ।

अहिले मुलुकको जनसंख्याको झण्डै आधा हिस्सा १६ वर्षदेखि ५० वर्षसम्मका नागरिक छन्। यीमध्ये २६ लाखभन्दा बढी देशमै बेरोजगार रहेको तथ्याङ्क छ। ४० देखि ४५ प्रतिशत रोजगारयोग्य जनशक्ति अनौपचारिक क्षेत्रमा काम गर्छन्। उत्पादनशील उमेरका मानिस ३९ प्रतिशत अर्धबेरोजगार छन्। विदेशिने धेरै जनशक्ति केही विशेष सीप नलिई बिदेशिएका छन् र तिनको ८० प्रतिशत १८-३५ वर्षका रहेको तथ्याङ्क छ। विदेशबाट फर्किएर नेपालमै बसेका १५ प्रतिशतभन्दा बढी जनशक्ति पनि बेरोजगार नै रहेको तथ्याङ्क छ।

## कृषि क्षेत्रमा युवा परिचालन

पहिल्यैदेखि खाद्यान्न अपुग हुने ३६ जिल्ला छन्। २० लाख परिवारसँग औसतमा आधा हेक्टरभन्दा कम जमिन छ। करिब ४१ प्रतिशत जनतालाई आवश्यक मात्रामा चाहिने क्यालोरी पुगेको छैन। यसमा ५२ प्रतिशत ग्रामीण जनसंख्यालाई आफ्नो उत्पादनले बाह्रै महिना खान पुग्दैन। पौष्टिक खानाका लागि खाद्यान्न फलफूल, तरकारी, मासु र दुग्धपदार्थ आयात गर्नमा हामीले अहिले नै वार्षिक करिब २ खर्ब खर्च गरेका छौं, जुन धेरै अर्थमा विदेशबाट आउने रेमिटयान्सले धानेको छ । प्रत्येक तीनमध्ये एउटा घरबाट कम्तीमा एक जना वैदेशिक रोजगारीमा जाने वर्तमान अवस्थामा सुधार ल्याउन युवा जनशक्तिलाई कृषिमा परिचालन गर्ने रणनीति आवश्यक छ। औसत नेपाली परिवारले आफ्नो कमाइको आधाभन्दा बढी खानामा मात्रै खर्च गर्ने प्रवृत्तिमा सुधार ल्याउन आम्दानीको हालको अनुपातमा बृद्धि गर्न उत्प्रेरणा र उत्पादनमुखी गतिविधिहरुमा अभिवृद्धि गर्नु आवश्यक छ। धेरै आम्दानी हुने परिवारलाई गरिबप्रति उत्तरदायी बनाउन समतामुखी स्वयंसेवा कोष परिचालन गर्नु आवश्यक छ। भोको पेटका

बेरोजगार युवाप्रति त्यस्ता व्यक्ति र परिवारको जिम्मेवारी सामाजिक रुपमा अभिवृद्धि गर्न गरिबहरुको एकीन तथ्याङ्कलाई स्थानीय सरकारमार्फत् व्यवस्थित गरी हाल बाँझो रहेका जमिनमा तिनको उत्पादकत्वमा आधारित गतिविधि प्रबर्द्धनको नीति अंगीकार गर्न सकिन्छ।

मुलुकमा प्रायःजसो तरकारी र फलफूल उत्पादन हुने ठाउँबाट बजारसम्म पुग्दा औसतमा ३०-४० प्रतिशत नाश हुने अवस्था अन्त्य गर्न कृषि पूर्वाधार र बजारमा सुधार गर्नु आवश्यक छ। भूमि बैंक, श्रम बैंकजस्ता आधुनिक अवधारणाको प्रयोगलाई व्यवहारमा अवलम्बन गर्नु जरुरी छ। बेरोजगार युवाहरु सदुपयोग हुन नसक्दा आउन सक्ने सामाजिक, आर्थिक एवम् राजनीतिक समस्याहरूको विचार गरी तिनको अजेय शक्तिको प्रयोगलाई राष्ट्रिय उत्पादकत्व अभिवृद्धि र मुलुकको हित प्रबर्द्धनका रणनीतिलाई व्यवहारमा अवलम्बन गर्न सबै पक्षको साझेदारी आवश्यक छ।

ग्रामीण क्षेत्रमा कृषिलाई आधुनिकीकरण गर्ने, विदेशबाट सीप सिकेर आएकाहरूको गरिखाने ऊर्जालाई गति दिने, गाउँको उत्पादनलाई सहरसँग जोडेर साना तथा मझौला उद्योग प्रबर्द्धन गर्ने, हरेक आर्थिक र सामाजिक गतिविधिलाई आधुनिक प्रविधिमा गाँस्ने र प्रविधिको उच्चतम प्रयोग गरेर उत्पादन र उत्पादकत्व बढाउने कार्यमा सार्वनिक निजी साझेदारीका अभियान तीनै तहका सरकारले प्राथमिकतामा राख्नु आवश्यक छ। देशको साधन-स्रोत प्रयोग गरेर युवाहरूलाई स्वरोजगार हुनतर्फ आकर्षित गर्ने काम गर्न समाजका हरेक पक्षमा सुशासनको अनुभूतिको चेतना र चाहना जगाउनुपर्छ। यसका लागि स्वयं युवाहरूले समेत आफ्नो भूमिकाको खोजी गर्नु आवश्यक हुन्छ। विशेष गरी व्यापार, शिक्षा र स्वास्थ्यलगायतका सेवा क्षेत्र, कृषि उत्पादनको बजारीकरण, मौसमलगायतका अन्य जानकारी एवम् विभिन्न कच्चा पदार्थ उपलब्ध गराउन डिजिटल प्रविधिको व्यापक प्रयोग गर्न युवाहरुले साझेदारी अभिवृद्धिमा आँफूलाई संलग्न गराउनु आवश्यक हुन्छ। स्टार्टअप गतिविधिहरुमा बढोत्तरी ल्याउन स्थानीय सरकारलाई दबाब दिई ठूला आर्थिक र व्यापारिक गतिविधिहरुका लागि आधार तयार पार्न निजी क्षेत्रको भूमिकामा बढोत्तरी आवश्यक छ।

## प्रभावशाली व्यक्तिको अनुसन्धान र बृहत्तर सुशासनमा युवा खबरदारी

भ्रष्टाचारको प्रतिरोधमा सामाजका सबै व्यक्ति र निकायहरुको भूमिका महत्त्वपूर्ण हुन्छ। तर आज पद र पहुँचमा रहने व्यक्तिहरुप्रति कानूनको समान प्रयोग हुन सकेको अनुभूति जनताले गर्ने वातावरण तयार पार्नुपर्ने अवस्था छ। ठूला व्यक्तिहरुको व्यवहार सामाजिकतामा आधारित हुन नसकेको, संवैधानिक नैतिकताको प्रयोगको अवस्था कमजोर रहेको र समग्र सामाजिक संरचनाहरु नैतिकतामुखी हुन नसकिरहेको अवस्थामा सुधार गरी सुशासन र सदाचारको जग बलियो बनाउँदै भ्रष्टाचारविरोधी सामाजिक संरचनालाई संस्थागत गर्नुपर्ने चुनौती छ। यसमा युवाहरुको दिगो प्रयास आवश्यक देखिएको छ।

न्यायपालिकाको स्वतन्त्रता तथा यी निकायका सदस्यहरूको निष्ठा बढाउने र उनीहरूलाई भ्रष्टाचारको मौका प्रदान हुन नहुने उपायहरू पक्ष राष्ट्रले अवलम्बन गर्नुपर्ने भनेर भ्रष्टाचारविरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धिको धारा ११ मा उल्लेख गरेको छ। यस्ता विषयहरुलाई युवाहरुले आफ्नो सरोकारको विषय बनाई सामाजिक सुधारमा विभिन्न प्रयासहरु सार्थक बनाउनुपर्ने अवस्था छ।

## निष्कर्ष

शासन व्यवस्थामा बहुलवादी सोंचको अवलम्बन र पारदर्शी कार्यव्यवहारको सम्बर्द्धनका लागि युवा जनशक्तिले सशक्त र हस्तक्षेपकारी रणनीतिसहित दबाब सिर्जना गर्नुपर्ने बेला आएको छ। राजनीतिक दलका भ्रातृ संगठनका रुपमा मातृपार्टीहरुलाई सुशासनमैत्री सिद्धान्त र व्यवहारको प्रयोग गर्न उनीहरुले सशक्त भूमिका खेल्न सक्छन्। सार्वजनिक र निजी क्षेत्र दुवै क्षेत्रमा हुने भ्रष्टाचारविरोधी क्रियाकलाप, नागरिकमैत्री व्यवहार र सदाचारमुखी कार्यसंस्कृति प्रबर्द्धनमा व्यक्तिगत र सामूहिक रुपमा योगदान गर्न सकिने अवस्था छ। युवाहरु विभाजित हुनुभन्दा एकीकृत रुपमा राष्ट्रिय एकता, संस्कृति संरक्षण र विविधता व्यवस्थापन गर्दै आधुनिक र समृद्ध राज्य निर्माणमा आफ्ना क्रियाकलापहरुलाई नवप्रवर्तनमुखी बनाउन ध्यान दिनुपर्ने बेला आएको छ।

राज्य तथा राज्यबाहेकका क्षेत्रको समेत शासनप्रक्रियामा प्रभावकारिता अभिवृद्धि गर्दै सीमान्तीकृत व्यक्ति र निकायहरुको मूलप्रवाहीकरणलाई ध्यान दिनुपर्ने बेला छ। सार्वजनिक पदाधिकारीसँगै निजी, सार्वजनिक र गैरसरकारी क्षेत्रका व्यवहारको समेत उचित निगरानी र नियमन हुनुपर्ने आवश्यकतामा युवाहरुको भूमिका सबल र सुदृढ बनाउनेपर्ने देखिन्छ। शासन प्रक्रियामा सहभागी सबै पक्षको आर्थिक,

सामाजिक तथा सांस्कृतिक आचरण र व्यवहारमा जवाफदेहिता र उत्तरदायित्व संस्कृतिसँग जोड्नु आवश्यक हुन्छ। समृद्धिको सारथीको रुपमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको तीन खम्बे नीतिलाई हामीले आत्मसात गरिरहँदा यस क्षेत्रमा युवाहरुको परिचालनलाई राज्य र राज्यबाहिरका निकायले समेत उत्तिकै ध्यान दिनुपर्ने देखिन्छ।

शासन प्रक्रियामा सहभागी सबैको व्यवहारलाई सुशासनमैत्री बनाउन दह्रो प्रतिबद्धता आवश्यक हुन्छ। समाजका सशक्त र सबल संरचनाका रुपमा युवाहरुले यसमा समन्वय, साझेदारी र दबाबको कार्य गर्न सक्छन्। भविष्यलाई दिगो विकासमा आधारित गराई समाजका सबै तह र तप्कामा हुने व्यवहारलाई नैतिकता र सार्वजनिक जवाफदेहिताको ऐनामा सफा देखिने बनाउनका लागि समेत यिनको भूमिका अग्रणी हुन सक्छ। समाजमा हुने सबै खालका भ्रष्टाचारजन्य गतिविधि नियन्त्रण गर्न सक्ने कानूनी संयन्त्रको विकासका लागि सुशासनमैत्री कानूनी र संस्थागत संयन्त्रको आवश्यकतालाई समयानुकूल र नेपाली समाजको माटोअनुकूल बनाउन युवाहरुले विभिन्न माध्यमबाट सामाजिक क्रान्तिको जग नै तयार गर्नुपर्ने देखिन्छ। यसका लागि भ्रष्टाचार नियन्त्रण र सुशासनसम्बद्ध ऐनहरूको एकीकरण देखि भएका कानूनहरुको समुचित प्रयोग र पालना, कानूनको समान प्रयोग र सार्वजनिक पद धारण गर्नेहरुको भूमिकालाई तटस्थ र सदाचारमैत्री बनाउनु आजको आवश्यकता हो।

**सन्दर्भ सामग्री**


*राष्ट्रिय युवा नीति, २०७२*
*युथ भिजन, २०२५, युवा तथा खेलकूद मन्त्रालय, सिंहदरबार, काठमाडौं।*
*युवामैत्री स्थानीय तह दिग्दर्शन, २०७९, राष्ट्रिय युवा परिषद्, सानोठिमी, भक्तपुर।*
*प्रशासन पत्रिका, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।*
*सोह्रौं पञ्चवर्षीय योजना, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं।*
*बजेट वक्तव्य, आर्थिक वर्ष २०८१।८२, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं।*



**विनोद कुमार शाही**

# युवा सहभागिता, युवाको पलायन र रोजगारको चुनौती

***लेखसार***

*हाम्रा मुलुकका करिब ७० देखि ८० प्रतिशत युवा जनशक्ति बाहिरिइरहेको अवस्था छ।*

*नेपालमा नै रहेका युवाहरू पनि रोजगारी र जीवनयापनका लागि आयआर्जन गर्न सहरका गल्लीगल्लीमा भौंतारिँदै हिँड्नु परिरहेको अवस्था छ। युवालाई परिभाषित र सैद्धान्तिक हिसाबले हेर्दा यो जीवनको सबैभन्दा ऊर्जाशील, गतिशील र कर्मशील समय हो। मानिस युवा अवस्थामा आइपुग्न शारीरिक, मानसिक एवम् संवेगात्मक विकास उत्कर्षको चरणमा पुगेको हुनुपर्छ।*

*युवालाई परिभाषित र सैद्धान्तिक हिसाबले हेर्दा यो जीवनको सबैभन्दा ऊर्जाशील, गतिशील र कर्मशील समय हो। मानिस युवा अवस्थामा आइपुग्न शारीरिक, मानसिक एवम् संवेगात्मक विकास उत्कर्षको चरणमा पुगेको हुनुपर्छ।*

**विषय प्रवेशः**

- युवा भन्नासाथ स्वस्थ शरीर, मस्तिष्कमा विचार, मनमा सपना र ती सपना साकार पार्न सक्ने लगनशील क्षमताका साथै जोस र जाँगर भएको सम्झनुपर्छ। सुसंस्कृत सबल युवा हुनका लागि उमेरका साथसाथै शारीरिक एवम् मानसिक रूपले स्वास्थ्यमा तन्दुरूस्त र सामाजिक, राजनीतिक, सांस्कृतिक र आर्थिक वातावरणमा समेत समुन्नत हुनु जरूरी छ।
- नेपालको सन्दर्भमा राष्ट्रिय युवा नीति २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समूहलाई युवा भनिन्छ। युवाको उमेर अधिकांश देशमा १५ देखि ३५ वर्षका बीचमा कायम गरिएको पाइए पनि संयुक्त राष्ट्र संघ र विश्व बैंकजस्ता अन्तर्राष्ट्रिय संस्थाले १५ देखि २४ वर्षको उमेर समूहलाई युवा मानेका छन्।
- नेपालको सन्दर्भमा नेपालको अन्तरिम संविधानले १५ देखि २९ वर्षको उमेर समूहलाई युवा भनेर परिभाषित गरेकोमा राष्ट्रिय युवा परिषद् ऐन २०७२ तथा राष्ट्रिय युवा नीति २०७२ ले १६ देखि ४० वर्ष उमेर समूहलाई युवा मानेको छ।
- २०७८ को जनगणनाअनुसार कुल जनसंख्यामा युवा संख्या ४२.५६ प्रतिशत हुन आउँछ। युवावर्ग घर परिवार, समाज, राष्ट्र र विश्वका मेरूदण्ड भएकाले देशको कुल गार्हस्थ्य उत्पादन, आर्थिक वृद्धि तथा विकास, सामाजिक तथा साँस्कृतिक विकास र पर्यटन प्रबर्द्धनमा युवाहरूको महत्त्वपूर्ण भूमिका हुन्छ।

- नेपालमा भएका युगान्तकारी परिवर्तनहरूमा युवाको सार्थक सहभागिता रहने गरेको छ। मुलुकमा हजारौं युवाले राजनीतिक एवम् सामाजिक परिवर्तनका लागि जीवनको बलिदान दिएका छन्। तसर्थ युवाको योगदान, सङ्घर्ष र सहभागिता राज्यका हरेक क्षेत्रमा चुनौती सामना गर्ने कार्यमा महत्त्वपूर्ण छ। करिब १ करोड २४ लाखको संख्या युवाशक्ति रहेको नेपालबाट बर्सेनि लाखौं संख्यामा युवा रोजगारीका लागि विदेशिएका छन्। लाखौंको संख्यामा युवा वैदेशिक रोजगार, उच्च शिक्षालगायत भविष्यको सुनौलो सपनाको खोजीमा विदेश गइरहेको तथ्याङ्क हामीसामु छन्।
- विश्वका जुनसुकै देशमा मानिसहरू आवतजावत त निरन्तर प्रक्रिया हो तर कतिपय युवाहरू विदेशमा नै पलायन भइरहेको अवस्था छ। नेपालबाट वैदेशिक रोजगारीका लागि संस्थागत रूपमा १११ र व्यक्तिगत रूपमा १७८ देशमा जान सकिने व्यवस्था छ । अहिलेको द्वन्द्वग्रस्त रुस, युक्रेनदेखि आन्तरिक युद्धले ग्रसित सिरिया, सोमालिया, सुडानलगायत देशमा पनि नेपाली श्रमिक पुगेका छन्। दैनिक दुई हजारको हाराहारीमा युवा विदेशिने गरेका छन्। तर दैनिक एक हजार दुई सय युवा पनि नेपाल फर्किरहेको तथ्याङ्कले देखाउँछ।
- आर्थिक वर्ष २०७९-८० मा ७ लाख ७१ हजार ३२७ (६ लाख ९९ हजार १९३ पुरुष र ७२ हजार १३४ महिला) ले १४४ देशका लागि श्रम स्वीकृति लिएको वैदेशिक रोजगार विभागको तथ्याङ्क छ । यीमध्ये ४ लाख ९४ हजार २२४ (४ लाख ४० हजार ७२४ पुरुष र ५३ हजार ५०० महिला) ले नयाँ श्रम स्वीकृति लिएका थिए। वैदेशिक रोजगारीका सिलसिलामा नेपाली युवा विश्वका १४४ मुलुकमा छन्।

अहिले पनि रोजगारी र उच्च शिक्षाको खोजीका लागि विदेशिने क्रम रोकिएको छैन। रोजगारीका लागि सरकारले धेरै मुलुक खुला गरे पनि हालसम्म ११ मुलुकसँग मात्रै श्रम सम्झौता गरेको छ । भारततर्फको खुला सिमानामा त झन् बर्सेनि लाखौं युवा मजदुरीका लागि भारतका विभिन्न सहरहरूमा निम्नस्तरको काम गर्न गइरहेका छन्। विदेशी बजारमा सस्तो मूल्यमा श्रम बेच्न बाध्य युवा वैदेशिक रोजगारका नाममा ठगिएका पनि छन्। नेपाली युवाको श्रम र पैसा दुवै बाहिरिइरहेको छ। हाम्रा मुलुकका करिब ७० देखि ८० प्रतिशत युवा जनशक्ति बाहिरिइरहेको अवस्था छ ।नेपालमा नै रहेका युवाहरू पनि रोजगारी र जीवनयापनका लागि आयआर्जन गर्न सहरका गल्लीगल्लीमा भौंतारिँदै हिँड्नु परिरहेको अवस्था छ। नेपालमै राम्रो जागिर खाइरहेका र उच्च शिक्षा हासिल गरिसकेकाहरू पनि विदेश जाने क्रम चलेको देखिन्छ। साथै स्वदेशमै रोजगारीको अवसर नपाउँदा पनि युवाहरूमा आक्रोश छ। रोजगारी सिर्जना गरी युवाका आक्रोश हल गर्ने चुनौती हामीसामु छ।

- जल, जमिन र जंगललाई अधिकतम सदुपयोग गर्दै जलविद्युत् तथा पर्यटनका क्षेत्रमा लगानी वृद्धि गरी त्यसबाट आउने प्रतिफलले देशलाई समृद्धउन्मुख बनाउन सकिन्छ।

- स्वदेशमै केही गरौं भन्ने युवाहरूको सोच भए पनि अवसर पाएका छैनन्। कृषि, पशुपालन क्षेत्रतर्फ आकर्षित युवाहरू पनि स्रोत तथा साधनको अभावमा छन्। उत्पादनपछि बजारको अभाव, सञ्चय गर्ने प्रविधिको अभाव र राज्यको नीतिका कारण धेरै समस्या झेलिरहेका छन्।
- खाडी मुलुकमा श्रम गरेका भरमा युवाहरूले परिवार पाल्नुपर्ने अवस्था छ। नेपाल सरकारसमेत रेमिटयान्सको भर परिरहेको छ। निजी क्षेत्रमा काम गर्न युवाहरूमा उत्साह र आकर्षण छैन। नेपाली संस्कृति, परम्पराको उत्कृष्टतामा नरमाएर युवाहरू विदेशमा नै जानुपर्ने वातावरण छ ।
- नेपाली युवालाई सबल, सक्षम, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउनका लागि नेपालमा नीतिगत स्तरमा व्यवस्थाहरू भए पनि त्यसको कार्यान्वयन पक्ष भने कमजोर छ।
- राष्ट्रिय युवा नीति २०७२ को संघीयतापश्चात् परिमार्जन नभइरहेको अवस्थामा नीति नियमहरूलाई परिमार्जन गर्दै लगेर आधुनिक वैज्ञानिक तरिकाले समायानुकूल तयार हुनको लागि मस्यौदा तयारी भएर नीति पारित हुने अवस्थामा छ, जुन कार्य अगाडि बढिरहेको छ।
- नेपालको संविधान २०७२ र नेपाल सरकारको राष्ट्रिय युवा नीति २०७२, युथ भिजन २०२५, राष्ट्रिय युवा परिषद् ऐन २०७२ ले युवाका आधारभूत अधिकारको प्रत्याभूति गर्दै सक्षम, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउँदै उनीहरूको नीति निर्माणदेखि कार्यान्वयन तहसम्म सार्थक सहभागिता र नेतृत्व क्षमताको विकासमार्फत सामर्थ्यवान्, उद्यमशील, सिर्जनशील तथा वैज्ञानिक एवम् सकारात्मक सोचयुक्त सुसंस्कृत युवा तयार गर्नुपर्ने अवस्था आएको छ।
- 'युथभिजन—२०२५ मा १६ देखि २४ वर्ष र २५ देखि ४० वर्षको उमेर समूहमा विभाजन गरी समूहगत प्राथमिकता निर्धारण गरिएको छ। संयुक्त राष्ट्रसंघको १७ डिसेम्बर १९९९ मा सम्पन्न ५४औं साधारणसभाले अगस्ट १२ तारिखलाई अन्तर्राष्ट्रिय युवा दिवसका रूपमा मनाउने निर्णय गरेको थियो।
- युवालाई अधिकार मात्र होइन, कर्तव्यप्रति पनि उत्तिकै सचेत र जिम्मेवार बनाउनुपर्छ। दिवस मनाउन मात्रका निमित्त नभई राष्ट्र र राष्ट्रियताप्रति सजग तथा समर्पित भई सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्नमा तन, मन र वचनले लाग्न प्रेरित गर्नु नै दिवसको सार्थकता हुने छ।
- युवा दिवस मूल रूपमा युवाका मुद्दाका पक्षमा आवाज मुखरित गर्नु, बनेका राष्ट्रिय अन्तर्राष्ट्रिय संवैधानिक व्यवस्था, ऐन, कानुन तथा घोषणापत्र कार्यान्वय गर्नु, नभएकालाई बनाउनु र आवश्यकताअनुसार समयसापेक्ष संशोधन गर्ने वकालत गर्नु नै मुख्य उद्देश्य हो।
- संयुक्त राष्ट्र संघको घोषणासँगै सन् २००० देखि नियमित रूपमा विश्वभर युवासम्बन्धी विभिन्न चेतनामूलक तथा मनोरञ्जात्मक र उद्यमशीलताका कार्यक्रम आयोजना गरी युवा दिवस मनाइँदै आइरहेको छ। हाम्रो नेपालमा भने सन् २००४ देखि युवा दिवसलाई मनाउन थालिएको हो। प्राप्त उपलब्धिको रक्षा, सवाल तथा मुद्दाहरूको यथोचित सम्बोधन तथा चुनौतीहरूको सामना

गरी विश्व परिवेश तथा नेपालअनुकूल हुने गरी युवालाई राष्ट्रिय तथा सामाजिक अभियानहरूमा स्वयंसेवकका रूपमा व्यापक परिचालन गर्नुपर्छ ।

- यसका अतिरिक्त युवालक्षित मुद्दा तथा सवालहरू कार्यान्वयन गर्न स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सकारात्मक दबाब सिर्जना गर्नु पनि हो। युवाका सवालहरूमा विश्वका विभिन्न देशका सरकार तथा सरोकारवालालाई सचेत र जागरूक गराउन दिवसको घोषणा गरिएको हो।
- गत वर्ष १२ अगस्त २०२४ मा अन्तराष्ट्रिय युवा दिवसमा Main theme From Clicks to Progress: Youth Digital Pathways for Sustainable Development रहेको थियो। १२ अगस्त २०२५ को अन्तर्राष्ट्रिय युवा दिवसका लागि Main Theme - " Youth Empowerment for a Sustainable Future दिगो भविष्यको लागि युवा सशक्तिकरण रहेको छ।

यस युगमा ऊर्जाशील र प्रतिभावान् युवाहरू आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक परिवर्तनमा अग्र दस्तामा रही सबल, प्रतिस्पर्धी र आत्मनिर्भरतातिर अघि बढिरहेका छन्। देशको प्रतिकूल राजनीतिक अवस्थालाई स्थायित्व दिन जरूरी छ। राजनीतिक अनुकूलता र स्थिरता रहेको अवस्थामा युवाको सक्षम नेतृत्वको आवश्यकता छ। राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गरी नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन अर्थपूर्ण र क्रियाशील रूपमा लाग्नुपर्ने जिम्मेवारी आएको छ। युवाहरू बौद्धिक, सिर्जनशील, सीपयुक्त उद्यमी र जिम्मेवार नागरिकको भूमिका निर्वाह गरी अध्ययन, रोजगार, जीविकोपार्जन र अवसरका निमित्त लाग्नु टड्कारो आवश्यकता छ। निर्वाचन आयोगको तथ्याङ्कले स्थानीय तहमा निर्वाचित १६ देखि ४० वर्ष उमेर समूहका युवाहरूको संख्या १३ हजार ८ सय ९३ अर्थात् ३९.६५ प्रतिशत रहेको देखाउँछ। त्यस्तै प्रदेश तहमा २३.६३ प्रतिशत, प्रतिनिधि सभामा १३.९ प्रतिशत र राष्ट्रिय सभामा ६.७७ प्रतिशत रहेको पाइन्छ। २००७ सालदेखि अहिलेसम्मका परिवर्तनको मसिनो ढंगले अनुसन्धान र सुक्ष्म विश्लेषण गर्ने हो भने युवाको विगत जति कष्टप्रद थियो, वर्तमान पनि उत्तिकै निसास्सिँदो र भविष्य झनै अन्योलग्रस्त रहने अशुभ संकेतहरू देखापरेका छन्।

युवा परिषद्को उपस्थिति सबै प्रदेश र जिल्ला तथा स्थानीय तहमा पुगिसकेको छ। यसरी राज्य सञ्चालनका तह र तप्कामा युवाको उपस्थिति तथा कार्यक्रमले अझ थप बल, तागत, ऊर्जा र क्रियाशीलता अभिवृद्धि भएको छ। जसबाट युवाहरूको नीति निर्माणमा सार्थक सहभागिता, आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक क्षेत्रमा सहभागिता वृद्धि भएको छ। यसका अलावा अझ आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, भौतिक, बौद्धिक विकासका लागि केही थप कार्य गर्नुपर्ने अनुभूति भइरहेको छ।

युवामा नैतिकता, चारित्रिक गुण र अनुशासन विकास गरी परिवर्तित विश्व श्रमबजारमा खरो प्रतिस्पर्धा गर्न सक्ने सभ्य, सुशील तथा स्वाभिमानी देशभक्त, पौरखी, सिर्जनशील, लगनशील, प्रतिस्पर्धी, उत्साही, ऊर्जाशील युवा बनाउनका लागि अन्तर्राष्ट्रिय जगत् र राज्य थप बलपूर्वक लाग्नुपर्छ।

राष्ट्रको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा अर्थपूर्ण योगदान दिन सक्ने आधुनिक, न्यायपूर्ण र समृद्ध नेपाल तपाईं हामीले नै निर्माण गर्नुपर्छ। विदेशी शिक्षा, रोजगारी, सीप, आय, सेवा, सुविधा, अवसरप्रति लगाव बढ्दै गइरहेको वर्तमान परिप्रेक्षमा राज्यका नीति, नियम, निर्देशन, निर्णय, आयोजना, कार्यक्रमहरू सबै त्यति प्रभावकारी सिद्ध भएका छैनन्। विश्वमा भइरहेको आर्थिक वृद्धि तथा विकासको प्रतिस्पर्धात्मक तुलनामा हामी धेरै पछिको स्तरमा छौं। हामीसँग भएका सीमित स्रोत साधनको उपयोग हुन सकेको छैन। युग सुहाउँदो आधुनिक, विकसित प्रविधि हामीसँग छैन, यो यथार्थ हो।

हामीसँग युवा जनशक्ति उपयोग गर्न सक्ने उद्योगधन्दा, कलकारखाना छैनन्। प्राविधिक, सीपमूलक, आयमूलक एवम् व्यावहारिक शिक्षामा जोड दिइएको छैन। अत्याधुनिक पाठशाला एवम् अध्ययन अनुसन्धानका लागि प्रयोगशालाहरू छैनन्। विश्वविद्यालयहरूमा गुणस्तरीय युग सुहाउँदो शिक्षा छैन। राजनीतिक परिवर्तन ल्याउनका लागि आफ्नो बलिदान दिने युवाहरूलाई राजनीतिक क्षेत्रमा ठाउँ खाली छैन। राजनीतिक परिवर्तनसँगसँगै युवाहरूको सहभागिता, क्रियाशीलता बढ्दै जानुपर्नेमा झन्झन् कमजोर भइरहेको छ। राजनीतिक पार्टीहरूमा विचार, क्षमता र सक्रियतालाई भन्दा पनि पालो पर्खने संस्कारको विकास भइरहेको छ। विश्वका हरेक परिवर्तनमा युवाको महत्त्वपूर्ण योगदान हुन्छ। राज्यको उदयसँगै राष्ट्र निर्माण तथा समाजको आर्थिक, सामाजिक तथा राजनीतिक विकासमा पनि युवाको भूमिका सधैं अग्रणी रहँदै आएको छ।

युवा नै परिवर्तनका वाहक हुन् र समाजलाई नेतृत्व दिने शक्ति हुन्। नेपालमा सानाठूला सबै आन्दोलनमा युवाको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ। राणा शासनकालको अन्त्य गर्दा होस् या २०४६ र २०६३ सालको जनआन्दोलन, यस्ता युगान्तकारी आन्दोलनहरूमा युवाको महत्त्वपूर्ण सहभागिता थियो। २००७ साल र २०४६ सालको आन्दोलनबाट परिवर्तन त भयो तर आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक परिवर्तन संस्थागत हुन नसक्दा आज नेपालको विकासको गति सुस्त छ। हामीसँगै राजनीतिक परिवर्तन भएका चीन र भारत तीव्र गतिमा आर्थिक र सामाजिक विकासतिर लम्किँदा हामी भने कछुवाको गतिमा पनि हिंड्न सकेका छैनौं। २००७ सालदेखि अहिलेसम्मका परिवर्तनको मसिनो ढंगले अनुसन्धान र सुक्ष्म विश्लेषण गर्ने हो भने युवाको विगत जति कष्टप्रद थियो, वर्तमान पनि उत्तिकै निसास्सिँदो र भविष्य झनै अन्योलग्रस्त रहने अशुभ संकेतहरू देखापरेका छन्।

विगतमा हामीले उठाएका मुद्दा, माग, नारा र योजना ठीक थिए कि थिएनन् भनेर समीक्षा गर्ने जिम्मेवारी हामी युवाको काँधमा आएको छ। गैरसरकारी तथा निजीक्षेत्रका रोजगारीमा स्थायित्व प्रदान गर्नका लागि न्यूनतम ज्यालासम्बन्धीका विषयवस्तु समेटिएर कार्यान्वयन गर्नु आवश्यक छ। नागरिकबिनाको राज्य कल्पना गर्न सकिँदैन। तसर्थ मुलुकका नागरिकलाई राज्यले कृषि, व्यवसाय तथा स्वरोजगारमूलक उद्यमशीलतामा बढी जोड दिनुका साथै अर्थव्यवस्थामा सरकारले नियमनकारी भूमिका खेल्नु जरूरी छ। सार्वजनिक निजी साझेदारीमा युवाहरूको सहभागितामा जोड दिइनुपर्छ। राज्यबाट स्वरोजगारका लागि प्रदान गरिने अनुदान, प्रशिक्षण, तालिमलगायत सीप विकासका कार्यक्रममा एकरूपता ल्याई एकीकृत

ढङ्गले कुनै एक निकाय तथा युवाका लागि स्थापना गरिएको सरकारी संस्था राष्ट्रिय युवा परिषद्मार्फत अधिकार प्रत्याभूत गरी प्रभावकारी ढंगले प्रदान गर्ने व्यवस्था गरिनुपर्छ।

राज्यबाट बेराजगार भत्ताभन्दा रोजगार सिर्जना र स्वरोजगारका लागि सहयोग गरिनुपर्छ। नेपालमा रहेका सम्भावना रहेका खानी उत्खनन, जडीबुटी उत्पादन एवम् प्रशोधन, विद्युत् उत्पादन, पर्यटन प्रवर्द्धन र कृषि क्षेत्रमा लगानी गर्नु आवश्यक छ। नेपाली श्रम बजारमा नेपालकै श्रमको उपयोग गराउन सक्नुपर्छ। संघीयतालाई आत्मसात् गर्दै स्थानीयस्तरमा विभिन्न युवा क्लब र समितिहरू स्थापना गरी खेलकुद, सांस्कृतिक हस्तान्तरण, स्वयंसेवक बनाई सामाजिक विकासका लागि युवाहरूलाई क्रियाशील बनाउनुपर्छ। स्थानीयस्तरमा युवाहरूलाई सामूहीकरण गरी साझा रूपमा कृषि, पर्यटन, व्यापार, व्यवसायलगायतका सामाजिक कार्यमा सहभागिता बढाउनुपर्छ।

सरकारद्वारा पर्यटकीय क्षेत्र, कृषि क्षेत्र, औद्योगिक क्षेत्रका रूपमा क्षेत्र र स्थानहरू निर्धारण गरी युवाको सक्रियता बढाउनु आवश्यक छ। युवाको सहभागिता र क्रियाशीलताका लागि अब आउने वर्ष राष्ट्रिय युवा वर्ष मनाउनुपर्छ। आज पढेलेखेका युवा उच्च शिक्षाका लागि भनेर अमेरिका, अस्ट्रेलिया ताक्छन्। ग्रामीण क्षेत्रका युवा रोजगारीका लागि अरबका खाडी मुलुक र मलेसिया, युरोपलाई सपना बुनेर दक्षिण कोरियासम्म पुग्छन्। गत आर्थिक वर्ष मात्रै यसरी विदेशिनेको संख्या झण्डै ८ लाख पुगेको छ। तीमध्ये कतिपय मानव तस्करीको जालोमा फस्छन् र जिउधन दुवै गुमाउँछन्। ऊर्जाशील युवालाई विदेश पठाउनु हाम्रो हितमा छैन। वैदेशिक रोजगारीबाट आर्जित विदेशी मुद्रा सुविधाभोगी वर्गको मोजमस्तीको साधन भएको छ। रोजगारीमा जाने कसैले बजारमा सिमेन्टको एउटा घर ठडयाएको होला, तर उसको सामाजिक र पारिवारिक जीवन विशृङ्खलित भएको छ, भविष्य असुरक्षित भएको छ।

नेपालमा रेमिटयान्स बढेकोमा उत्साह मान्ने कि हरेक दिन हजारौं नेपाली रोजगार अथवा अध्ययन गर्न विदेशिएकोमा दुखित हुने? यो प्रश्न अहिले नेपाली अर्थ सामाजिक कोणका हिसाबले सबैभन्दा महत्त्व राख्ने प्रश्न हुन सक्छ। विकासको माग गर्ने सशक्त आवाज, विकासलाई कार्यरूप दिने मस्तिष्क, विकासको प्रतिफल उपभोग गर्ने सक्रिय उमेरको जनसंख्याको अनुपस्थितिमा मुलुकको वर्तमान विकास र भविष्यको बाटो दुवै अन्धकारको भूमरीमा छन्। यस प्रवृत्तिलाई नउल्टयाइ मुलुकको विकासको गफ गर्नु निरर्थक साबित हुने स्पष्ट भइसकेको छ।

झट्ट हेर्दा उत्साहप्रद देखिने यस विषयको अर्को पाटोबाट हेर्दा भने विचारणीय छ। नेपालका युवाहरू विदेश पलायन हुने लर्को झनै बढ्दो छ। यसले गर्दा देशभित्र युवाशक्तिको झन्—झन् अभाव हुन थालेको छ। गाउँहरू रित्तिँदै गएका छन्। गाउँमा विकसित हुँदै गएका कृषि सहकारी, पशुपालन, तरकारी खेतीलगायत कृषि व्यवसाय संकटग्रस्त हुन थालेका छन्। विदेशी मुद्रा शोधनान्तर स्थिति धान्ने ठूलो स्रोत सिद्ध भएको वैदेशिक रोजगारी अब निकै नाजुक राष्ट्रिय समस्या बन्न पुगेको छ।

युवाहरूको विदेश आकर्षण पूरै रोक्न सम्भव नभए पनि बेरोजगारीले गर्दा विदेशिने युवावर्गलाई स्वदेशमै कसरी उपयोग गर्न सकिन्छ भन्ने विषयमा नसोच्ने हो भने यो समस्या आर्थिक हिसाबले मात्र नभई

सामाजिक हिसाबले पनि झन् कहालीलाग्दो हुँदै जाने छ। सक्रिय काम गर्ने उमेर, जाँगर र सीपयुक्त जनशक्तिको अभावमा अब मुलुकले चाहेको वा गर्न खोजेको आर्थिक—सामाजिक विकासको सम्भावना दिनानुदिन क्षीण हुँदै गएको छ।

जनशक्तिको अभावमा विकास निर्माणका आयोजना एवम् औद्योगिकीकरणका लागि जनशक्ति नपाइने, श्रमबजारमा आपूर्ति कम भएका कारण बढ्ने ज्यालादरले उत्पादन र आयोजना कार्यान्वयन लागत बढाउने अनि विदेशबाट पठाएको रेमिट्यान्सले बढाएको उपभोगले आयात मात्रै बढाइरहने आर्थिक दुश्चक्र सतहमै देखिएका प्रत्यक्ष चुनौतीहरू हुन्। त्यसैले रेमिट्यान्स बढेकोमा मात्र खुसी हुन सक्ने स्थिति छैन। विकासको माग गर्ने सशक्त आवाज, विकासलाई कार्यरूप दिने मस्तिष्क, विकासको प्रतिफल उपभोग गर्ने सक्रिय उमेरको जनसंख्याको अनुपस्थितिमा मुलुकको वर्तमान विकास र भविष्यको बाटो दुवै अन्धकारको भूमरीमा छन्। यस प्रवृत्तिलाई नउल्ट्याइ मुलुकको विकासको गफ गर्नु निरर्थक साबित हुने स्पष्ट भइसकेको छ। अतः रेमिट्यान्सले मात्र देशलाई सधैं धान्न सकिँदैन भन्ने हेक्का हामीले राख्नुपर्छ। अन्त्यमा, सामाजिक क्षेत्रमा समेत क्रियाशील युवालाई प्रोत्साहित गरी उनीहरूको क्षमतालाई अभिवृद्धि गर्नुपर्छ। विभेदरहित समाजको निर्माण गरी युवाहरूको सबै क्षेत्रमा सम्मानजनक सहभागिता, सामाजिक सुरक्षा, राज्यद्वारा रोजगार सिर्जना, स्वरोजगारका लागि आवश्यक सहयोग, संस्कृति र पर्यटन प्रवर्द्धनमा अत्यन्तै जोड दिनुपर्छ।

## केही महत्वपूर्ण विषयवस्तु

- दिगो विकास लक्ष्य

हाल बढ्दै गएको सामाजिक तथा मानवीय जटिलता, पर्यावरणीय असन्तुलन र सामाजिक, आर्थिक तथा वातावरणीय पक्षलाई ध्यानमा राखी विश्वका १९३ राष्ट्रहरूले सेप्टेम्बर २५, २०१५ का दिनदेखि २०३० सम्ममा पूरा गर्नका लागि विभिन्न १७ वटा लक्ष्यहरूलाई आत्मसात् गरेका छन्,जसलाई दिगो विकासका लक्ष्य भनिएको छ। २०३० एजेन्डाआत्मसात् गरिरहँदा संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूले"कोही पनि पछाडि छोडिने छैन" भन्ने कुराकोसुनिश्चितताका साथ प्राप्तिमा अघि बढ्ने प्रतिज्ञा समेत लिएका छन् ।

सन् २०१५ मा संयुक्त राष्ट्रसङ्घको साधारण सभाबाट अनुमोदन गरिएका १५ वर्षमा पूरा गर्न १७ वटा महत्त्वाकाङ्क्षी लक्ष्य र विश्वव्यापी रूपमा १६९ वटा परिमाणात्मक लक्ष्य निर्धारण गरी यसको प्रगति मूल्याङ्कन गर्न यसमा २३२ सूचकहरू पनि तयार गरिएका छन् । यसै गरी नेपालमा ती१७ वटा लक्ष्य पूर्तिका निम्ति ४७९ वटा सूचकहरू निर्धारित गरिएका छन् । यसरी निर्धारण गरिएका १७ वटा लक्ष्यहरूएक आपसमा अन्तर सम्बन्धित पनि छन् ।

- **युथ भिजन २०२५**

नेपाली युवालाई सबल, सक्षम, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउँदै उनीहरूको सार्थक सहभागिता र नेतृत्व क्षमताको विकासमार्फत आधुनिक, न्यायपूर्ण र समृद्ध नेपाल निर्माण भएको हुने युवा दृष्टिकोणका साथ लागु भएको युथ भिजन २०२५ ले जीवनोपयोगी शिक्षा, रोजगार, स्वास्थ्य र सामाजिक सुरक्षालगायतका युवा विकासका क्षेत्रमा व्यापक लगानी गरी आमयुवा सहभागिता, सहकार्य र विकासमार्फत आगामी १० वर्षभित्र राष्ट्रिय समृद्धि, समानता र सामाजिक न्याय हासिल गर्दै देशलाई अतिकम विकसित राष्ट्रबाट द्रुत विकासशील राष्ट्रमा पुऱ्याउन सक्षम जनशक्ति तयार गर्ने दीर्घकालीन लक्ष्य लिएको छ ।

युथ भिजन २०२५ ले उक्त लक्ष्य पूरा गर्न २५ बुँदे प्राथमिकता तोक्दै परिमाणात्मक लक्ष्य सूचक पाँचवटा आधारस्तम्भ तय गरेको छ । ती आधार स्तम्भहरूमा

१. गुणस्तरीय र व्यावसायिक शिक्षा,

२. रोजगारी, उद्यमशीलता र सिप विकास,

३. स्वास्थ्य र सामाजिक सुरक्षा,

४, युवा परिचालन, सहभागिता र नेतृत्व विकास,

५. खेलकुद र मनोरञ्जन रहेका छन् ।

**संयुक्त राष्ट्रसङ्घीय नमुना महासभा अभ्यास (Model United Nations)**

संयुक्त राष्ट्रसङ्घको उद्देश्य र कार्यप्रणालीसँग परिचित गराउने, युवाहरूमा विश्व भ्रातृत्व, विश्व शान्ति, एकता तथा अन्तर्राष्ट्रिय भावनाको विकास गराउने, युवाको नेतृत्व क्षमता विकास गराउने, युवाहरूलाई दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय कूटनीति सिकाउने, अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी युवाको विकास गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घीय नमुना महासभा अभ्यास कार्यक्रम सञ्चालन गरिन्छ।

**राष्ट्रिय युवा नीतिः २०७२**

नेपाल सरकारले नेपाली युवाको सर्वतोमुखी विकास गर्ने हेतुले २०७२ मा जारी राष्ट्रिय युवा नीति, २०७२ ले परिवर्तनका सूत्रधार नेपाली युवाहरूलाई विकासको मूल प्रवाहमा ल्याउनका लागि २४ वटा मूल नीतिहरू बनाएको छ ।

(१) युवालाई परिवर्तनका संवाहक र दिगो विकासका उत्प्रेरक शक्तिका रूपमा विकास गर्न राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता, लोकतन्त्र र मानव अधिकारका आधारभूत सिद्धान्त एवम् मूल्य-मान्यताहरू बोध गराउने कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

(२) देशको आर्थिक, सामाजिक तथा शासकीय पद्धतिको रूपान्तरणको प्रक्रियामा युवाको भूमिकालाई उच्च महत्त्व दिँदै सो प्रक्रियामा युवाको संलग्नता र नेतृत्वलाई बढावा दिइने छ ।

(३) राज्यका नीतिनिर्माणमा अर्थपूर्ण योगदान पुऱ्याउन युवालाई आर्थिक, सामाजिक, राजनीतिक एवम् सांस्कृतिक सशक्तीकरणका माध्यमबाट प्रोत्साहन गरिने छ।

(४) विश्वशान्ति, सौहार्दता, भाइचारा एवम् विश्व अन्तरसम्बन्धबारे युवालाई जागरुक गराउँदै सहस्राब्दि विकास लक्ष्यका अपूरा कार्य र सन् २०१५ पछिका नयाँ प्राथमिकताका क्षेत्र लगायत अन्तर्राष्ट्रिय स्तरमा गरिएका युवासम्बन्धी प्रतिबद्धताहरूको परिपालनामा जोड दिइने छ ।

(५) युवालाई समाजका कर्मठ, क्रियाशील, नवीनताको पक्षधर र रचनात्मक शक्तिमा परिणत गर्न समाजप्रति जवाफदेही र उत्तरदायित्व वहन गर्ने एवम् लोकतान्त्रिक प्रणालीप्रति प्रतिबद्ध रहन सक्ने बनाउन विशेष कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

(६) युवाको उमेर समूहको आवश्यकतालाई दृष्टिगत गर्दै शिक्षा आर्जन तथा वृत्तिको अवसरको खोजीमा रहेका युवालाई लक्षित गरी कार्यक्रम गरिने छ।

(७) युवामा नैतिकता, चारित्रिक गुण तथा अनुशासन विकास गर्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी राज्य र समाजप्रति दायित्वबोध गराउने र श्रमप्रति सम्मान गर्ने संस्कार विकास गरिने छ।

(८) समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछुत, कुरीति, लैङ्गिक हिंसा, विभेद र विषमता जस्ता समस्या हटाउन युवा परिचालन गर्ने नीति लिइने छ ।

(९) निजी तथा गैरसरकारी संस्था एवम् स्थानीय निकाय समेतको सहकार्यमा युवालाई सामाजिक परिवर्तनका वाहक शक्तिका रूपमा विकास गरिने छ ।

(१०) सबै वर्ग, लिङ्ग, जातजाति, धर्म, वर्ण र क्षेत्रका युवाका विविधतालाई दृष्टिगत गर्दै सशक्तीकरण र विकासका लागि समान अवसर सिर्जना गरिने छ ।

(११) मुलुकका विभिन्न क्षेत्रमा विशेष योगदान गरेका युवा प्रतिभालाई राज्यका तर्फबाट सम्मान गरिने छ ।

(१२) युवामा अन्तर्निहित प्रतिभा प्रस्फुटन, सिप र क्षमता विकास गर्न राज्यले व्यापक लगानी गर्ने छ।

(१३) युवामा उद्यमशीलता विकास गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिने छन्।

(१४) मुलुकको भौगोलिक, सामाजिक तथा आर्थिक अवस्थाबारे जानकारी दिलाउँदै राष्ट्रिय विकासमा युवालाई स्वयंसेवकका रूपमा सहभागी गराउने कार्यक्रमलाई प्राथमिकता दिइने छ ।

(१५) गुणस्तरीय शिक्षा, तालिम, अध्ययन र अनुसन्धानका अवसरहरू सिर्जना गरिने छ।

(१६) साहित्य, कला, संस्कृति, सङ्गीत, अभिनय र खेलकुदजस्ता सिर्जनशील क्षेत्रमा युवाको संलग्नतालाई प्रोत्साहन गरिने छ ।

(१७) विभिन्न क्षेत्रका प्रतिभावान् युवालाई देशभित्रै वृत्तिविकासका अवसरहरू सिर्जना गरी प्रतिभा पलायन हुनबाट जोगाउने वातावरण सिर्जना गरिने छ ।

(१८) खेलकुदलाई व्यवसायीकरण, वैज्ञानिकीकरण र सामाजिकीकरण गर्दै यसलाई विकासको अभिन्न अङ्गका रूपमा लिई उचित साधनस्रोत परिचालनबाट युवालाई अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सक्षम बनाउनुका साथै खेलाडीहरूको वृत्ति विकासमा जोड दिइने छ ।

(१९) राज्यका विभिन्न निकायबाट युवाका लागि सञ्चालन गरिने कार्यक्रमहरूलाई समन्वय गर्ने एकीकृत प्रणाली विकास गरिने छ ।

(२०) युवाको स्वास्थ्य सेवामाथिको पहुँच अभिवृद्धि गरी स्वास्थ्य चेतना प्रवर्द्धन गर्ने कार्यक्रमहरूलाई प्रोत्साहन गरिने छ ।

(२१) विश्वव्यापी रूपमा विस्तार हुँदै गइरहेको दुर्व्यसनमूलक र गैरसामाजिक क्रियाकलापहरूबाट नेपाली युवालाई मुक्त गर्दै युवामा सकारात्मक सोच र संस्कृति विकास गर्नेतर्फ सामाजिक प्रयासहरू लक्षित गरिने छन् ।

(२२) प्राथमिकताको समूह तथा विशेष प्राथमिकताको समूहमा रहेका युवालाई राज्यका तर्फबाट उपलब्ध गराउने सेवा सुविधामा विशेष प्राथमिकता प्रदान गरी कार्यक्रमहरू सञ्चालन गरिने छन्।

(२३) दलित युवालाई अतिरिक्त अधिकार सहित राज्यको सेवासुविधा प्राप्त हुने तथा रोजगार र स्वरोजगार हुने वातावरण तयार गरिने छ ।

(२४) विभिन्न उमेर समूहका युवाको अवस्था र आवश्यकता फरक हुने भएकाले युवालाई दुई फरक उमेर समूह (१६-२४ वर्ष, २५-४० वर्ष) मा वर्गीकरण गरी लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछन् । नेपाल सरकारले युवाका लागी माथीका मुख्य बुदाँहरुमा रहेर राष्ट्रीय युवा नीति २०७२ को कार्यान्वयन र संघियतापछि युवा नीति परिमार्जनको चरणमा रहेको छ!

**निष्कर्ष :**

नेपाल एक भुपरिवेष्ठित राष्ट्र हो, तर, पनि नेपालमा समय समयमा विभिन्न परिवर्तन र व्यवस्थाका सवालमा उतरचढाव मा देश रह्यो। संसदिय नेतृत्वमा युवाको हस्तक्षेपकारी भुमिका पनि हुनेक्रममा छ। विश्वको सबैभन्दा महत्वपूर्ण व्यवस्था प्रजातान्त्रिक व्यवस्था हो। हामीले संघियताको प्रभावकारी कार्यान्वयन गर्नुको बिकल्प छैन, नेपालमा थुप्रै सम्भावनाहरु रहेका छन्। देश नेपालमा युवाहरुको संख्या कुल जनसङ्ख्याको यति धेरै महत्वपूर्ण संख्यामा हुदैंगर्दा पनि हामीले युवाको श्रमलाई नेपालमै उपभोग गर्न सकिरहेका छैनौ, राज्यले प्रयास गरिरहेको छ तर, युवालाई उत्पादन र श्रमसँग जोडेर आर्थिक समृद्दि हासिल गर्नका निम्ति यसमा निजि क्षेत्र र सरकारी क्षेत्रको सहयोग समन्वय अपरिहार्य छ। यसलाई राज्यले प्राथमिकतामा राखेर ढिलाई गर्नुहुन्न यसमा जोड दिनुपर्छ। देशमा रोजगारीको सुनिश्चित हुने हो भने रोजगारीकोलागी विदेश जानु पर्दैन, र केही हदसम्म युवा पलायन रोक्न सकिने आधारहरु हुन्। युवाले रोजगारी र अवसर पाउने हो भने आज युवाको आक्रोशलाई रोक्न सकिन्छ र मुलुकलाई समृद्दितर्फ दोहोऱ्याउन सकिन्छ।

**सन्दर्भ सामग्रीः**

राष्ट्रिय युवा परिषद् नेपाल
श्रम तथा रोजगार मन्त्रालय
विभिन्न सञ्चारमाध्यम अनलान मिडिया

*(शाही नेपाल सरकार राष्ट्रिय युवा परिषद्का कार्यकारी बोर्ड सदस्य हुन्)*

## Youth Vision-2025 सहितको दश वर्षीय

### रणनीतिक रोजनाले पहिचान गरेका युवा विकासका पाचँ आधार स्तम्भहरुः




नेपाल सरकार

**युवा तथा खेलकुद मन्त्रालय**

सिंहदरबार, काठमाडौं।

फोनः ४२००५४४, फ्याक्सः ४२००५५२

वेवसाइटः www.moys.gov.np

इमेलः info@moys.gov.np